# दुई शब्द



करिव २४४.३९ वर्ग.कि.मी. क्षेत्रफलमा अक्सर बसोवास गर्ने १८,४०९ जनसंख्या भएको यस निसीखोला गाउँपालिकाको विकास गर्न भौगोलिक दृष्टिले चुनौतीपूर्ण छ तर पनि गाउँपालिकालाई समृद्ध बनाउनका लागि सम्भावित श्रोत र आधारहरू प्रशस्त मात्रामा छन् । यस निसीखोला गाउँपालिकाको केन्द्र देवीस्थानमा रहेको छ भने साविकको ४ वटा गा.वि.स.हरू क्रमशः देवीस्थान, बोहोरागाउँ, निसी र राजकुत समावेश गरी गाउँपालिका गठन गरिएपछि यो गाउँपालिकाको समग्र वस्तुस्थिति झल्कने पार्श्वचित्र तयार गरिएको छ ।

राज्यको पुर्नःसंरचनाको सिलसिलामा स्थापित यस गाउँपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पार्श्वचित्र तयारीले गाउँको विकासको वर्तमान अवस्थालाई चित्रित गरेको छ । यस प्रकारको चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत र साधनको अधिकत्तम सदुपयोग गरी गाउँपालिकाको समग्र विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्रायः सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्न प्रयास गरेको भएतापनि सीमित समय तथा श्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यसलाई समय सन्दर्भ अनुसार परिष्कृत र परिमार्जित गर्नुपर्ने आवश्यकता रहन्छ ।

योजनाबद्ध विकासको आधारको रुपमा रहने यो पार्श्वचित्र तयार गर्न लगाउने गाउँकार्यपालिकाको सम्पूर्ण टिम, प्रमुख प्रशासकीय अधिकृत तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्यांक उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । यसै गरी यो अध्ययन प्रतिवेदन समयमै सम्पन्न गर्न स्ट्रेन्थ डेभलपर्स प्रा.लि., पुरानो बानेश्वर, काठमाडौँलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा गाउँपालिकाको विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालिन सोचकासाथ अगाडी बढ्न हामी सबैलाई उपयुक्त दिशा प्राप्त होस् भन्ने सुभेच्छा प्रकट गर्दछु ।

**श्री तारानाथ पौडेल**

अध्यक्ष

# मेरा दुई शब्द



कुनै पनि ठाउँको विकासको लागि पहिलो शर्त भनेको भरपर्दो तथ्याङ्क नै हो । यसै आवश्यकतालाई मध्य नजर गरी गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा गाउँपालिकाका विभिन्न विषय समावेश गरिएका श्रोत नक्साहरू, विषयगत कार्यालयहरूबाट संकलन गरिएका तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्म कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिचाई, खानेपानी, विद्युत आदिका तथ्यांक समावेश गरी गाउँ पार्श्वचित्र तयारी गरिएको छ ।

यस गाउँपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा गाउँबासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएकी छु । पार्श्वचित्रमा उल्लेखित विवरणमा गाउँको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै घरधुरी सर्वेक्षण २०७६ का विविध जनसांख्यिक पक्षहरू समावेश गरिएको छ ।

अन्त्यमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग गर्नु हुने सबैवडावाट खटिनु भएका गणकहरु, घरपरिवारको तथ्याङ्क उपलब्ध गराउनु हुने गाउँपालिकाबासी, विभिन्न विषयगत तथ्याङ्क उपलब्ध गराउनु हुने सम्पूर्ण विषयगत शाखा तथा कार्यालयका प्रमुख, विभिन्न संघ/संस्था, वडा सचिवहरु, गाउँ कार्यपालिकाका कर्मचारीहरु, प्रमुख प्रशासकीय अधिकृत तथा शुरु देखि तथ्यांक संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई यो रुप दिनुहुने परामर्शदाता श्री स्ट्रेन्थ डेवलपर्स प्रा.लि., पुरानो बानेश्वर, काठमाडौंलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**शोभा कुमारी कार्की**

उपाध्यक्ष

# मेरो भन्नु



नेपाल संघीयतामा प्रवेश गरेपछि विकासको नयाँ चरण प्रारम्भ भएको छ । संघीयतामा तीन तहहरू, क्रमशः संघ वा केन्द्रीय तह, प्रदेश तह र स्थानीय तह सरकारको व्यवस्था संविधान मै गरिएको छ। नयाँ संविधानले स्थानीय तहलाई स्थानीय सरकारको रुपमा स्वीकार गरी अधिकतम अधिकार र स्वायत्तता सुम्पिएको छ। स्थानिय तहमा सभा, कार्यपालिका र न्यायिक समिति गरी ३ वटै राज्यका अंगहरू रहेका छन् यस अर्थमा पनि स्थानीय तहको काम, कर्तव्य र अधिकार प्रशस्त रहेका छन ।

कुनै पनि योजनालाई सफल बनाउनका लागि सही किसिमको मार्गदर्शन (Roadmap) को आवश्यकता पर्दछ। त्यस्ता मार्गदर्शनको भूमिका यस पाश्वचित्रले प्रदान गर्दछ। वास्तवमा निसीखोला गाउँपालिका विकासको दृष्टिकोणले प्रचुर संभावना र अवसर बोकेको पहाडी गाउँपालिका हो। साविकका ४ वटा गा.वि.स.हरू क्रमशः दिवीस्थान, बोहोरागाउँ, निसी र राजकुत संयोजनबाट गाउँपालिकाको गठन भएको हो । यस गाउँपालिकाको समग्र विकास, योजना निर्माण, नीति कार्यक्रम तथा बजेट निर्माणका लागि वर्तमानको सामाजिक, आर्थिक, भौगोलिक तथा समग्र यथार्थ स्थितिको जानकारी हुन आवश्यक छ। त्यही आवश्यकता अनुसार यस गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको हो ।

कुनै पनि विकासको मार्गचित्र तयार गर्न योजनाको सही छनौट, त्यसको प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरूको पूर्ण सन्तुष्टि सहितको उपयोग, निरन्तर अनुगमन तथा मूल्याङ्कन एवं दिगोपनको सही र वस्तुनिष्ट निर्णय लिन विकाससँग सम्बन्धित तथ्याङ्कको आवश्यकता पर्दछ। विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनसंरचित स्थानिय तहको पहिलो आवश्यकता हो। विकास निर्माणका योजनाहरू तथा कार्ययोजनाहरू सही तरिकाले अगाडि बढाई त्यसको कार्यान्वयन गर्न नसकिएमा जनताले स्थानिय तहबाट राखेका अपेक्षा पूरा हुन सक्दैनन्। यसैकारण वर्तमानको हाम्रो धरातलिय सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सीमित समय, स्रोत र सीमाभित्र रही तयार गरिएको हो। पार्श्वचिलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो गाउँको बहुआयमिकता सहितको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ। यो पार्श्वचित्रलाई एकातिर गाँउको सम्पूर्ण चिनारीको रुपमा हेर्न सकिन्छ भने अर्कोतर्फ हाम्रा सम्भावना र चुनौतीहरूलाई अवगत गर्ने माध्यमको रुपमा लिन सकिन्छ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, विषयगत कार्यालयका प्रमुख लगायत कार्यपालिका तथा वडा कार्यालयका सर्म्पूण कर्मचारी साथीहरू, वडाध्यक्षज्यूहरू, सामाजिक परिचालकहरू, विभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता श्री स्ट्रेन्थ डेवलपर्स प्रा.लि., पुरानो बानेश्वर, काठमाडौंलाई हार्दिक आभार व्यक्त गर्दछु।

अन्त्यमा, यो पार्श्वचित्रले गाउँपालिकाको समग्र विकासको लागि मार्गदर्शनको भूमिका निर्भाह गरी आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

**इश्वरलाल शाक्य**

प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची


**खण्ड- १: परिचय** **१**

१.१ पृष्ठभूमि १

१.२ उद्देश्य १

१.३ कानूनी तथा नीतिगत आधारहरू २

१.४ तयारी प्रक्रिया (Methodology) २

१.५ वस्तुस्थिति विवरणको सीमा ३

**खण्ड- २: गाउँपालिकाको चिनारी (भौतिक तथा समग्र चरित्र)** **४**

२.१ भौगोलिक अवस्थिति, सीमाना तथा प्रशासनिक विभाजन ४

२.१.१ भौगोलिक अवस्थिति, सीमाना ५

२.१.२. प्रशासनिक विभाजन ५

२.२ ऐतिहासिक पृष्ठभूमि तथा नामाकरण ७

२.३ धरातलिय अवस्था (भू-क्षेत्रको प्रकृति भिरालोपन तथा उचाइ, मोहडा) ७

२.४ भू-उपयोगको विवरण १०

२.५ भू-क्षेत्रको बर्गीकरण ११

२.६ मुख्य प्राकृतिक सम्पदा (नदी, खोला, ताल, हिमाल, खानीखनिज, खेतीयोग्य जमिन, वनजंगल, निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र, जलाधार सिमसार) १३

२.७ साँस्कृतिक विशेषताहरू १४

२.८ विकासका मुख्य सम्भावनाहरू १४

२.९ गाउँपालिकाको अन्तर नगर/गाउँपालिका सम्बन्ध १६

**खण्ड- ३: जनसांख्यिक विवरण** **१७**

३.१ जनसंख्याको विवरण १७

३.२ वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण १८

३.३ उमेर समूहअनुसार जनसंख्याको विवरण २०

३.४ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण २४

३.५ उमेर समूहका आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण २६

३.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण २८

३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण २९

३.८ धर्म अनुसार जनसंख्याको विवरण ३१

३.९ अनुपस्थित जनसंख्या ३३

३.९.१ उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसंख्याको विवरण ३४

३.९.२ अनुपस्थित हुँदा उतीर्ण गरेको कक्षा अनुसार अनुपस्थित जनसंख्याको वडागत विवरण ३५

३.९.३ लिङ्गअनुसार शैक्षिक स्तरको आधारमा गाउँपालिकामा अनुपस्थित जनसंख्याको विवरण ३६

३.९.४ अनुपस्थित जनसंख्याको अनुपस्थित हुनुको कारण सम्बन्धी विवरण ३७

३.९.५ अनुपस्थित जनसंख्या हाल बसिरहेको स्थानको विवरण ३८
३.९.६ अनुपस्थित जनसंख्या हाल बसिरहेको देशको विवरण ३९
३.९.७ अनुपस्थित जनसंख्या हाल बसिरहेको जिल्लाको आधारमा विवरण ४१
३.१० व्यक्तिगत घटना दर्ता ४२
३.१०.१ पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण ४३
३.१०.२ तथ्याङ्क संकलनको पछिल्लो १२ महिनामा परिवारको सदस्यको मृत्यु सम्बन्धी विवरण ४४
३.१०.३ लिङ्ग र उमेर समुह अनुसार विगत १२ महिनामा मृत्यु भएकाको विवरण ४५
३.१०.४ मृत्युको कारण अनुसार मृतकको जनसंख्या ४६
३.१०.५ मृतकको मृत्युदर्ता सम्बन्धी विवरण ४८
३.११ बसाइँसराइको अवस्था ४९
३.११.१ जन्म स्थानको आधारमा जनसंख्या विवरण ५०
३.११.२ बाहिर जन्मस्थान भएका जनसंख्याको यस गाउँपालिकामा बसोबास गर्नुका कारणको विवरण ५१
**खण्ड- ४: आर्थिक स्थिति तथा रोजगार ५२**
४.१ मुख्य आर्थिक क्रियाकलापहरूको विवरण (मुख्य पेशा) ५२
४.१.१ आम्दानीका मुख्य श्रोतहरूको आधारमा परिवारको विवरण (बहुउत्तरमा आधारित) ५२
४.१.२ आफ्नो वार्षिक आम्दानीले परिवार धान्न पुग्ने समय अवधिका आधारमा परिवारको विवरण (सबै प्रकारको आम्दानी) ५३
४.१.३ ऋणको आधारमा घरपरिवारको विवरण ५४
४.१.४ ऋण लिनुको कारणका आधारमा घरपरिवारहरूको विवरण (बहुउत्तरमा आधारित) ५५
४.१.५ ऋण लिएको श्रोतको आधारमा घरधुरीको विवरण ५६
४.२ विप्रेषणबाट आएको रकम खर्च गर्ने क्षेत्र सम्बन्धी विवरण ५७
४.३ परिवारको औषत आम्दानीको विवरण ५९
४.४ परिवारको औषत खर्चको विवरण (खर्चका मुख्य शीर्षकहरू) ६१
४.५ गरिवीको रेखामुनी रहेको जनसंख्याको विवरण (दैनिक प्रतिव्यक्ति आम्दानीका आधारमा) ६३
४.६ खाद्यान्न सुरक्षा तथा आपूर्तिको अवस्था ६३
४.७ आयात तथा निर्यातको अवस्था ६४
४.८ स्थानीय श्रोतमा आधारित कच्चा पदार्थहरू जस्तै काठ, खोटो, जडिबुटी, लोक्ता, अल्लो, चुनढुङ्गा, मार्वल स्लेट, फलफूल, खाद्यान्न आदि) ६४
४.९ सुकुम्बासी जनसंख्याको विवरण ६४
४.१० बेसहारा सडक बालबालिका तथा जनसंख्याको विवरण ६४
४.११ कृषि तथा पशुपंक्षी, माछापालन तथा अन्य ६५
४.११.१ मुख्य कृषिजन्य उत्पादनहरूको विवरण (वार्षिक उत्पादन उपलब्ध भएसम्म) ६५
४.११.२ खेतीजन्य जमिनको विवरण ६६
४.११.३ खेतीयोग्य मध्य सिंचित र असिंचित जमिनको विवरण ६६
४.११.४ बाँझो जमिनको विवरण ६७
४.११.५ खाद्यान्न बालीमा लाग्ने रोग तथा किरा ६७
४.११.६ तरकारी तथा फलफूलमा लाग्ने रोग तथा किरा ६८

४.१२ पशुपालन ६८

४.१२.१ घरपालुवा पशुपंक्षी पालनको आकारका आधारमा घरपरिवारको विवरण ६८

४.१२.२ कृषि प्रयोजनको लागि हाल परिवारमा भएको पशुपन्छी सम्बन्धी विवरण ६९

४.१२.३ पशुपंक्षीहरूको बिक्रीका आधारमा घरपरिवारको विवरण ७२

४.१२.४ पशुपंक्षी जन्य वस्तुको उत्पादनको आधारमा घरपरिवारको विवरण ७३

४.१३ पशु नश्ल ७४

४.१३.१ पशुपंक्षीमा लाग्ने रोग तथा किरा ७५

४.१३.२ पशुपंक्षी, खाद्यान्न, तरकारी, फलफूल, माछा, मौरी, रेशम खेती आदि सम्बन्धी व्यवसायिक फर्महरूको विवरण ७५

४.१४ कृषि ७६

४.१४.१ कृषिका लागि आफूले चलन गरेको वा अरुलाई चलन गर्न दिएको जमिनको आधारमा घरपरिवारको विवरण ७६

४.१४.२ कृषि पेशा अंगाल्ने परिवार, कृषक परिवार र उनीहरूले भोगचलन गरेको जमिनको विवरण ७७

४.१४.३ खेतीपातीमा उपयोग भएको जग्गा जमिनको आकारको आधारमा घरपरिवारको विवरण ७७

४.१४.५ कृषि प्रयोजनका लागि भएको जग्गा जमिन सम्बन्धि विवरण ७९

४.१४.६ कृषि उत्पादनमा आबद्ध घरपरिवारको विवरण ८०

४.१४.७ कृषि बाली उत्पादनको आधारमा घरपरिवारको विवरण (बहुउत्तरमा आधारित) ८१

४.१४.८ कृषिजन्य बाली बिक्रीका आधारमा घरपरिवारको विवरण (बहुउत्तरमा आधारित) ८२

४.१५ बाली पात्रो ८४

४.१६ कृषि बजारीकरण ८४

४.१६.१ कृषि सहकारी संस्थाको विवरण/कृषि समूहको विवरण ८४

४.१६.२ कृषि उपज संकलन केन्द्र तथा डेरीहरूको विवरण ८५

४.१६.३ चिस्यान केन्द्र, भण्डारण केन्द्र तथा डेरीहरूको विवरण ८५

४.१६.४ कृषि पकेट क्षेत्रको विवरण ८५

४.१६.५ कृषि आधुनिकिकरण परियोजनाहरूको विवरण ८६

४.१६.६ कृषि मेला तथा प्रदर्शनीहरूको विवरण ८७

४.१७ पर्यटन विकास ८७

४.१७.१ मुख्य पर्यटकिय क्षेत्रहरूको विवरण (धार्मिक, ऐतिहासिक, साँस्कृतिक, प्राकृतिक) ८७

४.१७.२ पर्यटकिय पूर्वाधारहरूको विवरण ८८

४.१८ उद्योग व्यापार तथा बैङ्कङ ८९

४.१८.१ हाल संचालित समग्र उद्योगहरूको विवरण ८९

४.१८.२ मुख्य व्यापारको विवरण (किराना थोक, आयात, निर्यात) ८९

४.१८.३ खनिज तथा खानी सम्बन्धी विवरण ९०

४.१८.४ मुख्य बजार तथा व्यापारिक केन्द्रहरूको विवरण ९०

४.१८.५ क्रमिक विकास भइरहेका बस्तीहरूको विवरण ९२

४.१८.६ सहकारी संस्थाहरूको विवरण ९२

४.१८.७ बैङ्कहरूको विवरण ९३

४.१८.८ बैंक खाता भएका घरपरिवारको संख्याको आधारमा घरपरिवारको विवरण ९३

**खण्ड- ५: सामाजिक अवस्था** **९५**

५.१ शिक्षा तथा मानव संशाधन ९५

५.१.२ शैक्षिक संस्थाहरूको विवरण ९६

५.१.३ स्वीकृत शिक्षक दरवन्दीमा कार्यरत श्रेणीगत शिक्षक विवरण ९६

५.१.४ पाँच वर्ष माथिको जनसंख्याको समग्र साक्षरता/निरक्षरता विवरण (महिला/पुरुष दुवै) ९६

५.१.५ १५ देखि ६० वर्ष उमेर समूहका जनसंख्याको साक्षरताको स्थिती ९८

५.१.६ ५ देखि २४ वर्ष उमेर समूहका हाल स्कूल कलेज गए नगएको विवरण ९९

५.१.७ ५-२४ वर्ष उमेरसमूहका हाल स्कूल/कलेज नजानुको कारणका आधारमा विवरण ९९

५.१.८ १० वर्ष वा सोभन्दा बढी उमेर भएका जनसंख्या औपचारिक/अनौपचारिक तालिमसम्बन्धी विवरण १०१

५.१.९ तालिमको अवधिको आधारमा विवरण १०४

५.२ अपाङ्गता सम्बन्धी विवरण १०४

५.३ विगत १२ महिनामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसंख्याको विवरण १०६

५.४ स्वास्थ्य क्षेत्रको अवस्था १०७

५.४.१ सुरक्षित मातृत्वको अवस्थाको विवरण १०८

५.४.२ विगत १२ महिनामा सुत्केरी भएका महिलाहरूको सुत्केरी गराएको स्थानसम्बन्धि विवरण १०८

५.४.३ विगत १२ महिनामा सुत्केरी भएका महिलाहरूको प्रोटोकलअनुसार ४ पटक गर्भ जाँचसम्बन्धि विवरण १०८

५.४.४ १५-४९ वर्ष उमेर समूहका महिलाले हालसम्म जीवित सन्तान जन्म दिए/नदिएको विवरण १०९

५.४.५ परिवार नियोजन ११०

५.४.६ खोपको विवरण ११०

५.४.७ ५ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण ११०

५.४.८ बाल्यकालमा हुने रोगका जोखिम १११

५.४.९ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर ११२

५.४.१० बालपोषण सम्वन्धी विवरण ११२

५.४.११ जन्मदाको बखत शिशुको तौल सम्बन्धी विवरण ११२

५.४.१२ पहिलो विवाह गर्दाको महिला र पुरुषको उमेरको विवरण ११४

५.४.१३ पहिलो बच्चा जन्मदाको महिलाको उमेरको विवरण ११५

५.४.१५ मुख्य रोगहरूको विवरण ११६

५.४.१६ मृत्युका मुख्य कारणहरूको विवरण ११६

५.४.१७ दीर्घ रोगको प्रकारअनुसार दीर्घ रोगीहरूको जनसंख्या विवरण ११७

५.५ महिला बालबालिका तथा सामाजिक समावेशीकरण ११८

५.५.१ बाल क्लबहरूको विवरण ११८

५.६ खेलकुद तथा मनोरन्जन ११९

५.६.१ रंगशाला, खेलमैदान, व्यायामशाला सम्बन्धी विवरण ११९

५.६.२ पार्क तथा पिकनिक स्थल सम्बन्धी विवरण १२०

| | | | |
|---|---|---|---|
| | ५.७ | शान्ति सुरक्षाको विवरण | १२० |
| **खण्ड- ६:** | **जलवायू, वन तथा वातावरण** | | **१२१** |
| | ६.१ | जलवायू | १२१ |
| | ६.१.१ | जलवायूको समग्र विवरण | १२१ |
| | ६.१.२ | जलवायूको परिवर्तनका असरहरू | १२१ |
| | ६.१.३ | जलवायूको परिवर्तनका असरहरू सामना गर्ने कार्यक्रमहरू | १२१ |
| | ६.२ | वन क्षेत्रको अवस्था तथा जैविक विविधता | १२१ |
| | ६.२.१ | गाउँपालिकामा पाईने प्रमुख वनस्पति र वन्यजन्तुहरूको विवरण | १२१ |
| | ६.२.१ | प्रमुख वनस्पतिहरूको विवरण (काष्ठ तथा गैह्र काष्ठ) जडिबुटी छुट्याएर | १२२ |
| | ६.२.२ | प्रमुख वन्यजन्तुहरूको विवरण | १२२ |
| | ६.२.३ | प्रमुख चराचुरुङ्गीहरूको विवरण | १२२ |
| | ६.२.४ | वनका प्रकारहरू वर्गीकरण सहित सबैको विवरण (सामुदायिक, राष्ट्रिय, निजी, धार्मिक आदि) | १२३ |
| | ६.२.५ | सामुदायिक वन | १२४ |
| | ६.२.६ | कवुलियति वनको विवरण | १२६ |
| | ६.२.७ | वन पैदावार सम्बन्धी विवरण (निकासी भएमा) | १२७ |
| | ६.२.८ | राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र, संरक्षण क्षेत्र आदि | १२७ |
| | ६.३ | जलश्रोत तथा जलाधार क्षेत्र | १२७ |
| | ६.३.१ | प्रमुख नदी तथा खोलाहरू | १२७ |
| | ६.४ | भू-क्षय सम्भावित क्षेत्र | १२८ |
| | ६.४.१ | गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण | १२९ |
| **खण्ड- ७:** | **भौतिक विकास** | | **१३०** |
| | ७.१ | खानेपानी तथा सरसफाई | १३० |
| | ७.१.१ | खानेपानीको श्रोतको आधारमा (घरधुरी तथ्याङ्क) | १३१ |
| | ७.१.२ | खानेपानी शुद्ध बनाउने तरिकाको आधारमा वर्गीकरण | १३३ |
| | ७.२ | शौचालय | १३५ |
| | ७.२.१ | घरधुरीको शौचालय प्रयोगको अवस्था (प्रकारको आधारमा) | १३५ |
| | ७.२.२ | फोहर व्यवस्थापन प्रणाली सम्बन्धी विवरण (मुख्य बजार क्षेत्र साथै सर्वत्र) | १३६ |
| | ७.२.३ | ढल निकासको अवस्था, ल्याण्डफिल साइटको अवस्था | १३८ |
| | ७.२.४ | सडक नालाहरूको अवस्था | १३८ |
| | ७.३ | यातायात पूर्वाधार | १३८ |
| | ७.३.१ | सडक संजालको विद्यमान अवस्था | १३८ |
| | ७.३.२ | सवारीका प्रकारहरू | १४१ |
| | ७.३.३ | प्रमुख सार्वजनिक यातायातका रुटहरू (बस सेवा तथा ढुवानी सेवा) | १४१ |
| | ७.३.४ | पुल पुलेसा सम्बन्धी विवरण (झोलुङ्गे पुल/पक्की पुल/काठेपुल/कल्भर्ट आदि) | १४२ |
| | ७.३.५ | गाउँपालिकाका वडा केन्द्र देखि गाउँपालिकाको केन्द्र पुग्न लाग्ने अनुमानित समय | १४२ |
| | ७.३.५ | वडा केन्द्रबाट गाउँपालिका केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय | १४४ |
| | ७.३.६ | बसपार्क सम्बन्धी विवरण | १४४ |
| | ७.३.७ | वैकल्पिक यातायात सेवा | १४४ |

७.४ विद्युत तथा उर्जा १४४
७.४.१ खाना पकाउन प्रयोग हुने इन्धनको आधारमा घरपरिवारको विवरण १४५
७.४.२ विद्युतिकरणको अवस्था १४६
७.४.३ बत्ती बाल्न प्रयोग हुने इन्धनको आधारमा घरपरिवारको विवरण १४६
७.४.४ बैकल्पिक उर्जाका श्रोतहरूको विवरण १४७
७.५ रेडियो, टेलिभिजन, पत्रपत्रिका, इन्टरनेट, टेलिफोन, मोबाइल, हुलाक तथा कुरियर सेवा सम्बन्धी तथ्याङ्क विवरण १४८
७.५.१ परिवारमा भएको साधन तथा सुविधाको विवरण १४८
७.६ आवास तथा सार्वजनिक भवनहरू १४९
७.६.१ परिवारले प्रयोग गरेको घरको स्वामित्वको आधारमा घरपरिवारको विवरण १४९
७.६.२ परिवारले प्रयोग गरेको घर भएको जग्गाको स्वामित्व विवरण १५०
७.६.३ कच्ची, पक्की, अर्धपक्की घरको प्रकारको आधारमा घरधुरीको विवरण १५१
७.६.४ परिवारले प्रयोग गरेको घर बनेको समय अवधीको आधारमा घरपरिवारको विवरण १५३
७.६.५ परिवार बसोबास गर्ने घरको तल्लाको आधारमा परिवारको विवरण १५४
७.६.६ कोठा संख्याको आधारमा परिवारको विवरण १५५
७.६.७ परिवारले प्रयोग गरेको कोठा संख्याको आधारमा परिवारको विवरण १५६
७.६.८ घर तथा जमिनमा महिलाको स्वामित्वसम्बन्धि विवरण १५७
७.६.९ घर निर्माण सम्पन्न प्रमाणपत्रको आधारमा परिवारको विवरण १५८
७.६.१० कोठा वा फ्ल्याट भाडामा दिएका घरपरिवारहरूको वडागत विवरण १५९
७.६.११ सामुदायिक भवनहरू तथा सभाहल सम्बन्धी विवरण १६०
७.६.१२ गाउँपालिका तथा अन्य सरकारी भवनहरूको विवरण १६०
७.६.१३ पाटी, पौवा, धर्मशाला चौतारा तथा विश्रामस्थलहरूको विवरण १६०
७.६.१४ पशुबधशालाहरूको विवरण १६०
७.६.१५ शवदाहस्थल, चिहानस्थलहरू तथा कब्रस्थानहरूको विवरण १६१
**खण्ड- ८: विविध** **१६२**
८.१ मानव विकास सुचकको विवरण (HDI) १६२
८.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index) १६२
८.३ समग्र विकास स्थिति १६३
८.४ निसीखोला गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरूको विवरण १६४
८.५ निसीखोला गाउँपालिका कार्यालयमा हाल कार्यरत कर्मचारीहरूको विवरण १६५

# तालिका सूची

तालिका नं.१ : निसीखोला गाउँपालिकाको वडा विभाजन ५
तालिका नं.२ : भू-उपयोग विवरण १०
तालिका नं.३ : जनसंख्याको विवरण १७
तालिका नं.४ : अक्सर बसोबास गर्ने तथा अनुपस्थित जनसंख्याको विवरण १९
तालिका नं.५ : वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण १९
तालिका नं.६ : उमेर समूह अनुसार वडागत जनसंख्याको विवरण २०
तालिका नं.७ : लिङ्ग अनुसार वडागत जनसंख्याको विवरण २२
तालिका नं.८ : १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण २४
तालिका नं.९ : उमेर समूहका आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण २६
तालिका नं.१० : जातजातिअनुसार जनसंख्याको विवरण २८
तालिका नं.११ : मातृभाषा अनुसार जनसंख्याको विवरण ३०
तालिका नं.१२ : धर्मअनुसार जनसंख्याको विवरण ३२
तालिका नं.१३ : गाउँपालिकामा अनुपस्थित जनसंख्याको विवरण ३३
तालिका नं.१४ : अनुपस्थित हुँदाको उमेर समूह अनुसार वडागत अनुपस्थितिको विवरण ३३
तालिका नं.१५ : उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसंख्याको विवरण ३४
तालिका नं.१६ : अनुपस्थित हुँदा उतीर्ण गरेको कक्षा अनुसार अनुपस्थित जनसंख्याको वडागत विवरण ३५
तालिका नं.१७ : लिङ्गअनुसार शैक्षिक स्तरको आधारमा गाउँपालिकामा अनुपस्थित जनसंख्याको विवरण ३६
तालिका नं.१८ : अनुपस्थित व्यक्तिको अनुपस्थित हुनुको कारण सम्बन्धी विवरण ३७
तालिका नं.१९ : अनुपस्थित जनसंख्या हाल बसिरहेको स्थानको विवरण ३८
तालिका नं.२० : अनुपस्थित जनसंख्या हाल बसिरहेको स्थानको विवरण ३९
तालिका नं.२१ : अनुपस्थित जनसंख्या हाल बसिरहेको देशको विवरण ३९
तालिका नं.२२ : अनुपस्थित जनसंख्या हाल बसिरहेको जिल्लाको विवरण ४१
तालिका नं.२३ : पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण ४३
तालिका नं.२४ : पछिल्लो १२ महिनामा परिवारको सदस्य मृत्यु सम्बन्धी विवरण ४४
तालिका नं.२५ : लिङ्गअनुसार विगत १२ महिनामा मृत्यु भएकाको विवरण ४५
तालिका नं.२६ : मृत्युको कारण अनुसार मृतकको जनसंख्याको विवरण ४६
तालिका नं.२७ : मृत्यु दर्ता गराउने घरपरिवार ४८
तालिका नं.२८ : उमेर समूह अनुसार मृत्यु दर्ता भएको विवरण ४९
तालिका नं.२९ : जन्म स्थानको आधारमा जनसंख्या विवरण ५०
तालिका नं.३० : बाहिर जन्मस्थान भएका जनसंख्याको यस गाउँपालिकामा बसोबास गर्नुका कारणको विवरण ५१
तालिका नं.३१ : आम्दानीका श्रोतहरूको आधारमा परिवारको विवरण (बहुउत्तरमा आधारित) ५२
तालिका नं.३२ : आफ्नो वार्षिक आम्दानीले परिवार धान्न पुग्ने समय अवधिका आधारमा परिवारको विवरण ५३
तालिका नं.३३ : ऋण भएका घरपरिवारको विवरण ५४
तालिका नं.३४ : ऋण लिनुको कारणका आधारमा घरपरिवारहरूको विवरण (बहुउत्तरमा आधारित) ५५
तालिका नं.३५ : ऋण लिएको श्रोतको आधारमा घरधुरीको विवरण ५६

तालिका नं.३६ : विप्रेशणबाट आएको रकम खर्च हुने स्थान सम्बन्धि विवरण ५८
तालिका नं.३७ : वार्षिक आम्दानीको विवरण ६०
तालिका नं.३८ : वार्षिक औषत खर्चका आधारमा परिवारको विवरण ६२
तालिका नं.३९ : प्रमुख कृषि बाली सम्बन्धी विवरण ६५
तालिका नं.४० : खाद्यान्न बालीमा लाग्ने रोग विवरण ६७
तालिका नं.४१ : तरकारी तथा फलफूलमा लाग्ने रोग तथा किरा ६८
तालिका नं.४२ : घरपालुवा पशुपंक्षीपालनको आकारका आधारमा घर परिवारको विवरण ६८
तालिका नं.४३ : विभिन्न पशुपंक्षी पाल्ने कृषकहरूका आधारमा घरपरिवारको विवरण ६९
तालिका नं.४४ : कृषि प्रयोजनका लागि हाल परिवारमा भएको पशुपंक्षीसम्बन्धी विवरण ७०
तालिका नं.४५ : पशुपंक्षीहरूको विक्रिका आधारमा घर परिवारको विवरण (गत १२ महिनामा) ७२
तालिका नं.४६ : पशुपंक्षी जन्य वस्तुको उत्पादनको आधारमा घरपरिवारको विवरण ७३
तालिका नं.४७ : कृषि योग्य जमिनको स्वामित्वका आधारमा घरपरिवारको विवरण ७६
तालिका नं.४८ : कृषि पेशा अंगाल्ने परिवार, कृषक परिवार र उनीहरूले भोगचलन गरेको जमिनको विवरण (बहुउत्तरमा आधारित) ७७
तालिका नं.४९ : खेतीपातीमा उपयोग भएको जग्गा जमिनको आकारको आधारमा घरपरिवारको विवरण ७७
तालिका नं.५० : कृषि प्रयोजनका लागि भएको जग्गा जमिन सिंचाइ सुविधा सम्बन्धि विवरण ६६
तालिका नं.५१ : गाउँपालिकको सिंचाई आयोजनाको विवरण ७८
तालिका नं.५२ : कृषि प्रयोजनका लागि भएको जग्गा जमिन सम्बन्धि विवरण ७९
तालिका नं.५३ : कृषि उत्पादनमा आबद्ध घरपरिवारको विवरण ८०
तालिका नं.५४ : कृषि बाली उत्पादनको आधारमा घरपरिवारको विवरण (बहुउत्तरमा आधारित) ८१
तालिका नं.५५ : कृषिजन्य बाली विक्रीका आधारमा घरपरिवारको विवरण (बहुउत्तरमा आधारित) ८२
तालिका नं.५६ : बाली पात्रो ८४
तालिका नं.५७ : गाउँपालिकामा रहेको कृषि पकेट क्षेत्रको विवरण ८६
तालिका नं.५८ : धार्मिक तथा पर्यटकीय स्थलहरूको विवरण ८७
तालिका नं.५९ : निसीखोला गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका कृषि जन्य उद्योगहरूको विवरण ८९
तालिका नं.६० : वडाअनुसार मुख्य वस्तीहरू तथा बजार केन्द्रको विवरण ९१
तालिका नं.६१ : सहकारी संस्थाहरूको विवरण ९२
तालिका नं.६२ : परिवारको सदस्यको बैंक खाता भएको आधारमा घर परिवारको विवरण ९३
तालिका नं.६३ : गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण ९६
तालिका नं.६४ : गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरूको नामावली ९६
तालिका नं.६५ : स्वीकृत शिक्षक दरवन्दीमा कार्यरत श्रेणीगत शिक्षक विवरण ९६
तालिका नं.१ : ५ वर्ष वा सो भन्दा माथि उमेर समूहका जनसंख्याको साक्षरताको स्थिति ९७
तालिका नं.२ : ५ वा सो भन्दा माथिका साक्षर जनसंख्याले उत्तीर्ण गरेको तह अनुसार विवरण ९७
तालिका नं.३ : १५ देखि ६० वर्ष उमेर समूहका जनसंख्याको साक्षरताको स्थिती ९८
तालिका नं.६६ : ५ देखि २४ वर्ष उमेर समूहका हाल स्कूल कलेज गए नगएको विवरण ९९
तालिका नं.६७ : ५-२४ वर्ष उमेरसमूहका हाल स्कूलरकलेज नजानुको कारणका आधारमा विवरण ढढ
तालिका नं.६८ : १० वर्ष वा सोभन्दा बढी उमेर भएका जनसंख्या औपचारिक / अनौपचारिक तालिमसम्बन्धी विवरण १०१
तालिका नं.६९ : औपचारिक तालिमको विषयको आधारमा वडागत विवरण १०२

तालिका नं.७० : तालिम अवधिको आधारमा विवरण १०४
तालिका नं.७१ : अपाङ्गताको किसिमअनुसार जनसंख्याको विवरण १०५
तालिका नं.७२ : अपाङ्गता भएको अवधिको आधारमा जनसंख्या विवरण १०६
तालिका नं.७३ : अपाङ्गता परिचयपत्रको आधारमा जनसंख्या विवरण १०६
तालिका नं.७४ : विगत १२ महिनामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसंख्याको विवरण १०७
तालिका नं.७५ : गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाको विवरण १०७
तालिका नं.७६ : सुत्केरी भएका महिलाहरूको सत्केरी गराएको स्थान सम्बन्धि विवरण १०८
तालिका नं.७७ : प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच सम्बन्धि विवरण १०८
तालिका नं.७८ : १५ देखि ४९ वर्षसम्मका विभिन्न उमेर समूहका विवाहित महिलारुले जन्म दिएका सन्तानहरूको आधारमा जनसंख्याको विवरण १०९
तालिका नं.७९ : ५ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण १११
तालिका नं.८० : वितेको १२ महिनामा जन्मेका शिशुहरूको जन्मदाको तौलका आधारमा वडागत विवरण ११२
तालिका नं.८१ : पहिलो विवाह गर्दाको महिला र पुरुषको उमेरको विवरण ११४
तालिका नं.८२ : १५-४९ उमेरसमूहका विवाहित महिलाहरूको पहिलो बच्चा जन्मिदाको उमेरसम्बन्धि विवरण ११६
तालिका नं.८३ : मृत्युको कारण अनुसार मृतकको जनसंख्या विवरण ११६
तालिका नं.८४ : दीर्घरोग रोगको प्रकारअनुसार जनसंख्याको विवरण ११७
तालिका नं.८५ : दीर्घरोग रोगको भएको अवधिको आधार जनसंख्याको विवरण ११८
तालिका नं.८६ : वन्यजन्तु तथा पशुपंक्षी १२३
तालिका नं.८७ : सामुदायिक वनको विवरण १२५
तालिका नं.८८ : निसीखोला गाउँपालिकामा भएका नदीनालाहरूको विवरण १२८
तालिका नं.८९ : गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण १२९
तालिका नं.९० : गाउँपालिकामा भएका खानेपानी आयोजनाहरूको विवरण १३०
तालिका नं.९१ : खानेपानीको मुख्य श्रोतको आधारमा घरपरिवारको विवरण १३१
तालिका नं.९२ : धारामा भएको स्वामित्वको आधारमा परिवारको विवरण १३३
तालिका नं.९३ : खानेपानी शुद्ध बनाउने तरिकाको आधारमा वर्गीकरण १३३
तालिका नं.९४ : खानेपानीको शुद्धताको आधारमा परिवारको विवण १३४
तालिका नं.९५ : परिवारले प्रयोग गर्ने चर्पीको प्रकारका आधारमा परिवारको विवरण १३५
तालिका नं.९६ : घरबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधारमा परिवारको विवरण १३६
तालिका नं.९७ : गाउँपालिकाको सडक संजालको विद्यमान अवस्था १३९
तालिका नं.९८ : सडक सुविधा पहुचको प्रकारको आधारमा वडागत घरपरिवारको विवरण १४०
तालिका नं.९९ : टाढाको वस्तीवाट वडा केन्द्रमा पुग्न लाग्ने अनुमानित समय १४३
तालिका नं.१०० : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण १४५
तालिका नं.१०१ : वत्ती बाल्न प्रयोग हुने इन्धनको आधारमा घरपरिवारको विवरण १४७
तालिका नं.१०२ : परिवारमा भएको साधन तथा सुविधाको विवरण १४८
तालिका नं.१०३ : परिवारले प्रयोग गरेको घरको स्वामित्वको आधारमा घरपरिवारको विवरण १४९
तालिका नं.१०४ : परिवारले प्रयोग गरेको घर भएको जग्गाको स्वामित्व विवरण १५०

तालिका नं.१०५ : घरको किसिमको आधारमा घरपरिवार विवरण १५१
तालिका नं.१०६ : परिवारले प्रयोग गरेको घर बनेको समय अवधीको आधारमा घरपरिवारको विवरण १५३
तालिका नं.१०७ : परिवारले बसोबास गर्ने घरको तल्लाको आधारमा घरपरिवारको विवरण १५४
तालिका नं.१०८ : कोठा संख्याको आधारमा परिवारको विवरण १५५
तालिका नं.१०९ : परिवारले प्रयोग गरेको कोठा संख्याको आधारमा परिवारको विवरण १५६
तालिका नं.११० : घर तथा जमिनमा महिलाको स्वामित्वसम्बन्धि विवरण १५७
तालिका नं.१११ : घर निर्माण सम्पन्न प्रमाणपत्रको आधारमा परिवारको विवरण १५८
तालिका नं.११२ : कोठा वा फ्ल्याट भाडामा दिएका घरपरिवारहरूको वडागत विवरण १५९
तालिका नं.११३ : शवदाहस्थल, चिहानस्थलहरू तथा कब्रस्थानहरूको विवरण १६१
तालिका नं.११४ : मानव विकास सूचकको विवरण (HDI) १६२
तालिका नं.११५ : निसी गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरूको विवरण १६४
तालिका नं.११६ : निसीखोला गाउँपालिका कार्यालयमा हाल कार्यरत कर्मचारीहरूको विवरण १६५

# खण्ड- १: परिचय

## १.१ पृष्ठभूमि

नेपाली जनताको बलिदानपूर्ण लामो संघर्षपछि नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था कायम भएको छ । विश्वभर विभिन्न देशहरूमा सफल अभ्यासमा आएको यो व्यवस्था नेपालमा नौलो भएकाले यसमा अभ्यस्त हुन केही समय अवश्य लाग्नेछ । संघीय शासन प्रणालीको सबल पक्ष भनेको जनता केन्द्रित शासन हो । नेपालको संघीय प्रणाली अर्न्तगत राज्यको संरचनालाई तीन तहमा विभाजन गरिएको छ । संघीय अर्थात केन्द्रीय शासन, प्रादेशिक शासन बीचमा र तल्लो तहमा स्थानीय सरकार रहेको छ । नेपालको संविधानले स्थानीय तहहरूलाई स्थानीय स्वायत्त सरकारकोरुपमा स्थापित गरेको छ । संविधानको अनुसूची ८ को क्र.सं. ६ मा स्थानीय तथ्याङ्क र अभिलेख संकलन सम्बन्धी सम्पूर्ण अधिकार स्थानीय सरकारलाई भएको उल्लेख छ । भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को च मा माथि उल्लेखित विषयलाई थप विस्तार गरिएको छ ।

तसर्थ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७५ अनुरुप नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार प्रयोग गरी स्थानीय स्तरका विकासको योजना निर्माण, नीति निर्माण तथा स्थानीय सूचनाको प्रमुख श्रोतको रुपमा रहने यो वस्तुगत विवरणले गाउँपालिका/नगरपालिकालाई विकास र सम्वृद्धिको समुचित दिशातर्फ उन्मुख हुन सहयोग गर्ने विश्वासका साथ यो प्रतिवेदन तयार भएको छ ।

## १.२ उद्देश्य

पार्श्वचित्र निर्माणको प्रमुख उद्देश्य भनेकै गाउँपालिका/नगरपालिकाको समग्र वस्तुगत अवस्थाको जानकारीहरूलाई सु-व्यवस्थित ढङ्गले अभिलेखिकरण गर्ने र ती तथ्याङ्क र सूचनाहरूलाई अध्यावधी गर्दै आवश्यक पर्दा सरोकारवालाहरूलाई सूचना उपलब्ध गराउनु हो । पार्श्वचित्रका अन्य विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

क) गाउँपालिकाको समग्र भौतिक पूर्वाधारको अवस्था बारे तथ्याङ्कहरूको अभिलेख तयार पार्ने ।

ख) गाउँपालिकाको समग्र आर्थिक पक्षहरूको अवस्था बारे तथ्याङ्कहरूको अभिलेख तयार पार्ने ।

ग) गाउँपालिकाको समग्र सामाजिक पक्षहरूको अवस्था बारे तथ्याङ्कहरूको अभिलेख तयार पार्ने ।

घ) गाउँपालिकाको समग्र वातावरणीय प्राकृतिक सम्पदा तथा विपद् व्यवस्थापन सम्बद्ध पक्षहरूको सूचना तथा तथ्याङ्कको अभिलेख तयार पार्ने ।

ङ) गाउँपालिकाको सेवा प्रवाह तथा संस्थागत संयन्त्रहरू बारेका सूचना तथा तथ्याङ्कहरूको अभिलेख तयार गर्ने ।

च) गाउँपालिकाका सबल पक्षहरू, दुर्बल पक्षहरू, अवसरहरू चुनौती तथा संभावनाको विश्लेषण गर्ने ।

छ) गाउँपालिकाको विभिन्न विषयगत आधार नक्शा तयार गर्ने ।

ज) गाउँपालिकाको समग्र जनसांख्यिक, आर्थिक, सामाजिक, भौतिक, प्राकृतिक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथ्याङ्कहरूको व्याख्या र विश्लेषण गर्ने ।

झ) प्राप्त सूचनाहरूको वर्गीकरण गरी सुव्यवस्थित र सरल ढंगले सर्वसाधारणले बुझ्न सक्ने गरी विभिन्न खण्डमा विभाजन गरी प्रस्तुत गर्ने ।

ञ) माथि उल्लेखित सम्पुर्ण विषयसँग सम्बन्धित एकमुष्ट तथ्याङ्कीय आधार तयार पार्ने ।

## १.३ कानूनी तथा नीतिगत आधारहरू

पृष्ठभूमिमा उल्लेख भएजस्तै यो गाउँपालिकाको वस्तुगत विवरण तयारीका निम्न आधारहरू रहेका छन् ।

### (क) वैधानिक आधार

नेपालको संविधानको अनुसूची ८ लाई व्याख्या गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तथ्याङ्कहरूको अभिलेख तयार गरी अध्यावधिक गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरेकोले गाउँपालिकालाई पार्श्वचित्र तयार पार्ने आधार बनेको छ ।

### (ख) नीतिगत आधारहरू

नीतिगत आधारहरू अर्न्तगत नेपाल सरकारले तयार पारेको समग्र योजनाहरू, नीतिहरू, प्रादेशिक नीतिहरू र यी नीतिहरूका आधारमा तयार भएका स्थानीय तहका नीतिहरूलाई कार्यान्वयन गर्न आधारभुतरुपमा आवश्यक तथ्याङ्कहरूको अनिवार्यता हुने भएकाले गाउँपालिकाको समग्र सूचनाहरू तयार पानुपर्ने नीतिगत आवश्यकता रहेको र सूचना व्यवस्थापनको नीतिगत व्यवस्था समेत रहेकाले सोका आधारमा यो वस्तुगत विवरण तयार पारिएको हो ।

### (ग) स्थानीय आवश्यकता

स्थानीय सरकार सञ्चालन गर्न तथा स्थानीय आश्यकताहरूको पहिचान गर्न वस्तुगत सूचनाहरूको आवश्यकता पर्दछ । स्थानीय आवश्यकताहरूको पहिचान पश्चात विकास निर्माण नीति, योजना तथा कार्यक्रमहरू तय गर्न सकिन्छ। तसर्थ समग्र विकास प्रक्रियालाई अगाडी बढाउँदै स्थानीय सरकार सञ्चालन गर्न आवश्यक सूचना तथा तथ्याङ्कहरूको संगालोको ट्डकारो आवश्यकता रहने हुँदा यो नै वस्तुगत विवरण तयारीको अर्को महत्वपूर्ण आधार हो ।

यी बाहेक नेपालले पक्ष राष्ट्र भई हस्ताक्षर गरेका अन्तराष्ट्रिय सन्धि तथा सम्झौताहरूलाई कार्यान्वयन गर्न समेत वस्तुगत सूचनाहरूको आवश्यकता पर्दछ । दिगो विकास लक्ष्य हासिल गर्न जलवायू परिवर्तनका असरहरू न्यूनिकरण गर्न, मानव अधिकारको सुनिश्चितता गर्न, पर्यावरणीय सन्तुलन कायम गरी दिगो विकास गर्न तथ्यपरक सूचनाहरूको आवश्यकता पर्ने भएकाले यी आवश्यकताका आधारमा यो विवरण तयार पारिएको हो ।

## १.४ तयारी प्रक्रिया (Methodology)

यस गाउँपालिकाको पार्श्वचित्रको तयारी गर्दा प्रयोग गरिएका विधिहरू निम्नानुसार छन् –

- ✓ विशिष्टीकृत प्रश्नावली निर्माण गरी Android Apps द्वारा प्रत्येक घरपरिवारको जनसांख्यिक, आर्थिक, समामाजिक र भौतिक पक्षहरूको विवरण प्राप्त गर्न गणकहरू परिचालन गरी आवश्यक तथ्याङ्क संकलन गरिएको ।
- ✓ यसमा गाउँपालिकाको विभिन्न विषयगत शाखा, विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्याङ्कहरू समावेश गरिएको छ ।
- ✓ सबैवडाका अध्यक्ष तथा अन्य पदाधिकारीसँग प्रत्यक्ष अन्तरर्वाता विधि प्रयोग गरी तथ्याङ्क संकलन गरिएको ।
- ✓ घरधुरी सर्वेक्षण २०७६, विभिन्न सर्वेक्षण आदिका नतिजाहरू समावेश गरिएको छ ।
- ✓ यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको बिश्लेषणका क्रममा विभिन्न तालिकाहरू, चित्रहरू तथा नक्साको प्रयोग गरी वर्णनात्मक तथा तुलनात्मक रुपमा बिश्लेषण गरिएको छ ।


पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वित्तीय (Secondary) सूचना संकलन पद्दती उपयोग गरिएको छ । भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS Data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरवार्ता गरी संकलन गरिएको छ । वडा स्तरीय समस्याहरू र खाँचोहरू, वडा बासीहरू बीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ । यसका साथै गाउँपालिका स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, बुद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित् व्यक्तित्वहरूसँग छलफल एवं अर्न्तवार्ता गरी गाउँपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिइएको छ । गाउँपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू गाउँपालिका कार्यालय लगायत गाउँपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

## १.५ वस्तुस्थिति विवरणको सीमा

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेबमोजिम गाउँपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरूको स्रोत र आधार वर्ष खुलाइएको छ । गाउँपालिकाका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरू, सम्बन्धीत गाउँपालिका आदि स्रोतहरूबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । पार्श्वचित्रको अवधारणा अनुसार यसले निसीखोला गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । तैपनि स्रोत, साधन तथा सूचना व्यवस्थापनका सिमितताका कारण अपेक्षित सम्पूर्ण सूचनाहरु प्राप्त हुन सकेको छैन । तथापी अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसारका तथ्याङ्कहरू भने समावेश गरिएको छ ।

# खण्ड- २: गाउँपालिकाको चिनारी (भौतिक तथा समग्र चरित्र)

## २.१ भौगोलिक अवस्थिति, सीमाना तथा प्रशासनिक विभाजन




नक्सा नं. १ : *गाउँपालिकाको वस्तुस्थिति चित्रण*

### २.१.१ भौगोलिक अवस्थिति, सीमाना

निसीखोला गाउँपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार गण्डकी प्रदेशमा पर्दछ। निसीखोला गाउँपालिका भौगोलिक हिसाबले ८२°५२'४६" देखि ८३°१०'२४" र पूर्व देशान्तरसम्म २८°१६'३०" देखि २८°२८'४२" उत्तरी अक्षांश सम्म फैलिएर प्राकृतिक मनोरम संरचना सहित होचो भुभाग देखि उच्च पहाडी क्षेत्रमा अवस्थित छ। यो गाउँपालिकामा समुद्री सतहबाट ८८९ मिटर उचाईदेखि ४००० मिटर सम्मको विविधता रहेको छ। २४४.३९ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस निसीखोला गाउँपालिकाको पश्चिममा ढोरपाटन हन्टिङ रिजर्भ, उत्तरतर्फ ढोरपाटन नगरपालिका, पूर्वमा वडिगाड नगरपालिका रहेका छन्। पहाडी क्षेत्रमा पर्ने गाउँपालिकाको केही भागमा खेतियोग्य उर्वर जमिनले ओगटेको भए पनि अधिकांश भाग पहाडी भागले ओगटेको छ।


### २.१.२. प्रशासनिक विभाजन

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको नमुना वमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार तत्कालिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा देहाय बमोजिम साविकका गा.वि.स.हरू देवीस्थान, बोहोरागाउँ, निसी र राजकुत समेटर ७ वटा वडाहरू कायम गरी यो गाउँपालिकाको निर्माण गरिएको हो। हाल निसीखोला गाउँपलिकाको संरचना यस प्रकार रहेको छ।

**तालिका नं.१ :** निसीखोला गाउँपालिकाको वडा विभाजन

| वडा नं. | समावेश भएका साविक गा.वि.स./न.पा. | साविकको वडा नं. |
|---|---|---|
| १ | देवीस्थान | १-५ |
| २ | देवीस्थान | ६-९ |
| ३ | बोहोरागाउँ | १-५ |
| ४ | बोहोरागाउँ | ६-९ |
| ५ | निसी | १-४ |
| ६ | निसी | ५-९ |
| ७ | राजकुत | १-९ |

*स्रोत: निसीखोला गाउँपालिकाको कार्यालय, २०७६*




नक्सा नं. २ : *गाउँपालिकाको वडा विभाजन*


## २.२ ऐतिहासिक पृष्ठभूमि तथा नामाकरण

निसीखोला गाउँपालिकाको नामाकरण यस क्षेत्रकै ठूलो नदी " निसीखोला" को नामबाट नामाकरण गरिएको हो। विश्वका ठूलाठूला सभ्यताहरू नदी किनारमै विकसित भएको पाइन्छ। नदी सभ्यतासँग प्रत्यक्ष सरोकार राख्ने भएकोले निसीखोला गाउँपालिका नदीको नामबाटै नामाकरण भएको हो। वर्तमानमा पनि निसीखोला नदीको उच्च महत्व छ। अतः यस गाउँपालिकाको नदीको नामबाट राखिनु युक्तिसंगत देखिन्छ।


## २.३ धरातलिय अवस्था (भू-क्षेत्रको प्रकृति भिरालोपन तथा उचाइ, मोहडा)

गाउँपालिकाको भौतिक अवस्थाको विवरण तयार पार्दा यहाँको धरातलीय अवस्थाका बारेमा उल्लेख गर्नु अनिवार्य हुन्छ । क्षेत्रफलका हिसाबले सानो भएता पनि नेपाल धरातलीय विविधताका हिसाबले विश्वमै सम्पन्न मानिन्छ। विशेषतः भौगर्भिक प्रक्रियाका दौरान पछिल्लो समयमा निर्माण भएको महालङ्गुर हिमश्रृङ्खला निर्माण हुँदा तिब्बतियन भू-खण्ड र भारतीय उपहाद्विपको एक आपसमा टकराव हुँदा यि दुई भू-खण्डको बीचमा रहेको टेथिस सागरको अस्तित्व समाप्त भई उच्च हिमालय पर्वत, मध्य महाभारत पर्वत श्रृङ्खला तथा होचा चुरे पर्वत श्रृङ्खला र सबैभन्दा दक्षिण भेगमा फैलिएको विशाल गंगाको मैदानको अंशको रुपमा रहेको तराई भू-भाग मिलेर समग्र देशको भू-सतह निर्माण भएको छ। यो भू-धरातलीय वस्तुगत चरित्रहरू मध्ये एक वा अर्को प्रकारको भू-धरातलको प्रधानता हाम्रा गाउँपालिका वा नगरपालिकामा रहेको पाईन्छ । यस अनुसार निसिखोला गाउँपालिकाको उत्तरी भु-भाग महाभारत पर्वत खण्ड र दक्षिणी भू-भाग तराइको समथर खण्ड मिलेर बनेको छ।

भू-धरातलीय स्वरुपले विकास निर्माणमा अहम् भूमिका खेल्द्छ। भू-धरातलको विवरण अन्तर्गत विशेषत : भिरालोपन, मोहडा, उचाई, भू-आवरण, माटोको बनावट जस्ता आधारभूत पक्षहरू पर्दछन्।




नक्सा नं. ३ : *गाउँपालिकाको भिरालोपन सम्बन्धी विवरण*




नक्सा नं. ४ : *उचाइको विवरण*

## २.४ भू-उपयोगको विवरण


मानव जातिको सृष्टि र जनजीवन भू-धरातलमा उपलब्ध प्राकृतिक श्रोतहरूको उपयोगका आधारमा अडेको छ । मानवीय अस्तित्व भित्रका समग्र मानवीय गतिविधिहरू उसले गर्ने जमिन तथा जमिनमा उपलब्ध श्रोतहरूमा पूर्णत निर्भर गर्दछ । तसर्थ भू-आवरण अन्तर्गत मानिसले उपयोगमा ल्याउने वन क्षेत्रको तथ्याङ्क, खेतियोग्य जमिन, जल, बालुवा, हिमाल, पहाड, आदिको तथ्याङ्कलाई भू-उपयोग अन्तर्गत उल्लेख गरिएको छ ।

यस गाउँपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा ६०.२१ प्रतिशत अर्थात सबैभन्दा धेरै वन क्षेत्रले ओगटेको छ भने दोस्रोमा १९.६९ प्रतिशत खेतीयोग्य जमिन रहेको छ । कुनैपनि स्थानको समग्र भू-आवरण मध्ये ४० प्रतिशत भन्दा बढी वन क्षेत्र हुनु वातावरणीय सन्तुलनका हिसाबले सुखद विषय हो । यद्यपी सो वनको पूर्णत सदुपयोग र वैज्ञानिक व्यवस्थापन खेतीयोग्य जमिनमा वैज्ञानिक कृषि प्रणाली अबलम्बन गर्न सके उत्पादनको समेत राम्रो सम्भावना देखिन्छ । अर्कोतर्फ पछिल्लो समयमा राजमार्ग वरपरका सुविधा केन्द्रित स्थानहरुमा व्यापक बसाइँसराइ गरी आउने प्रवृत्तिका कारण यस गाउँपालिकामा आवस क्षेत्रले ओगटेको भू-भाग समेत उल्लेख्य अर्थात ३.७८ प्रतिशत रहेको छ । यस गाउँपालिकाको भू-उपयोगको अर्को उल्लेखनीय पक्ष भनेको यहाँको वनस्पतिले ओगटेको भू-भागको अंश हो । अर्थात सो भूभागले कुल भू-भागको १५.२७ प्रतिशत ओगटेको छ । जटिल पहाडी भू-खण्डका तथा जमिनको वैज्ञानिक व्यवस्थापनका अभावका कारण यस प्रकारको भू-भाग बढी देखिन्छ । यसको समयमै सदुपयोग गर्नु श्रेयष्कर देखिन्छ । बालुवा र बगर क्षेत्र ०.३० प्रतिशत साथै जलक्षेत्रले ओगटेको भू-भाग भन्ने निकै कम अर्थात ०.१२४ प्रतिशत मात्र देखिन्छ ।

**तालिका नं.२ :** भू-उपयोग विवरण

| विवरण | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| बाँझो जमिन | ०.७९ | ०.३२ |
| आवास क्षेत्र | ९.२४ | ३.७८ |
| खेतीयोग्य जमिन | ४८.११ | १९.६९ |
| वन | १४७.१० | ६०.२१ |
| ताल/पोखरी | ०.०१ | ०.००४ |
| नदीनाला/खोला | ०.३० | ०.१२ |
| बालुवा | ०.७२ | ०.३० |
| वनस्पति | ३७.३० | १५.२७ |
| अन्य | ०.७७ | ०.३२ |
| कुल क्षेत्रफल | २४४.३३ | १००.०० |

*स्रोत : गाउँपालिकाको कार्यालय, २०७६*




## २.५ भू-क्षेत्रको बर्गीकरण

निसीखोला गाउँपालिकाको भूमिलाई भू-बनौट प्रणाली, तथा भू-स्खलन जस्ता प्रबृत्तिका आधारमा अध्ययन गर्दा भूमिको बर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति भूबनोट अनुसार फरक पर्दै जान्छ। त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical characteristics) का आधारमा माटोको अवस्था र भिरालोपन आँकलन गरिएको छ। निसीखोला गाउँपालिकामा भूमिलाई भू-बनौट, पारिस्थितिक प्रणाली, तथा भू-स्खलन जस्ता तत्वका आधारमा भूमिको वर्गीकरणलाई हेर्दा गाउँपालिकाको जमिनमा ० डिग्रि देखि ७५ डिग्रि सम्मको भिरालोपन देखिन्छ। जसलाई तल उल्लेख गरिएको छ।

### क) Slope 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराइ पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस् भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ।

यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ।

सिंचाइ सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

### ख) Slope 5°-30° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मि. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ। यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परि रहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतिका लागि यो जमिन त्यति सहज हुँदैन। गाईवस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईवस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुऱ्याउन सक्दछ।

यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनु पर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिलेदेखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा सावधानी अपनाउनु पर्दछ। एक्कासी बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।

### ग) Slope = 30°–40° माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकाससहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त।

माटोको पत्र २० से.मि. मात्र गहिराइ भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गरा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन। यस प्रकारको जमिनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पुऱ्याउने ठूलो सम्भावना रहन्छ। यस प्रकारको जमिनमा वनस्पतिहरू लगाउन, उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन वृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्ति यस प्रकारको जमिनका सामान्य लक्षण हुन्।

यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ. जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा या त बोटविरुवालाई पुनः हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ. यस वर्गमा पर्ने जमिनहरूमा गाईवस्तुलाई चराउने चलन कडाइकासाथ नियन्त्रण गर्नुपर्छ. यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनुहुँदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक विस्तारका र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमिन खेतीको लागि उपयुक्त हुँदैन।


### घ) Slope > 40° माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मि. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पति खेतीका लागि अनुपयुक्त मानिन्छ।

यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झैँ एकातिर यस्तो जमिनमा भू-क्षयीकरणको प्रवृत्ति तीब्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुनः अधिग्रहण (reclaim) गन असम्भव नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।

## २.६ मुख्य प्राकृतिक सम्पदा (नदी, खोला, ताल, हिमाल, खानीखनिज, खेतीयोग्य जमिन, वनजंगल, निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र, जलाधार सिमसार)

हरेक क्षेत्रको विकासको प्रमुख आधार नै त्यहाँ उपलब्ध प्राकृतिक श्रोतहरू हुन् । प्राकृतिक सम्पदा अन्तर्गत स्थानीय स्तरमा उपलब्ध जमिन, वन, वनस्पति, वन्यजन्तु, जडिबुटी, खानी तथा खनिज, नदी, खोला, ताल, हिमाल, झर्ना, जलाधार क्षेत्र, सिमसार, निकुञ्ज, आरक्ष तथा संरक्षित क्षेत्र आदी पर्दछन् । यी प्राकृतिक सम्पदाहरूको दिगो र विवेकपूर्ण सदुपयोग गरेर मात्र हामी सम्वृद्ध बन्न सक्छौं ।




*नक्सा नं. ५ : गाउँपालिकाको नदी सञ्जाल*

## २.७ साँस्कृतिक विशेषताहरू

मानवीय चालचलन, भाषा, व्यवहार तथा जनजीवन निश्चित परम्पराबाट अमूर्त हिसाबले निर्देशित हुन्छ । दैनिक व्यवहारहरू सञ्चालन गर्न मानिस, परिवार र समाजको स्वरुपमा बाँधिएको हुन्छ । विवाह, परम्पराले नाता सम्बन्ध, स्थापित गर्दछ र यसले परिवारको श्रृजना हुन्छ । जन्म, मृत्यु, विवाह, खानपान, भेषभुषा, चाडपर्व, भाषा, रहनसहन आदि सबै साँस्कृतिक विशेषताहरू भित्र पर्दछन् । यी सभ्यता र संस्कृतिका आयामहरू मानिसको पहिचानका प्रमुख पक्षहरू हुन् । साँस्कृतिक गतिविधिहरूले मानिसलाई परिस्कृत जीवन जिउन मद्दत पुऱ्याउँछ । यसले समाजलाई संगठित र गतिशील तुल्याउँछ । हिन्दु धर्मावलम्बीहरूको बाहुल्यता रहेको यस गाउँपालिकामा अपनाइने प्रमुख संस्कार कुल पुजा, गोठ पुजा, ब्रतवन्ध, विवाह, काजकृया, वार्षिक काम, न्वारन, तिथी सराद्ध, सोह्रस्राद्ध औशि, पूर्णिमा, सक्रान्ति, मसान्त, सत्यनारायणको पुजा, एकाह, होमहोमदी, यज्ञ, सप्ताह, रुद्रीपाठ, मलमास, सूर्य ग्रहण, चन्द्र ग्रहण, आदि रहेका छन् ।

परम्परागत संस्कृतिमा आधारित असारे गीत, तीज गीत, झ्याउरे भाका र दोहोरी गीत आदि यस गाउँपालिकामा सर्वाधिक लोकप्रिय छन् । बैशाखी पूर्णिमा, ल्होसार, उधौली, उभौली, बुद्ध पूर्णिमा, असार १५ मा दही चिउरा,साउने संक्रान्ति, नागपञ्चमी, ऋषितर्पणी पूर्णिमा, बडा दशैं, तिहार, देउसी, माघे संक्रान्ति, फागु पूर्णिमा (होली), रामनवमी, ठूलो एकादशी, नेवार समुदायको सठी, म्ह पुजा आदी विशेष महत्वकासाथ यहाँका जनमानसले मनाउने मुख्य पर्वहरू हुन् ।

यस निसीखोला गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । यहाँको परम्परागत भेषभूषालाई हेर्दा महिलाले फरिया, चोलो तथा पुरुषले धोतीकछाड, कमिज सुरुवाल लगाउँछन् । क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमिज-सुरुवाल, दौरा-सुरुवाल लगाउँछन् भने तामाङ्गहरूले चौबन्दी चोलो, लुङ्गी, कम्मरमा पटुकी बाँध्ने गर्दछन् । तर अधुनिक समयमा सबै जातजातिका युवा, युवतीहरू क्रमशः पैन्ट, शर्ट, टिसर्ट, साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन् । गाउँपालिकामा रहेका नेवार, दनुवार, बोटे, कुमाल, माझी, गुरुङ्ग आदीको रहनसहन र संस्कृति गहनाको रुपमा रहेको छ ।

## २.८ विकासका मुख्य सम्भावनाहरू

हरेक स्थानको आफ्नै विशेषता हुन्छ । कुनै स्थानमा जंगलको भू-भाग अत्यधिक हुन्छ । कुनै स्थानमा पर्याप्त मात्रामा जलश्रोतको उपलब्धता हुन्छ भने कुनै स्थानमा सुख्खा क्षेत्रकोरुपमा रहेका हुन्छन् । तसर्थ कृषियोग्य क्षेत्रमा कृषिको व्यवसायिकरण गरेर माथि उठ्न सकिन्छ भने वैज्ञानिक वन व्यवस्थापन मार्फत वन क्षेत्र अत्याधिक भएको स्थानीय तहलाई सम्वृद्ध बनाउन सकिन्छ । उपलब्ध श्रोत र साधनका आधारमा गाउँपालिकाको संभावनाहरू उजागर गर्न सकिन्छ । तसर्थ वैज्ञानिक वन व्यवस्थापन मार्फत यहाँको सम्वृद्धि हासिल गर्न सकिन्छ । यस गाउँपालिकामा वन तथा झाडी बुट्यानको क्षेत्रफल मात्र १५.२७ प्रतिशत रहेको छ ।

वैज्ञानिक वन व्यवस्थापन भन्नाले वनजंगलाई बालीनाली सरह हेरचाह र सुधार संभार गर्ने भन्ने बुझिन्छ । गाउँपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत परम्परागत तथा आधुनिक कृषि, जडिबुटी, पर्यटन, पशुपालन तथा साना तथा मझौला उद्योगहरूको विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्। साथै गाउँपालिकाको विभिन्न स्थानमा पार्क, उद्यान तथा गुम्बा एवं स्तुपाको निर्माण गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पर्याप्त अवसर रहेको छ ।

समग्रमा यसगाउँपालिका क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरण, आधुनीकिकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

गाउँपालिकामा रहेको उर्वर भूमिमा आधुनिक कृषि प्रणालीको अभावले गर्दा खेतीयोग्य भूमिको पूर्ण सदुपयोग हुन सकेको छैन भने अर्को तर्फ माटोको उर्वराशक्ति क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई दिगो विकासको धारणा अनुरुप काम गर्न सकेमा भावी पुस्ताको लागि यस गाउँपालिकालाई बस्न लायक ठाउँको रुपमा विकसित गर्न सकिन्छ ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कृषि उत्पादनको संकलन केन्द्र/ कोल्ड स्टोर, मासुजन्य उद्योग आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारी श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिका क्षेत्रमा केही खोलाहरू भएको र थप केही सम्भाब्य ठाउँहरूमा पोखरी तथा कृत्रिम ताल निर्माण गरी यस क्षेत्रको हावापानीमा हुने जातका माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र गाउँपालिकाकै माछाले बजार लिने सम्भावना रहेको छ।

गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सो क्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरू रहेको यो गाउँपालिकामा गहनाको रुपमा रहेका भल्कोट, नर्सिङकोट, वराह मन्दिर, दुर्गादेवी मन्दिर, तिलार शिव मन्दिर, खाडाँमस्ट मन्दिर लगायत विभिन्न मठ मन्दिर तथा यहाँको लोक सँस्कृति आदि छन् । यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

देशमा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका युवाहरूलाई सिपमूलक तालिम प्रदान गरी स्थानीय स्तरमै रोजगारी श्रृजना गर्ने व्यवस्था भएमा गाउँपालिकाको आर्थिक विकासमा ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त निसीखोला गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- ➢ गाउँपालिका क्षेत्रभित्र रहेका पानीका श्रोत तथा खोलाहरूबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यवसायिक रुपमा खेति गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- ➢ गाउँपालिकामा रहेका पानीको मुहानबाट मेगा खानेपानी आयोजना मार्फत 'एक घर एक धारा' नीति अनुरुप खानेपानी ल्याउन सके हाल गाउँपालिकामा देखिएको खानेपानीको समस्यामा न्यूनीकरण हुनुका साथै सिंचाईको पनि सुविधा हुन्छ ।
- ➢ स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुविधा लिनुका साथै जीवनस्तरको स्तरोन्नती र समग्र गाउँपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।
- ➢ तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि छिमेकी जिल्ला तथा काठमाडौं पठाउन समस्या नभएकोले व्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- ➢ यस गाउँपालिका क्षेत्रमा थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- ➢ यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरू रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- ➢ सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरू यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ ।
- ➢ गाउँपालिका क्षेत्रमा उपभोक्ताहरूको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.९ गाउँपालिकाको अन्तर नगर/गाउँपालिका सम्बन्ध

गाउँपालिकाहरूको बीचमा कुनै न कुनै रूपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी नगर तथा गाउँपालिकाहरूका बीच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ति विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक नगर तथा गाउँपालिकाले अर्को नगर तथा गाउँपालिकामा निर्भर रहनु पर्ने हुन्छ। ती अन्तरनिर्भरताका मुख्य क्षेत्रहरू, यातायात, बसाइँसराइ, कृषि तथा पशु बजार, वन पैदावार, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवम् व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्।

साथै, यस गाउँपालिकाको छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्ला समन्वय समिति जस्ता सरकारी निकायहरूसँग राम्रो सम्वन्ध रहेको छ । फलतः यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ । त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ ।

# खण्ड- ३: जनसांख्यिक विवरण

## ३.१ जनसंख्याको विवरण

कुन पनि स्थानको जनसंख्या, विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण हुनु आवश्यक हुन्छ । नेपालमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यहाँ गाउँपालिका घरधुरी सर्वेक्षण, २०७६ बाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरूको विश्लेषण गरिएको छ ।


तालिका नं.३ : जनसंख्याको विवरण

| विवरण | वि.सं. २०७५ |
|---|---|
| जम्मा जनसंख्या | १९,८६७ |
| पुरुष | ९१६५ (४६.१३ प्रतिशत) |
| महिला | १०७०० (५३.८६ प्रतिशत) |
| तेस्रो लिङ्गी | २ (०.०१ प्रतिशत) |
| लैंगिक दर | ८५ |
| जम्मा घरधुरी | ४१४७ |
| औषत परिवार आकार | ४.४४ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ७५ |

*स्रोत : गाउँपालिका घरधुरी सर्वेक्षण, २०७६*

माथिको तालिकामा निसीखोला गाउँपालिकाको जनसंख्याको विवरण प्रस्तुत गरिएको छ। घरधुरी सर्वेक्षण, २०७६ अनुसार  निसीखोला गाउँपालिकाको जनसंख्या १८४०९ रहेको छ जस मध्ये पुरुष ४५.९४ प्रतिशत (८४५८ जना) र महिला ५४.०५ प्रतिशत (९९५० जना) रहेका छन् भने तेस्रो लिङ्गी १ जना रहेका छन् । सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ८५ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) ७५ जना प्रति वर्ग किलोमिटर रहेको छ । कुल ४१४७ घरपरिवार रहेको यस गाउँपालिकामा प्रति परिवार औषत ४.४४ जना सदस्य रहेको देखिन्छ। वि.सं. २०६८ को जनगण्ना अनुसार नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।

## ३.२  वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण




नक्सा नं. ६ : *गाउँपालिकाको वडागत क्षेत्रफल*

**तालिका नं.४ : अक्सर बसोबास गर्ने तथा अनुपस्थित जनसंख्याको विवरण**

| वडा | अक्सर बसोबास गर्ने जनसंख्या | | | | अनुपस्थित | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | अन्य | जम्मा | पुरूष | महिला | अन्य | जम्मा | पुरूष | महिला | अन्य | जम्मा |
| १ | १५१५ | १९६६ | ० | ३४८१ | ७५० | २७० | ० | १०२० | २२६५ | २२३६ | ० | ४५०१ |
| २ | १७५५ | १८६० | ० | ३६१५ | ४१४ | ४२ | ० | ४५६ | २१६९ | १९०२ | ० | ४०७१ |
| ३ | ११४३ | १४३७ | १ | २५८१ | ४९६ | १०८ | ० | ६०४ | १६३९ | १५४५ | १ | ३१८५ |
| ४ | ११७० | १३९७ | ० | २५६७ | ४४६ | ९५ | १ | ५४२ | १६१६ | १४९२ | १ | ३१०९ |
| ५ | ११९२ | १२९३ | १ | २४८६ | २२० | ७२ | ० | २९२ | १४१२ | १३६५ | १ | २७७८ |
| ६ | ११५८ | १२७२ | ० | २४३० | १०१ | २४ | ० | १२५ | १२५९ | १२९६ | ० | २५५५ |
| ७ | १२३२ | १४७५ | ० | २७०७ | ३०३ | ५२ | ० | ३५५ | १५३५ | १५२७ | ० | ३०६२ |
| जम्मा | ९१६५ | १०७०० | २ | १९८६७ | २७३० | ६६३ | १ | ३३९४ | ११८९५ | ११३६३ | ३ | २३२६१ |


*स्रोत : गाउँपालिका घरधुरी सर्वेक्षण, २०७६*

**तालिका नं.५ : वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण**

| वडा | लिङ्ग | | | | परिवार संख्या | क्षेत्रफल (वर्ग कि.मी.) | जनघनत्व प्रति वर्ग कि.मि | औषत परिवार आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेस्रो लिङ्गी | जम्मा | | | | | |
| १ | १५१५ | १९६६ | ० | ३४८१ | ८४५ | २९.५८ | ११८ | ४ | ७७ |
| २ | १७५५ | १८६० | ० | ३६१५ | ७५८ | १२.०५ | ३०० | ५ | ९४ |
| ३ | ११४३ | १४३७ | १ | २५८१ | ६४५ | २८.६४ | ९० | ४ | ८० |
| ४ | ११७० | १३९७ | ० | २५६७ | ६२० | २४.७५ | १०४ | ४ | ८४ |
| ५ | ११९२ | १२९३ | १ | २४८६ | ५४३ | ४७.७१ | ५२ | ५ | ९२ |
| ६ | ११५८ | १२७२ | ० | २४३० | ५०४ | ८०.४ | ३० | ५ | ९१ |
| ७ | १२३२ | १४७५ | ० | २७०७ | ५७७ | २१.१९ | १२८ | ५ | ८४ |
| जम्मा | ९१६५ | १०७०० | २ | १९८६७ | ४४९२ | २४४.३३ | ८१ | ४ | ८६ |

*स्रोत : गाउँपालिका घरधुरी सर्वेक्षण, २०७६*

निसीखोला गाउँपलिकाको वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं २ रहेको छ जसमा जम्मा जनसंख्या ३६१५ (पुरुष १७५५ जना र महिला १८६० जना) रहेका छन् । यस वडाको औषत परिवार आकार ५ र घरधुरी संख्या ७५८ रहेको छ । त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं. ६ रहेको छ जसको जनसंख्या २४३० ( पुरुष ११५८ जना र महिला १२७२ जना) रहेका छन् भने घरधुरी संख्या ५०४ र औसत परिवार संख्या ५ रहेको छ । सबै भन्दा बढी जनघनत्व भएको वडा नं २ रहेको छ जसको जनघनत्व ३०० व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ भने सबैभन्दा कम जनघनत्व भएको वडा नं ६ रहेको छ जसको जनघनत्व ३० व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ । जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने तालिकालाई तल स्तम्भ चित्रमा देखाईएको छ ।




## ३.३ उमेर समूहअनुसार जनसंख्याको विवरण

**तालिका नं.६ :** उमेर समूह अनुसार वडागत जनसंख्याको विवरण

| उमेर समूह | वडा नं. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
| ०-४ वर्ष | ३६२ | ४०६ | २५९ | २८१ | १८९ | २०३ | २४६ | १९४६ | ९.८० |
| ५- ९ वर्ष | ३७३ | ३९३ | २९६ | २७६ | २७४ | ३०९ | ३२१ | २२४२ | ११.२९ |
| १०- १४ वर्ष | ४१३ | ४१८ | ३१५ | ३८१ | ३३६ | ३१२ | ३३० | २५०५ | १२.६१ |
| १५-१९ वर्ष | ४२५ | ४११ | २५१ | २६६ | ३०४ | २८६ | २९२ | २२३५ | ११.२५ |
| २० - २४ वर्ष | ३३८ | ३८१ | २२२ | १९६ | २३४ | २३० | २७१ | १८७२ | ९.४२ |
| २५- २९ वर्ष | २४७ | ३१७ | २०३ | १८५ | १७७ | २१६ | २२८ | १५७३ | ७.९२ |
| ३० - ३४ वर्ष | १५९ | २१४ | १३२ | १५९ | १५४ | १५५ | १५७ | ११३० | ५.६९ |
| ३५- ३९ वर्ष | १४१ | १८४ | १३४ | १३२ | १३८ | १३१ | १३५ | ९९५ | ५.०१ |
| ४०- ४४ वर्ष | १४० | १७६ | १३७ | १०६ | १३७ | ९९ | १२६ | ९२१ | ४.६४ |
| ४५- ४९ वर्ष | १८० | १४४ | ८८ | ११५ | १४९ | ९१ | ११७ | ८८४ | ४.४५ |
| ५०- ५४ वर्ष | १७९ | १३२ | ११४ | ९५ | १०० | १०९ | १११ | ८४० | ४.२३ |
| ५५- ५९ वर्ष | १३२ | १०८ | ११२ | ९० | ९७ | ७८ | ८३ | ७०० | ३.५२ |
| ६०- ६४ वर्ष | ९९ | १०३ | १०० | ७४ | ७७ | ८२ | ८७ | ६२२ | ३.१३ |
| ६५- ६९ वर्ष | १०१ | ७२ | ८६ | ९० | ५६ | ४४ | ६४ | ५१३ | २.५८ |
| ७० - ७४ वर्ष | ९५ | ७६ | ६२ | ५७ | २७ | ४४ | ६६ | ४२७ | २.१५ |
| ७५ वर्ष सो भन्दा बढी | ९७ | ८० | ७० | ६४ | ३७ | ४१ | ७३ | ४६२ | २.३३ |
| जम्मा | ३४८१ | ३६१५ | २५८१ | २५६७ | २४८६ | २४३० | २७०७ | १९८६७ | १००.०० |

*स्रोत : घरधुरी तथ्यांक संकलन, २०७६*

गाउँपालिकामा रहेका कूल १९८६७ जनसंख्यामध्ये १० देखि १४ वर्ष उमेर समूहका बालबालिकाको जनसंख्या सबैभन्दा बढी २५०५ अर्थात १२.६१ प्रतिशत, ५ देखि ९ वर्ष उमेर समूहका २२४२ अर्थात ११.२९ प्रतिशत र तेस्रोमा १५ देखि १९ वर्षसम्मको उमेर समूहका २२३५ अर्थात ११.२५ प्रतिशत रहेका छन् । समग्र तथ्याङ्कलाई विश्लेषण गर्दा उमेर समूह बढ्दै जाँदा जनसंख्या घट्दै गैरहेको छ। १० देखि १४ वर्ष भित्रको जनसंख्या सबैभन्दा बढी देखिन्छ । २४ वर्षमाथिका प्रौढ तथा वृद्धवृद्धाहरूको संख्या क्रमश घट्दै गैरहेको देखिन्छ ।


यूवा उमेरको जनसंख्या बढी हुनु राम्रो भएतापनि उनीहरूको शिक्षा, स्वास्थ्य तथा मानव संसाधन विकासमा राज्यले व्यापक लगानी गर्नुपर्ने हुन्छ । यूवा उमेरसमूह धेरै हुनुलाई जनसंख्याको लाभांश भनिन्छ । अर्कोतर्फ यूवाहरूलाई सहि दिशातर्फ उन्मूख बनाउन र रोजगारीका अवसरहरू श्रृजनागरी राष्ट्र निर्माणमा सरिक बनाउनु समाज र राज्यको दायित्व हुन आउँछ । बालबालिका तथा शिशुहरूको संख्या कम हुनुले क्रमश प्रजनन दर घट्दै गएको संकेत गर्दछ भने वृद्धवृद्धाहरूको तथा प्रौढहरूको संख्या कम हुनुले औषत आयू अन्य देशहरूको तुलनामा कम हुनु र प्रौढ अवस्थामा लाग्ने रोगका कारण पाका उमेरको जनसंख्याको मृत्यूदर बढी हुनु भन्ने जनाउँछ । यद्यपि बढ्दो उमेरको संख्या कम हुनु स्वभाविक हो । उमेरअनुसारको जनसंख्याको विश्लेषण गर्दा प्रत्येक उमेर समूहका आवश्यकताहरू सम्बोधन गरी उनीहरूको उचित व्यवस्थापन गर्नु नै चुनौतीपूर्ण हुन्छ । बालबालिकाको पोषण र स्याहार तथा शिक्षा, यूवालाई उचित रोजगारी र वृद्धहरूलाई आवश्यक सामाजिक सूरक्षा तथा स्वास्थ्य सेवा र स्याहार राज्यले निर्वाह गर्नुपर्ने दायित्वहरू भित्र आउँछन् । गाउँपालिकाले यसतर्फ ध्यान पुर्‍याउन आवश्यक छ ।

### तालिका नं.७ : लिङ्ग अनुसार वडागत जनसंख्याको विवरण

| वडा | लिङ्ग | ०-४ वर्ष | ५- ९ वर्ष | १०- १४ वर्ष | १५-१९ वर्ष | २० - २४ वर्ष | २५- २९ वर्ष | ३० - ३४ वर्ष | ३५- ३९ वर्ष | ४०- ४४ वर्ष | ४५- ४९ वर्ष | ५०- ५४ वर्ष | ५५- ५९ वर्ष | ६०- ६४ वर्ष | ६५- ६९ वर्ष | ७० - ७४ वर्ष | ७५ वर्ष सो भन्दा वढी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरूष | १८४ | १९३ | १७९ | १८० | ११८ | १०० | ७३ | ५२ | ५६ | ७२ | ८४ | ५६ | ४८ | ३९ | ४० | ४१ | १५१५ |
| | महिला | १७८ | १८० | २३४ | २४५ | २२० | १४७ | ८६ | ८९ | ८४ | १०८ | ९५ | ७६ | ५१ | ६२ | ५५ | ५६ | १९६६ |
| | जम्मा | ३६२ | ३७३ | ४१३ | ४२५ | ३३८ | २४७ | १५९ | १४१ | १४० | १८० | १७९ | १३२ | ९९ | १०१ | ९५ | ९७ | ३४८१ |
| २ | पुरूष | २१८ | २०८ | २०८ | १९६ | १६८ | १४६ | १०३ | ९० | ७७ | ७० | ६३ | ४८ | ४४ | ३४ | ३७ | ४५ | १७५५ |
| | महिला | १८८ | १८५ | २१० | २१५ | २१३ | १७१ | १११ | ९४ | ९९ | ७४ | ६९ | ६० | ५९ | ३८ | ३९ | ३५ | १८६० |
| | जम्मा | ४०६ | ३९३ | ४१८ | ४११ | ३८१ | ३१७ | २१४ | १८४ | १७६ | १४४ | १३२ | १०८ | १०३ | ७२ | ७६ | ८० | ३६१५ |
| ३ | पुरूष | १३४ | १५५ | १६५ | १०१ | ८२ | ७४ | ५० | ४३ | ५५ | ३५ | ५२ | ५१ | ५२ | ३६ | १९ | ३९ | ११४३ |
| | महिला | १२४ | १४१ | १५० | १५० | १४० | १२९ | ८२ | ९१ | ८२ | ५३ | ६२ | ६१ | ४८ | ५० | ४३ | ३१ | १४३७ |
| | तेस्रो लिङ्गी | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| | जम्मा | २५९ | २९६ | ३१५ | २५१ | २२२ | २०३ | १३२ | १३४ | १३७ | ८८ | ११४ | ११२ | १०० | ८६ | ६२ | ७० | २५८१ |
| ४ | पुरूष | १३४ | १३९ | १९९ | १२७ | ५९ | ७७ | ७६ | ५२ | ३९ | ४४ | ४० | ४७ | २९ | ५१ | २६ | ३१ | ११७० |
| | महिला | १४७ | १३७ | १८२ | १३९ | १३७ | १०८ | ८३ | ८० | ६७ | ७१ | ५५ | ४३ | ४५ | ३९ | ३१ | ३३ | १३९७ |
| | जम्मा | २८१ | २७६ | ३८१ | २६६ | १९६ | १८५ | १५९ | १३२ | १०६ | ११५ | ९५ | ९० | ७४ | ९० | ५७ | ६४ | २५६७ |
| ५ | पुरूष | १०१ | १२४ | १५० | १४९ | ११६ | ९१ | ६३ | ७२ | ६३ | ६८ | ५५ | ३८ | ४६ | २९ | १४ | १३ | ११९२ |
| | महिला | ८८ | १५० | १८६ | १५५ | ११७ | ८६ | ९१ | ६६ | ७४ | ८१ | ४५ | ५९ | ३१ | २७ | १३ | २४ | १२९३ |
| | तेस्रो लिङ्गी | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| | जम्मा | १८९ | २७४ | ३३६ | ३०४ | २३४ | १७७ | १५४ | १३८ | १३७ | १४९ | १०० | ९७ | ७७ | ५६ | २७ | ३७ | २४८६ |
| ६ | पुरूष | १०६ | १४६ | १६१ | १२३ | १०० | १०७ | ८४ | ६९ | ४७ | ३७ | ५२ | ३९ | ३२ | १४ | २१ | २० | ११५८ |
| | महिला | ९७ | १६३ | १५१ | १६३ | १३० | १०९ | ७१ | ६२ | ५२ | ५४ | ५७ | ३९ | ५० | ३० | २३ | २१ | १२७२ |
| | जम्मा | २०३ | ३०९ | ३१२ | २८६ | २३० | २१६ | १५५ | १३१ | ९९ | ९१ | १०९ | ७८ | ८२ | ४४ | ४४ | ४१ | २४३० |
| ७ | पुरूष | ११८ | १४७ | १७० | १३३ | १०७ | ८७ | ६९ | ६२ | ५६ | ५३ | ४८ | ३८ | ३६ | ३१ | ३६ | ४१ | १२३२ |
| | महिला | १२८ | १७४ | १६० | १५९ | १६४ | १४१ | ८८ | ७३ | ७० | ६४ | ६३ | ४५ | ५१ | ३३ | ३० | ३२ | १४७५ |
| | जम्मा | २४६ | ३२१ | ३३० | २९२ | २७१ | २२८ | १५७ | १३५ | १२६ | ११७ | १११ | ८३ | ८७ | ६४ | ६६ | ७३ | २७०७ |
| जम्मा | पुरूष | ९९५ | १११२ | १२३२ | १००९ | ७५० | ६८२ | ५१८ | ४४० | ३९३ | ३७९ | ३९४ | ३१७ | २८७ | २३४ | १९३ | २३० | ९१६५ |
| | महिला | ९५० | ११३० | १२७३ | १२२६ | ११२१ | ८९१ | ६१२ | ५५५ | ५२८ | ५०५ | ४४६ | ३८३ | ३३५ | २७९ | २३४ | २३२ | १०७०० |
| | तेस्रो लिङ्गी | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| | जम्मा | १९४६ | २२४२ | २५०५ | २२३५ | १८७२ | १५७३ | ११३० | ९९५ | ९२१ | ८८४ | ८४० | ७०० | ६२२ | ५१३ | ४२७ | ४६२ | १९८६७ |

*स्रोत : घरधुरी तथ्यांक संकलन, २०७६*

गाउँपालिकामा रहेको कूल १९८६७ जनसंख्यामध्ये ९१६५ पुरुष र १०७०० जना महिला र २ जना तेस्रो लिङ्गी रहेको पाइयो । ४ वर्षसम्मका उमेर समूहमा बालकको बाहुल्यता रहेको छ भने यस बाहेकका उमेर समूहमा महिलाको संख्या बढी रहेको छ । यसरी समग्र लैङ्गिक अनुपात हेर्दा प्रति १०० जना महिलामा ८६ जना पुरुष रहेका छन् । सबै वडामा महिलाको बाहुल्यता रहेको छ । लैङ्गिक भेदभाव उन्मूलनका विविध प्रयासहरू भै रहेतापनि ठोस उपलब्धी भने हासिल हुन सकेको देखिँदैन । यद्यपि यसमा सुधार भने भैरहेको छ । उमेरसमूह अनुसार हेर्दा १५ देखि ३९ वर्ष उमेर समूह भित्रका किशोरी र महिलाहरूको जनसंख्यामा र उमेर पुगेका महिलाहरूका शारीरिक, मानसिक, सामाजिक तथा आर्थिक मुद्दाहरूलाई सम्बोधन गर्ने खालको योजनाहरू निर्माण गर्नु जरुरी छ । प्रजनन स्वास्थ्य, यौन स्वास्थ्य, रजस्वलासम्बन्धी समस्याहरू, महिला मैत्री शौचालय, परामर्श केन्द्रहरू, महिला हिंसा, चेलीवेटी बेचविखन, घरेलु लैङ्गिक हिंसा, पाठेघर खस्ने समस्या, दाइजो प्रथा, महिला शसक्तिकरण तथा अधिकार जस्ता विषयहरू आम महिलाका प्रमुख तथा संवेदनशिल विषय भएकोले गाउँपालिकाले यी विषयहरूको प्रभावकारी योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने संकेत समग्र तथ्याङ्कले गर्दछ । साथै पुरुषहरूको समेत शिक्षा, स्वास्थ्य र रोजगारीमा विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । वडागत विवरण माथिको तालिकामा प्रस्तुत गरिएको छ ।



## ३.४ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण


वैवाहिक स्थिति भन्नाले विवाह गरेका, विवाह गरेर पनि सम्वन्ध विच्छेद भएका साथै श्रीमान वा श्रीमती गुमाएर एकल भई बसेको अवस्थालाई जनाउँछ। लैङ्गिक आधारमा समाजको वैवाहिक स्थिति असमान देखिन्छ। नेपाली समाजमा महिलाले श्रीमान्को मृत्यु भए पनि विवाह गर्नु हुँदैन भन्ने मान्यता र विधुवालाई हेरिने दृष्टिकोण रुढिवादी र परम्परागत रहेको छ। जसले गर्दा समाजमा बहुविवाह तथा विदुर र विधुवाको संख्यात्मक स्थिति असमान देखिन्छ। अझ प्राचीन समयमा सती प्रथा प्रचलनमा रहेको थियो । तर १९७७ मा चन्द्रशमशेरले कानूनीरुपमा कु-प्रथाको रुपमा रहेको सती प्रथाको अन्त्य गरी महिला माथिको अन्यायको जड उठाएका थिए। सामान्यतया पितृसत्तात्मक समाज रहेको हाम्रो देशमा विधुवा महिलाको संख्या पुरुषको संख्या भन्दा दुई गुणा बढी देखिन्छ। सामाजिकरुपमा महिला र पुरुषको वैवाहिक स्थितिमा असमानता देखिन्छ । यस निसीखोला गाउँपालिकाको वैवाहिक स्थितिको तल विश्लेषण गरिएको छ।

**तालिका नं.८ :** १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

| वडा | लिङ्ग | विवाह नभएको | एक विवाह | वहु विवाह | पुनर्विवाह | विदुर/विधुवा | सम्बन्ध बिच्छेद/पारपाचुके | छुट्टिएको | थाहा नभएको | जम्म |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरूष | ४४७ | ६१९ | ४४ | ८ | १७ | २ | १ | ० | ११३८ |
| | महिला | ५३९ | ९८१ | ३५ | ५ | ३८ | २ | ८ | ० | १६०८ |
| | जम्मा | ९८६ | १६०० | ७९ | १३ | ५५ | ४ | ९ | ० | २७४६ |
| २ | पुरूष | ५११ | ७४९ | ३१ | २० | १७ | ० | १ | ० | १३२९ |
| | महिला | ४४३ | ९६५ | ५ | २२ | ४६ | २ | ४ | ० | १४८७ |
| | जम्मा | ९५४ | १७१४ | ३६ | ४२ | ६३ | २ | ५ | ० | २८१६ |
| ३ | पुरूष | ३३१ | ४५५ | ५१ | ८ | ७ | ० | २ | ० | ८५४ |
| | महिला | ३१९ | ७७१ | ३ | १७ | ५४ | ५ | ३ | ० | ११७२ |
| | जम्मा | ६५० | १२२६ | ५४ | २५ | ६१ | ५ | ५ | ० | २०२६ |
| ४ | पुरूष | ३७३ | ४५८ | ४१ | १३ | १२ | ० | ० | ० | ८९७ |
| | महिला | ३३२ | ६७६ | ८ | १३ | ७८ | ४ | २ | ० | १११३ |
| | जम्मा | ७०५ | ११३४ | ४९ | २६ | ९० | ४ | २ | ० | २०१० |
| ५ | पुरूष | ४२० | ५१९ | १५ | ३ | १० | ० | ० | ० | ९६७ |
| | महिला | ३९९ | ६०८ | ५ | १ | ४१ | १ | ० | ० | १०५५ |
| | तेस्रो लिङ्गी | ० | ० | ० | ० | १ | ० | ० | ० | १ |
| | जम्मा | ८१९ | ११२७ | २० | ४ | ५२ | १ | ० | ० | २०२३ |
| ६ | पुरूष | ३९३ | ४६७ | २५ | ७ | १३ | १ | ० | ० | ९०६ |
| | महिला | ४३० | ५२५ | ८ | ४ | ३९ | ३ | २ | १ | १०१२ |
| | जम्मा | ८२३ | ९९२ | ३३ | ११ | ५२ | ४ | २ | १ | १९१८ |
| ७ | पुरूष | ३६५ | ५६७ | २८ | १ | ५ | १ | ० | ० | ९६७ |
| | महिला | ३५९ | ७७८ | ३ | १३ | १९ | ० | ० | १ | ११७३ |
| | जम्मा | ७२४ | १३४५ | ३१ | १४ | २४ | १ | ० | १ | २१४० |
| जम्मा | पुरूष | २८४० | ३८३४ | २३५ | ६० | ८१ | ४ | ४ | ० | ७०५८ |
| | महिला | २८२१ | ५३०४ | ६७ | ७५ | ३१५ | १७ | १९ | २ | ८६२० |
| | तेस्रो लिङ्गी | ० | ० | ० | ० | १ | ० | ० | ० | १ |
| | जम्मा | ५६६१ | ९१३८ | ३०२ | १३५ | ३९७ | २१ | २३ | २ | १५६७९ |

*स्रोत : गाउँपालिका घरधुरी सर्वेक्षण, २०७६*

लैङ्गिक आधारमा १० वर्षमाथिको जनसंख्याको वैवाहिक स्थितिलाई हेर्दा १० वर्ष वा सोभन्दा माथिका कूल १५,६७९ जनामध्ये २८४० पुरुष र २८२१ महिला अविवाहित अर्थात कहिल्यै विवाह नभएको देखिन्छ भने ४२१८ पुरुष र ५७९९ महिलाहरूको विवाह भएको देखिन्छ । त्यसैगरी विवाहितमध्ये बहुविवाह गर्ने पुरुषको संख्या २३५ र महिलाको संख्या ६७ रहेको छ । त्यसैगरी पुर्नविवाह गर्ने पुरुषहरू ६० र महिला ७५ रहेको, ८१ जना पुरुषहरू विधुर छन् भने ३१५ विद्यवा छन्, सम्बन्ध विच्छेद/पारपाचुके गर्नेमा ४ जना पुरुष र १७ जना महिला, छुट्टिएर बस्नेमा ४ जना पुरुष र १९ जना महिला रहेको र २ जना महिला थाहा नभएको तथ्याङ्कले देखाउछ । यहाँ तुलनात्मक रुपमा महिला र पुरुषको वैवाहिक अवस्थालाई हेर्दा असमान अवस्था देखिन्छ। पुरुषको तुलनामा बढी महिलाको विवाह भएको साथै विधुर पुरुषभन्दा विधवा महिलाको संख्यासमेत बढी देखिन्छ। पुरुषभन्दा महिलाको विवाह छिटो गर्ने परिपाटी र विधवा महिलालाई विवाह गरी स्वीकार्ने सामाजिक सोचाइमा कमी रहेका कारण पुरुष र महिला बीचमा ठूलो असमानता देखिएको हो । यस प्रकारका असमानताको अन्त्य गर्न सामाजिक जागरणका कार्यक्रमहरूलाई प्रभावकारी ढंगले संचालन गर्नुपर्दछ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



## ३.५ उमेर समूहका आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण

तालिका नं.९ : उमेर समूहका आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण

| हालको उमेर समूह | वैवाहिक स्थिति | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवाह नभएको | | एक विवाह | | वहु विवाह | | पुनर्विवाह | | विदुर/विधुवा | | सम्बन्ध बिच्छेद/पारपाचुके | | छुट्टिएको | | थाहा नभएको | | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १०- १४ वर्ष | २५०० | ९९.८% | ५ | .२% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | २५०५ |
| १५-१९ वर्ष | १९३६ | ८६.६% | २९८ | १३.३% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | १ | .0% | ० | ०.०% | ० | ०.०% | २२३५ |
| २० - २४ वर्ष | ७०० | ३७.४% | ११६० | ६२.०% | ४ | .२% | ४ | .२% | १ | .१% | २ | .१% | १ | .१% | ० | ०.०% | १८७२ |
| २५- २९ वर्ष | २४८ | १५.८% | १२९३ | ८२.२% | १४ | .९% | ९ | .६% | २ | .१% | ५ | .३% | १ | .१% | १ | .१% | १५७३ |
| ३० - ३४ वर्ष | ६९ | ६.१% | १०१६ | ८९.९% | २३ | २.०% | ९ | .८% | ६ | .५% | ५ | .४% | २ | .२% | ० | ०.०% | ११३० |
| ३५- ३९ वर्ष | ४४ | ४.४% | ८९९ | ९०.४% | २६ | २.६% | १६ | १.६% | ७ | .७% | १ | .१% | २ | .२% | ० | ०.०% | ९९५ |
| ४०- ४४ वर्ष | २८ | ३.०% | ८४३ | ९१.५% | २९ | ३.१% | ९ | १.०% | ९ | १.०% | २ | .२% | १ | .१% | ० | ०.०% | ९२१ |
| ४५- ४९ वर्ष | ३५ | ४.०% | ७८१ | ८८.३% | २८ | ३.२% | ११ | १.२% | २२ | २.५% | २ | .२% | ५ | .६% | ० | ०.०% | ८८४ |
| ५०- ५४ वर्ष | २८ | ३.३% | ७२६ | ८६.४% | ३७ | ४.४% | १७ | २.०% | २९ | ३.५% | १ | .१% | २ | .२% | ० | ०.०% | ८४० |
| ५५- ५९ वर्ष | १६ | २.३% | ५८३ | ८३.३% | ३६ | ५.१% | १९ | २.७% | ४१ | ५.९% | २ | .३% | ३ | .४% | ० | ०.०% | ७०० |
| ६०- ६४ वर्ष | १३ | २.१% | ५०३ | ८०.९% | ३४ | ५.५% | १६ | २.६% | ५४ | ८.७% | ० | ०.०% | २ | .३% | ० | ०.०% | ६२२ |

| हालको उमेर समूह | वैवाहिक स्थिति | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवाह नभएको | | एक विवाह | | वहु विवाह | | पुनर्विवाह | | विदुर/विधुवा | | सम्बन्ध बिच्छेद/पारपाचुके | | छुट्टिएको | | थाहा नभएको | | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| ६५- ६९ वर्ष | १२ | २.३% | ४०६ | ७९.१% | २५ | ४.९% | ११ | २.१% | ५७ | ११.१% | ० | ०.०% | २ | .४% | ० | ०.०% | ५१३ |
| ७० - ७४ वर्ष | १५ | ३.५% | ३१० | ७२.६% | २० | ४.७% | ८ | १.९% | ७३ | १७.१% | ० | ०.०% | १ | .२% | ० | ०.०% | ४२७ |
| ७५ वर्ष सो भन्दा बढी | १७ | ३.७% | ३१५ | ६८.२% | २६ | ५.६% | ६ | १.३% | ९६ | २०.८% | ० | ०.०% | १ | .२% | १ | .२% | ४६२ |
| जम्मा | ५६६१ | ३६.१% | ९१३८ | ५८.३% | ३०२ | १.९% | १३५ | .९% | ३९७ | २.५% | २१ | .१% | २३ | .१% | २ | .०% | १५६७९ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा १० वर्षभन्दा माथिको उमेर समूहमा रहेका १५,६७९ जनसंख्यामध्ये कहिल्यै विवाह नगरेको जनसंख्या ५६६१ अर्थात ३६.१ प्रतिशत, विवाहित १००१८ अर्थात ६३.९ प्रतिशत, बहुविवाह गर्नेको १.९ प्रतिशत, पुर्नविवाह गर्ने ०.९ प्रतिशत, विधवा वा विधुरको संख्या २.५ प्रतिशत, सम्बन्ध विच्छेद भएका ०.१ प्रतिशत, छुट्टिएको ०.१ प्रतिशत र केही थाहा नभएको भएकोले गाउँपालिकामा समग्र वैवाहिक अवस्था सामान्य रहेको देखिन्छ। हाल विधवा विवाहलाई प्रोत्साहन गर्न राज्यले नितिहरू लिएको र जनचेतनामा आएको सकारात्मक परिवर्तनले विधवा बस्ने क्रम घटिरहेको भएतापनि व्यापक रुपमा सुधार गर्न समय लाग्ने देखिन्छ।


## ३.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण

**तालिका नं.१० : जातजातिअनुसार जनसंख्याको विवरण**

| जातजाति | वडा नं. | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| कामी | १२५२ | १०६५ | ७०० | ४०३ | १०१४ | ६५० | ७१८ | ५८०२ | २९.२% |
| मगर | ११३३ | ११० | ३९८ | ४९१ | १०६४ | १७३९ | ५५० | ५४८५ | २७.६% |
| क्षेत्री | ३६१ | २०२६ | १५९ | ४५३ | ३४ | २ | ५३० | ३५६५ | १७.९% |
| ब्राह्मण पहाडी | १७ | ९१ | ९६ | ९५२ | २७४ | १ | ० | १४३१ | ७.२% |
| ठकुरी | १४४ | १२ | ९६६ | ९४ | ० | ० | २५ | १२४१ | ६.२% |
| दमाई/ढोली | २५९ | १२४ | ५२ | ११० | २७ | ३१ | ११५ | ७१८ | ३.६% |
| गुरुङ | २६३ | १ | ९ | ० | ० | ० | ११८ | ३९१ | २.०% |
| तामाङ | ० | ० | ४ | ३ | ० | ० | ३२० | ३२७ | १.६% |
| नेवार | ० | ० | ० | ० | ० | ० | २६८ | २६८ | १.३% |
| छन्त्याल/छन्तेल | ० | १८० | ० | ० | ५७ | ० | ० | २३७ | १.२% |
| सुनुवार | २५ | ३ | १६१ | ० | ० | ० | ० | १८९ | १.०% |
| सोनार | ० | ० | २२ | ५५ | १३ | ४ | ० | ९४ | .५% |
| सार्की | ० | १ | ८ | ० | ० | ० | ४८ | ५७ | .३% |
| थकाली | २० | २ | ० | ० | ० | ० | ० | २२ | .१% |
| अन्य दलित | ० | ० | ० | १ | ० | ० | ८ | ९ | .०% |
| उल्लेख नगरिएको | ० | ० | ० | ० | ० | ० | ७ | ७ | .०% |
| मुसलमान | १ | ० | १ | ४ | १ | ० | ० | ७ | .०% |
| थारु | २ | ० | १ | १ | ० | २ | ० | ६ | .०% |
| घर्ती/भुजेल | ० | ० | ४ | ० | १ | ० | ० | ५ | .०% |
| लिम्बु | २ | ० | ० | ० | ० | १ | ० | ३ | .०% |
| अन्य | ० | ० | ० | ० | १ | ० | ० | १ | .०% |
| तीन गाउँले थकाली | १ | ० | ० | ० | ० | ० | ० | १ | .०% |
| राई | १ | ० | ० | ० | ० | ० | ० | १ | .०% |
| जम्मा | ३४८१ | ३६१५ | २५८१ | २५६७ | २४८६ | २४३० | २७०७ | १९८६७ | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै ५८०२ अर्थात २९.२ प्रतिशत कामी, दोस्रोमा ५४८५ अर्थात २७.६ प्रतिशत मगर, तेस्रोमा क्षेत्री ३५६५ अर्थात १७.९ प्रतिशत, चौथो र पाँचौमा क्रमश ब्राह्मण पहाडी ७.२ प्रतिशत र ठकुरी ६.२ प्रतिशत रहेका छन् । त्यसैगरी दमाई, गुरुङ्ग, तामाङ्ग, नेवार, सुनुवार र अन्य जातजातिहरूको पनि बसोबास रहेको छ । यसरी जातिय हिसाबले विविधतायुक्त समाजमा स्थानीयहरू सामाजिक सहिष्णुताका साथ वसेको पाइन्छ । सोनार, सार्की, थकाली जस्ता जाती र जनजातिहरूको थातथलोको रुपमा समेत रहेको यो गाउँपालिकामा छन्त्याल/छन्तेल, मुसलमान जस्ता जनजातिहरूको लगायत अन्य जातजातिको मौलिक संस्कृति, परम्परा, भाषा र रहनसहनलाई संरक्षण गरी उनीहरूको पहिचान कायम राख्ने कार्यक्रमहरूको निर्माण गर्न आवश्यक छ । विस्तृत विवरण वडागत रुपमा तालिकामा प्रस्तुत गरिएको छ ।





## ३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण

नेपाल एक बहु-भाषिक र बहु-साँस्कृतिक विविधतायुक्त राष्ट्र हो । यस गाउँपालिकामा पनि भाषिक विविधता रहेको देखिन्छ । मातृभाषा अनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस गाउँपालिकामा नेपाली भाषा बोल्नेहरूको संख्या सबैभन्दा बढी अर्थात १७,७७० (८९.४४ प्रतिशत) रहेको देखिन्छ । त्यसैगरी खाम भाषा बोल्नेहरूको संख्या १६७२ (८.४२ प्रतिशत) छ भने तामाङ्ग भाषा बोल्नेको संख्या ३०२ (१.५२ प्रतिशत) रहेको छ । गाउँपालिकामा नेपाली, खाम र तामाङ्ग बाहेक मगर, गुरुङ्ग, मैथिली, अछामी, नेवारी, कागते लगायतका भाषा बोल्नेहरूको संख्या तुलनात्मक रुपमा न्यून रहेको देखिन्छ। सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ । संविधानको धारा ३२ मा भाषा तथा संस्कृतिको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको र धारा ३१ को शिक्षासम्बन्धी हकको उपधारा ५ बमोजिम "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ ।" भनी स्पष्ट किटान गरेको छ । तसर्थ मगर वा अन्य अर्थात आफ्नो मातृभाषामा पढ्न चाहने विद्यार्थीहरूलाई गाउँपालिकाले विशेष व्यवस्था गर्न सक्ने प्रावधान रहेको छ । वडाअनुसार विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.११ : मातृभाषा अनुसार जनसंख्याको विवरण

| मातृभाषा | वडा नं. | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| नेपाली | ३४४० | ३५८७ | २५७९ | २५५९ | २३८४ | ८२१ | २४०० | १७७७० | ८९.४४ |
| खाम | ० | ० | ० | ० | ७७ | १५९५ | ० | १६७२ | ८.४२ |
| तामाङ | ० | ० | ० | ० | ० | ० | ३०२ | ३०२ | १.५२ |
| मगर | २० | २६ | २ | ३ | २४ | ११ | ४ | ९० | ०.४५ |
| गुरूङ | २१ | ० | ० | ० | ० | ० | ० | २१ | ०.११ |
| मैथिली | ० | १ | ० | ५ | १ | ० | ० | ७ | ०.०४ |
| अछामी | ० | ० | ० | ० | ० | २ | ० | २ | ०.०१ |
| नेवारी | ० | १ | ० | ० | ० | ० | १ | २ | ०.०१ |
| कागते | ० | ० | ० | ० | ० | १ | ० | १ | ०.०१ |
| जम्मा | ३४८१ | ३६१५ | २५८१ | २५६७ | २४८६ | २४३० | २७०७ | १९८६७ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*




## (क) आदिवासी

आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ ।

यस गाउँपालिकाको कुल जनसंख्या १९८६७ मध्ये ३२.७७ प्रतिशत (६५११ जना) जनसंख्या आदिवासी ( मगर, गुरुङ्ग, नेवार, तामाङ ) आदि रहेका छन् । जसमा सबैभन्दा बढी मगर जातिको संख्या ५४८५ (२७.६ प्रतिशत) रहेको पाइन्छ। मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्यून रहेको छ। यी समुदायद्वारा निसीखोला गाउँपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुर्‍याएको देखिएतापनि यो समुदाय सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले पछाडि परेको देखिन्छ। निसीखोला गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन क्षमता विकास, शसक्तिकरण जस्ता विशेष कार्यहरूको पहल गर्नु पर्ने देखिन्छ।

## (ख) उत्पीडित तथा सिमान्तकृत समुदाय

नेपालको संविधानको भाग ३४ अन्तर्गत धारा ३०६ को (ड) मा सीमान्तकृत समुदाय भन्नाले राजनैतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ भनी उल्लेख गरेको छ ।

जात जातिको हिसावले निसीखोला गाउँपालिकामा तेस्रो ठुलो समुदायको रुपमा रहेका उत्पीडितहरूले ठूलो हिस्सा ओगटेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका आधारभूत र मा.वि.मा अध्ययन गर्ने छात्र छात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानूनी व्यवस्था अन्तर्गत जातीय छुवाछुतलाई कानूनी अपराधको रुपमा परिभाषित गरिएको झण्डै ५ दशक भन्दा बढी समय बितिसक्दा पनि उत्पीडित र उपेक्षित समुदायले सार्वजनिक स्थल (मन्दिर) हरूमा प्रवेशका लागि स्थानीय निकायहरूसँग मिलेर चरणबद्ध अभियान संचालन गर्नुपर्ने अवस्था कायमै रहेको छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। निसीखोला गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

## ३.८ धर्म अनुसार जनसंख्याको विवरण

नेपालमा धार्मिक स्वतन्त्रता र विविधता रहेको छ अझै विधिवतरुपमा नेपालको अन्तरिम संविधान २०६३, ले मिति २०६३ जेठ ४ पुर्नस्थापित संसदको ऐतिहासिक घोषणाले नेपाललाई एक धर्मनिरपेक्ष राष्ट्रको रुपमा घोषणा गरेको छ । त्यस्तै नेपालको संविधान २०७२ को प्रस्तावनामा नेपाललाई एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्ने उल्लेख गरिएको छ । फलस्वरुप नेपालमा धार्मिक स्वतन्त्रता र सौहार्दता रहेको पाईन्छ ।


गाउँपालिकामा विभिन्न समुदायका मानिसहरूको बसोबास रहेको हुनाले उनीहरूका आआफ्नै चाडपर्वहरू छन् । जस्तै हिन्दूधर्मावलम्बीहरूले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने-माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँवर्ष सोह्रश्राद्ध, कूल-थानी पूजाआदि चाडपर्वहरू मनाउने गर्दछन् । बौद्ध धर्मावलम्बीहरूले बुद्धजयन्ती तथा विभिन्न ल्होसार पर्व, तिहार आदि मनाउने गर्दछन । क्रिश्चियनहरूले क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईने डे आदि मनाउने गर्दछन् ।

तालिका नं.१२ : धर्मअनुसार जनसंख्याको विवरण

| वडा | हिन्दू | बौद्ध मार्गी | क्रिश्चियन | ईस्लाम | अन्य | किराँत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २८०३ | ६४८ | २ | २७ | ० | १ | ३४८१ |
| २ | ३६०७ | ४ | ४ | ० | ० | ० | ३६१५ |
| ३ | २५७४ | ७ | ० | ० | ० | ० | २५८१ |
| ४ | २५४७ | ५ | १४ | १ | ० | ० | २५६७ |
| ५ | १७८५ | ७०० | १ | ० | ० | ० | २४८६ |
| ६ | १५२२ | ८९९ | ५ | ४ | ० | ० | २४३० |
| ७ | २२३५ | ४०२ | ६९ | ० | १ | ० | २७०७ |
| जम्मा | १७०७३ | २६६५ | ९५ | ३२ | १ | १ | १९८६७ |
| प्रतिशत | ८५.९% | १३.४% | .५% | .२% | .0% | .0% | १००.०% |

*स्रोत : गाउँपालिका घरधुरी सर्वेक्षण, २०७६*

गाउँपालिकामा रहेका कूल १९८६७ जनसंख्यामध्ये १७०७३ अर्थात ८५.९ प्रतिशत जनसंख्याले हिन्दू धर्म मान्दछन् । दोस्रोमा बौद्ध धर्म मान्नेको संख्या २६६५ अर्थात १३.४ प्रतिशत र तेस्रोमा क्रिस्चियन धर्म मान्नेको संख्या ९५ अर्थात ०.५ प्रतिशत रहेको छ । ईस्लाम, किँरात तथा अन्य धर्म मान्ने धर्मावलम्बीहरू नगण्य संख्यामा रहेका छन् । गाउँपालिकामा केही मात्रामा धार्मिक विविधता रहे पनि हिन्दू र बौद्ध धर्मावलम्बीहरूको प्रधानता रहेको तथ्याङ्कले देखाउँछ । नेपालमा सदियौंदेखि रहि आएको धार्मिक सहिष्णुता भने यस गाउँपालिकामा कायमै रहेको देखिन्छ । बौद्ध धर्मावलम्बीहरूको राम्रो बाहुल्यता भएकाले बौद्ध धर्म संस्कृति जगेर्ना गर्ने तथा गुम्बा र चैत्यको निर्माण गरी मौलिकतामा आधारित सांस्कृतिक तथा धार्मिक केन्द्रको रुपमा गाउँपालिकालाई विकास गर्न सकिन्छ । वडागत रुपमा विभिन्न धर्मावलम्बीहरूको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



## ३.९ अनुपस्थित जनसंख्या

६ महिना भन्दा लामो समयसम्म काम, शिक्षा, व्यवसाय, अन्य रोजगारी वा नोकरी, औषधोपचार जस्ता कारणले घरपरिवारमा अनुपस्थित हुने जनसंख्यालाई अनुपस्थित जनसंख्या भनिन्छ। तसर्थ यस्तो जनसंख्या मुल थलोमा अनुपस्थित रहने भएकोले त्यसलाई अनुपस्थित जनसंख्याको रुपमा तथ्याङ्कमा देखाउने गरिन्छ। अनुपस्थित जनसंख्या सेवा सुविधाको खोजीमा धेरै शहर केन्द्रित भएको पाइन्छ। यसका कारण गाउँपालिकाका कतिपय घरहरू खाली छन्। यस निसीखोला गाउँपालिकामा रहेका ४४९२ घरपरिवारमा २७३० जना पुरुष र ६६३ जना महिला र १ जना तेस्रो लिङ्गी गरी कुल ३३९४ जनसंख्या अनुपस्थित रहेको देखिन्छ। यसको समाधान गर्न गाउँपालिकाले जनतालाई आवश्यक पर्ने आधारभुत सेवा सुविधालाई घरदैलोमा पुऱ्याउन जोड दिनुपर्ने देखिन्छ। अनुपस्थित जनसंख्याको विस्तृत विवरण तलका तालिकामा उल्लेख गरिएको छ।

तालिका नं.१३ : गाउँपालिकामा अनुपस्थित जनसंख्याको विवरण

| वडा | पुरूष | | महिला | | तेस्रो लिङ्गी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ७५० | २२.१% | २७० | ८.०% | ० | ०.०% | १०२० | ३०.१% |
| २ | ४१४ | १२.२% | ४२ | १.२% | ० | ०.०% | ४५६ | १३.४% |
| ३ | ४९६ | १४.६% | १०८ | ३.२% | ० | ०.०% | ६०४ | १७.८% |
| ४ | ४४६ | १३.१% | ९५ | २.८% | १ | .०% | ५४२ | १६.०% |
| ५ | २२० | ६.५% | ७२ | २.१% | ० | ०.०% | २९२ | ८.६% |
| ६ | १०१ | ३.०% | २४ | .७% | ० | ०.०% | १२५ | ३.७% |
| ७ | ३०३ | ८.९% | ५२ | १.५% | ० | ०.०% | ३५५ | १०.५% |
| जम्मा | २७३० | ८०.४% | ६६३ | १९.५% | १ | .०% | ३३९४ | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

तालिका नं.१४ : अनुपस्थित हुँदाको उमेर समूह अनुसार वडागत अनुपस्थितिको विवरण

| वडा | अनुपस्थित व्यक्ति अनुपस्थित हुँदाको उमेर समूह | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | ०-९ वर्ष सम्म | १०-१९ वर्ष | २० - २९ वर्ष | ३०- ३९ वर्ष | ४० - ४९ वर्ष | ५० वर्ष वा सोभन्दा बढी | |
| १ | १९७ | २२५ | ३८२ | १२१ | ६२ | ३३ | १०२० |
| २ | ३९ | ९९ | २२४ | ६२ | २४ | ८ | ४५६ |
| ३ | ७० | १६६ | २२६ | १०२ | ३१ | ९ | ६०४ |
| ४ | ६५ | १६७ | १८६ | ७२ | ३६ | १६ | ५४२ |
| ५ | ६९ | ८१ | ११३ | २४ | ३ | २ | २९२ |
| ६ | १६ | २४ | ४८ | २४ | ९ | ४ | १२५ |
| ७ | ३६ | ७१ | १५९ | ६६ | १८ | ५ | ३५५ |
| जम्मा | ४९२ | ८३३ | १३३८ | ४७१ | १८३ | ७७ | ३३९४ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*


## ३.९.१ उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसंख्याको विवरण

तालिका नं.१५ : उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसंख्याको विवरण

| वडा | लिङ्ग | अनुपस्थित व्यक्ति अनुपस्थित हुँदाको उमेर समूह | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ०-९ वर्ष सम्म | १०-१९ वर्ष | २० - २९ वर्ष | ३०- ३९ वर्ष | ४० - ४९ वर्ष | ५० वर्ष वा सोभन्दा बढी | जम्मा |
| १ | पुरूष | १२५ | १५७ | २८६ | ९८ | ५६ | २८ | ७५० |
| | महिला | ७२ | ६८ | ९६ | २३ | ६ | ५ | २७० |
| २ | पुरूष | ३१ | ८८ | २०६ | ६० | २२ | ७ | ४१४ |
| | महिला | ८ | ११ | १८ | २ | २ | १ | ४२ |
| ३ | पुरूष | ३९ | १४७ | १८२ | ९४ | २६ | ८ | ४९६ |
| | महिला | ३१ | १९ | ४४ | ८ | ५ | १ | १०८ |
| ४ | पुरूष | ३९ | १२७ | १६६ | ६८ | ३४ | १२ | ४४६ |
| | महिला | २६ | ४० | २० | ३ | २ | ४ | ९५ |
| | तेस्रो लिङ्गी | ० | ० | ० | १ | ० | ० | १ |
| ५ | पुरूष | ४३ | ६२ | ९० | २३ | १ | १ | २२० |
| | महिला | २६ | १९ | २३ | १ | २ | १ | ७२ |
| ६ | पुरूष | १० | १८ | ४१ | २१ | ७ | ४ | १०१ |
| | महिला | ६ | ६ | ७ | ३ | २ | ० | २४ |
| ७ | पुरूष | २० | ५९ | १४१ | ६० | १८ | ५ | ३०३ |
| | महिला | १६ | १२ | १८ | ६ | ० | ० | ५२ |
| जम्मा | पुरूष | ३०७ | ६५८ | १११२ | ४२४ | १६४ | ६५ | २७३० |
| | महिला | १८५ | १७५ | २२६ | ४६ | १९ | १२ | ६६३ |
| | तेस्रो लिङ्गी | ० | ० | ० | १ | ० | ० | १ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा लिङ्ग र उमेरसमुह अनुसार अनुपस्थित जनसंख्याको विवरण हेर्दा सबैभन्दा बढी २०-२९ वर्षका पुरुषहरू घरमा अनुपस्थित भएको पाइन्छ भने सबैभन्दा कम अनुपस्थित जनसंख्याको उमेर समूह ५० वर्षभन्दा माथिका महिलाहरू रहेका छन्। २०-२९ वर्षका १११२ जना र दोस्रो उमेर समूहमा १० देखि १९ वर्षको ६५८ जना पुरुष रहेका छन्। यस तथ्याङ्कको विश्लेषणबाट युवा अवस्थाको पुरुष जनसंख्या काम, रोजगारी, अध्ययन वा अन्य कारणले गाउँपालिका बाहिर हुनु भनेको गाउँपालिकाभित्र ती सबै खाले अवसरहरू न्यून हुनु हो। अर्कोतर्फ महिलाको अनुपस्थित जनसंख्या उल्लेख्य रूपमा कम हुनुले लैङ्गिक भेदभाव रहेको स्पष्ट हुन्छ। यसको अर्को अर्थ गाउँपालिकामा महिला, वृद्धहरू र केटाकेटीको जनसंख्याको वाहुल्यता रहेको समेत स्पष्ट हुन्छ। यसरी सक्रिय सक्षम र जुझारु युवा जनशक्तिको ठूलो हिस्सा गाउँपालिकाबाट बाहिर रहँदा गाउँपालिकाको समग्र विकासमा दीर्घकालीन नकारात्मक प्रभाव पर्दछ। गाउँपालिकाले त्यस्ता युवाहरूलाई गाउँपालिकामा फर्कर पेशा, व्यवसाय, रोजगारी लगायतका आय आर्जनको क्रियाकलापहरू गर्न प्रोत्साहित गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ३.९.२ अनुपस्थित हुँदा उतीर्ण गरेको कक्षा अनुसार अनुपस्थित जनसंख्याको वडागत विवरण

**तालिका नं.१६ :** अनुपस्थित हुँदा उतीर्ण गरेको कक्षा अनुसार अनुपस्थित जनसंख्याको वडागत विवरण

| अनुपस्थित हुँदा उत्तीर्ण गरेको कक्षा/तह | वडा नं. | | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | संख्या | प्रतिशत |
| नर्सरी/केजी | ४३ | १५ | ३२ | २४ | ५३ | ६ | १४ | १८७ | ५.५% |
| कक्षा १ | ३९ | ८ | २१ | १४ | ५ | २ | ८ | ९७ | २.९% |
| कक्षा २ | ५४ | १२ | २२ | २१ | ११ | ५ | ८ | १३३ | ३.९% |
| कक्षा ३ | ८५ | २९ | ३३ | ३९ | १२ | ६ | १८ | २२२ | ६.५% |
| कक्षा ४ | ६७ | ३५ | २७ | २५ | १९ | १६ | ९ | १९८ | ५.८% |
| कक्षा ५ | १०१ | ६२ | ६३ | ६१ | २६ | १४ | ४३ | ३७० | १०.९% |
| कक्षा ६ | ६७ | ३४ | ३४ | ३३ | १४ | ५ | १८ | २०५ | ६.०% |
| कक्षा ७ | ५२ | ३० | ३९ | २९ | २२ | ५ | २० | १९७ | ५.८% |
| कक्षा ८ | ६७ | ४४ | ५० | २८ | १२ | ५ | ५८ | २६४ | ७.८% |
| कक्षा ९ | ४१ | २९ | २० | १५ | ७ | ९ | १५ | १३६ | ४.०% |
| कक्षा १० | ९० | ४५ | ५९ | ५९ | २४ | १६ | ४३ | ३३६ | ९.९% |
| एसईई/एसएलसी/सो सरह | १०७ | ३० | ५७ | ८७ | ४५ | ११ | २५ | ३६२ | १०.७% |
| कक्षा १२ वा वा सो सरह | ८६ | ३४ | ५६ | ४९ | २६ | ११ | ३० | २९२ | ८.६% |
| स्नातक वा सो सरह | ९ | ११ | १० | १९ | १ | १ | ६ | ५७ | १.७% |
| स्नातकोत्तर वा सो सरह | २ | २ | २ | १ | ० | ० | १ | ८ | .२% |
| पीएचडी वा सो सरह | ० | २ | १ | ० | ४ | ० | ० | ७ | .२% |
| अन्य | ३९ | ० | ८ | २ | ० | ० | १२ | ६१ | १.८% |
| अनौपचारिक शिक्षा | ५ | १ | १ | ६ | ० | ३ | १४ | ३० | .९% |
| साक्षर | ३८ | १५ | ५३ | १९ | १० | ७ | ३ | १४५ | ४.३% |
| थाहा नभएको | २८ | १८ | १६ | ११ | १ | ३ | १० | ८७ | २.६% |
| जम्मा | १०२० | ४५६ | ६०४ | ५४२ | २९२ | १२५ | ३५५ | ३३९४ | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*

## ३.९.३ लिङ्गअनुसार शैक्षिक स्तरको आधारमा गाउँपालिकामा अनुपस्थित जनसंख्याको विवरण

**तालिका नं.१७ :** लिङ्गअनुसार शैक्षिक स्तरको आधारमा गाउँपालिकामा अनुपस्थित जनसंख्याको विवरण

| अनुपस्थित हुँदा उत्तीर्ण गरेको तह | | वडा नं. | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| पूर्व प्राथमिक | पुरूष | २१ | ११ | २० | १३ | ३३ | ३ | १० | १११ |
| | महिला | २२ | ४ | १२ | ११ | २० | ३ | ४ | ७६ |
| | जम्मा | ४३ | १५ | ३२ | २४ | ५३ | ६ | १४ | १८७ |
| कक्षा १-५ | पुरूष | २७८ | १४० | १४५ | १३१ | ६० | ३७ | ७७ | ८६८ |
| | महिला | ६८ | ६ | २१ | २९ | १३ | ६ | ९ | १५२ |
| | जम्मा | ३४६ | १४६ | १६६ | १६० | ७३ | ४३ | ८६ | १०२० |
| कक्षा ६-८ | पुरूष | १५४ | १०६ | ११४ | ८६ | ३८ | १४ | ८५ | ५९७ |
| | महिला | ३२ | २ | ९ | ४ | १० | १ | ११ | ६९ |
| | जम्मा | १८६ | १०८ | १२३ | ९० | ४८ | १५ | ९६ | ६६६ |
| कक्षा ९-१० | पुरूष | ९७ | ६८ | ६१ | ५९ | २६ | १९ | ५४ | ३८४ |
| | महिला | ३४ | ६ | १८ | १५ | ५ | ६ | ४ | ८८ |
| | जम्मा | १३१ | ७४ | ७९ | ७४ | ३१ | २५ | ५८ | ४७२ |
| SLC/SEE वा सो सरह | पुरूष | ६९ | २६ | ४७ | ७७ | ३६ | १० | २२ | २८७ |
| | महिला | ३८ | ४ | १० | १० | ९ | १ | ३ | ७५ |
| | जम्मा | १०७ | ३० | ५७ | ८७ | ४५ | ११ | २५ | ३६२ |
| कक्षा १२ वा सो सरह | पुरूष | ५१ | २२ | ३६ | ३७ | १६ | ८ | २१ | १९१ |
| | महिला | ३५ | १२ | २० | ११ | १० | ३ | ९ | १०० |
| | जम्मा | ८६ | ३४ | ५६ | ४८ | २६ | ११ | ३० | २९१ |
| स्नातक वा सो सरह | पुरूष | ५ | ८ | ७ | १३ | ० | ० | ४ | ३७ |
| | महिला | ४ | ३ | ३ | ६ | १ | १ | २ | २० |
| | जम्मा | ९ | ११ | १० | १९ | १ | १ | ६ | ५७ |
| स्नातकोत्तर वा सोभन्दा माथि | पुरूष | २ | ३ | ३ | १ | २ | ० | ० | ११ |
| | महिला | ० | १ | ० | ० | २ | ० | १ | ४ |
| | जम्मा | २ | ४ | ३ | १ | ४ | ० | १ | १५ |
| साक्षर | पुरूष | ३२ | १३ | ४७ | १५ | ९ | ६ | २ | १२४ |
| | महिला | ६ | २ | ६ | ४ | १ | १ | १ | २१ |
| | जम्मा | ३८ | १५ | ५३ | १९ | १० | ७ | ३ | १४५ |
| अनौपचारिक शिक्षा | पुरूष | ४ | १ | १ | ६ | ० | २ | १३ | २७ |
| | महिला | १ | ० | ० | ० | ० | १ | १ | ३ |
| | जम्मा | ५ | १ | १ | ६ | ० | ३ | १४ | ३० |
| अन्य | पुरूष | २० | ० | ६ | ० | ० | ० | १० | ३६ |
| | महिला | १९ | ० | २ | २ | ० | ० | २ | २५ |
| | जम्मा | ३९ | ० | ८ | २ | ० | ० | १२ | ६१ |
| थाहा नभएको | पुरूष | १७ | १६ | ९ | ८ | ० | २ | ५ | ५७ |
| | महिला | ११ | २ | ७ | ३ | १ | १ | ५ | ३० |
| | जम्मा | २८ | १८ | १६ | ११ | १ | ३ | १० | ८७ |
| जम्मा | पुरूष | ७५० | ४१४ | ४९६ | ४४६ | २२० | १०१ | ३०३ | २७३० |
| | महिला | २७० | ४२ | १०८ | ९५ | ७२ | २४ | ५२ | ६६३ |
| | जम्मा | १०२० | ४५६ | ६०४ | ५४१ | २९२ | १२५ | ३५५ | ३३९३ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा अनुपस्थित रहेका ३३९३ जना मध्ये शैक्षिक स्तरको आधारमा हेर्दा पूर्व प्राथमिक तह उत्तीर्ण गर्नेहरूको संख्या १८७, कक्षा १ देखि ५ उत्तीर्ण गर्नेको संख्या १०२०, कक्षा ६ देखि ८ उत्तीर्ण गर्ने ६६६, कक्षा ९ देखि १० उत्तीर्ण गर्ने ४७२ जना रहेका छन् । त्यसैगरी एसईई वा एसएलसी उत्तीर्ण गर्ने ३६२, कक्षा १२ वा सो सरह उत्तीर्ण गर्ने २९१, स्नातक वा सो सरह उत्तीर्ण गर्ने ५७ स्नातकोत्तर वा सो भन्दा माथि उत्तीर्ण गर्ने १५, साक्षर १४५ जना, अनौपचारिक शिक्षा लिनेको संख्या ३० र अन्य ६१ जना रहेका छन् भने थाहा नभएको ८७ जना रहेका छन् । अनुपस्थित जनसंख्या काम तथा रोजगारी वा अन्य कारणले अनुपस्थित भएको पाइयो । प्राप्त तथ्याङ्कलाई हेर्दा गाउँपालिकामा माध्यमिक तह अध्ययन गरी अनुपस्थित हुनेको संख्या धेरै रहेको देखिन्छ । माध्यमिक स्तरसम्मका अध्ययन पूरा गरी काम वा रोजगारीका सिलसिलामा बाहिरिने जनसंख्या र आठ कक्षा उर्त्तिण गरेर काम वा रोजगारीका लागि पढाइ छोड्नेको जनसंख्या उल्लेख्य रहेको पाइन्छ । यस हिसाबले शिक्षित र दक्ष जनशक्ति भन्दा अर्धशिक्षित र अदक्ष वा अर्धदक्ष जनसंख्याले अध्ययन भन्दा सामान्य स्तरको वा न्यून खालको रोजगारी वा काममा बाहिरिएको संकेत गर्दछ ।


## ३.९.४ अनुपस्थित जनसंख्याको अनुपस्थित हुनुको कारण सम्बन्धी विवरण

**तालिका नं.१८ :** अनुपस्थित व्यक्तिको अनुपस्थित हुनुको कारण सम्बन्धी विवरण

| वडा | अनुपस्थित हुनुको कारण | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | काम/जागिरको खोजी | अध्ययन/तालिम | निजी नोकरी | आश्रित | अन्य | सरकारी जागिर | थाहा छैन | व्यापार/व्यवसाय | द्वन्द्व | |
| १ | ५०२ | १६६ | १४० | १४३ | २३ | २७ | ६ | ९ | ४ | १०२० |
| २ | २१३ | ४६ | १६९ | १० | ५ | ४ | ४ | ४ | १ | ४५६ |
| ३ | ४११ | ९८ | २१ | १४ | ४२ | १३ | ४ | १ | ० | ६०४ |
| ४ | ३२१ | १७१ | ५ | १४ | ८ | १२ | ७ | ३ | १ | ५४२ |
| ५ | १४६ | ११९ | ५ | ० | ९ | ५ | १ | ७ | ० | २९२ |
| ६ | ७१ | २६ | ६ | ० | २ | ६ | ७ | ७ | ० | १२५ |
| ७ | १२५ | ४२ | १४८ | ६ | ५ | १२ | १३ | ४ | ० | ३५५ |
| जम्मा | १७८९ | ६६८ | ४९४ | १८७ | ९४ | ७९ | ४२ | ३५ | ६ | ३३९४ |
| प्रतिशत | ५२.७% | १९.७% | १४.६% | ५.५% | २.८% | २.३% | १.२% | १.0% | ०.२% | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा अनुपस्थित रहेका कुल ३३९४ जनसंख्या मध्ये ९४ जनाले अन्य कारण र ४२ जनाको कारण थाहा नभएको उत्तर आएकोले त्यो संख्या अस्पष्ट छ। बाँकी जनसंख्या मध्ये सबैभन्दा धेरै १७८९ जना अर्थात् ५२.७ प्रतिशत जागिर/रोजगारीको सिलसिलामा अनुपस्थित रहेका छन् । त्यसैगरी ६६८ अर्थात १९.७ प्रतिशत अध्ययनको सिलसिलामा, ४९४ अर्थात १४.६ प्रतिशत निजी नोकरीको शिलशिलामा अनुपस्थित भएको देखिन्छ। अनुपस्थित हुने जनसंख्याको कारणहरू हेर्दा गाउँपालिका भित्र शिक्षा तथा रोजगारीको पर्याप्त अवसरहरू नभएर उपयुक्त अवसरको खोजीमा बाहिरिएको तथ्य देखिन्छ । अधिकांश बाहिरिनेहरूमा काम, रोजगारी तथा शिक्षाको खोजीमा नै परिवार सहित अनुपस्थित रहने हुँदा उनीहरूसँग आश्रित सदस्यहरू विशेषगरी विद्यालय जाने बालबालिका साथमा गएको देखिन्छ। वडा अनुसारको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.९.५ अनुपस्थित जनसंख्या हाल बसिरहेको स्थानको विवरण

**तालिका नं.१९ :** अनुपस्थित जनसंख्या हाल बसिरहेको स्थानको विवरण

| वडा | हाल बसिरहेको स्थान | | | | |
|---|---|---|---|---|---|
| | यसै जिल्लाको अन्यत्र स्थान | नेपालको अन्य जिल्ला | विदेश | थाहा नभएको | जम्मा |
| १ | १४२ | २९१ | ५८३ | ४ | १०२० |
| २ | १४ | ६७ | ३६७ | ८ | ४५६ |
| ३ | १३ | १४९ | ४३३ | ९ | ६०४ |
| ४ | ४० | १८१ | ३०८ | १३ | ५४२ |
| ५ | ११ | १११ | १७० | ० | २९२ |
| ६ | ६ | ६० | ५८ | १ | १२५ |
| ७ | १९ | ६९ | २५२ | १५ | ३५५ |
| जम्मा | २४५ | ९२८ | २१७१ | ५० | ३३९४ |
| प्रतिशत | ७.२२ | २७.३४ | ६३.९७ | १.४७ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा अनुपस्थित रहेका ३३९४ जनसंख्या मध्ये सबैभन्दा बढी २१७१ अर्थात ६३.९७ प्रतिशत जनसंख्या विदेशमा रहेको, ९२८ अर्थात २७.३४ प्रतिशत जनसंख्या नेपालको अन्य जिल्लामा रहेको देखिन्छ । तथ्याङ्कको विश्लेषणबाट ठूलो संख्याको अनुपस्थित जनसंख्या देश बाहिर गएको देखिन्छ जसमा रोजगारीको सिलसिलामा एसियाका विभिन्न मुलुकहरूमा पुग्नेको संख्या भने सबै भन्दा बढी रहेका छन् । अर्कोतर्फ अवसरको खोजीमा देशकै अन्य शहरी इलाकामा, सरकारी नोकरीको सिलसिलामा अन्य जिल्ला तथा अध्ययन तथा अन्य अवसरको कारण देशका मुख्य शहरहरु र राजधानी काठमाडौंमा रहेको अनुमान गर्न सकिन्छ । यस बाहेक अन्य यूरोपियन देशहरू, अमेरिका र अष्ट्रेलिया जानेहरूको संख्या भने अत्यन्त न्यून रहेको छ । विकसित मूलुक भन्दा छिमेकी मुलुक भारत र उदाउँदा औद्योगिक खाडी राष्ट्रहरू तथा मलेसियामा कामको लागि बाहिरिएकोले

त्यो जनसंख्या जोखिमयुक्त र कडा श्रमयुक्त काम गर्न बाध्य रहेको छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.२० : अनुपस्थित जनसंख्या हाल बसिरहेको स्थानको विवरण

| वडा | हाल बसिरहेको स्थान | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नेपालको अर्को जिल्ला | एसियाली राष्ट्र | अष्ट्रेलिया /न्यूजील्याण्ड | यूरोपेली राष्ट्र | उत्तर अमेरिकी राष्ट्र | दक्षिण अमेरिकी राष्ट्र | अफ्रिकन राष्ट्र | अन्य राष्ट्र | थाहा छैन | जम्मा |
| १ | ४२८ | ४५९ | ३ | २० | ५ | ० | ० | १०१ | ४ | १०२० |
| २ | ७७ | ३१३ | २ | ३ | २ | ० | ० | ५१ | ८ | ४५६ |
| ३ | १६१ | २५२ | १ | ६ | २ | १ | ० | १७२ | ९ | ६०४ |
| ४ | २१५ | ३०१ | ० | ५ | ० | १ | १ | ६ | १३ | ५४२ |
| ५ | १२२ | १५७ | २ | ५ | २ | १ | ० | ३ | ० | २९२ |
| ६ | ६६ | ५३ | ० | ० | ० | ० | ० | ५ | १ | १२५ |
| ७ | ८५ | १९५ | ४ | १ | ० | ० | ० | ५५ | १५ | ३५५ |
| जम्मा | ११५४ | १७३० | १२ | ४० | ११ | ३ | १ | ३९३ | ५० | ३३९४ |
| प्रतिशत | ३४.० | ५१.० | ०.४ | १.२ | ०.३ | ०.१ | ०.० | ११.६ | १.५ | १००.० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

## ३.९.६ अनुपस्थित जनसंख्या हाल बसिरहेको देशको विवरण

तालिका नं.२१ : अनुपस्थित जनसंख्या हाल बसिरहेको देशको विवरण

| हाल बसिरहेको देश | वडा नं. | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| भारत | २२६ | ११५ | १४२ | १३५ | ७९ | २१ | ३९ | ७५७ | ३३.७९ |
| कतार | ७९ | ७० | ५८ | ६५ | १८ | १२ | ७२ | ३७४ | १६.७० |
| अन्य राष्ट्र | १०१ | ४८ | १७२ | ६ | २ | ५ | २१ | ३५५ | १५.८५ |
| साउदी अरेबिया | ७० | ५६ | २५ | ३२ | २७ | २ | ५७ | २६९ | १२.०१ |
| मलेसिया | ३४ | २७ | ५ | ८ | ५ | ७ | २९ | ११५ | ५.१३ |
| कुवेत | १३ | १८ | ५ | १७ | ५ | २ | ५ | ६५ | २.९० |
| थाहा छैन | ४ | ८ | ९ | १३ | ० | १ | १५ | ५० | २.२३ |
| युनाइटेड अरब इमिरेटस | ८ | २ | ० | २१ | ६ | ० | ८ | ४५ | २.०१ |
| जापान | १० | ५ | ५ | ९ | २ | २ | ५ | ३८ | १.७० |
| अन्य एशियाली राष्ट्र | ७ | १६ | २ | १ | १ | २ | १ | ३० | १.३४ |
| बेलायत | १५ | ० | ० | २ | ० | ० | ० | १७ | ०.७६ |
| ईराक | ३ | ३ | ० | ० | ३ | ३ | ० | १२ | ०.५४ |
| अमेरिका | ५ | २ | २ | ० | २ | ० | ० | ११ | ०.४९ |
| अष्ट्रेलिया | ३ | २ | ० | ० | २ | ० | ४ | ११ | ०.४९ |
| ओमान | ० | १ | ० | ९ | ० | ० | ० | १० | ०.४५ |
| इन्डोनेशिया | ० | ० | १ | ० | ० | ० | ९ | १० | ०.४५ |

| हाल बसिरहेको देश | वडा नं. | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| बहराईन | २ | ० | १ | १ | ३ | २ | ० | ९ | ०.४० |
| दक्षिण कोरिया | ० | २ | २ | ३ | १ | ० | ० | ८ | ०.३६ |
| पोर्चुगल | २ | १ | ० | ० | ३ | ० | १ | ७ | ०.३१ |
| फ्रान्स | ३ | ० | १ | १ | ० | ० | ० | ५ | ०.२२ |
| हङकङ | ० | ० | २ | ० | ३ | ० | ० | ५ | ०.२२ |
| अन्य दक्षिण अमेरिकी राष्ट्र | ० | ० | १ | १ | १ | ० | ० | ३ | ०.१३ |
| स्पेन | ० | ० | २ | १ | ० | ० | ० | ३ | ०.१३ |
| जर्मनी | ० | ० | १ | ० | २ | ० | ० | ३ | ०.१३ |
| माल्दिभ्स | १ | १ | ० | ० | १ | ० | ० | ३ | ०.१३ |
| अन्य यूरोपेली राष्ट्र | ० | ० | १ | १ | ० | ० | ० | २ | ०.०९ |
| थाइल्याण्ड | ० | ० | ० | ० | २ | ० | ० | २ | ०.०९ |
| सिंगापुर | २ | ० | ० | ० | ० | ० | ० | २ | ०.०९ |
| जोर्डन | १ | ० | ० | ० | १ | ० | ० | २ | ०.०९ |
| ईरान | १ | ० | १ | ० | ० | ० | ० | २ | ०.०९ |
| बंगलादेश | ० | ० | १ | ० | १ | ० | ० | २ | ०.०९ |
| दक्षिण अफ्रिका | ० | ० | ० | १ | ० | ० | ० | १ | ०.०४ |
| भेनेजुएला | ० | ० | ० | ० | ० | ० | १ | १ | ०.०४ |
| रसिया | ० | १ | ० | ० | ० | ० | ० | १ | ०.०४ |
| लक्जम्बर्ग | ० | ० | ० | ० | ० | ० | १ | १ | ०.०४ |
| इटाली | ० | १ | ० | ० | ० | ० | ० | १ | ०.०४ |
| फिनल्याण्ड | ० | ० | १ | ० | ० | ० | ० | १ | ०.०४ |
| न्यूजिल्याण्ड | ० | ० | १ | ० | ० | ० | ० | १ | ०.०४ |
| यमन | ० | ० | ० | ० | ० | ० | १ | १ | ०.०४ |
| ब्रुनाई | १ | ० | ० | ० | ० | ० | ० | १ | ०.०४ |
| लेवनन | ० | ० | ० | ० | ० | ० | १ | १ | ०.०४ |
| मकाउ | १ | ० | ० | ० | ० | ० | ० | १ | ०.०४ |
| चीन | ० | ० | १ | ० | ० | ० | ० | १ | ०.०४ |
| भुटान | ० | ० | १ | ० | ० | ० | ० | १ | ०.०४ |
| जम्मा | ५९२ | ३७९ | ४४३ | ३२७ | १७० | ५९ | २७० | २२४० | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा अनुपस्थित रहेका कुल जनसंख्याको सबैभन्दा ठूलो हिस्सा भारत गएकाहरूको संख्या ७५७ अर्थात् ३३.७९ प्रतिशत, दोस्रोमा कतारमा गएकाहरूको संख्या ३७४ अर्थात १६.७० प्रतिशत रहेका छन् । त्यसैगरी अन्य राष्ट्र गएकाहरूको संख्या ३३५ अर्थात् १५.८५ प्रतिशत रहेका छन् । यसपछि विदेशिएकाहरूको

तथ्याङ्क हेर्दा धेरै एयिसाली मुलुकहरू गएको देखिन्छ। युरोपेली राष्ट्र, अमेरिका, अष्ट्रेलिया लगायतका विकसित देशहरूमा जानेहरूको संख्या भने कम देखिन्छ। यसरी ठूलो हिस्सा जनसंख्या बाहिरिदा विप्रेषणले मात्र कालान्तरमा गाउँपालिकाको विकास संभव हुँदैन। यसका लागि दूरदृष्टि सहित दिगो सोच र विकासको लक्ष्य लिएर उत्पादनशील काममा अगाडि बढ्ने युवा जमातको उपस्थिति गाउँपालिकामै हुनु अनिवार्य छ। यसरी युवा शक्तिलाई गाउँपालिकाकै विकासका लागि परिचालन गरी अनुपस्थित जनसंख्यालाई कम गर्ने प्रभावकारी योजना र त्यसको कार्यन्वयन गर्नु स्थानीय सरकारको लक्ष्य हुनु जरुरी छ।

## ३.९.७ अनुपस्थित जनसंख्या हाल बसिरहेको जिल्लाको आधारमा विवरण

तालिका नं.२२ : अनुपस्थित जनसंख्या हाल बसिरहेको जिल्लाको विवरण

| जिल्ला | वडा नं. | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| काठमाडौं | ६४ | २२ | ३६ | ९७ | ३९ | १४ | २० | २९२ | २५.३० |
| रुपन्देही | ७० | १९ | ६० | ५० | १३ | ८ | १३ | २३३ | २०.१९ |
| बागलुङ | १३७ | १० | १२ | ३४ | ११ | ४ | १६ | २२४ | १९.४१ |
| कास्की | ५६ | १५ | २५ | ११ | १७ | ६ | १९ | १४९ | १२.९१ |
| नवलपरासी | २६ | १ | ६ | ४ | ० | ० | ४ | ४१ | ३.५५ |
| गुल्मी | २४ | २ | ० | १ | १ | १ | ३ | ३२ | २.७७ |
| कपिलवस्तु | ७ | ५ | ८ | ० | ९ | ० | १ | ३० | २.६० |
| पाल्पा | १६ | ० | ० | १ | ४ | ८ | ० | २९ | २.५१ |
| मुस्ताङ | ० | ० | ० | १ | १० | १५ | १ | २७ | २.३४ |
| चितवन | २ | १ | १ | ४ | २ | १ | २ | १३ | १.१३ |
| ललितपुर | ० | ० | २ | ० | ९ | १ | ० | १२ | १.०४ |
| भक्तपुर | ५ | ० | ४ | ० | ० | ० | ० | ९ | ०.७८ |
| प्यूठान | ३ | ० | २ | १ | १ | ० | १ | ८ | ०.६९ |
| पर्वत | ० | १ | ० | ५ | १ | ० | ० | ७ | ०.६१ |
| गोरखा | ६ | ० | ० | ० | ० | ० | ० | ६ | ०.५२ |
| बर्दिया | ० | ० | ० | ४ | ० | ० | ० | ४ | ०.३५ |
| मोरङ्ग | ० | ० | १ | ० | ० | ३ | ० | ४ | ०.३५ |
| कैलाली | १ | ० | ० | ० | १ | ० | १ | ३ | ०.२६ |
| दाङ | २ | ० | ० | ० | ० | ० | १ | ३ | ०.२६ |
| रोल्पा | ३ | ० | ० | ० | ० | ० | ० | ३ | ०.२६ |
| म्याग्दी | ० | ० | ० | ० | ० | ३ | ० | ३ | ०.२६ |
| धादिङ | १ | ० | ० | ० | १ | ० | १ | ३ | ०.२६ |
| रूकुम | ० | ० | ० | ० | १ | ० | १ | २ | ०.१७ |

| जिल्ला | वडा नं. | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| अर्घाखाँची | ० | ० | १ | १ | ० | ० | ० | २ | ०.१७ |
| दोलखा | ० | ० | ० | ० | १ | १ | ० | २ | ०.१७ |
| धनकुटा | २ | ० | ० | ० | ० | ० | ० | २ | ०.१७ |
| हुम्ला | ० | ० | १ | ० | ० | ० | ० | १ | ०.०९ |
| बाँके | ० | १ | ० | ० | ० | ० | ० | १ | ०.०९ |
| स्याङ्जा | ० | ० | ० | ० | ० | १ | ० | १ | ०.०९ |
| तनहूँ | १ | ० | ० | ० | ० | ० | ० | १ | ०.०९ |
| बारा | १ | ० | ० | ० | ० | ० | ० | १ | ०.०९ |
| रामेछाप | ० | ० | ० | ० | ० | ० | १ | १ | ०.०९ |
| सिन्धुली | ० | ० | ० | १ | ० | ० | ० | १ | ०.०९ |
| ओखलढुंगा | ० | ० | १ | ० | ० | ० | ० | १ | ०.०९ |
| सुनसरी | १ | ० | ० | ० | ० | ० | ० | १ | ०.०९ |
| इलाम | ० | ० | ० | ० | १ | ० | ० | १ | ०.०९ |
| पाँचथर | ० | ० | १ | ० | ० | ० | ० | १ | ०.०९ |
| जम्मा | ४२८ | ७७ | १६१ | २१५ | १२२ | ६६ | ८५ | ११५४ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा यस गाउँपालिकावाट बाहिरिने जनसंख्या मध्ये सवैभन्दा बढी अर्थात २५.३० प्रतिशत संघीय राजधानी काठमाडौँ र अन्य क्रमश रुपन्देहीका शहरी केन्द्रहरु र बाग्लुङ्गका शहरी केन्द्रहरुमा शिक्षा, रोजगार र आवसका लागि बाहिरिएको देखिन्छ। यो स्वाभाविक प्रवृत्ति हो। यसलाई न्यून गर्न गाउँपालिका भित्र नै गुणस्तरिय सेवा, सुविधा र अवसरहरुको श्रृजना गर्नु अनिवार्य देखिन्छ अन्यथा जनसंख्या मध्ये यूवा अवस्थाको जनसंख्या पलायन हुँदा गाउँपालिकाको दिर्घकालिन विकासमा गम्भिर असर पर्दछ।

## ३.१० व्यक्तिगत घटना दर्ता

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी प्रक्रियाहरू पालना गर्नु पर्ने हुन्छ। नागरिकता, राहदानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रक्रिया पुरा गर्नुपर्ने हुन्छ। यसका लागि सरकारले आधिकारीक प्रमाणपत्र उपलब्ध गराउँछ। जन्म, मृत्यु, बसाइँसराइ विवाह र सम्बन्ध विच्छेद जस्ता घटना समयमा नै दर्ता गर्नु पर्ने हुन्छ। संविधानले नागरिकलाई विभिन्न अधिकार प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। ती व्यक्तिगत घटना दर्ताका आधारमा राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो। कहाँ ? कति जन्मे ? कतिको मृत्यु भयो ? कतिले बसाइँसराइ गरे ? कतिको सम्बन्ध विच्छेद भयो ? जस्ता कुराको जानकारी राज्यले पाउनु पर्छ। यसको आधारमा सरकारले सेवा प्रवाह सम्बन्धी नीति बनाउने हुँदा व्यक्तिगत घटनादर्ता समयमा नै गर्न जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ।


### ३.१०.१ पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण

तालिका नं.२३ : पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण

| वडा | जन्मदर्ता भएको | | | जन्मदर्ता नभएको | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | अन्य | जम्मा | पुरूष | महिल | अन्य | जम्मा |
| १ | १४३ | १४५ | २८८ | ७० | ६९ | ० | १३९ | २१३ | २१४ | ० | ४२७ |
| २ | १७० | १४८ | ३१८ | ८९ | ७५ | ० | १६४ | २५९ | २२३ | ० | ४८२ |
| ३ | ९५ | ८९ | १८४ | ७४ | ६३ | १ | १३८ | १६९ | १५२ | १ | ३२२ |
| ४ | ९२ | १०० | १९२ | ८२ | ७१ | ० | १५३ | १७४ | १७१ | ० | ३४५ |
| ५ | १०९ | ८७ | १९६ | २३ | ३३ | ० | ५६ | १३२ | १२० | ० | २५२ |
| ६ | ५३ | ४८ | १०१ | ८६ | ७९ | ० | १६५ | १३९ | १२७ | ० | २६६ |
| ७ | ७९ | ८९ | १६८ | ६७ | ८२ | ० | १४९ | १४६ | १७१ | ० | ३१७ |
| जम्मा | ७४१ | ७०६ | १४४७ | ४९१ | ४७२ | १ | ९६४ | १२३२ | ११७८ | १ | २४११ |
| प्रतिशत | ३०.७३ | २९.२८ | ६०.०२ | २०.३६ | १९.५८ | ०.०४ | ३९.९८ | ५१.१० | ४८.८६ | ०.०४ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा जन्म भएका पाँच वर्ष मुनिका कुल २४११ बालबालिकाहरू मध्ये १४४७ अर्थात ६०.०२ प्रतिशतको जन्मदर्ता गरिएको र ९६४ जना अर्थात ३९.९८ प्रतिशतको जन्मदर्ता नभएको तथ्याङ्क देखिन्छ । जन्म, मृत्यु, बसाइँसराइ र विवाह जस्ता जीवनका प्रमुख व्यक्तिगत घटनाको अनिवार्य र समयमै दर्ता गर्नुपर्दछ । यसबाट स्थानीय सरकारलाई यकिन तथ्याङ्कको अभिलेख तयार पार्न सहयोग पुग्दछ भने अर्को तर्फ नागरिकहरूले राज्यबाट प्राप्त गर्ने सेवा सुविधाका लागि नागरिकको पहिचान कायम गर्न र अन्य कानूनी क्रियाकलापहरूमा यसको आवश्यकता पर्दछ तसर्थ जन्मदर्तालाई समयमै अनिवार्य रुपमा गर्न प्रोत्साहन गर्ने स्थानीय सरकारले पहल गर्नुपर्ने देखिन्छ । जन्मदर्ताको वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



## ३.१०.२ तथ्याङ्क संकलनको पछिल्लो १२ महिनामा परिवारको सदस्यको मृत्यु सम्बन्धी विवरण

**तालिका नं.२४ :** पछिल्लो १२ महिनामा परिवारको सदस्य मृत्यु सम्बन्धी विवरण


| वडा | मृतकको लिङ्ग | | | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | पुरूष | | महिला | | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ६ | ७.५% | ११ | १३.८% | १७ | २१.३% |
| २ | १२ | १५.०% | ४ | ५.०% | १६ | २०.०% |
| ३ | ८ | १०.०% | ११ | १३.८% | १९ | २३.८% |
| ४ | ९ | ११.३% | ६ | ७.५% | १५ | १८.८% |
| ५ | ४ | ५.०% | १ | १.३% | ५ | ६.३% |
| ६ | २ | २.५% | २ | २.५% | ४ | ५.०% |
| ७ | ४ | ५.०% | ० | ०.०% | ४ | ५.०% |
| जम्मा | ४५ | ५६.३% | ३५ | ४३.८% | ८० | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

यस गाउँपालिकामा रहेका कूल ४४९२ घरपरिवारहरूमध्येमा ८० जनाको मृत्यु भएको छ। जसमा ४५ जना अर्थात ५६.३ प्रतिशत पुरुष र ३५ अर्थात ४३.८ प्रतिशत महिलाको मृत्यु भएको देखिन्छ । सबैभन्दा धेरै मृत्यूको अभिलेख भएको वडा ३ रहेको छ भने वडा नं. ६ र ७ मा कम मृत्यु भएको देखिन्छ । वडागत विस्तृत तथ्याङ्क तालिकामा प्रस्तुत गरिएको छ ।

$$\text{कोरा मृत्युदर} = \frac{\text{विगत १२ महिनामा भएको मृत्यू संख्या}}{\text{मध्य वर्षको जनसंख्या}} \times १००० = \frac{८०}{१९८६७} \times १००० = ४.०३ \text{ जना}$$

गाउँपालिकाको कुल जनसंख्यालाई मध्यवर्षको जनसंख्या मान्दा यहाँको कोरा मृत्यु दर अर्थात प्रतिहजार जनसंख्यामा प्रतिवर्ष ४.०३ जनाको मृत्यु हुने तथ्याङ्कले देखाउँछ। यद्यपी कोरा मृत्युदरले मृत्युको अवस्थाबारे यथार्थ चित्रण गर्न भने सक्दैन ।




## ३.१०.३ लिङ्ग र उमेर समुह अनुसार विगत १२ महिनामा मृत्यु भएकाको विवरण

तालिका नं.२५ : लिङ्गअनुसार विगत १२ महिनामा मृत्यु भएकाको विवरण

| मृतकको उमेर समुह | मृतकको लिङ्ग | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरूष | | महिला | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ०-४ वर्ष | ० | ०.०% | १ | १.३% | १ | १.३% |
| ५- ९ वर्ष | ० | ०.०% | ० | ०.०% | ० | ०.०% |
| १० -१४ वर्ष | २ | २.५% | ० | ०.०% | २ | २.५% |
| १५ -१९ वर्ष | ० | ०.०% | २ | २.५% | २ | २.५% |
| २० - २४ वर्ष | १ | १.३% | १ | १.३% | २ | २.५% |
| २५ - २९ वर्ष | ० | ०.०% | १ | १.३% | १ | १.३% |
| ३० - ३४ वर्ष | १ | १.३% | ० | ०.०% | १ | १.३% |
| ३५ - ३९ वर्ष | १ | १.३% | ३ | ३.८% | ४ | ५.०% |
| ४० - ४४ वर्ष | २ | २.५% | ३ | ३.८% | ५ | ६.३% |
| ४५ - ४९ वर्ष | २ | २.५% | १ | १.३% | ३ | ३.८% |
| ५० - ५४ वर्ष | २ | २.५% | २ | २.५% | ४ | ५.०% |
| ५५ - ५९ वर्ष | ३ | ३.८% | ३ | ३.८% | ६ | ७.५% |
| ६० - ६४ वर्ष | ७ | ८.८% | ३ | ३.८% | १० | १२.५% |
| ६५ - ६९ वर्ष | ६ | ७.५% | ५ | ६.३% | ११ | १३.८% |
| ७० - ७५ वर्ष | ४ | ५.०% | ३ | ३.८% | ७ | ८.८% |
| ७५ - ७९ वर्ष | ६ | ७.५% | १ | १.३% | ७ | ८.८% |
| ८० -८९ वर्ष | ६ | ७.५% | ६ | ७.५% | १२ | १५.०% |
| ९० - ९९ वर्ष | १ | १.३% | ० | ०.०% | १ | १.३% |
| १०० वर्ष वा सोभन्दा बढी | १ | १.३% | ० | ०.०% | १ | १.३% |
| जम्मा | ४५ | ५६.३% | ३५ | ४३.८% | ८० | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा विगत १२ महिनामा मृत्यु हुनेहरूको संख्यालाई हेर्दा सबै भन्दा बढी मृत्यु संख्या ६० वर्ष भन्दा माथिको उमेर समूहका पुरुषहरूको देखिन्छ । जसमा सबैभन्दा बढी ६० देखि ६४ वर्षका ७ जना पुरुषको मृत्यु भएको छ भने दोस्रोमा ८० देखि ८९ वर्षको ६ जना महिलाहरूको मृत्यु भएको देखिन्छ। ५ देखि ९ वर्षको उमेर समूहमा भने कुनै पनि बालबालिकाको मृत्यु नभएको देखिन्छ। चौधौं आवधिक योजनाका अनुसार नेपालमा जन्मदाको बखत आम नेपालीको औसत आयु ६९ वर्ष उल्लेख गरिएको छ। सामान्यतया उमेर पुगेर हुने प्राकृतिक मृत्युलाई स्वाभाविक मान्न सकिन्छ तसर्थ यस गाउँपालिकामा बढी मृत्यू हुने उमेर समूह हेर्दा ६० वर्ष माथिको नै देखिन्छ। यद्यपि पछिल्लो समय औषधी विज्ञान र चिकित्सा पद्धतिमा भएको उच्च विकास र आधुनिक औषधि उपचारमा बृद्धि भएको पहुँच र क्रमिक रुपमा स्वास्थ्य चेतनाको वृद्धिका कारण नेपालको औसत आयू समेत विगतका वर्षमा भन्दा बढ्दै गैरहेको छ। यसका साथै २०-५९ वर्षको उमेर समूहका सक्रिय जनसंख्याको मृत्युदरले कार्यक्षेत्रमा हुने जोखिम तथा स्वास्थ्य समस्यालाई प्रतिबिम्बित गर्दछ ।




## ३.१०.४ मृत्युको कारण अनुसार मृतकको जनसंख्या

तालिका नं.२६ : मृत्युको कारण अनुसार मृतकको जनसंख्याको विवरण


| मृत्यूको कारण | पुरूष | | महिला | | जम्मा संख्या |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| कालगतिले मर्नु | १० | ७१.४% | ४ | २८.६% | १४ |
| थाहा नभएको र कारण नखुलेको | ६ | ६०.०% | ४ | ४०.०% | १० |
| मुटुसम्बन्धी रोगहरू | ४ | ५०.०% | ४ | ५०.०% | ८ |
| अन्य दुर्घटना | ४ | ५७.१% | ३ | ४२.९% | ७ |
| अन्य कारणले | ३ | ७५.०% | १ | २५.०% | ४ |
| क्यान्सर | १ | २५.०% | ३ | ७५.०% | ४ |
| मृगौला सम्बन्धी रोग | २ | ६६.७% | १ | ३३.३% | ३ |
| श्वास प्रश्वाससम्बन्धी रोगहरू | २ | ६६.७% | १ | ३३.३% | ३ |
| टाइफाइड | १ | ३३.३% | २ | ६६.७% | ३ |
| निमोनिया | १ | ३३.३% | २ | ६६.७% | ३ |
| प्राकृतिक प्रकोप | ० | ०.०% | २ | १००.०% | २ |
| यातायात दुर्घटना | २ | १००.०% | ० | ०.०% | २ |
| रक्तचाप (उच्च तथा निम्न रक्तचाप) | १ | ५०.०% | १ | ५०.०% | २ |
| दम | १ | ५०.०% | १ | ५०.०% | २ |
| हेपाटाइटिस | २ | १००.०% | ० | ०.०% | २ |
| क्षयरोग | २ | १००.०% | ० | ०.०% | २ |
| रुघाखोकी, फ्लु | ० | ०.०% | २ | १००.०% | २ |
| बच्चा जन्माउन नसकेर | ० | ०.०% | १ | १००.०% | १ |
| ग्यास्ट्रिक/अल्सरर/आन्द्राको रोग | १ | १००.०% | ० | ०.०% | १ |

| मृत्यूको कारण | पुरूष | | महिला | | जम्मा संख्या |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| कलेजो सम्बन्धी रोग | ० | ०.०% | १ | १००.०% | १ |
| छारे रोग | १ | १००.०% | ० | ०.०% | १ |
| अन्य यौन रोग | १ | १००.०% | ० | ०.०% | १ |
| कालाज्वरो | ० | ०.०% | १ | १००.०% | १ |
| जण्डीस (कमलपित्त) | ० | ०.०% | १ | १००.०% | १ |
| | ४५ | ५६.३% | ३५ | ४३.८% | ८० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा विगत १२ महिनामा मृत्यु भएका परिवारका सदस्यहरूको विवरणलाई हेर्दा ८० सदस्यहरूको मृत्यु भएको छ । यसमध्ये सबैभन्दा धेरै १४ जनाको कालगतिले मृत्यु भएको देखिन्छ । दोस्रोमा कारण थाहा नखुलेको १० जना, तेस्रोमा मुटुसम्बन्धी रोग लागेर मृत्यु ८ रहेको देखिन्छ । समग्र तथ्याङ्कको विश्लेषण गर्दा उमेर र दीर्घरोगका कारण मर्नेको संख्या उच्च देखिन्छ । यसको प्रमुख कारणहरूमा अस्वस्थकर जीवनशैली, खानपानको असन्तुलन, नियमित व्यायामको अभाव, मानसिक स्वास्थ्यमा सजगताको कमी, वंशानुगत कारण तथा समयमै स्वास्थ्य जाँच नगराउने परिपाटी आदि हुन् । सरुवा रोगका कारण बालबालिका मर्नु भनेको व्यक्तिगत, पारिवारिक तथा सामुदायिक स्वास्थ्य र सरसफाइ तथा प्राथमिक स्वास्थ्य जस्तै पोषण, खोप र नियमित स्वास्थ्य जाँचको बारेमा जनचेतनामा कमी, उपचार पहुँच र स्वास्थ्य सेवाको उपलब्धतामा कमी हुनाले हो । यस गाउँपालिकामा स्वास्थ्य समस्याका हिसाबले सबै प्रकारका समस्याहरू रहेको हुनाले जनताको स्वास्थ्य अवस्था सुधारका साथै विशेषज्ञ सेवा सहितका अस्पतालहरूको स्थापना गर्नुपर्ने देखिन्छ भने अर्कोतिर प्रवर्द्धनात्मक र निरोधात्मक स्वास्थ्य कार्यक्रमहरू समेत प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ । मृत्युको कारण सम्बन्धी विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**मृत्युको कारण अनुसार मृतकको जनसंख्याको विवरण**




## ३.१०.५ मृतकको मृत्युदर्ता सम्बन्धी विवरण

**तालिका नं.२७ :** मृत्यु दर्ता गराउने घरपरिवार

| वडा | मृत्यू दर्ता भएको | | मृत्यू दर्ता नभएको | | जम्मा संख्या |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ११ | ६४.७% | ६ | ३५.३% | १७ |
| २ | ९ | ५६.३% | ७ | ४३.८% | १६ |
| ३ | ६ | ३१.६% | १३ | ६८.४% | १९ |
| ४ | १० | ६६.७% | ५ | ३३.३% | १५ |
| ५ | ३ | ६०.०% | २ | ४०.०% | ५ |
| ६ | २ | ५०.०% | २ | ५०.०% | ४ |
| ७ | २ | ५०.०% | २ | ५०.०% | ४ |
| जम्मा | ४३ | ५३.८% | ३७ | ४६.३% | ८० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा तथ्याङ्क संकलन अवधिको विगत १२ महिनामा कुल ८० जनाको मृत्यु भएकोमा ४३ जना अर्थात् ५६.८ प्रतिशतको मात्र मृत्युदर्ता भएको देखिन्छ भने ३७ जना अर्थात् ४६.३ प्रतिशतको मृत्युदर्ता नभएको देखिन्छ। यो तथ्याङ्क अनुसार मृत्यु दर्ता नगराउनेको संख्या उल्लेख्य नै रहेको छ। स्थानीय सरकारको तथ्याङ्कको आधारको रुपमा रहने पञ्चिकरणलाई हरेक नागरिकले जिम्मेवार भएर सहयोग पुऱ्याउनु पर्दछ। यसका लागि थप प्रचार प्रसारको खाँचो देखिन्छ। मृत्यू दर्ता समयमै गर्दा अन्य कानुनी क्रियाकलाप जस्तै नामसारी, हकभोग आदि सहज हुने र तथ्याङ्क समेत अद्यावधिक गर्न सकिन्छ।



तालिका नं.२८ : उमेर समूह अनुसार मृत्यु दर्ता भएको विवरण

| मृतकको उमेर समूह | मृत्यु दर्ता प्रमाणपत्र | | | | | |
|---|---|---|---|---|---|---|
| | छ | | छैन | | जम्मा मृतक संख्या | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ०-४ वर्ष | ० | ०.०% | १ | १.३% | १ | १.३% |
| ५- ९ वर्ष | ० | ०.०% | ० | ०.०% | ० | ०.०% |
| १० -१४ वर्ष | १ | १.३% | १ | १.३% | २ | २.५% |
| १५ -१९ वर्ष | ० | ०.०% | २ | २.५% | २ | २.५% |
| २० - २४ वर्ष | १ | १.३% | १ | १.३% | २ | २.५% |
| २५ - २९ वर्ष | ० | ०.०% | १ | १.३% | १ | १.३% |
| ३० - ३४ वर्ष | १ | १.३% | ० | ०.०% | १ | १.३% |
| ३५ - ३९ वर्ष | २ | २.५% | २ | २.५% | ४ | ५.०% |
| ४० - ४४ वर्ष | २ | २.५% | ३ | ३.८% | ५ | ६.३% |
| ४५ - ४९ वर्ष | २ | २.५% | १ | १.३% | ३ | ३.८% |
| ५० - ५४ वर्ष | ४ | ५.०% | ० | ०.०% | ४ | ५.०% |
| ५५ - ५९ वर्ष | ४ | ५.०% | २ | २.५% | ६ | ७.५% |
| ६० - ६४ वर्ष | ४ | ५.०% | ६ | ७.५% | १० | १२.५% |
| ६५ - ६९ वर्ष | ५ | ६.३% | ६ | ७.५% | ११ | १३.८% |
| ७० - ७४ वर्ष | ४ | ५.०% | ३ | ३.८% | ७ | ८.८% |
| ७५ - ७९ वर्ष | ३ | ३.८% | ४ | ५.०% | ७ | ८.८% |
| ८० -८९ वर्ष | ९ | ११.३% | ३ | ३.८% | १२ | १५.०% |
| ९० - ९९ वर्ष | १ | १.३% | ० | ०.०% | १ | १.३% |
| १०० वर्ष वा सोभन्दा बढी | ० | ०.०% | १ | १.३% | १ | १.३% |
| जम्मा | ४३ | ५३.८% | ३७ | ४६.३% | ८० | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

## ३.११ बसाइँसराइको अवस्था

कुनै पनि स्थानको जनसंख्या परिवर्तन हुने कारणहरूमध्ये बसाइँसराइ एक प्रमुख कारण मानिन्छ । यस निसीखोला गाउँपालिकामा छिमेकी गाउँपालिका/नगरपालिका एवम् जिल्लाबाट समेत बसाइँसराइ गरी आउने गरेको देखिन्छ । तर विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थायी वा अस्थायी रुपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ । यसरी बसाइँ सरी जानु वा आउनुका विभिन्न कारणहरू छन् । तिमध्ये पाँच मुख्य कारण आर्थिक बृद्धि, अवसर, सामाजिक कारण, व्यापार र रोजगार हुन् ।


### ३.११.१ जन्म स्थानको आधारमा जनसंख्या विवरण

तालिका नं.२९ : जन्म स्थानको आधारमा जनसंख्या विवरण

| वडा | जन्मस्थान | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | यही गा.पा./न.पामा | यही जिल्लामा | अन्य जिल्लमा | विदेशमा | उल्लेख नगरिएको | |
| १ | २७२२ | ७१५ | ४३ | १ | ० | ३४८१ |
| २ | ३४७० | ११६ | २४ | ५ | ० | ३६१५ |
| ३ | १७६९ | ७६४ | ३८ | ९ | १ | २५८१ |
| ४ | २४२९ | ८९ | ४७ | २ | ० | २५६७ |
| ५ | २३६० | ११७ | ८ | १ | ० | २४८६ |
| ६ | २४१८ | १ | ११ | ० | ० | २४३० |
| ७ | १५८४ | १०७५ | ४४ | ४ | ० | २७०७ |
| जम्मा | १६७५२ | २८७७ | २१५ | २२ | १ | १९८६७ |
| प्रतिशत | ८४.३२ | १४.४८ | १.०८ | ०.११ | ०.०१ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

माथिको तालिकाको आधारमा यस निसीखोला गाउँपालिकाको कुल जनसंख्यामध्ये १६७५२ अर्थात् ८४.३२ प्रतिशत यसै गाउँपालिकामा जन्मेको देखिन्छ भने २८७७ अर्थात १४.४८ प्रतिशत जनसंख्या यसै जिल्लाका अन्य नगरपालिकका वा गाउँपालिकाबाट बसाइँ सराइ गरेको देखिन्छ। २१५ जना अर्थात् १.०८ प्रतिशत भने अन्य जिल्लाबाट यस गाउँपालिकामा बसाइँसराइ गरेर आएको देखिन्छ। यसको विस्तृत विवरण तालिकामा देखाइएको छ। गाउँपालिकाको आर्थिक, भौतिक, सामाजिक र अन्य क्षेत्रहरूको विकास हुँदा अन्य गाउँपालिका, नगरपालिका वा जिल्लाबाट बसाइँ सरेर आउने जनसंख्यामा वृद्धि हुने देखिन्छ। गाउँपालिकाले आगामी योजना बनाउँदा बसाइँ सरेर आउने जनसंख्यालाई समेत व्यवस्थित गर्ने खालको योजना बनाउनु पर्ने देखिन्छ।




## ३.११.२ बाहिर जन्मस्थान भएका जनसंख्याको यस गाउँपालिकामा बसोबास गर्नुका कारणको विवरण

**तालिका नं.३० :** बाहिर जन्मस्थान भएका जनसंख्याको यस गाउँपालिकामा बसोबास गर्नुका कारणको विवरण

| वडा | यहाँ बस्नुको मुख्य कारण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषि | व्यापार / व्यवसाय | जागिर / नोकरी | अध्ययन / तालिम | विवाह | आश्रित | द्वन्द्व | कामको खोजी | अन्य | बसाई सराई | जम्मा |
| १ | ९ | ३ | ५ | ४ | २८९ | ४४१ | १ | ५ | २ | ० | ७५९ |
| २ | २ | १ | १ | १ | १३४ | ० | ० | १ | १ | ४ | १४५ |
| ३ | ३६२ | ११ | १६ | २४९ | ७२ | १३ | ० | ९ | ७९ | ० | ८११ |
| ४ | ३ | ७ | २ | ० | १२० | ४ | ० | १ | ० | १ | १३८ |
| ५ | १०१ | ३ | १ | ८ | ६ | ७ | ० | ० | ० | ० | १२६ |
| ६ | ० | ० | ० | ० | ११ | ० | ० | ० | ० | १ | १२ |
| ७ | ४५० | २८ | १५ | २५३ | २४२ | ८९ | १ | २ | ४२ | १ | ११२३ |
| जम्मा | ९२७ | ५३ | ४० | ५१५ | ८७४ | ५५४ | २ | १८ | १२४ | ७ | ३११४ |
| प्रतिशत | २९.८% | १.७% | १.३% | १६.५% | २८.१% | १७.८% | ०.१% | ०.६% | ४.०% | ०.२% | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

यस गाउँपालिकाभन्दा बाहिर जन्मस्थान भएका जनसंख्याको यस गाउँपालिकामा बसोबास गर्नुका कारणको विवरण हेर्दा कूल ३११४ जनसंख्या अन्य स्थानमा जन्म भएर यस गाउँपालिकामा बसोबास गर्दै आएका छन् । यसमध्ये सबैभन्दा धेरै कृषिको कारण यस गाउँपालिकामा आउनेहरूको संख्या ९२७ अर्थात २९.८ प्रतिशत, विवाहको कारणले आउने संख्या ८७४ अर्थात २८.१ प्रतिशत, आश्रित भएर आएका जनसंख्या ५५४ अर्थात १७.८ प्रतिशत, अध्ययन/तालिमको कारण आउनेको संख्या ५१५ अर्थात १६.५ प्रतिशत रहेको छ। त्यसैगरी आश्रित, प्राकृतिक प्रकोप, कामको खोजी अन्य इत्यादी कारणले आउनेको संख्या समेत रहेको छ । गाउँपालिकामा आकर्षित हुनेमध्ये अधिकांश यहाँ उपलब्ध भौतिक तथा सामाजिक पूर्वाधारको उपलब्धताको कारण बसाइँसराई गरी आएको हुनसक्ने देखिन्छ । आश्रित तथा विवाह भई बसाइँसराइ आउनु स्वभाविक हो । अन्य विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।



# खण्ड- ४: आर्थिक स्थिति तथा रोजगार

## ४.१ मुख्य आर्थिक क्रियाकलापहरूको विवरण (मुख्य पेशा)

आर्थिक सम्वृद्धिका आधारहरूमा गाउँपालिकामा हुने मुख्य आर्थिक क्रियाकलापहरू नै हुन् । जति आर्थिक क्रियाकलापहरूमा तीव्रता आउँछ त्यति नै गाउँपालिकाको अर्थतन्त्र चलायमान र सुदृढ हुँदै जान्छ। मुख्यतया नेपाली अर्थतन्त्र कृषि, पर्यटन, साना तथा घरेलु उद्योग, वैदेशिक रोजगार, बैङ्किङ, व्यापार, सेवा क्षेत्र आदिमा केन्द्रित छ । उच्च प्रविधिमा आधारित अन्तराष्ट्रिय स्तरका उद्योगहरूको विकास भै नसकेको अवस्थामा धेरैजसो आर्थिक क्रियाकलापहरू निर्वाहमुखी नै रहेका छन् ।

तलको तालिका हेर्दा कृषि क्षेत्रले (५७.०५) पालिकाको अर्थतन्त्रको महत्वपूर्ण हिस्सा ओगटेको देखिन्छ। यद्यपि ठुलो संख्या (४२.९५) गैह्र कृषितर्फ आकर्षित देखिन्छ। समग्र अर्थतन्त्रको आधार कृषिमा निर्भर रहने हुनाले कृषिलाई नै प्राथमिकतामा राख्नुपर्ने देखिन्छ ।


### ४.१.१ आम्दानीका मुख्य श्रोतहरूको आधारमा परिवारको विवरण (बहुउत्तरमा आधारित)

तालिका नं.३१ : आम्दानीका श्रोतहरूको आधारमा परिवारको विवरण (बहुउत्तरमा आधारित)

| आम्दानीका स्रोतहरू | वडा नं. | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| कृषि/पशुपालन/ माछापालन/ मौरीपालन | ७४८ | ५४७ | ४९४ | २६८ | ४३२ | ३९८ | ४४५ | ३३३२ |
| उद्योगधन्दा सञ्चालन | ४ | ४ | ४ | ० | २ | १ | ० | १५ |
| व्यापार व्यवसाय | ३१ | ४६ | ३९ | ५८ | २५ | ८ | २८ | २३५ |
| नोकरी | ९० | ८५ | ५२ | ७३ | ७६ | १० | ७७ | ४६३ |
| पेन्सन | २५ | १८ | ५५ | ३३ | १७ | १० | १० | १६८ |
| घर तथा जग्गाको भाडा | ३ | १ | ३ | १८ | ० | ३ | ० | २८ |
| सवारी साधन, मेसिन तथा उपकरणहरूको भाडा | १ | १ | २ | ३ | ० | १ | ४ | १२ |
| ब्याज तथा लाभांश | २ | १ | १ | ४ | ० | १ | ० | ९ |
| विप्रेषण (वैदेशिक) | १६७ | १६१ | २६५ | २४३ | १०६ | १२ | ९५ | १०४९ |
| विप्रेषण (आन्तरिक) | २९ | २ | १८ | ३१ | ५२ | २ | ६ | १३० |
| दैनिक ज्यालादारी | ७२ | १०६ | १३२ | ३०० | १३१ | ५८ | ७० | ८६९ |
| अन्य | २० | १ | १४ | ११ | १८३ | ३ | २ | २३४ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

आम्दानीका मुख्य श्रोतहरूमा गाउँपालिकामा रहेका कूल ४४९२ घरपरिवारहरूमध्ये ३३३२ घरपरिवारहरूको आम्दानीको श्रोत कृषि/पशुपालन/माछापालन/मौरीपालन रहेको छ भने दोस्रोमा विप्रेषण(वैदेशिक)बाट आम्दानी गर्ने १०४९, तेस्रोमा दैनिक ज्यालादारी बाट आम्दानी गर्ने ८६९, नोकरी बाट ४६३, व्यापार व्यवसायबाट २३५ घरपरिवारहरू रहेका छन् । जुन यो तथ्याङ्कले समेत ठूलो नाफा हुने र उत्पादनमूखी व्यवसायमा मानिसको संलग्नता अत्यन्त न्यून र परम्परागत कृषि र सामान्य व्यापार व्यवसायमा अधिक संलग्नता रहेको देखिन्छ । राम्रो लगानि गरी उच्च प्रतिफल प्राप्त गर्न सक्ने क्षेत्रहरूको पहिचान गरी व्यवसायीकतातर्फ युवा उद्यमीहरूलाई तालिम तथा अभिमुखिकरण गरी आकर्षित गर्नुपर्ने देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।





## ४.१.२ आफ्नो वार्षिक आम्दानीले परिवार धान्न पुग्ने समय अवधिका आधारमा परिवारको विवरण (सबै प्रकारको आम्दानी)

**तालिका नं.३२ :** आफ्नो वार्षिक आम्दानीले परिवार धान्न पुग्ने समय अवधिका आधारमा परिवारको विवरण

| वडा | ० - ३ महिना | ४ - ६ महिना | ७ - ९ महिना | १० - ११ महिना | १२ महिना | उल्लेख नभएको | जम्मा | औषत धान्न पुग्ने महिना |
|---|---|---|---|---|---|---|---|---|
| १ | १७५ | २९० | ४६ | ३ | ३३० | १ | ८४५ | ७.२९ |
| २ | १३४ | ३१९ | २७ | ४ | २७२ | २ | ७५८ | ७.४४ |
| ३ | ५७ | १७९ | ११९ | २३ | २६३ | ४ | ६४५ | ८.५३ |
| ४ | ५८ | ८५ | ५२ | २४ | ४०० | १ | ६२० | ९.८० |
| ५ | २४ | १८० | ५१ | १५ | २७१ | २ | ५४३ | ९.१८ |
| ६ | ७७ | १६१ | ५७ | ४० | ११३ | ५६ | ५०४ | ७.२२ |
| ७ | ४८ | १२२ | ३२ | २४ | ३४९ | २ | ५७७ | ९.५१ |
| जम्मा | ५७३ | १३३६ | ३८४ | १३३ | १९९८ | ६८ | ४४९२ | ८.३६ |
| प्रतिशत | १२.७६ | २९.७४ | ८.५५ | २.९६ | ४४.४८ | १.५१ | १००.०० | |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

यस गाउँपालिकामा रहेका कूल ४,४९२ घरपरिवारहरूमध्ये आफ्नै वार्षिक आम्दानीले बाह्र महिना धान्नेको संख्या १९९८ अर्थात ४४.४८ प्रतिशत देखिन्छ। त्यसैगरी १० देखि ११ महिनासम्म धान्न पुग्ने घरपरिवारको संख्या १३३ अर्थात २.९६ प्रतिशत, ७ देखि ९ महिनासम्म धान्न पुग्ने घरपरिवारको संख्या ३८४ अर्थात् ८.५५ प्रतिशत, ४ देखि ६ महिनासम्म धान्न पुग्नेको संख्या १३३६ अर्थात २९.७४ प्रतिशत र ० देखि ३ महिना मात्र धान्न पुग्नेको संख्या ५७३ अर्थात १२.७६ प्रतिशत रहेको छ। झण्डै आधा जनसंख्याले वार्षिकरुपमा गर्ने अत्यन्त न्यून आम्दानीले बाह्रै महिना दुःख गुजारा गरी खर्च धान्ने गरेको स्पष्ट हुन्छ। अर्कोतर्फ वार्षिक आम्दानीले वर्षभरी धान्न नसक्ने घरपरिवारहरू समेत रहेको तथ्याङ्कले यो अवस्थामा रहेको जनसंख्या चरम गरीबीको अवस्थामा रहेको पुष्टि हुन्छ। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था लागू भैसकेको र स्थानीय सरकारमा धेरै हक अधिकारहरू प्रत्याभूत भैसकेको र दिगो विकास लक्ष्यको लक्ष्य १ मै सबै प्रकारका गरिवीको अन्त्य गर्ने उल्लेख भएको अवस्थामा यस्ता गरीबीमा रहेको जनसंख्यालाई लोक कल्याणकारी राज्यको मूल मर्मअनुसार सवलीकरण र संरक्षण गर्नु आवश्यक देखिन्छ। वडागत पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ।





## ४.१.३ ऋणको आधारमा घरपरिवारको विवरण

तालिका नं.३३ : ऋण भएका घरपरिवारको विवरण

| वडा | ऋण लिएको घर परिवार | | ऋण नलिएको घरपरिवार | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ५०९ | ६०.२% | ३३६ | ३९.८% | ८४५ |
| २ | ४४६ | ५८.८% | ३१२ | ४१.२% | ७५८ |
| ३ | ३७५ | ५८.१% | २७० | ४१.९% | ६४५ |
| ४ | ३६० | ५८.१% | २६० | ४१.९% | ६२० |
| ५ | १५६ | २८.७% | ३८७ | ७१.३% | ५४३ |
| ६ | ३४ | ६.७% | ४७० | ९३.३% | ५०४ |
| ७ | २८२ | ४८.९% | २९५ | ५१.१% | ५७७ |
| जम्मा | २१६२ | ४८.१% | २३३० | ५१.९% | ४४९२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा रहेका कूल ४४९२ घरपरिवारहरूमध्ये विभिन्न वित्तीय संस्था, सहकारी वा अन्य तवरले आफ्ना विभिन्न आर्थिक क्रियाकलाप सञ्चालन गर्न वा व्यापार व्यवसायमा लगानी गर्न ऋण लिने घरपरिवारहरूको संख्या २१६२ अर्थात ४८.१ प्रतिशत र ऋण नलिने घरपरिवारहरूको संख्या २३३० अर्थात ५१.९ प्रतिशत रहेका छन् । ऋण लिनुका उद्देश्यहरूमध्ये अत्यावश्यक आवश्यकता परिपूर्ति गर्न ऋण लिनेको संख्या लगानी वा उत्पादनमूलक व्यवसाय गर्न ऋण लिनेको संख्याभन्दा बढी भएको अनुमान सजिलै लगाउन सकिन्छ ।




## ४.१.४ ऋण लिनुको कारणका आधारमा घरपरिवारहरूको विवरण (बहुउत्तरमा आधारित)


**तालिका नं.३४ :** ऋण लिनुको कारणका आधारमा घरपरिवारहरूको विवरण (बहुउत्तरमा आधारित)

| ऋण लिनुको कारण | वडा नं. | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| व्यापार/उद्योग व्यवसायको लागि | ३८ | ४९ | २० | ३१ | ११ | ० | २२ | १७१ |
| कृषि व्यवसायको लागि | २८ | ४७ | ३६ | ५३ | १२४ | ८ | ३५ | ३३१ |
| घर बनाउन/जग्गा जमिन किन्न | ६४ | १३८ | ७१ | १३८ | १५ | ४ | ३३ | ४६३ |
| जन्म/मृत्यु/विवाह/ब्रतबन्धको लागि | ७६ | ३८ | ३० | ७१ | ६ | १२ | १२ | २४५ |
| चाडपर्व मनाउन | १५६ | ३ | ४१ | १९ | २५ | १३ | २२ | २७९ |
| औषधी उपचारको लागि | २५२ | १२२ | २१४ | ९८ | १०९ | १९ | ८१ | ८९५ |
| शैक्षिक शुल्क तिर्न र शैक्षिक सामग्री किन्न | ९३ | ३४ | ९५ | ७३ | ७ | १५ | ५२ | ३६९ |
| घरायसी उपभोग गर्न | ३४४ | २४७ | ३०५ | १८३ | ८१ | १७ | १८५ | १३६२ |
| परिवारका सदस्यलाई विदेश पठाउन | १४८ | ९४ | ५७ | ७२ | १४ | ० | ५७ | ४४२ |
| अन्य प्रयोजनका लागि | १ | ३ | २० | २ | १२१ | १ | ० | १४८ |
| जम्मा ऋणी | ५०९ | ४४६ | ३७५ | ३६० | १५६ | ३४ | २८२ | २१६२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा ऋण लिनेहरूको प्रयोजन हेर्दा सबैभन्दा बढी घरायसी उपभोग गर्नको लागि ऋण लिने परिवारको संख्या १३६२, दोस्रोमा औषधी उपचारको लागि ऋण लिने परिवारको संख्या ८९५, तेस्रोमा घर बनाउन र जग्गा जमिन किन्नको लागि ऋण लिने परिवारको संख्या ४६३, चौथोमा परिवारका सदस्यलाई विदेश पठाउनको लागि ऋण लिनेको संख्या ४४२ परिवार रहेका छन्। व्यापार व्यवसाय, शिक्षा र उत्पादन प्रवर्द्धन गर्न निकै कम घरपरिवारले ऋण लिएको देखिन्छ। जसमध्ये १७१ व्यापार व्यवसायको लागि, ३६९ ले शैक्षिक शुल्क तिर्न तथा शैक्षिक सामाग्री किन्न ऋण लिएको देखिन्छ। तथ्याङ्कको विश्लेषण गर्दा दैनिक जीवन निर्वाह र सुरक्षाका आधारभूत मानवीय आवश्यकता पूर्ती गर्न जस्तै भवन निर्माण तथा घरायसी गर्जो टार्न

अधिकांश ऋण लिएको तथ्य स्पष्ट हुन्छ । नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने दायित्व राज्यको हुने संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले शिक्षा, स्वास्थ्य, खाद्यान्न जस्ता आवश्यकताहरूलाई मौलिक अधिकारको रुपमा स्थापित गरिसकेको सन्दर्भमा स्थानीय तथा संघीय सरकारले नागरिकका यी सवालहरूलाई सम्बोधन गर्नुपर्ने हुन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ४.१.५ ऋण लिएको श्रोतको आधारमा घरधुरीको विवरण


**तालिका नं.३५ :** ऋण लिएको श्रोतको आधारमा घरधुरीको विवरण

| वडा नं. | व्यक्तिबाट | बैंकबाट | सहकारीबाट | अन्य वित्तीय संस्था | अन्य श्रोत | जम्मा ऋणी |
|---|---|---|---|---|---|---|
| १ | ४२७ | ४३ | ११० | ४२ | ० | ५०९ |
| २ | ३९७ | ३४ | ४२ | २७ | ० | ४४६ |
| ३ | ३०५ | २५ | ७९ | ९४ | २ | ३७५ |
| ४ | ३४१ | ३० | २७ | ३५ | ० | ३६० |
| ५ | १३० | १२ | २७ | १८ | ७ | १५६ |
| ६ | १७ | १ | ५ | १३ | ० | ३४ |
| ७ | १९८ | ३९ | ८३ | १६ | १ | २८२ |
| जम्मा | १८१५ | १८४ | ३७३ | २४५ | १० | २१६२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा ऋण लिएका कूल घरपरिवारमध्ये सबैभन्दा धेरै १८१५ परिवारले व्यक्तिबाट ऋण लिएको, ३७३ परिवारले सहकारी संस्थाबाट ऋण लिएको, १८४ परिवारले बैंकबाट ऋण लिएको र २४५ परिवारले अन्य वित्तिय संस्थाबाट ऋण लिएको तथ्याङ्क छ । गाउँपालिकामा कतिपय परिवारले एकभन्दा बढी स्रोतबाट ऋण लिएको देखिन्छ । सबैभन्दा धेरै घरपरिवारले व्यक्तिबाट ऋण लिएको यथार्थले के स्पष्ट गर्दछ भने नागरिकहरूको बैङ्क तथा ठूला वित्तिय संस्थाको पहुँच कमी रहेको हो कि भन्ने बुझाउँछ तर पछिल्लो समयमा सहकारी तथा वित्तिय संस्थाहरूबाट ऋण लिने प्रवृत्ति विगतको भन्दा बढी रहेको देखिन्छ । अर्कोतर्फ बैङ्कबाट कर्जा लिँदा धितो तथा अन्य प्रशासनिक झन्झट हुने भएकोले चर्को व्याजको मारमा परेतापनि विना धितो व्यक्तिसँग ऋण लिन सहज हुने भएकोले साधारणतया मानिसहरू यसतर्फ बढी आर्कषित देखिन्छन् । यसले

थप आर्थिक भार पर्न गई नागरिकलाई गरीबीमा धकेल्न बाध्य पार्दछ । हाल राष्ट्र बैङ्कले हरेक स्थानीय सरकार रहेको गाउँपालिकामा एक बैङ्क शाखा खोल्न गरेको निर्देशनले बैङ्कहरूमा ग्रामीण सर्वसाधारणको पहुँच वृद्धिहुने अपेक्षागर्न सकिन्छ । वडागत पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ४.२ विप्रेषणबाट आएको रकम खर्च गर्ने क्षेत्र सम्बन्धी विवरण

गाउँपालिकामा अनुपस्थित रहेर आन्तरिक वा बाह्य (वैदेशिक) विप्रेषण प्राप्त गर्नेहरूको परिवारमा तपाईले विप्रेषणबाट प्राप्त रकमलाई खर्च गर्नुपर्दा कुन क्षेत्रलाई सबैभन्दा पहिलो प्राथमिकता दिनुभएको छ भनेर सोधिएकोमा ४७.६ प्रतिशत घरपरिवारले शिक्षामा खर्च गर्ने र दोस्रोमा १७.६ प्रतिशतले ऋण तिर्न र तेस्रोमा १४.९ प्रतिशतले घरायसी उपभोगमा खर्च हुने गरेको बताएका छन् । दोस्रो प्राथमिकता बारे सोधिएको प्रश्नमा ४६.२ प्रतिशतले स्वास्थ्य उपचारमा, २४.२ प्रतिशतले घरायसी उपभोगमा र १३.२ प्रतिशतले शिक्षामा खर्च गरेको पाइयो । त्यसैगरी तेस्रो प्राथमिकता बारे सोधिएको प्रश्नमा ४४.७ प्रतिशतले घरायसी उपभोगमा, १५.१ प्रतिशतले स्वास्थ्य उपचारमा र १२.७ प्रतिशतले ऋण तिरेको खर्चमा प्राथमिकता केन्द्रित गरेको पाइयो ।

यसरी समय र श्रम खर्चेर पठाएको रकम निरन्तर आधारभूत आवश्यकता परिपूर्तिमा मात्र खर्चनु पर्दा अन्य उत्पादनशील क्षेत्रमा लगानी गर्ने विषय ओझेलमा पर्ने र जीवनस्तर सुधारमा प्रगति नहुने संकेत देखिन्छ । यसरी पहिलो, दोस्रो र तेस्रो प्राथमिकतालाई हेर्दा उत्पादनशिल क्षेत्रमा नभई साधारण र अत्यावश्यक जीवन निर्वाहका क्षेत्रमा मात्र विप्रेषणको अत्यधिक रकम खर्च हुने गरेको पाइन्छ । यसरी राज्यले विप्रेषणलाई उत्पादनशिल लगानीका क्षेत्रहरू जस्तै कृषि, उद्योग, पर्यटन, उर्जा जस्ता क्षेत्रमा केन्द्रित गर्ने ठोस कार्ययोजना निर्माण नगरेमा युवाहरूको बहुमूल्य श्रमशक्तिको उचित सदुपयोग हुन नसक्ने र समाज थप विपन्नतातर्फ धकेलिने वा यथास्थितिमै रहने अवस्था देखिन्छ। यसरी पहिलो, दोस्रो र तेस्रो प्राथमिकतालाई हेर्दा उत्पादनशिल क्षेत्रमा नभई साधारण र अत्यावश्यक जीवन निर्वाहका क्षेत्रमा मात्र विप्रेषणको अत्याधिक रकम खर्च हुने गरेको पाइन्छ । यो एक बाध्यात्मक अवस्था हो । किनकि आधारभूत आवश्यकता पूर्ती पहिलो आवश्यकता हो । यसरी राज्यले विप्रेषणलाई उत्पादनशिल लगानीका क्षेत्रहरू जस्तै कृषि, उद्योग, पर्यटन, उर्जा जस्ता क्षेत्रमा केन्द्रित गर्ने ठोस कार्ययोजना निर्माण नगरेमा युवाहरूको बहुमूल्य श्रमशक्तिको उचित सदुपयोग हुन नसक्ने र समाज यथास्थितिमै रहने अवस्था देखिन्छ । थप विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ । विप्रेषणबाट आएको रकम खर्च हुने पहिलो, दोस्रो र तेस्रो प्राथमिकताको क्षेत्र सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.३६ : विप्रेशणबाट आएको रकम खर्च हुने स्थान सम्बन्धि विवरण**

| | विवरण | वडा न.. | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| विप्रेषण खर्च भएको पहिलो क्षेत्र | शिक्षामा खर्च गरेको | १७१ | १६० | १७१ | ४९ | ८५ | २४ | ७९ | ७३९ | ४७.६% |
| | ऋण तिरेको | ६८ | ४२ | २० | १०३ | २ | ३ | ३५ | २७३ | १७.६% |
| | घरायसी उपभोग | २६ | ४३ | ४५ | ६७ | ८ | १२ | ३० | २३१ | १४.९% |
| | स्वास्थ्य उपचारमा खर्च | ४० | ३७ | ६७ | १५ | ७ | १० | ५३ | २२९ | १४.८% |
| | घर बनाएको | ४ | ३ | ४ | ७ | २ | ० | ० | २० | १.३% |
| | विवाह/ब्रतबन्ध/चाडबाड मनाएको | ३ | २ | ४ | २ | ० | ० | २ | १३ | ०.८% |
| | जग्गा किनेको | २ | २ | ५ | २ | ० | ० | १ | १२ | ०.८% |
| | बचत गरेको | १ | ० | ० | २ | ० | ० | ८ | ११ | ०.७% |
| | वस्तुभाउ खरिद गरेको | ३ | ० | १ | ३ | ० | ० | ० | ७ | ०.५% |
| | अन्य | ० | १ | २ | ० | ० | १ | १ | ५ | ०.३% |
| | व्यापार/व्यवसायमा लगानी गरेको | ० | १ | १ | १ | १ | ० | १ | ५ | ०.३% |
| | अरूलाई ऋण दिएको | १ | ० | १ | २ | ० | ० | १ | ५ | ०.३% |
| | गरगहना खरिद गरेको | ० | ० | १ | ० | ० | ० | ० | १ | ०.१% |
| | जम्मा | ३१९ | २९१ | ३२२ | २५३ | १०५ | ५० | २११ | १५५१ | १००.०% |
| विप्रेषण खर्च भएको दोश्रो क्षेत्र | स्वास्थ्य उपचारमा खर्च | १६९ | १३५ | १६६ | ५६ | ८२ | १९ | ८५ | ७१२ | ४६.२% |
| | घरायसी उपभोग | ७९ | ६५ | ९३ | ५७ | १२ | १३ | ५४ | ३७३ | २४.२% |
| | शिक्षामा खर्च गरेको | ३९ | ३५ | २७ | ४६ | ९ | ५ | ४३ | २०४ | १३.२% |
| | ऋण तिरेको | १७ | २१ | ८ | ३५ | १ | २ | १७ | १०१ | ६.६% |
| | खर्च गरेर सकिएको | १ | २२ | १ | ३५ | ० | ६ | ० | ६५ | ४.२% |
| | विवाह/ब्रतबन्ध/चाडबाड मनाएको | ४ | ७ | १६ | ३ | ० | १ | ० | ३१ | २.०% |
| | घर बनाएको | २ | २ | ४ | ५ | ० | १ | ० | १४ | ०.९% |
| | वस्तुभाउ खरिद गरेको | ७ | ० | ० | ३ | ० | ० | ० | १० | ०.६% |
| | जग्गा किनेको | ० | २ | ४ | ३ | ० | १ | ० | १० | ०.६% |
| | बचत गरेको | ० | ० | २ | ३ | १ | ० | २ | ८ | ०.५% |
| | अन्य | ० | ० | १ | ० | ० | १ | २ | ४ | ०.३% |
| | अरूलाई ऋण दिएको | ० | ० | ० | २ | ० | १ | ० | ३ | ०.२% |
| | व्यापार/व्यवसायमा लगानी गरेको | ० | १ | ० | १ | ० | ० | ० | २ | ०.१% |
| | गरगहना खरिद गरेको | ० | १ | ० | १ | ० | ० | ० | २ | ०.१% |
| | थाहा छैन | ० | ० | ० | १ | ० | ० | ० | १ | ०.१% |
| | जम्मा | ३१८ | २९१ | ३२२ | २५१ | १०५ | ५० | २०३ | १५४० | १००.०% |
| विप्रेषण खर्च भएको तेश्रो क्षेत्र | शिक्षामा खर्च गरेको | ९ | १० | ११ | ४३ | ४ | ३ | १८ | ९८ | ६.६% |
| | स्वास्थ्य उपचारमा खर्च | ५७ | २३ | ३९ | ४५ | ११ | ६ | ४१ | २२२ | १५.१% |
| | घरायसी उपभोग | १७९ | १२८ | १५२ | ४३ | ७३ | १५ | ७० | ६६० | ४४.७% |
| | विवाह/ब्रतबन्ध/चाडबाड मनाएको | २१ | १४ | ३८ | ६ | १ | २ | ११ | ९३ | ६.३% |

| विवरण | | वडा न.. | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| | ऋण तिरेको | ३० | ४६ | ३६ | १४ | ९ | १० | ४२ | १८७ | १२.७% |
| | अरूलाई ऋण दिएको | ३ | ४ | ८ | २ | २ | ० | १ | २० | १.४% |
| | बचत गरेको | २ | २ | ७ | ५ | ३ | ० | १० | २९ | २.०% |
| | घर बनाएको | ३ | १० | ६ | ८ | १ | ० | २ | ३० | २.०% |
| | जग्गा किनेको | ० | ३ | २ | ४ | १ | ० | ० | १० | .७% |
| | गरगहना खरिद गरेको | १ | ० | २ | ० | ० | ० | ० | ३ | .२% |
| | वस्तुभाउ खरिद गरेको | १२ | ० | १० | १ | ० | ० | १ | २४ | १.६% |
| | व्यापार/व्यवसायमा लगानी गरेको | ० | २ | ० | १ | ० | ० | ० | ३ | .२% |
| | अन्य | ० | ० | ७ | ० | ० | १ | ७ | १५ | १.०% |
| | खर्च गरेर सकिएको | ० | २६ | १ | ४४ | ० | ७ | ० | ७८ | ५.३% |
| | थाहा छैन | ० | १ | २ | ० | ० | ० | ० | ३ | .२% |
| | जम्मा | ३१७ | २६९ | ३२१ | २१६ | १०५ | ४४ | २०३ | १४७५ | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

## ४.३ परिवारको औषत आम्दानीको विवरण

गाउँपालिका वा गाउँपालिका बाहिरबाट हुने विभिन्न आम्दानीका श्रोतहरूबाट प्राप्त आम्दानी रकमलाई सो आम्दानीको श्रोतमा संलग्न घरपरिवारको संख्याले भाग गर्दा आउने औषत वार्षिक रकमको आधारमा गाउँपालिकामा भइरहेका प्रमुख आर्थिक गतिविधिहरूको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । तथ्याङ्क हेर्दा सबैभन्दा धेरै अर्थात १२६२ घरपरिवारले आफ्नो आम्दानी वैदेशिक विप्रेषणबाट वार्षिक आम्दानी भएको बताएका छन् भने दोस्रोमा १२१३ घरपरिवारले दैनिक ज्यालादारीबाट र तेस्रोमा ६०१ घरपरिवारले नोकरीबाट आम्दानी गर्ने गरेको बताएका छन् । त्यस पश्चात् चौथो, र पाँचौमा क्रमश : अन्यबाट र आन्तरिक विप्रेषणबाट भएको आम्दानीहरू पर्दछन् । यसबाट के स्पष्ट हुन्छ भने उद्योग र बढी आम्दानी हुने खालका उत्पादनशील क्षेत्रमा संलग्न परिवारहरूको संख्या न्यून छ भने सेवा र व्यापार व्यवसायमा संलग्न परिवारहरूको संख्या उच्च रहेको छ । दीर्घकालीन विकास र सम्वृद्धिका हिसाबले कमाइको लागि आफ्नो स्थान छाडेर बाहिरिने युवा जनसंख्याको अनुपस्थितिले स्थानीय स्तरमा विकास असम्भव प्राय: हुन्छ । जल्दो बल्दो उमेरको उत्पादनशील जनशक्ति उर्जावान समयमा बाहिरिने र शिथिल हुँदा फर्किने वा पलायन हुने परिस्थिति श्रृजना हुँदा विकास निर्माण कार्य अपेक्षाकृत अगाडि बढ्न सक्दैन ।

अर्कोतर्फ ज्यालादारी कामबाट आम्दानी गर्ने परिवारको संख्या उच्च हुनुले निम्न आयस्तर भएका परिवारहरूको संख्या धेरै रहेको संकेत मिल्दछ । वार्षिक औषत आम्दानी मध्ये सबै भन्दा उच्च अर्थात नोकरीबाट मासिक आम्दानी प्राप्त आम्दानीलाई रु २७४९३७.७७ ।- लाई मासिक आम्दानीमा परिणत गर्दा रु २२९११.४ ।- हुन आउँछ । यस बाहेक अन्य सबै क्षेत्रबाट प्राप्त औषत आम्दानी तुलनात्मकरुपमा कम रहेको देखिन्छ । गाउँपालिका सम्पन्न हुन उत्पादनमुखी रोजगारी तर्फ जनतालाई उन्मुख बनाउनु जरुरी हुन्छ । तसर्थ गाउँपालिकाले रोजगारीका अवसरहरू श्रृजना गरी युवाहरूलाई उत्पानशील क्षेत्रमा आकर्षण गर्दै दिगो विकासको अवधारण अनुरुप कार्ययोजना बनाई अगाडि बढ्नुपर्ने देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.३७ :** वार्षिक आम्दानीको विवरण

| आम्दानीका श्रोत | | वडा नं. | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| उद्योग सञ्चालनबाट वार्षिक आम्दानी | परिवार संख्या | १२ | १७ | ४८ | ३ | ७ | ५ | ११ | १०३ |
| | जम्मा आम्दानी | २२८0000.00 | १८३६000.00 | ३०८४000.00 | ५४0000.00 | ११२८000.00 | ३८४000.00 | १९२0000.00 | १११७२000.00 |
| | औषत आम्दानी | १९0000.00 | १०८000.00 | ६४२५0.00 | १८0000.00 | १६११४२.८६ | ७६८00.00 | १७४५४५.४५ | १०८४६६.०२ |
| व्यापार व्यवसायबाट मासिक आम्दानी | परिवार संख्या | ३५ | ५३ | ७० | ६० | २९ | २० | ३३ | ३०० |
| | जम्मा आम्दानी | ४५७२000.00 | १६७७६000.00 | ७२२४000.00 | १५९१२000.00 | ७३८0000.00 | २३७६000.00 | ६५८८000.00 | ६०८२८000.00 |
| | औषत आम्दानी | १३०६२८.५७ | ३१६५२८.३० | १०३२00.00 | २६५२00.00 | २५४४८२.७६ | ११८८00.00 | १९९६३६.३६ | २०२७६0.00 |
| नोकरीबाट मासिक आम्दानी | परिवार संख्या | १०५ | १४० | ६८ | ७६ | ८२ | २० | ११० | ६०१ |
| | जम्मा आम्दानी | ३९२०५२00.00 | ३४९६८000.00 | १३७३५२00.00 | ३१५९६000.00 | २४७६३२00.00 | ३७९५६00.00 | १७१७४४00.00 | १६५२३७६00.00 |
| | औषत आम्दानी | ३७३३८२.८६ | २४९७७१.४३ | २०१९८८.२४ | ४१५७३६.८४ | ३०१९९०.२४ | १८९७८0.00 | १५६१३०.९१ | २७४९३७.७७ |
| पेन्सनबाट मासिक आम्दानी | परिवार संख्या | २९ | २९ | ६५ | ३६ | २३ | १२ | १५ | २०९ |
| | जम्मा आम्दानी | ८३१६000.00 | ५७२८८00.00 | ७८४२000.00 | ५१२८८00.00 | ७५३४८00.00 | २७४२000.00 | १९८९६000.00 | ५७१८८४00.00 |
| | औषत आम्दानी | २८६७५८.६२ | १९७५४४.८३ | १२०६४६.१५ | १४२४६६.६७ | ३२७६00.00 | २२८५00.00 | १३२६४00.00 | २७३६२८.७१ |
| घर तथा जग्गा भाडाबाट वार्षिक आम्दानी | परिवार संख्या | ५ | २ | ७ | २२ | ४ | ३ | १ | ४४ |
| | जम्मा आम्दानी | १४४000.00 | २१६000.00 | १६८000.00 | ९२६४00.00 | २०६४00.00 | १०८000.00 | ६0000.00 | १८२८८00.00 |
| | औषत आम्दानी | २८८00.00 | १०८000.00 | २४000.00 | ४२१०९.०९ | ५१६00.00 | ३६000.00 | ६0000.00 | ४१५६३.६४ |
| सवारी, मेसिन तथा उपकरणको भाडाबाट वार्षिक आम्दानी | परिवार संख्या | १ | १ | ३ | ३ | ४ | १ | ४ | १७ |
| | जम्मा आम्दानी | ६00000.00 | २४0000.00 | ५४0000.00 | ५०४000.00 | १०४४00.00 | १२0000.00 | ४२0000.00 | २५२८४00.00 |
| | औषत आम्दानी | ६00000.00 | २४0000.00 | १८0000.00 | १६८000.00 | २६१00.00 | १२0000.00 | १०५000.00 | १४८७२९.४१ |
| व्याज तथा लाभांशबाट | परिवार संख्या | ५ | ४ | ७ | ७ | ३ | २ | २ | ३० |
| | जम्मा आम्दानी | २७९८४00.00 | ४३२000.00 | ३९0000.00 | १६२0000.00 | ३०६000.00 | ६६000.00 | १८६000.00 | ५७९८४00.00 |

| आम्दानीका श्रोत | | वडा नं. | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| वार्षिक आम्दानी | औषत आम्दानी | ५५९६८०.०० | १०८०००.०० | ५५७१४.२९ | २३१४२८.५७ | १०२०००.०० | ३३०००.०० | ९३०००.०० | १९३२८०.०० |
| वैदेशिक विप्रेषणबाट वार्षिक आम्दानी | परिवार संख्या | २२२ | २०४ | २९२ | २५३ | ११४ | १६ | १६१ | १२६२ |
| | जम्मा आम्दानी | ४१३२४५०० | २२५८२५०० | ५४२१३१०० | ५०१२८००० | १६२४४३०० | ५८५००० | १८३३२००० | २०३४०९४०० |
| | औषत आम्दानी | १८६१४६ | ११०६९९ | १८५६६१ | १९८१३४ | १४२४९४ | ३६५६३ | ११३८६३ | १६११८० |
| आन्तरिक विप्रेषणबाट वार्षिक आम्दानी | परिवार संख्या | ४३ | ४९ | ७० | १०० | ८५ | ३० | ९० | ४६७ |
| | जम्मा आम्दानी | २८४९००० | २८८२००० | १५८६३०० | २१२३३०० | ५८६८००० | ५३०५०० | १७९४००० | १७६३३१०० |
| | औषत आम्दानी | ६६२५६ | ५८८१६ | २२६६१ | २१२३३ | ६९०३५ | १७६८३ | १९९३३ | ३७७५८ |
| दैनिक ज्यालादारीबाट वार्षिक आम्दानी | परिवार संख्या | १०१ | १६१ | १८५ | ३३५ | १५६ | ११३ | १६२ | १२१३ |
| | जम्मा आम्दानी | १८६४३२००.०० | १६१२८०००.०० | १५६६००००.०० | २९२४८८००.०० | ८३०७६००.०० | ५२३५६००.०० | १३१९६४००.०० | १०६४१९६००.०० |
| | औषत आम्दानी | १८४५८६.१४ | १००१७३.९१ | ८४६४८.६५ | ८७३०९.८५ | ५३२५३.८५ | ४६३३२.७४ | ८१४५९.२६ | ८७७३२.५६ |
| अन्य वार्षिक आम्दानी | परिवार संख्या | ९ | ६४ | १८ | १०८ | १४७ | २१ | १०६ | ४७३ |
| | जम्मा आम्दानी | ४०९२०००.०० | ४६८६०००.०० | ४४१६००.०० | ४८८४०००.०० | ३०९३८४००.०० | १६६२०००.०० | ८६५५६००.०० | ५५३५९६००.०० |
| | औषत आम्दानी | ४५४६६६.६७ | ७३२१८.७५ | २४५३३.३३ | ४५२२२.२२ | २१०४६५.३१ | ७९१४२.८६ | ८१६५६.६० | ११७०३९.३२ |

*स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*

## ४.४ परिवारको औषत खर्चको विवरण (खर्चका मुख्य शीर्षकहरू)

गाउँपालिकामा घरपरिवारले वार्षिकरुपमा गर्ने खर्चका प्रमुख शीर्षकहरू मध्ये औसतरुपमा सबैभन्दा बढी खाद्य वस्तुमा भएको खर्च उच्च रहेको छ । तत्पश्चात दोस्रोमा शिक्षामा खर्च, तेस्रोमा स्वास्थ्यमा र चौथोमा अन्य खर्च गरेको पाइन्छ । खाद्य वस्तुमा खर्च पछि शिक्षा क्षेत्रमा गरेको खर्च समेत प्रमुख तीन खर्च मध्येमा पर्दछ । यसरी तथ्याङ्कको विश्लेषण गर्दा कल्याणकारी राज्यको अवधारणा अनुरुप संघीय संविधानले आधारभूत मौलिक हकको रुपमा स्थापित गरेका खाद्य संम्प्रभुता, निःशुल्क आधारभूत शिक्षा र स्वास्थ्यमा सबैको पहुँच जस्ता हकहरूको सुनिश्चितता गर्न समग्र राज्य तथा स्थानीय सरकारले यी क्षेत्रहरूलाई उच्च प्राथमिकतामा राखी काम गर्नुपर्ने देखिन्छ । यी हकहरूको सुनिश्चितता राज्य पक्षबाट हुन सकेमा अधिकांश गाउँपालिकावासीहरूलाई गरिबीको रेखामुनिबाट माथि उठाउन सकिन्छ । राज्यको दायित्वमा पर्ने क्षेत्रहरूमा साधारण नागरिकहरूले ठूलो रकम खर्च गर्नुपर्ने अवस्था हुनु सकारात्मक होइन । यस गाउँपालिकाका घरपरिवारले गर्ने गरेको खर्चको विस्तृत वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं.३८ : वार्षिक औषत खर्चका आधारमा परिवारको विवरण

| खर्च शीर्षक | | वडा नं. | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| खाद्य वस्तुमा खर्च | परिवार संख्या | ८३३ | ७५८ | ६४१ | ६१७ | ५२० | ५०० | ५७६ | ४४४५ |
| | जम्मा खर्च | ७६०२८४००.०० | ६६३१३२००.०० | ४३८७५६००.०० | ४२३७८०००.०० | ३८४३१२००.०० | ४६०७२८००.०० | ७४६६८८००.०० | ३८७७६८०००.०० |
| | औषत खर्च | ९१२७०.५९ | ८७४८४.४३ | ६८४४८.६७ | ६८६८३.९५ | ७३९०६.१५ | ९२१४५.६० | १२९६३३.३३ | ८७२३६.९० |
| फलफूल, दुध, दही, घ्यूमा खर्च | परिवार संख्या | ६६२ | ६९६ | ४१८ | ३९१ | १२२ | ११६ | १६९ | २५७४ |
| | जम्मा खर्च | १६९५००००.०० | १५५०८८००.०० | ६३०७२००.०० | १०६६२०००.०० | २८०८०००.०० | ३०८१६००.०० | ४६७७६००.०० | ५९९९५२००.०० |
| | औषत खर्च | २५६०४.२३ | २२२८२.७६ | १५०८९.०० | २७२६८.५४ | २३०१६.३९ | २६५६५.५२ | २७६७८.११ | २३३०८.१६ |
| माछा, मासु, अण्डामा खर्च | परिवार संख्या | ७९९ | ७५१ | ६०२ | ६०२ | ३८५ | ४६० | ५५३ | ४१५२ |
| | जम्मा खर्च | २४८२५६००.०० | २८९६९२००.०० | १७८४०४००.०० | २००९०४००.०० | १३७४८४००.०० | १४१७२०००.०० | २०८९४४००.०० | १४०५४०४००.०० |
| | औषत खर्च | ३१०७०.८४ | ३८५७४.१७ | २९६३५.२२ | ३३३७२.७६ | ३५७१०.१३ | ३०८०८.७० | ३७७८३.७३ | ३३८४८.८४ |
| शिक्षामा खर्च | परिवार संख्या | ३४० | ५६३ | ३४९ | ४७२ | २७१ | ३१४ | ३९२ | २७०१ |
| | जम्मा खर्च | २८२३६०००.०० | ३१६४८८००.०० | १४५४६४००.०० | ३१४४२४००.०० | ३६०९७२००.०० | ३५८८६०००.०० | ४४११९२००.०० | २२१९७६०००.०० |
| | औषत खर्च | ८३०४७.०६ | ५६२१४.५६ | ४१६८०.२३ | ६६६१५.२५ | १३३२००.०० | ११४२८६.६२ | ११२५४८.९८ | ८२१८२.९० |
| स्वास्थ्यको लागि खर्च | परिवार संख्या | ४६८ | ६२३ | ५१४ | ४२१ | ३७४ | ४४० | ५५७ | ३३९७ |
| | जम्मा खर्च | ५३९८८०००.०० | ३६०६७२००.०० | १५३६९६००.०० | २५७७६०००.०० | १७६२४४००.०० | ५८४१३६००.०० | ६३४९६८००.०० | २७०७३५६००.०० |
| | औषत खर्च | ११५३५८.९७ | ५७८९२.७८ | २९९०१.९५ | ६१२२५.६५ | ४७१२४.०६ | १३२७५८.१८ | ११३९९७.८५ | ७९६९८.४४ |
| चाडपर्व, सामाजिक संस्कारमा खर्च | परिवार संख्या | ४७८ | ५७० | ३८३ | १९१ | ३७२ | ४५८ | ५६१ | ३०१३ |
| | जम्मा खर्च | १९१७३६००.०० | २२९०४४००.०० | १२१२८४००.०० | २२०४५२००.०० | २४२६१६००.०० | २७१३८०००.०० | ५३३३२८००.०० | १८०९८४०००.०० |
| | औषत खर्च | ४०११२.१३ | ४०१८३.१६ | ३१६६६.८४ | ११५४१९.९० | ६५२१९.३५ | ५९२५३.२८ | ९५०६७.३८ | ६००६७.७१ |
| लत्ताकपडा, जुत्ता, चप्पल आदिमा खर्च | परिवार संख्या | ८०६ | ७५३ | ६१७ | ६१७ | ४०१ | ४९३ | ५६९ | ४२५६ |
| | जम्मा खर्च | १४८८१२००.०० | १०२०५४००.०० | १०२०७६००.०० | ९८०४०००.०० | १३५६२८००.०० | १७४६९८००.०० | ११७४०६००.०० | ८७८७१४००.०० |
| | औषत खर्च | १८४६३.०३ | १३५५२.९९ | १६५४३.९२ | १५८८९.७९ | ३३८२२.४४ | ३५४३५.७० | २०६३३.७४ | २०६४६.४८ |
| | परिवार संख्या | १०० | ५३८ | २३३ | २५२ | ३४ | १३८ | ७७ | १३७२ |

| खर्च शीर्षक | | वडा नं. | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| विगत ६ महिनमा सामान्य घरायसी मर्मत सम्भार खर्च | जम्मा खर्च | २३८६००० | २२७२८०० | २२९७२०० | ५४७४३०० | २४०५०० | १४९२३०० | २०३७००० | १६२००१०० |
| | औषत खर्च | २३८६० | ४२२५ | ९८५९ | २१७२३ | ७०७४ | १०८१४ | २६४५५ | ११८०८ |
| विगत १ वर्षमा कृषिमा भएको खर्च | परिवार संख्या | ५४३ | ५८५ | ४१२ | ४७२ | २३७ | ३१३ | ५१७ | ३०७९ |
| | जम्मा खर्च | ५१६३५०० | १२६५७०० | २७१३५०० | ६३२१९०० | ३०८८८०० | २४०७९०० | २६३११०० | २३५९२४०० |
| | औषत खर्च | ९५०९ | २१६४ | ६५८६ | १३३९४ | १३०३३ | ७६९३ | ५०८९ | ७६६२ |
| अन्य खर्च | परिवार संख्या | ५२३ | ५९० | ३२३ | ३६५ | ३६९ | ३५१ | ३४८ | २८६९ |
| | जम्मा खर्च | ३३६५७६००.०० | १९१३०४००.०० | ८८००८००.०० | १५९०६०००.०० | ५५८३००००.०० | २१९१४४००.०० | ५५१९२८००.०० | २१०४३२०००.०० |
| | औषत खर्च | ६४३५४.८८ | ३२४२४.४१ | २७२४७.०६ | ४३५७८.०८ | १५१३००.८१ | ६२४३४.१९ | १५८६००.०० | ७३३४६.८१ |

*स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*

## ४.५ गरिवीको रेखामुनी रहेको जनसंख्याको विवरण (दैनिक प्रतिव्यक्ति आम्दानीका आधारमा)

विश्व बैङ्कको सहयोगमा केन्द्रिय तथ्याङ्क विभागले तयार पारेको 'नेपालमा गरिबी : नेपाल जीवनस्तर सर्वेक्षण तेस्रो २०६६/६७' नाम दिएर प्रकाशन गरिएको प्रतिवेदनमा नेपालमा सालाखाला गरिबीको रेखामुनि रहेको जनसंख्या २५ प्रतिशत रहेको उल्लेख छ। त्यस पश्चात थप प्रतिवेदन तयार भएको छैन भने हाल त्यो प्रतिशत घटेको अनुमान लगाउन सकिन्छ। उक्त प्रतिवेदनमा औषतमा प्रतिव्यक्ति प्रतिवर्ष रु. १९,२६१।- रुपैयालाई गरिबीको रेखा मानिएको छ। भने त्यो शहरी क्षेत्रमा बढी अर्थात् ४०,९३३ र ग्रामीण क्षेत्रमा १५, ९९८ रहेको उल्लेख छ।

## ४.६ खाद्यान्न सुरक्षा तथा आपूर्तिको अवस्था

मौलिक हक अन्तर्गत नेपालको संविधानको धारा ३६ मा खाद्य सम्बन्धी हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा २ मा प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ। माथि उल्लेख गरिएको छ भने उपधारा ३ मा प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य संम्प्रभुताको हक हुनेछ भनी स्पष्ट उल्लेख छ। यसरी गाउँपालिकाले जीवनको प्रमुख आधारको रुपमा रहेको खाद्यान्नको सूरक्षा र आपुर्तिको अवस्था प्रति संवेदनशील हुनुपर्ने देखिन्छ।

## ४.७ आयात तथा निर्यातको अवस्था

कुनै पनि गाउँपालिका आर्थिकरुपले सबल हुनका लागि आयात भन्दा निर्यात बढी हुनु अनिवार्य छ। आयात भन्दा निर्यातको आयतन ठुलो हुँदा यसले व्यापार नाफा वृद्धि भई आर्थिक स्तर माथि उठ्न मद्दत गर्दछ। गाउँपालिका भित्र उत्पादन हुने उपजहरूलाई प्रर्वद्धन गरी स्थानीय स्तरमा उत्पादन हुने उपजमा आत्मनिर्भर भई निर्यात बढाउन सकेमात्र गाउँपालिकाको आर्थिक हैसियत वृद्धि हुन सक्छ।

## ४.८ स्थानीय श्रोतमा आधारित कच्चा पदार्थहरू जस्तै काठ, खोटो, जडिबुटी, लोक्ता, अल्लो, चुनढुङ्गा, मार्वल स्लेट, फलफूल, खाद्यान्न आदि)

स्थानीय श्रोतमा आधारित कच्चा पदार्थको प्रचुरताका हिसाबले नेपाल सम्पन्न रहेतापनि यसको दिगो सदुपयोगमा भने निकै पछाडि परेको यर्थाथ हामी सामु छ। हामी कहाँ उपलब्ध श्रोतहरूमा काठ, जडिबुटी, खोटो, लोक्ता, अल्लो, चुनढुङ्गा, मार्बल, स्लेट, फलफूल, कोइला, खाद्यान्न, तरकारी आदि पर्दछन् । यस प्रकारका कच्चा पदार्थहरूको व्यवसायिक उत्पादन र दिगो सदुपयोग गर्दा गाउँपालिकाको अर्थतन्त्रमा प्रत्यक्ष सकारात्मक योगदान पुग्दछ।

## ४.९ सुकुम्बासी जनसंख्याको विवरण

नेपालमा परिवारको जमिन माथिको स्वामित्वको विषयलाई आर्थिक हैसियतसँग गाँसेर हेरिन्छ। नेपालको अर्थतन्त्र कृषिमा आधारित हुँदा जमिन माथिको स्वामित्वलाई आर्थिक हैसियतसँग गाँसेर हेर्नु स्वाभाविक भएतापनि पछिल्लो समयमा वैदेशिक रोजगार लगायत अन्य सेवा क्षेत्रमा मानिसहरूको पहुँच वृद्धि हुँदा गैह्र कृषि क्षेत्रबाट आफ्नो आर्थिक हैसियत निर्माण गर्ने परिपाटी सुरु भएको पाईन्छ। अर्कोतर्फ जमिनमाथिको स्वामित्वलाई आफ्नो थातथलो वा आवासको स्थलकारुपमा समेत हेरिन्छ । यसर्थ हरेक नागरिकको जमिनमाथिको स्वामित्वलाई सदियौंदेखि एक प्रमुख आर्थिक सामाजिक तथा राजनैतिक मुद्दाकोरुपमा हेरिँदै आएको छ। त्यस्तै नेपालमा जमिनको वितरण अवैज्ञानिक रहेको। भूमिहीनहरू किसान छन् भने भूमिमा प्रशस्त स्वामित्व भएकाहरूले सामान्यतया खेतिपानी गर्दैनन् वा केहीले मात्र गर्दछन्। सामुदायिक आत्मनिर्भर केन्द्र (CSRC) को वेबसाइटमा उल्लेख भए अनुसार नेपालमा २६.१ प्रतिशत कृषक परिवारहरूको आफ्नो स्वामित्व रहेको जमिन छैन। जम्मा १९.७१ प्रतिशत महिलाहरूको जमिनमा स्वामित्व रहेको छ र करिब ४४ प्रतिशत तराई दलितहरू सुकुम्बासी अवस्था रहेका छन्।

## ४.१० बेसहारा सडक बालबालिका तथा जनसंख्याको विवरण

नेपालको संविधानको धारा ३९ अन्तर्गत उपधारा ९ बमोजिम मौलिक हकमा, असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द पिडित, विस्थापित एवं जोखिममा रहेका बालवालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ भनी उल्लेख छ भने धारा ४३ मा आर्थिकरुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एक महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोउन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी उल्लेख गरिएको छ। यसर्थ स्थानीय सरकारको रुपममा रहेको गाउँपालिकाले यस प्रकारको वेसहारा अवस्थामा रहेका बालबालिका र अन्य नागरिकलाई अनिवार्य संरक्षण गर्नुपर्ने दाहित्व रहेको छ।

## ४.११ कृषि तथा पशुपंक्षी, माछापालन तथा अन्य

आज उच्चतम विकास हासिल गरेका औद्योगिक राष्ट्रहरूको विकासको मेरुदण्ड कृषि नै रहेको इतिहासले देखाउँछ । यूरोप, अमेरिका तथा एसियाली महाशक्ति राष्ट्रहरूको सम्पन्नताको आधारशीला समेत कृषि क्रान्तिमा आधारित भएको पाईन्छ । तसर्थ कृषि बाहेकका अन्य विकल्पहरू न्यून रहेको र कृषिमा पर्याप्त संभावना रहेको हाम्रो देशमा विकासका अन्य महत्वाकांक्षी योजना कार्यान्वयन गर्नुपूर्व खाद्यान्न, फलफूल तरकारीका साथै समग्र कृषि उपजहरूमा आत्मनिर्भर बनी निर्यात समेत वृद्धि गर्न कृषि क्षेत्रमा क्रान्ति नै गर्नुपर्ने पहिलो अनिवार्य आवश्यकता रहेको छ । उच्च प्रविधिहरू विकास भैसकेको आजको यूगमा समेत हाम्रो निर्वाहमूखी परम्परागत खेति प्रणाली सीमित रहिरहनु एक प्रकारको विडम्बना नै छ । तसर्थ स्थानीय सरकारले संभाव्यता हेरि व्यवसायिक र वैज्ञानिक कृषिका लागि आवश्यक सम्पुर्ण कृषि पूर्वाधारहरूको विकास मार्फत कृषि उत्पादन र विकासमा क्रान्ति गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ४.११.१ मुख्य कृषिजन्य उत्पादनहरूको विवरण (वार्षिक उत्पादन उपलब्ध भएसम्म)

#### (क) खाद्यान्न बाली

- गाउँपालिकाको ठूलो क्षेत्रफल पहाडी भूभागले भरिएको हुँदा कृषिका लागि उपयोगी क्षेत्र कम रहेको छ । सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरू मकै, धान, कोदो, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा बोडी, मास, मसुरो, सानो केराउ, गहत, भटमास आदी उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, बदाम, तिल, रायो, सर्स्यु उत्पादन गरिन्छ भने तरकारी खेती आलु, फर्सी, लौका, सिमी, स्कुस, घिँरौला, रायो , बन्दा, प्याज, काउली, भिन्डी, लसुन, अदुवा, बेसार लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ । फलफुलमा आँप, नास्पाती, हलुवावेद, खुर्पानी, आरु, लप्सी, रुख कटहर, जुनार, ज्यामिर, भोगटे, कागती, अम्बा, केरा, आदीको उत्पादन हुन्छ । गाउँपालिकामा सबैभन्दा ठूलो क्षेत्रमा खाद्यान्न, दलहन र तरकारी बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले सानो क्षेत्रमा फलफुल बाली लगाइने गरेको छ ।

तालिका नं.३९ : प्रमुख कृषि बाली सम्बन्धी विवरण

| क्र.सं. | खाद्यान्न बाली | नगदे वाली | मसला वाली, | तेलहनवाली | दलहनवाली |
|---|---|---|---|---|---|
| १ | वर्षे धान, वर्षे मकै, गहुँ, जौ, फापर, आलु | अदुवा, कुरीलो, आलु, प्याज, लसुन, खुर्सानी, गेडागुडी | बेसार, लसुन, खुर्सानी, धनिया, सुप | तोरी, सर्स्यु, बदाम, भ्कुस तिल, तिल | मास, गहत, केराउ, चना, भटमास, राजमा, बोडी, सिमि |
| २ | तरकारी वाली | फलफूल | अन्य | | |
| | काउली, वन्दा, चिप्ली भिण्डी, भन्टा, मुला, धनिया, लसुन, प्याज, रायको साग, तोरीको साग, पालुङ्गो, चम्सुर, वेथेको साग, लटेको साग, गाण्टे मुला | आप, लिच्ची, केरा, मेवा, भुइकटर, रुखकटहर, अनार, उखु, अम्बा, आरुबखडा, आरु, निमारो, खनायो, नासपाती, सुन्तला, ज्यामिर, निबुवा, कागती | माछापालन, च्याउ खेती | | |

*स्रोत : निसीखोला गाउँपालिका, २०७६*

### (ख) हिउँदे बाली

- गाउँपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरूमा कोदो, फापर, गहुँ, जौ, उखु, मुसुरो, मास, गहत, भटमास, तोरी, तिल, केरा, सुन्तला जात, आलु, आदि छन् ।

### (ग) वर्षे बाली

- गाउँपालिकामा प्रमुख वर्षे बालीहरूमा धान, मकै, केरा, अम्बा, नासपाति, रुखकटर आदि छन् ।

## ४.११.२ खेतीजन्य जमिनको विवरण

नेपाल भू-उपयोग र भुमि सुधार कार्यक्रमहरू निष्प्रभावी रहेका छन् । वैज्ञानिक र व्यवसायिक ढङ्गले भू-उपयोग नहुँदा कृषि क्षेत्रमा ठुलो घाटा व्यहोर्नु परेको अवस्था छ । हरेक स्थानीय तहमा उपलब्ध सम्पर्ण खेतियोग्य जमिनको वैज्ञानिक र व्यवसायिक ढङ्गले सदुपयोग हुन सकेको पाइँदैन । खेतियोग्य जमिनको उपलब्धता भएपनि पूर्ण सदुपयोग नहुँदा एकातर्फ जमिन बाँझो हुँदै जाने त अर्कोतर्फ कृषि उत्पादनमा कमी भई आयात गर्नुपर्ने अवस्था श्रृजना भैरहेको छ ।

## ४.११.३ खेतीयोग्य मध्य सिंचित र असिंचित जमिनको विवरण

जमिन खेतियोग्य भएर मात्र हुँदैन त्यसमा सिँचाईको सुविधा अनिवार्य पुगेको हुनपर्दछ । खेतियोग्य जमिनमा खेतिपाती गरी पूर्ण सदुपयोग गर्न त्यसमा सिँचाईको सुविधा पुऱ्याउनु अनिवार्य हुन्छ । तसर्थ स्थानीय तहहरूले आफ्नो क्षेत्रमा रहेको खेतियोग्य जमिनको यथार्थ विवरण तयार पारी त्यसमध्ये सिँचाई पुगेको र नपुगेको जमिनको समेत सही तथ्याङ्क हुनपर्दछ । यस पश्चात सिँचाई नपुगेको जमिनमा एक वा अर्को प्रकारले सिँचाई पुऱ्याउन प्राथमिकता केन्द्रित गर्नु आवश्यक हुन्छ ।

तालिका नं.४० : कृषि प्रयोजनका लागि भएको जग्गा जमिन सिंचाइ सुविधा सम्बन्धि विवरण

| वडा | सिंचित जग्गाको क्षेत्रफल (हे.) | | | असिंचित जग्गाको क्षेत्रफल (हे.) | | |
|---|---|---|---|---|---|---|
| | संख्या | जम्मा क्षेत्रफल | प्रतिपिरवार औषत जमिन | संख्या | जम्मा क्षेत्रफल | प्रतिपिरवार औषत जमिन |
| १ | ४६२ | ५०४.६९ | १.०९ | ४६२ | २९२६.०९ | ६.३३ |
| २ | ५७० | १४५७.४८ | २.५६ | ५७० | २२२४.८१ | ३.९० |
| ३ | ४६२ | ५०१.२१ | १.०८ | ४६२ | २४५०.४६ | ५.३० |
| ४ | ५५२ | ४२३.१६ | .७७ | ५५२ | २०२६.५५ | ३.६७ |
| ५ | ३७४ | ८१४.९९ | २.१८ | ३७४ | १६१७.४९ | ४.३२ |
| ६ | ८ | २२.११ | २.७६ | ८ | १७.१० | २.१४ |
| ७ | ४५० | २२२१.५५ | ४.९४ | ४५० | १२१८.०१ | २.७१ |
| जम्मा | २८७८ | ५९४५.१८ | १५.३८ | २८७८ | १२४८१.५१ | ४.०५ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा कृषि प्रयोजनको जमिन भएका वा कृषि प्रयोजनको जमिन भोगचलन गर्ने परिवारको संख्या २८७८ रहेको छ । त्यसैगरी कूल ५९४५.१८ हेक्टर सिंचित जमिन उपयोग गर्ने परिवार संख्या २८७८ रहेको छ जसमा प्रतिपरिवार औषत १५.३८ हे. जमिन हुन आउछ । त्यस्तै कूल १२४८१.५१ हेक्टर असिंचित जमिन उपभोग गर्ने परिवार २८७८ रहेको छ जसमा प्रतिपरिवार औषत ४.०५ हे. जमिन हुन आउछ । असिंचित जमिनको क्षेत्रफल ज्यादै बढी हुनु र सिंचित जमिनको सही र पूर्ण सदुपयोग नहुँदा खाद्यान्न,

तरकारी र अन्य कृषिजन्य उपजहरू आयात गर्नुपर्ने हुन्छ । यसले परनिर्भरता बढाउँछ । तसर्थ गाउँपालिकालाई कृषि र खाद्यान्न उत्पादनमा सबल बनाउन सके आर्थिक क्षेत्रमा उल्लेख्य सुधार भई निर्यात प्रर्वद्धन गर्न सकिन्छ । अर्कोतर्फ सिँचाइ सुविधा नपुगेको कृषि योग्य जमिनमा सुविधा पुऱ्याउन पहल गर्नुपर्ने देखिन्छ । सिँचाइ सुविधा पुग्न नसक्ने स्थानहरूमा डालेघाँस, फलफुल खेति वा कृषिका कम सिँचाइ वा सिँचाइ आवस्यक नपर्ने वैकल्पिक उत्पादन हुने विधिहरू अपनाई जमिनको सदुपयोग गर्न सकिन्छ ।

### ४.११.४ बाँझो जमिनको विवरण

गाउँघरमा कतिपय क्षेत्रहरू प्रयोगहीन अवस्थामा बाँझो रहेका हुन्छन् । सबै प्रकारका जमिनहरूको एक वा अर्को प्रकारले सदुयोग गर्न सकिन्छ । जमिन आफैमा एक अमूल्य प्राकृतिक सम्पदा हो । खेति नहुने क्षेत्रमा डालेघाँस वा जडिबुटी लगाउन सकिन्छ भने उपयुक्त स्थानहरू भए खुल्ला क्षेत्र, मनोरञ्जन स्थल, पार्क वा बगैंचाको रुपमा समेत विकास गर्न सकिन्छ । खेति नहुने अवस्थामा आवास विकासका लागि समेत यस्तो जमिनको सदुपयोग गर्न सकिन्छ ।

### ४.११.५ खाद्यान्न बालीमा लाग्ने रोग तथा किरा

कृषि बालीबाट अपेक्षित उत्पादन लिनका लागि बालीनालीको उचित स्याहार संभार आवश्यक छ । विशेषत बालीनालीलाई रोग तथा किराले आक्रमण गर्ने हुँदा रोग तथा किराबाट बच्न समयमै उच्च सतर्कता अपनाउने र रोकथाम बारे जानकारी हासिल गर्नु अति आवश्यक छ । अर्कोतर्फ बालीनालीमा लाग्ने र लाग्न सक्ने रोग तथा किराको सही ढङ्गले पहिचान हुन समेत जरुरी छ । रोग तथा किराको सही पहिचान हुन सके समय मै त्यसको रोकथाम हुन गई उत्पादनलाई सुरक्षित गर्न सकिन्छ ।

**तालिका नं.४१ :** खाद्यान्न बालीमा लाग्ने रोग विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | ब्लाष्ट, खैरोथोप्ले, फेदकुहिने आदि । | पतेरो, गवारो, फड्के, पातबेरुवा |
| २ | गहुँ | सिन्दुरे, कालोपोके | लाही,खुर्मे,फट्याँग्रा, फेदकटुवा |
| ३ | मकै | कालोपोके, पातको धर्सेरोग, डाँठ र फल कुहिने, ध्वाँसे आदि । | लाही, फट्याग्रा, खुम्रे, फेदकटुवा, गवारो आदि। |
| ४ | आलू | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | लेटव्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग, डढुवा |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने, पाउडरी मिल्ड्यू |
| ६ | फलफूल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, होपर | एनथ्राक्नोजा, ससेतो ढुसी, डाईव्याक, आँपको गुच्चा हुने, डाउनी मिल्ड्यू |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवारा तथा घुनहरू, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग, गुवो कुहिने, डढुवा, बन्चिटप |

*स्रोत : गाउँपालिकाको कार्यालय, २०७६*

### ४.११.६ तरकारी तथा फलफूलमा लाग्ने रोग तथा किरा

तालिका नं.४२ : तरकारी तथा फलफूलमा लाग्ने रोग तथा किरा

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | गोलभेडा | टुटायप्सुलुटा, सेतो झिंगा, लाही, फलको गवारो, पतेरो आदि । | उडुवा– अगौटे, पछौटे आईलाउने, ममाजाईक आदि । |
| २ | काउली, बन्दा | डाईमण्ड व्याक मोथ, टोवाको क्याटरपिलर, लाही, उफ्ने फडके आदि । | सफ्ट रुट , ब्लाक रुट, अल्टरवेरिया, क्लव रुट डेम्पीङ अफ आदि । |
| ३ | आलु | पि.टी. एम., लाही, पात खाने लाभ्रे आदि । | डढुवा , मोजाइफ खैरो पिप, चक्के आदि । |
| ४ | रायो | डाईमण्ड व्याक मोथ, टोवाको क्याटरपिलर, लाही, उफ्ने फडके आदि । | सफ्ट रुट , ब्लाक रट, अल्टरवेरिया, क्लव रुट डेम्पीङ अफ आदि । |
| ५ | सुन्तला | पतेरो, लाही, फुट फ्लाई , स्केल लिफ, भाईनर, लेमन डग आदि । | क्याकर, फुट रट , रुटरघ , स्वीटीमोल्ड आदि । |
| ६ | अलैंची | गवारो, लाही, हेरो क्याटर पिलर, थ्रीप्स आदि । | पात कुहिने, वगान डढ्ने, जरा कुहिने रोग आदि । |
| ७ | चिया | हेलोपोटिस, लुपर, थ्रीप्स , एफिड आदि । | जरा कुहिने, ग्रेब्लाईट आदि । |

*स्रोत : गाउँपालिकाको कार्यालय, २०७६*

## ४.१२ पशुपालन

गाउँपालिकामा विशेषगरी गाई, भैंसी, बाखा, सुँगुर नै यहाँका मुख्य घरपालुवा जनावर हुन् । यसबाट गाउँपालिकाबासीहरूको जीविकोपार्जनमा सुधार भैरहेको छ । पशुजन्य उत्पादनहरू जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, बंगुर, खसी, बोकाहरूको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाई, भैसी, कुखुरा फार्महरू लगायतका कृषिजन्य उद्योगहरू रहेका छन् । त्यस्तै गरी भेटेनरी सेवा समेत गाउँपालिकामा उपलब्ध रहेको छ ।


### ४.१२.१ घरपालुवा पशुपंक्षी पालनको आकारका आधारमा घरपरिवारको विवरण

तालिका नं.४३ : घरपालुवा पशुपंक्षीपालनको आकारका आधारमा घर परिवारको विवरण

| वडा | पशुपंक्षी पालन गर्ने परिवार | | पशुपंक्षी पालन नगर्ने परिवार | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ५२९ | ६२.६% | ३१६ | ३७.४% | ८४५ |
| २ | ६३७ | ८४.०% | १२१ | १६.०% | ७५८ |
| ३ | ४५३ | ७०.२% | १९२ | २९.८% | ६४५ |
| ४ | ४७२ | ७६.१% | १४८ | २३.९% | ६२० |
| ५ | ३११ | ५७.३% | २३२ | ४२.७% | ५४३ |
| ६ | ३१८ | ६३.१% | १८६ | ३६.९% | ५०४ |
| ७ | ४९९ | ८६.५% | ७८ | १३.५% | ५७७ |
| जम्मा | ३२१९ | ७१.७% | १२७३ | २८.३% | ४४९२ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*

पशुपंक्षीपालन क्षेत्रले देशको कुल गार्हस्थ्य उत्पादनमा करिब ११% र कुल कृषि गार्हस्थ्य उत्पादनमा २९.३७% योगदान गर्दै आएको सन्दर्भमा यस क्षेत्रको विशेष आर्थिक महत्व रहेको छ। गाउँपालिकाको कुल ४४९२ घरपरिवारमध्ये पशुपंक्षी पाल्ने घरपरिवारको संख्या ३२१९ अर्थात् ७१.७ प्रतिशत र पशुपंक्षी नपाल्ने घरपरिवारको संख्या १२७३ अर्थात् २८.३ प्रतिशत रहेको छ। यसबाट उल्लेख्य संख्यामा घरपरिवारले पशुपंक्षी पाल्ने गरेको तथ्य तथ्याङ्कबाट स्पष्ट हुन्छ। वडा नं. १,२,४ र ७ मा धेरै घरपरिवारहरूले पशुपंक्षी पालेका छन्। वडागत विस्तृत विवरण माथिको तालिकामा प्रस्तुत गरिएको छ।





## ४.१२.२ कृषि प्रयोजनको लागि हाल परिवारमा भएको पशुपन्छी सम्बन्धी विवरण

**तालिका नं.४४ :** विभिन्न पशुपंक्षी पाल्ने कृषकहरूका आधारमा घरपरिवारको विवरण

| वडा नं. | गाई/गोरू | भैंसी/राँगा | भेडा/बाखा/च्याङ्ग्रा | बंगुर/सुंगुर | अन्य चौपाया | हाँस/कुखुरा | अन्य पंक्षी |
|---|---|---|---|---|---|---|---|
| १ | २७२ | ३०१ | ३१० | ० | ४ | ३९६ | ३ |
| २ | २६५ | ४६७ | ४४२ | २ | ३२ | ३७६ | ३ |
| ३ | १८५ | २४८ | २५७ | ३ | १ | २५१ | ५ |
| ४ | १९६ | ३४२ | २५२ | ४ | १२ | २१० | ४ |
| ५ | २१३ | १५६ | १२१ | ३ | ९ | १६४ | ० |
| ६ | २७८ | ९१ | १२१ | ८ | ११ | २५८ | ११ |
| ७ | २१७ | ४०७ | २७५ | १ | ५ | ३५२ | १ |
| जम्मा | १६२६ | २०१२ | १७७८ | २१ | ७४ | २००७ | २७ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*

गाउँपालिकामा कुल पशुपंक्षी पाल्ने ३२१९ घरपरिवारहरूमध्ये १६२६ घरपरिवारले गाई/गोरु, २०१२ घरपरिवारले भैंसी/राँगा, १७७८ घरपरिवारले भेडा/बाखा/च्याङ्ग्रा, २१ घरपरिवारले बंगुर/सुंगुर, २००७ घरपरिवारले हाँस/कुखुरा र कम मात्रामा अन्य चौपाया तथा अन्य पंक्षी पाल्ने गरेको पाइन्छ। यस गाउँपालिकामा पशुपंक्षी पालन व्यवसायलाई आधुनिकीकरण गरी पशुपंक्षी पल्न सकिने सम्भावना रहेको हुनाले त्यसका लागि पशुपंक्षी पालक कृषकहरूलाई प्रोत्साहन गरी प्राविधिक ज्ञान बजारीकरणको व्यवस्था तथा सहुलियतपूर्ण ऋण र पशुपंक्षी विमालाई प्रभावकारी ढंगले लागु गर्न सके स्थानीय अर्थतन्त्रमा टेवा पुग्नुका साथै रोजगारीका अवसरहरू वृद्धि हुन्छन्। पशुपंक्षीपालनको वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




**तालिका नं.४५ :** कृषि प्रयोजनका लागि हाल परिवारमा भएको पशुपंक्षीसम्बन्धी विवरण

| वडा | विवरण | हाल पशुपंक्षी | | | | गत वर्ष पशुपंक्षीको बिक्री | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भएको | | नभएको | | भएको | | नभएको | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | गाई/गोरू | २७२ | ५१.४% | २५७ | ४८.६% | १८ | ३.४% | ५११ | ९६.६% |
| | भैंसी/राँगा | ३०१ | ५६.९% | २२८ | ४३.१% | १५ | २.८% | ५१४ | ९७.२% |
| | भेडा/बाखा/च्याङ्ग्रा | ३१० | ५८.६% | २१९ | ४१.४% | ६१ | ११.५% | ४६८ | ८८.५% |
| | बंगुर/सुंगुर | ० | ०.०% | ५२९ | १००.०% | ० | ०.०% | ५२९ | १००.०% |
| | अन्य चौपाया | ४ | .८% | ५२५ | ९९.२% | १ | .२% | ५२८ | ९९.८% |
| | हाँस/कुखुरा | ३९६ | ७४.९% | १३३ | २५.१% | २३ | ४.३% | ५०६ | ९५.७% |
| | अन्य पंक्षी | ३ | .६% | ५२६ | ९९.४% | १ | .२% | ५२८ | ९९.८% |
| २ | गाई/गोरू | २६५ | ४१.६% | ३७२ | ५८.४% | ७ | १.१% | ६३० | ९८.९% |
| | भैंसी/राँगा | ४६७ | ७३.३% | १७० | २६.७% | ६ | .९% | ६३१ | ९९.१% |
| | भेडा/बाखा/च्याङ्ग्रा | ४४२ | ६९.४% | १९५ | ३०.६% | २३ | ३.६% | ६१४ | ९६.४% |
| | बंगुर/सुंगुर | २ | .३% | ६३५ | ९९.७% | १ | .२% | ६३६ | ९९.८% |
| | अन्य चौपाया | ३२ | ५.०% | ६०५ | ९५.०% | १ | .२% | ६३६ | ९९.८% |
| | हाँस/कुखुरा | ३७६ | ५९.०% | २६१ | ४१.०% | १६ | २.५% | ६२१ | ९७.५% |
| | अन्य पंक्षी | ३ | .५% | ६३४ | ९९.५% | १ | .२% | ६३६ | ९९.८% |
| ३ | गाई/गोरू | १८५ | ४०.८% | २६८ | ५९.२% | ७ | १.५% | ४४६ | ९८.५% |

| वडा | विवरण | हाल पशुपंक्षी | | | | गत वर्ष पशुपंक्षीको बिक्री | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भएको | | नभएको | | भएको | | नभएको | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| | भैंसी/राँगा | २४८ | ५४.७% | २०५ | ४५.३% | १६ | ३.५% | ४३७ | ९६.५% |
| | भेडा/बाखा/च्याङ्ग्रा | २५७ | ५६.७% | १९६ | ४३.३% | ४१ | ९.१% | ४१२ | ९०.९% |
| | बंगुर/सुंगुर | ३ | .७% | ४५० | ९९.३% | ४ | .९% | ४४९ | ९९.१% |
| | अन्य चौपाया | १ | .२% | ४५२ | ९९.८% | २ | .४% | ४५१ | ९९.६% |
| | हाँस/कुखुरा | २५१ | ५५.४% | २०२ | ४४.६% | २१ | ४.६% | ४३२ | ९५.४% |
| | अन्य पंक्षी | ५ | १.१% | ४४८ | ९८.९% | २ | .४% | ४५१ | ९९.६% |
| ४ | गाई/गोरू | १९६ | ४१.५% | २७६ | ५८.५% | १२ | २.५% | ४६० | ९७.५% |
| | भैंसी/राँगा | ३४२ | ७२.५% | १३० | २७.५% | २८ | ५.९% | ४४४ | ९४.१% |
| | भेडा/बाखा/च्याङ्ग्रा | २५२ | ५३.४% | २२० | ४६.६% | ३३ | ७.०% | ४३९ | ९३.०% |
| | बंगुर/सुंगुर | ४ | .८% | ४६८ | ९९.२% | २ | .४% | ४७० | ९९.६% |
| | अन्य चौपाया | १२ | २.५% | ४६० | ९७.५% | ० | ०.०% | ४७२ | १००.०% |
| | हाँस/कुखुरा | २१० | ४४.५% | २६२ | ५५.५% | ३५ | ७.४% | ४३७ | ९२.६% |
| | अन्य पंक्षी | ४ | .८% | ४६८ | ९९.२% | २ | .४% | ४७० | ९९.६% |
| ५ | गाई/गोरू | २१३ | ६८.५% | ९८ | ३१.५% | ८ | २.६% | ३०३ | ९७.४% |
| | भैंसी/राँगा | १५६ | ५०.२% | १५५ | ४९.८% | २ | .६% | ३०९ | ९९.४% |
| | भेडा/बाखा/च्याङ्ग्रा | १२१ | ३८.९% | १९० | ६१.१% | ३ | १.०% | ३०८ | ९९.०% |
| | बंगुर/सुंगुर | ३ | १.०% | ३०८ | ९९.०% | ० | ०.०% | ३११ | १००.०% |
| | अन्य चौपाया | ९ | २.९% | ३०२ | ९७.१% | १ | .३% | ३१० | ९९.७% |
| | हाँस/कुखुरा | १६४ | ५२.७% | १४७ | ४७.३% | ९ | २.९% | ३०२ | ९७.१% |
| | अन्य पंक्षी | ० | ०.०% | ३११ | १००.०% | ० | ०.०% | ३११ | १००.०% |
| ६ | गाई/गोरू | २७८ | ८७.४% | ४० | १२.६% | ८ | २.५% | ३१० | ९७.५% |
| | भैंसी/राँगा | ९१ | २८.६% | २२७ | ७१.४% | ४ | १.३% | ३१४ | ९८.७% |
| | भेडा/बाखा/च्याङ्ग्रा | १२१ | ३८.१% | १९७ | ६१.९% | १५ | ४.७% | ३०३ | ९५.३% |
| | बंगुर/सुंगुर | ८ | २.५% | ३१० | ९७.५% | १ | .३% | ३१७ | ९९.७% |
| | अन्य चौपाया | ११ | ३.५% | ३०७ | ९६.५% | ३ | .९% | ३१५ | ९९.१% |
| | हाँस/कुखुरा | २५८ | ८१.१% | ६० | १८.९% | १० | ३.१% | ३०८ | ९६.९% |
| | अन्य पंक्षी | ११ | ३.५% | ३०७ | ९६.५% | २ | .६% | ३१६ | ९९.४% |
| ७ | गाई/गोरू | २१७ | ४३.५% | २८२ | ५६.५% | १४ | २.८% | ४८५ | ९७.२% |
| | भैंसी/राँगा | ४०७ | ८१.६% | ९२ | १८.४% | १० | २.०% | ४८९ | ९८.०% |
| | भेडा/बाखा/च्याङ्ग्रा | २७५ | ५५.१% | २२४ | ४४.९% | १९ | ३.८% | ४८० | ९६.२% |
| | बंगुर/सुंगुर | १ | .२% | ४९८ | ९९.८% | ० | ०.०% | ४९९ | १००.०% |
| | अन्य चौपाया | ५ | १.०% | ४९४ | ९९.०% | २ | .४% | ४९७ | ९९.६% |
| | हाँस/कुखुरा | ३५२ | ७०.५% | १४७ | २९.५% | २० | ४.०% | ४७९ | ९६.०% |
| | अन्य पंक्षी | १ | .२% | ४९८ | ९९.८% | १ | .२% | ४९८ | ९९.८% |
| जम्मा | गाई/गोरू | १६२६ | ५०.५% | १५९३ | ४९.५% | ७४ | २.३% | ३१४५ | ९७.७% |
| | भैंसी/राँगा | २०१२ | ६२.५% | १२०७ | ३७.५% | ८१ | २.५% | ३१३८ | ९७.५% |
| | भेडा/बाखा/च्याङ्ग्रा | १७७८ | ५५.२% | १४४१ | ४४.८% | १९५ | ६.१% | ३०२४ | ९३.९% |
| | बंगुर/सुंगुर | २१ | .७% | ३१९८ | ९९.३% | ८ | .२% | ३२११ | ९९.८% |
| | अन्य चौपाया | ७४ | २.३% | ३१४५ | ९७.७% | १० | .३% | ३२०९ | ९९.७% |
| | हाँस/कुखुरा | २००७ | ६२.३% | १२१२ | ३७.७% | १३४ | ४.२% | ३०८५ | ९५.८% |
| | अन्य पंक्षी | २७ | .८% | ३१९२ | ९९.२% | ९ | .३% | ३२१० | ९९.७% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*


### ४.१२.३ पशुपंक्षीहरूको बिक्रीका आधारमा घरपरिवारको विवरण

**तालिका नं.४६ :** पशुपंक्षीहरूको विक्रिका आधारमा घर परिवारको विवरण (गत १२ महिनामा)

| विवरण( | | वडा | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| गाई/गोरू | बिक्री गर्ने परिवार | १८ | ७ | ७ | १२ | ८ | ८ | १४ | ७४ |
| | बिक्री संख्या | ३६ | १४ | १६ | १५ | २०११ | १७ | २८ | २१३७ |
| भैंसी/राँगा | बिक्री गर्ने परिवार | १५ | ६ | १६ | २८ | २ | ४ | १० | ८१ |
| | बिक्री संख्या | २१ | ८ | २२ | ४२ | ३ | ६ | १९ | १२१ |
| भेडा/बाखा/च्याङ्ग्रा | बिक्री गर्ने परिवार | ६१ | २३ | ४१ | ३३ | ३ | १५ | १९ | १९५ |
| | बिक्री संख्या | ५१४० | ३५६१ | १०५ | ७५ | ७५१३ | ६८ | ७३ | १६५३५ |
| बंगुर/सुंगुर | बिक्री गर्ने परिवार | ० | १ | ४ | २ | ० | १ | ० | ८ |
| | बिक्री संख्या | | ८ | २५ | २ | | १ | | ३६ |
| अन्य चौपाया | बिक्री गर्ने परिवार | १ | १ | २ | ० | १ | ३ | २ | १० |
| | बिक्री संख्या | ३ | १ | ९२ | | ६ | ४ | १३ | ११९ |
| हाँस/कुखुरा | बिक्री गर्ने परिवार | २३ | १६ | २१ | ३५ | ९ | १० | २० | १३४ |
| | बिक्री संख्या | १५१ | १२८६ | २५० | ५८५९ | ४९६ | ६० | ३३८ | ८४४० |
| अन्य पंक्षी | बिक्री गर्ने परिवार | १ | १ | २ | २ | ० | २ | १ | ९ |
| | बिक्री संख्या | ८ | ८ | १२ | ६ | | ३ | ८ | ४५ |

*स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*

गाउँपालिकामा कुल पशुपंक्षी पाल्ने घरपरिवारहरूमध्ये ७४ घरपरिवारले बितेका १२ मिहनाभित्र २१३७ वटा गाई/गोरु बिक्री गरेको देखिन्छ। त्यसैगरी ८१ घरपरिवारले १२१ वटा भैंसी/राँगा, १९५ घरपरिवारले १६,५३५ वटा भेडा/बाखा/च्याङ्ग्रा, ८ घरपरिवारले ३६ वटा बंगुर/सुंगुर, १० घरपरिवारले ११९ वटा अन्य चौपाया, १३४ घरपरिवारले ८४४० वटा हाँस/कुखुरा र ९ घरपरिवारले ४५ वटा अन्य पंक्षी बिक्री गरेको पाइन्छ। यस गाउँपालिकामा पशुपंक्षी पालन व्यवसायलाई आधुनिकीकरण गरी पशुपंक्षी पाल्न सकिने सम्भावना भएको हुनाले त्यसका लागि पशुपंक्षी पालक कृषकहरूलाई प्रोत्साहन गरी प्राविधिक ज्ञान, बजारको व्यवस्था तथा सहुलियतपूर्ण ऋृण र पशुपंक्षी विमालाई प्रभावकारी ढंगले लागू गर्न सके स्थानीय अर्थतन्त्रमा टेवा पुग्नुका साथै रोजगारीका अवसरहरू वृद्धि हुन्छन्। वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसपूर्व उल्लेख गरिए जस्तै अन्य पशुपंक्षीको तुलनामा यस गाउँपालिकामा भेडा/बाखा/च्याङ्ग्रा र हाँस/कुखुराको पालन तुलनात्मक रूपमा सहज र राम्रो आम्दानी दिने भएकोले तथ्याङ्कमा बढी देखिएको हो। यद्यपि तथ्याङ्कलाई हेर्दा नगण्य संख्यामा बाहेक सबै प्रकारका पशुपंक्षीहरूको ठूलो परिमाणमा व्यवसायिक उत्पादन भएको देखिँदैन। यसले निर्वाहमूखी पशुपंक्षीपालनको नै निरन्तरता देखाउँछ। वडागत विस्तृत विवरण माथिको तालिकामा प्रस्तुत गरिएको छ।





## ४.१२.४ पशुपंक्षी जन्य वस्तुको उत्पादनको आधारमा घरपरिवारको विवरण

**तालिका नं.४७ :** पशुपंक्षी जन्य वस्तुको उत्पादनको आधारमा घरपरिवारको विवरण

| वडा | दूध | | दूधजन्य वस्तु (घ्यू, चिज, मखन आदि) | | अण्डा | | पशुपंक्षी जन्य अन्य उत्पादन | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन भएको | उत्पादन नभएको | उत्पादन भएको | उत्पादन नभएको | उत्पादन भएको | उत्पादन नभएको | उत्पादन भएको | उत्पादन नभएको |
| १ | ७१ | ४५८ | १२ | ५१७ | ६ | ५२३ | ० | ५२९ |
| २ | १५२ | ४८५ | ७२ | ५६५ | ३ | ६३४ | ० | ६३७ |
| ३ | ५४ | ३९९ | ३४ | ४१९ | ५ | ४४८ | ० | ४५३ |
| ४ | १९८ | २७४ | १३६ | ३३६ | ३० | ४४२ | ६ | ४६६ |
| ५ | ८८ | २२३ | ६० | २५१ | ६९ | २४२ | १ | ३१० |
| ६ | ३ | ३१५ | २ | ३१६ | ० | ३१८ | ० | ३१८ |
| ७ | ६९ | ४३० | ३३ | ४६६ | ३ | ४९६ | ० | ४९९ |
| जम्मा | ६३५ | २५८४ | ३४९ | २८७० | ११६ | ३१०३ | ७ | ३२१२ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*

गाउँपालिकामा पशुपंक्षी पाल्ने घरपरिवारहरूमध्ये कुल ६३५ घरपरिवारले मात्र दुध उत्पादन गर्ने गरेको देखिन्छ। त्यसैगरी ३४९ परिवारले दुग्धजन्य पदार्थ, ११६ घरपरिवारले अण्डा उत्पादन र ७ जनाले पशुपंक्षी जन्य अन्य उत्पादन गर्ने गरेको देखिन्छ। पशुपंक्षी पाल्ने घरपरिवारको (घरधुरीको) संख्याको आधारमा हेर्दा पशुपंक्षीजन्य पदार्थको उत्पादन गर्नेको संख्या नगण्य देखिन्छ। तथ्याङ्कलाई विश्लेषण गर्दा उत्पादनमुखीभन्दा अनुपात्दक पशुपंक्षीको संख्या अधिक रहेको पाइन्छ। यद्यपि हाँस/कुखुरा तथा भेंडा बाखाको पशुपंक्षीजन्य उत्पादनभन्दा सिधै बिक्री वितरण गर्न सहज हुने हुँदा उत्पादन कम देखिएको हुनसक्छ। पशुपंक्षी पालनलाई उत्पादनमुखी र व्यवसायिक बनाउन नसक्दा आम्दानी सीमित तथा श्रम र समयको खेर हुन जान्छ। यसतर्फ सम्बन्धित सरोकारवाला सबैको ध्यान जानु जरुरी छ। वडागत पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ४.१३ पशु नश्ल

गाउँपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरूमा गाई, भैंसी, बाख्रा, भेंडा र बंगुर रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरूको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाख्रा र बंगुरतर्फ उन्नत जातका भालेहरूसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरूमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरूले अपेक्षाकृत बढी उत्पादक जनावरहरूको आहारा खाई दिनु तथा सबै न्यून उत्पादक जनावरहरूलाई हटाएर उन्नत जातको जनावर किनेर पाल्नु न त सम्भव छ, न व्यवहारिक हुन्छ । तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरू भविष्यको लागि राम्रो माउ हुने कुरा मध्यनजर गरी थप कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ ।

सारांशमा, विगतका वर्षहरूमा गाउँपालिकाको पशुपालन क्षेत्रले केही सुधार गरेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणत्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको गति सुस्त छ । पशुपालन क्षेत्रमा क्रमिक रूपमा व्यवसायिकता थपिएको छ तर पशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि पर्याप्त उद्योगहरूको स्थापना हुन सकेको पाईंदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको समेत खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरूको उत्पादकत्व अति न्यून हुनु, युवा वर्गहरू विदेश पलायन हुनु र सो अनुरूप पशुपालनमा यान्त्रिकीकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा सर्वसाधारण पशुपालनले कृषि अर्थतन्त्रमा दिएको योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

### ४.१३.१ पशुपंक्षीमा लाग्ने रोग तथा किरा

कृषकहरूको मुख्य आम्दानीको स्रोतको रूपमा रहेको पशुपंक्षीहरूको पालन यस गाउँपालिकाको प्रमुख पेशामध्ये एक हो । गाउँपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धी र जुका पर्दछन्। गाउँपालिकाको वन जङ्गलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत, पिपिआर, स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस गाउँपालिकामा एदाकदा देखिने गरेको छ। यसका कारणहरूलाई हेर्दा पशुको अवैध आवत जावत, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी आदि मान्न सकिन्छ। यी रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भैरहेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस गाउँपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रूपमा देखिने गरेका छन्। गाउँपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत गाउँपालिकाका विभिन्न वडाहरूमा समेत सञ्चालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ।सामान्यतया पशुपंक्षीमा ठूलो माहामारी फैलिएको पाइँदैन ।तथापि यहाँका पशुपंक्षीहरूमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरूको र पंक्षीहरूमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रूपमा लाग्ने गरेको छ ।

### ४.१३.२ पशुपंक्षी, खाद्यान्न, तरकारी, फलफूल, माछा, मौरी, रेशम खेती आदि सम्बन्धी व्यवसायिक फर्महरूको विवरण

नेपालका अधिकांश क्षेत्रमा निर्वाहमुखी, परम्परागत र असंगठित खेति गर्ने प्रचलन विद्यमान छ । कृषि व्यवसायलाई सम्मानित, प्रतिफलमुखी र वैज्ञानिक बनाउन यसलाई संगठित र संस्थागत ढङ्गले विकास गर्नु जरुरी छ। हाल देशका विभिन्न स्थानहरूमा व्यवसायिक कृषि फर्महरू दर्ता भई संगठित र संस्थागत हिसाबले खेतिपाती गर्ने अभ्यासको सुरुवात भएको छ । यसरी वैज्ञानिक हिसाबले फर्म दर्ता गरी कृषि व्यवसाय सञ्चालन गर्दा राज्यद्वारा दिइने अनुदान र प्रविधिहरू सहयोग प्रदान गर्न समेत सहयोग पुग्दछ। यसले कृषि व्यवसायलाई संगठित र व्यवसायिक बनाउन मद्दत पुऱ्याउँछ।

**तालिका नं.४८ :** गाउँपालिकामा रहेका कृषि फर्मको विवरण

| क्र.सं. | फर्मको नाम | ठेगाना |
|---|---|---|
| १ | वयर बाखापालन | वडा नं. १, लेवाङ, बगाहा टोल |
| २ | निम्कु बाखा फर्म | वडा नं. ६, ताखोला |
| ३ | बाखा फर्म | वडा नं. ६, बुढाथोक |
| ४ | नर्सिङकोट कृषि फर्म | वडा नं. ७, नर्सिङकोट |

*स्रोतः निसीखोला गाउँपालिका, २०७६*

## ४.१४ कृषि


### ४.१४.१ कृषिका लागि आफूले चलन गरेको वा अरुलाई चलन गर्न दिएको जमिनको आधारमा घरपरिवारको विवरण

तालिका नं.४९ : कृषिका लागि आफूले चलन गरेको वा अरुलाई चलन गर्न दिएको जमिनको आधारमा घरपरिवारको विवरण

| वडा | छ | | छैन | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ४१४ | ४९.०% | ४३१ | ५१.०% |
| २ | ४८७ | ६४.२% | २७१ | ३५.८% |
| ३ | ४५६ | ७०.७% | १८९ | २९.३% |
| ४ | ५०९ | ८२.१% | १११ | १७.९% |
| ५ | ३३८ | ६२.२% | २०५ | ३७.८% |
| ६ | १० | २.०% | ४९४ | ९८.०% |
| ७ | ४४२ | ७६.६% | १३५ | २३.४% |
| जम्मा | २६५६ | ५९.१% | १८३६ | ४०.९% |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*

गाउँपालिकामा रहेका कुल घरपरिवारहरूमध्ये कृषिका लागि आफूले चलन गरेको वा अरुलाई चलन गर्न दिएको जमिन भएका घरपरिवारहरूको संख्या २६५६ अर्थात् ५९.१ प्रतिशत र त्यस प्रकारको जमिन नभएकाको संख्या १८३६ अर्थात् ४०.९ प्रतिशत रहेका छन्। यस तथ्याङ्कले गाउँपालिकाको ठूलो जनसंख्या कृषिमा संलग्न भएको देखाउँछ। यस प्रकारको संलग्नताबाट कृषिलाई उच्च प्रतिफलमूखी बनाउन ध्यान पुऱ्याउनु पर्ने र कृषि क्षेत्रमा रहेको अदृष्य बेरोजगारीलाई न्यून गर्ने कार्यक्रमहरू तय गर्नुपर्ने हुन्छ। वडागत विस्तृत विवरण माथिको तालिकामा प्रस्तुत गरिएको छ। नेपालको संविधानको भाग ३ धारा ३६ (३) बमोजिम “प्रत्येक नागरिकलाई कानुनबमोजिम खाद्य सम्प्रभुताको हक” को सुनिश्चितता गरिएको परिप्रेक्ष्यमा कृषि उत्पादनमा आत्मनिर्भरता हासिल गर्न भूमिको वैज्ञानिक वितरण र व्यवस्थापन गर्दै व्यवसायिक खेतीतर्फ कृषकलाई आर्कषित गर्ने नीति राज्यद्वारा अंगिकार गरिनुपर्छ।



## ४.१४.२ कृषि पेशा अंगाल्ने परिवार, कृषक परिवार र उनीहरूले भोगचलन गरेको जमिनको विवरण

**तालिका नं.५० :** कृषि पेशा अंगाल्ने परिवार, कृषक परिवार र उनीहरूले भोगचलन गरेको जमिनको विवरण ( बहुउत्तरमा आधारित)

| वडा | आफ्नो जग्गा आफैंले चलन गरेको | | अरूको जग्गा आफूले चलन गरेको | | आफ्नो जग्गा अरूलाई चलन गरेको | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ३८५ | १५.५% | ५८ | २१.९% | १९ | १३.९% | ४६२ | १६.१% |
| २ | ४७३ | १९.१% | ५१ | १९.२% | ४६ | ३३.६% | ५७० | १९.८% |
| ३ | ४१२ | १६.६% | ३३ | १२.५% | १७ | १२.४% | ४६२ | १६.१% |
| ४ | ४७४ | १९.१% | ५१ | १९.२% | २७ | १९.७% | ५५२ | १९.२% |
| ५ | ३११ | १२.६% | ४५ | १७.०% | १८ | १३.१% | ३७४ | १३.०% |
| ६ | ७ | .३% | १ | .४% | ० | ०.०% | ८ | .३% |
| ७ | ४१४ | १६.७% | २६ | ९.८% | १० | ७.३% | ४५० | १५.६% |
| जम्मा | २४७६ | १००.०% | २६५ | १००.०% | १३७ | १००.०% | २८७८ | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा कृषि प्रयोजनको जमिन भएका वा कृषि प्रयोजनको जमिन भोगचलन गर्ने परिवारको संख्या २८७८ मध्ये आफ्नो जग्गा आफैले चलन गरेको २४७६ घरपरिवार, अरुको जग्गा आफुले चलन गरेको २६५ घरपरिवार र आफ्नो जग्गा अरुलाई चलन गर्न दिएका १३७ घरपरिवार रहेको छ । सबै कृषि प्रयोजनको जमिन हुने परिवारले कृषि कर्म गरेको छैनन् भने कृषि प्रयोजनको जमिन नहुने परिवारले पनि अरुको जमिनमा खेति गर्ने गरेका छन् । मूलत यस तथ्याङ्कले कृषि प्रयोजनको जमिनको पूर्णरुपमा सदुपयोग भई दिगो उत्पादनशील काममा प्रयोग भएको छ कि छैन भन्ने कुरालाई इङ्गित गर्दछ । पहिलो कुरा वास्तविक कृषि कर्ममा संलग्न परिवारले जमिनको सही सदुपयोग गर्न पाउनुपर्दछ भने दोस्रो कृषि योग्य जमिनलाई जमिनको स्तरअनुसार बालीनाली लगाई सदुपयोग गर्नुपर्दछ ।


## ४.१४.३ खेतीपातीमा उपयोग भएको जग्गा जमिनको आकारको आधारमा घरपरिवारको विवरण

**तालिका नं.५१ :** खेतीपातीमा उपयोग भएको जग्गा जमिनको आकारको आधारमा घरपरिवारको विवरण

| वडा | ०.०१ हे - ०.५ हे. | ०.५ हे. - १ हे. | १ हे. - २ हे. | २ हे. - ५ हे. | ५ हे. - १० हे. | १० हे. भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ४ | ३७ | ४७ | १६८ | ९५ | १११ | ४६२ |
| २ | ८ | ३२ | १०० | २४१ | ९३ | ९६ | ५७० |
| ३ | १२ | ४९ | ७० | १७४ | ६१ | ९६ | ४६२ |
| ४ | १६ | ५२ | ७५ | २४५ | १११ | ५३ | ५५२ |
| ५ | १९ | ३२ | ५१ | १२५ | ७६ | ७१ | ३७४ |
| ६ | ० | ० | ४ | २ | १ | १ | ८ |
| ७ | ३ | १९ | ४५ | १७४ | ११६ | ९३ | ४५० |
| जम्मा | ६२ | २२१ | ३९२ | ११२९ | ५५३ | ५२१ | २८७८ |
| प्रतिशत | २.१५ | ७.६८ | १३.६२ | ३९.२३ | १९.२१ | १८.१० | १००.०० |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*

गाउँपालिकामा रहेको कृषियोग्य जमिनको घरपरिवार अनुसार आधा हेक्टरभन्दा कम जमिनमा खेती गरी निर्वाह गर्ने घरपरिवारको संख्या ६२ अर्थात् २.१५ प्रतिशत, आधा हेक्टर देखि १ हेक्टर जमिनमा खेती गर्ने घरपरिवारको संख्या २२१ अर्थात् ७.६८ प्रतिशत, १ हेक्टर देखि २ हेक्टर जमिनमा खेतीगर्नेको घरपरिवार संख्या ३९२ अर्थात् १३.६२ प्रतिशत, २ हेक्टर देखि ५ हेक्टर खेतीगर्ने घरपरिवारको संख्या ११२९ अर्थात ३९.२३ प्रतिशत, ५ देखि १० हेक्टर जमिनमा खेती गर्नेको घरपरिवारको संख्या ५५३ अर्थात १९.२१ प्रतिशत र १० हेक्टर भन्दा माथि जमिनमा खेती गर्ने घर परिवारको संख्या ५२१ अर्थात १८.१० प्रतिशत रहेको छ। माथिको तथ्याङ्कलाई हेर्दा दुईवटा तथ्यहरू स्पष्ट देखिन्छन्। पहिलो, अधिकांश घरपरिवारहरूको २ हेक्टरभन्दा बढी आकारको जमिन रहेकोले जमिनको खण्डिकरणका कारण व्यवसायिक र वैज्ञानिक कृषि प्रणालीअनुसार खेती गर्न कठिन हुने र अर्कोतर्फ निर्वाहमूखी कृषिमा मात्र समय र श्रम खर्चिनुपर्ने अवस्था रहेको देखिन्छ। नेपालको संविधानको, भाग ४, धारा ५१ (ङ)२) बमोजिम "अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने" राज्यको कृषि तथा भूमिसुधार नीतिअनुसार जग्गा बाँझो राख्ने प्रवृतिलाई न्यूनीकरण गर्दै व्यावसायिक र नाफामूलक कृषिमा जोड दिनु आवश्यक देखिन्छ।




**तालिका नं.५२ :** गाउँपालिकको सिंचाई आयोजनाको विवरण

| क्र.सं. | आयोजनाको नाम | सिंचाईको माध्यम | वडा नं. | सिंचित क्षेत्र (हे.) |
|---|---|---|---|---|
| १ | लेवाङ साठीमुरे सिंचाई आयोजना | कुलो | १ | २०० रोपनी |
| २ | सलाउने सिंचाई आयोजना | कुलो | २ | १० मुरी धान फल्ने जमिन |
| ३ | बाँसखोला हारीफाँट | | २ | |
| ४ | खहरेखोला गुठा सिंचाई आयोजना | | २ | |
| ५ | खाडुवायखोला सिंचाई आयोजना | | २ | |
| ६ | महभीर सिंचाई आयोजना | कुलो | ३ | १२०० रोपनी |
| ७ | खग्रली सिमलचौर | कुलो | ३ | ५०० रोपनी |
| ८ | खग्रेनी साना सिंचाई योजना | | ३ | ५० रोपनी |
| ९ | फुर्के सल्ला साना सिंचाई योजना | | ३ | ३० रोपनी |
| १० | हाङगी खोला सिंचाई | कुलो | ५ | १३० रोपनी |
| ११ | कुटखोला सिंचाई योजना | कुलो | ७ | २०० रोपनी |

*स्रोत: निसीखोला गाउँपालिका, २०७६*


## ४.१४.५ कृषि प्रयोजनका लागि भएको जग्गा जमिन सम्बन्धि विवरण

तालिका नं.५३ : कृषि प्रयोजनका लागि भएको जग्गा जमिन सम्बन्धि विवरण

| वडा | जमिन भएको वा भोगचलन गर्ने परिवार | जमिन भोगचलन गर्ने परिवार | जम्मा जग्गाको क्षेत्रफल (हे) | |
|---|---|---|---|---|
| | | | जम्मा क्षेत्रफल | प्रतिपिरवार औसत जमिन |
| १ | ४६२ | ४४३ | ३४३०.७८ | ७.४३ |
| २ | ५७० | ५२४ | ३६८२.२९ | ६.४६ |
| ३ | ४६२ | ४४५ | २९५१.६७ | ६.३९ |
| ४ | ५५२ | ५२५ | २४४९.७१ | ४.४४ |
| ५ | ३७४ | ३५६ | २४३२.४८ | ६.५० |
| ६ | ८ | ८ | ३९.२१ | ४.९० |
| ७ | ४५० | ४४० | ३४३९.५५ | ७.६४ |
| जम्मा | २८७८ | २७४१ | १८४२५.६९ | ६.४० |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*

यस गाउँपालिकामा आफ्नै स्वामित्वमा कृषियोग्य जमिन भएका कुल घरपरिवार २८७८ मध्ये २७४१ घरपरिवारहरूको जमिन खेतीपातीको लागि प्रयोग भएको छ। जुन हेक्टरमा १८४२५.६९ हेक्टर हुन आउँछ। वडाअनुसार विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




### ४.१४.६ कृषि उत्पादनमा आबद्ध घरपरिवारको विवरण

**तालिका नं.५४ :** कृषि उत्पादनमा आबद्ध घरपरिवारको विवरण

| वडा | कृषिमा आवद्ध भएको | | कृषिमा आवद्ध नभएको | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ४०१ | ९६.९% | १३ | ३.१% | ४१४ |
| २ | ४८३ | ९९.२% | ४ | .८% | ४८७ |
| ३ | ४४६ | ९७.८% | १० | २.२% | ४५६ |
| ४ | ४९६ | ९७.४% | १३ | २.६% | ५०९ |
| ५ | ३३० | ९७.६% | ८ | २.४% | ३३८ |
| ६ | ८ | ८०.०% | २ | २०.०% | १० |
| ७ | ४३८ | ९९.१% | ४ | .९% | ४४२ |
| जम्मा | २६०२ | ९८.०% | ५४ | २.०% | २६५६ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*

आफ्नै स्वामित्वको जमिनमा होस् वा अर्काको जमिन, खेतीपातीमा संलग्न कुल घरपरिवारको संख्या २६०२ अर्थात् ९८ प्रतिशत र असंलग्न घरपरिवारको संख्या ५४ अर्थात् २ प्रतिशत रहेको छ । यसमध्ये सबैभन्दा बढी खेतीपातीमा संलग्न घरपरिवारहरू ४९६ वडा नं. ४ मा र कम घरपरिवारहरू ८ वडा नं. ६ मा रहेका छन् । विगतमा भन्दा खेतीपातीमा संलग्न घरपरिवारको संख्या क्रमश कम हुँदै गएको देखिन्छ । यसको कारण कृषिमा अपेक्षाकृत आम्दानी नहुनु र अन्य पेशा र रोजगारीका अवसरहरू समेत वृद्धि हुनु हुन् । वडाअनुसार विस्तृत विवरण माथिको तालिकामा प्रस्तुत गरिएको छ ।




## ४.१४.७ कृषि बाली उत्पादनको आधारमा घरपरिवारको विवरण (बहुउत्तरमा आधारित)

**तालिका नं.५५ :** कृषि बाली उत्पादनको आधारमा घरपरिवारको विवरण (बहुउत्तरमा आधारित)

| बाली समूह | | वडा नं. | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| अन्न बाली | उत्पादन भएको | ३९६ | ४८० | ४३६ | ४९१ | ३२५ | ८ | ४३५ | २५७१ |
| | उत्पादन नभएको | ५ | ३ | १० | ५ | ५ | ० | ३ | ३१ |
| | जम्मा | ४०१ | ४८३ | ४४६ | ४९६ | ३३० | ८ | ४३८ | २६०२ |
| दाल बाली | उत्पादन भएको | १६४ | १६० | १६६ | ३०२ | १९८ | ० | ११९ | ११०९ |
| | उत्पादन नभएको | २३७ | ३२३ | २८० | १९४ | १३२ | ८ | ३१९ | १४९३ |
| | जम्मा | ४०१ | ४८३ | ४४६ | ४९६ | ३३० | ८ | ४३८ | २६०२ |
| तेल बाली | उत्पादन भएको | १ | ८ | ३ | १६ | ० | ० | ८ | ३६ |
| | उत्पादन नभएको | ४०० | ४७५ | ४४३ | ४८० | ३३० | ८ | ४३० | २५६६ |
| | जम्मा | ४०१ | ४८३ | ४४६ | ४९६ | ३३० | ८ | ४३८ | २६०२ |
| तरबारी बाली | उत्पादन भएको | १०४ | २२७ | २१८ | ३६९ | २१५ | १ | १९७ | १३३१ |
| | उत्पादन नभएको | २९७ | २५६ | २२८ | १२७ | ११५ | ७ | २४१ | १२७१ |
| | जम्मा | ४०१ | ४८३ | ४४६ | ४९६ | ३३० | ८ | ४३८ | २६०२ |
| मसला बाली | उत्पादन भएको | ७८ | १५२ | २२० | ३३९ | १७० | ० | ११२ | १०७१ |
| | उत्पादन नभएको | ३२३ | ३३१ | २२६ | १५७ | १६० | ८ | ३२६ | १५३१ |
| | जम्मा | ४०१ | ४८३ | ४४६ | ४९६ | ३३० | ८ | ४३८ | २६०२ |
| फलफूल बाली | उत्पादन भएको | ९० | ४२ | २२ | १४० | १४२ | ० | ३१ | ४६७ |
| | उत्पादन नभएको | ३११ | ४४१ | ४२४ | ३५६ | १८८ | ८ | ४०७ | २१३५ |
| | जम्मा | ४०१ | ४८३ | ४४६ | ४९६ | ३३० | ८ | ४३८ | २६०२ |
| अन्य कृषि बाली | उत्पादन भएको | ११ | ६ | ३ | १८ | ४१ | ० | १९ | ९८ |
| | उत्पादन नभएको | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ११ | ६ | ३ | १८ | ४१ | ० | १९ | ९८ |

*स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*

यस गाउँपालिकामा खेतीपातीमा संलग्न कुल घरपरिवारमध्ये २५७१ घर परिवारले अन्नबाली, ११०९ घर परिवारले दलहनबाली, ३६ घर परिवारले तेलहन बाली, १३३१ घर परिवारले तरकारीबाली, १०७१ घर परिवारले मसलाबाली, ४६७ घरपरिवारले फलफूल र बाँकिले अन्य बाली उत्पादन गर्ने गरेका छन्। समग्र तथ्याङ्कको विश्लेषण गर्दा परम्परागत रूपमा अन्न बाली भने झण्डै सबै घरपरिवारहरूले लगाउने गरेको देखियो तर फलफूल, तेलहन र तरकारी जस्ता नगदेबालीको खेतीगर्ने घरपरिवारहरू भने उल्लेख्य रूपमा कम देखिन्छ। यस तथ्याङ्कले परम्परागत निर्वाहमूखी खेतीपातीमा ग्रामीण अर्थतन्त्र सीमित रहेको देखिन्छ। फलफूल, तरकारी र अन्य नगदेबालीको वैज्ञानिक र व्यवसायिक खेतीबाट उर्वर जमिनको पूर्ण सदुपयोग गरी निर्यात प्रवर्द्धन गर्न सकेमात्र ग्रामीण अर्थतन्त्र सबल हुने देखिन्छ। यसका लागि गाउँपालिकाले बृहत कृषि विकास गुरुयोजना निर्माण गरी युवा कृषक तथा अन्य कृषकहरूलाई व्यवसायिक ढंगले अधिक फाइदा हुने खालका नगदेबाली, फलफूल तथा तरकारी बालीमा आकर्षण गरी कृषि विमा, विउविजनमा सहुलियत, बजारीकरणको व्यवस्था, कोल्ड स्टोर, तालिम, किटनाशक तथा मलखादको उपलब्धता जस्ता विषयहरूमा स्थानीय सरकारले ध्यान पुऱ्याउनु जरुरी छ। कृषि सम्बन्धि थप विवरण तालिकामा उल्लेख गरिएको छ।




## ४.१४.८ कृषिजन्य बाली बिक्रीका आधारमा घरपरिवारको विवरण (बहुउत्तरमा आधारित)


**तालिका नं.५६ :** कृषिजन्य बाली विक्रीका आधारमा घरपरिवारको विवरण (बहुउत्तरमा आधारित)

| बाली समूह | | वडा न.. | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| अन्न उत्पादन बिक्री | बिक्री भएको | २५ | ५ | ५ | १५ | २७ | ८ | ९ | ९४ |
| | बिक्री नभएको | ३७६ | ४७८ | ४४१ | ४८१ | ३०३ | ० | ४२९ | २५०८ |
| | जम्मा | ४०१ | ४८३ | ४४६ | ४९६ | ३३० | ८ | ४३८ | २६०२ |
| दलहन बिक्री | बिक्री भएको | ५ | ३ | २ | ३ | १८ | ० | १ | ३२ |
| | बिक्री नभएको | ३९६ | ४८० | ४४४ | ४९३ | ३१२ | ८ | ४३७ | २५७० |
| | जम्मा | ४०१ | ४८३ | ४४६ | ४९६ | ३३० | ८ | ४३८ | २६०२ |
| तेलहन बिक्री | बिक्री भएको | ० | ० | १ | ० | ० | ० | ० | १ |
| | बिक्री नभएको | ४०१ | ४८३ | ४४५ | ४९६ | ३३० | ८ | ४३८ | २६०१ |
| | जम्मा | ४०१ | ४८३ | ४४६ | ४९६ | ३३० | ८ | ४३८ | २६०२ |
| तरवारी बिक्री | बिक्री भएको | ४ | ६ | ५ | १५ | ३६ | १ | १० | ७७ |
| | बिक्री नभएको | ३९७ | ४७७ | ४४१ | ४८१ | २९४ | ७ | ४२८ | २५२५ |
| | जम्मा | ४०१ | ४८३ | ४४६ | ४९६ | ३३० | ८ | ४३८ | २६०२ |
| मसला बिक्री | बिक्री भएको | ० | २ | १ | २० | १ | ० | ३ | २७ |
| | बिक्री नभएको | ४०१ | ४८१ | ४४५ | ४७६ | ३२९ | ८ | ४३५ | २५७५ |
| | जम्मा | ४०१ | ४८३ | ४४६ | ४९६ | ३३० | ८ | ४३८ | २६०२ |
| फलफूल बिक्री | बिक्री भएको | ९ | १ | ४ | ३१ | २१ | ० | १ | ६७ |
| | बिक्री नभएको | ३९२ | ४८२ | ४४२ | ४६५ | ३०९ | ८ | ४३७ | २५३५ |
| | जम्मा | ४०१ | ४८३ | ४४६ | ४९६ | ३३० | ८ | ४३८ | २६०२ |
| अन्य कृषि उत्पादन बिक्री | बिक्री भएको | १ | ० | ० | ४ | ० | ० | १ | ६ |
| | बिक्री नभएको | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | १ | ० | ० | ४ | ० | ० | १ | ६ |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*

गाउँपालिकामा खाद्यान्न बाली खेती गर्ने कूल घरपरिवार मध्येबाट आफूले प्रयोग गरी बढी भएको अन्न बेच्नेको संख्या ९४ घरपरिवार रहेको छ भने २५०८ घरपरिवारले खाद्यान्न बालीको बिक्री गर्दैनन् । यसमा कारण अवैज्ञानिक र परम्परागत कृषि प्रणाली निर्वाहमुखी खेती, उद्यमशिलता र व्यवसायिक सोचको न्युनता जस्ता कारणहरू रहेका छन् । यसको कारण सीमित जमिन र न्यून परिमाणको उत्पादन नै हो । त्यसैगरी दलहन बालीको खेतीगर्ने २६०२ मध्ये जम्मा ३२ घरपरिवारले मात्र दलहन बाली बिक्री गर्ने गरेको पाइन्छ । गाउँपालिकामा तेलहन बालीको जम्मा १ घरपरिवारहरूले बिक्री गरेको पाइयो । तेलहनबाली बिक्री नगर्नुको कारण सीमित परिमाणको उत्पादन भई घरायसी प्रयोजनका लागि मात्र प्रयोग हुनु वा सोको समेत अभाव हुनाले हो ।

गाउँपालिकामा कृषिजन्य उत्पादनमध्ये तरकारी बालीको बिक्री समेत सन्तोषजनक देखिदैन । तरकारी बालीको खेती गर्ने जम्मा २६०२ घरपरिवारहरूमध्ये ७७ परिवारहरूले तरकारीबाली बेच्ने गरेको पाइन्छ । समग्रमा कृषिजन्य उत्पादन व्यवसायिक नभई प्रायजसो घरायसी प्रयोजनको लागि मात्र उत्पादन हुने गरेको देखिन्छ । त्यसैगरी मसला बालीको उत्पादन गर्ने घर परिवार मध्ये २७, फलफूल बाली ६७ र अन्य बाली ६ घर परिवारले बिक्री गर्ने गरेको पाइयो । अधिकांश घरपरिवारले बाली बिक्री नगर्नु र ठूलो संख्यामा रहेका किसानहरूले खेती नै नगर्नुको प्रमुख कारणमा प्राविधिक ज्ञानको कमी, बजारीकरण, विउविजन तथा परम्परागत सोचको खेती प्रणाली हुन सक्छन् । तसर्थ आधारभूत कृषि पूर्वाधारको विकास मार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि, कृषिजन्य उपजहरूको व्यवसायीकरण र बजारीकरण, कृषि सूचना तथा सञ्चार, प्रसार र तालिम लगायत गुणस्तर नियमन, मानव तथा पशु रोग व्यवस्थापन एवम् विपद् व्यवस्थापन तथा सचेतना जस्ता ठोस कार्यक्रमको कार्यान्वयन मार्फत् कृषि क्षेत्रको पुनरुत्थान गर्नुपर्ने आवश्यकता छ ।



## ४.१५ बाली पात्रो

तालिका नं.५७ : बाली पात्रो

| क्र.सं. | बाली | बाली लगाउने समय | बाली भित्र्याउने समय |
|---|---|---|---|
| १ | धान वर्षे | आषाढ/साउन | असोज / कार्तिक |
| २ | मकै | चैत / बैशाख | साउन / भदौ |
| ३ | गहुँ | कार्तिक / मंसिर | चैत्र / वैशाख |
| ४ | तोरी | असोज / कार्तिक | माघ / फागुन |
| ५ | आलु | असोज / कार्तिक | माघ / फागुन |
| ६ | मास, मस्याङ, भटमास | आषाढ/साउन | असोज/कार्तिक |
| ७ | तरकारी वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| ८ | तरकारी हिउँदे | भदौ / असोज | मंसिर / फागुन |
| ९ | तरकारी बसन्ते | पौष / माघ | वैशाख / आषाढ |
| १० | कोदो (काभ्रे, डल्ले आदि) | साउन/भदौं | माघ / फागुन |
| ११ | फापर | भदौ / असोज | मंसिर/ पुस |
| १२ | गहत | बैशाख/जेठ | मंसिर / पुस |

*स्रोत: गाउँपालिकाको कार्यालय २०७६*

## ४.१६ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरूले असंगठीत रूपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार शृङ्खला पार गर्दै कृषि उपजहरूको बजारीकरण गर्ने प्रचलन विकास हुन थालेको छ। गाउँपालिका निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका विभिन्न खालका ढाँचाहरू अभ्यासमा आएका छन्। यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भइ नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरूले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन्। हालसम्म बजारीकरण ढाँचामा विभिन्न कृषि बजारीकरणका मोडलहरू विकास र अभ्यास भएको देखिन्छ। कृषि उपज बजारीकरणका ढाँचाहरूले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्ने परिस्थिति निर्माण गरेका भने पक्कै छन्। गाउँपालिकामा विभिन्न हाट बजारहरूबाट कृषि लगायत अन्य वस्तुहरूको (तरकारी, आलु, फलफूल तथा माछा) बजारीकरण हुने गरेको देखिन्छ।

### ४.१६.१ कृषि सहकारी संस्थाको विवरण/कृषि समूहको विवरण

नेपाल जस्तो असंगठित उत्पादन प्रणाली भएको देशमा सहकारीको अवधारणा आफैमा एक बरदान हुन सक्छ। सहकारीले संगठित भएर एक आपसमा सहयोग आदानप्रदान गर्ने आधार तयार गर्दछ । कृषि सहकारीहरूले ग्रामीण साना किसानका कर्म र उत्पादनहरूलाई संगठित गर्न ठुलो मद्दत पुऱ्याउनुका साथै संगठित भएर काम गर्दा किसानहरूको आत्मबल वृद्धि भई ग्रामीण कृषि अर्थतन्त्रलाई माथि उठाउन मद्दत पुग्दछ। अर्कोतर्फ कृषि समुहहरूले समेत सामुहिक उर्जाका साथ संगठित भएर काम गर्दा किसानहरूको आत्मबल वृद्धि भई ग्रामीण कृषि अर्थतन्त्र माथि उठाउन मद्दत पुग्दछ। अर्कोतर्फ कृषि समुहहरूले समेत सामुहिक उर्जाका साथ संगठित भएर अगाडि बढ्न मार्ग प्रशस्त गर्दछन्। कृषकले स्थानीय स्तरमा भोगेका समस्याहरूको सामुहिक समाधन खोज्ने, एक आपसमा सहयोग आदान-प्रदान गर्ने संस्थागत सहयोग प्राप्त गर्न सहज हुने र उत्पादित सामानहरूको बजारीकरण गर्न समेत आयतन पुऱ्याउन सहज हुने हुँदा यस्ता समूहहरू विशेषगरी साना किसानहरूका लागि अत्यन्त प्रभावकारी हुन्छन्।

### (क) कृषक समूहको विवरण

परम्परागत कृषि को व्यवसायिकरण तथा आधुनिकीकरण गर्न अहिले विभिन्न कृषि समूहहरू सञ्चालित छन् यसले कृषि व्यवसायलाई सहजीकरण गर्नुको साथै कृषि व्यवसायमा केही सेवा सुविधाहरू दिँदै व्यवसायीहरूलाई उर्जा प्रदान गरेको छ। कृषक समूहको विवरणले कुनै पनि गाउँपालिका कृषि क्षेत्रमा रहेको कृषकको संलग्नता र कृषि क्रियाकलापको अवस्थाको जानकारी गराउनुको साथै आगामी दिनहरूमा के कस्ता कार्यक्रमहरू ल्याउन आवश्यक छ भन्ने कुरालाई सहज बनाउँदा र यसले कृषि प्रधान देश नेपालको कृषि क्षेत्रको सुधार गरी आर्थिक विकासमा टेवा पुग्छ। गाउँपालिकामा कुल २३४ सदस्यहरू सहितको १० वटा कृषक समूहहरूरहेका छन्। यस गाउँपालिकामा रहेका कृषक समूहको विस्तृत विवरण तल उल्लेख गरिएको छ।

## ४.१६.२ कृषि उपज संकलन केन्द्र तथा डेरीहरूको विवरण

ठुलोस्तरको कृषि उत्पादन तथा संकलन केन्द्रको व्यवस्था नभएको ग्रामीण परिवेशमा सानो परिमाणमा उत्पादन हुने उपजहरूलाई विभिन्न पायक पर्ने स्थानहरूमा संकलन केन्द्रकोरुपमा विकास गर्दा बजारीकरण गर्न सहयोग पुग्दछ। यसरी विभिन्न स्थानमा संकलन केन्द्रको विकास गर्दा व्यापरिहरू लाई निश्चित स्थानबाट निश्चित परिमाणमा उपजहरूमा खरिद गर्न सहयोग पुग्ने हुँदा यसले बजार प्रणालीको विकास गर्न सहयोग पुग्दछ। यस निसीखोला गाउँपालिकामा कृषि उपज संकलन केन्द्र वुर्तिवाङमा रहेको छ।

## ४.१६.३ चिस्यान केन्द्र, भण्डारण केन्द्र तथा डेरीहरूको विवरण

कृषि उत्पादन वृद्धि गर्नु जति जरुरी छ त्यति नै उत्पादित सामाग्रीहरूको सूरक्षित भण्डारण गर्नु जरुरी हुन्छ। उचित ढङ्गले भण्डारण गर्दा कृषि उपजमा रहेको पोषक तत्वलाई कायम राख्न समेत मद्दत पुग्दछ। भण्डारण वैज्ञानिक नहुँदा एकातर्फ उत्पादित उपजको गुणस्तर कमजोर हुने र नष्ट हुनेसमेत हुन जान्छ तसर्थ कृषि उपजलाई वैज्ञानिक तवरले भण्डारण गरी बेमौसममा समेत बजारमा उपलब्धता भए बजार मूल्य सन्तुलनमा राख्न सहयोग पुग्दछ। यसका लागि आवश्यकताका आधारमा विभिन्न स्थान चिस्यान केन्द्र, भण्डारण केन्द्र र डेरीहरू स्थापना गर्नु आवश्यक छ।

## ४.१६.४ कृषि पकेट क्षेत्रको विवरण

नेपालमा भौगोलिक विविधिताका कारणले जलवायूमा ठुलो विविधता रहेको छ। माटो बनावट समेत स्थान पिच्छे फरक-फरक रहेको छ। तसर्थ एक प्रकारको जलवायू र माटोमा हुने विरुवा अर्को प्रकारको जलवायू र माटोमा हुँदैन। र अर्को भिन्न प्रकारको विरुवा हुने गर्दछ। यसैका कारण स्थान विशेष कृषि उपज पकेट क्षेत्र निर्धारण गरी त्यस्ता स्थानहरूका सघनरुपमा जलवायू उपयुक्त बालीनालीहरू लगाउने नीति नेपाल सरकारले लिएको छ। यस्ता पकेट क्षेत्रहरूले कुनै पनि स्थानको उपज विशेष पहिचान स्थापित गर्न समेत ठुलो सहयोग पुग्दछ ।

पकेट क्षेत्र भन्नाले राष्ट्रिय आवश्यकता र स्थानीय संभाव्यताका आधारमा तोकिएको बाली/ वस्तुमा न्युनतम १० हेक्टर जमिनमा जिल्ला स्तरमा सञ्चालन गरेको साना व्यवसायिक उत्पादन केन्द्रलाई बुझिन्छ। यसको प्रमुख उद्देश्य पकेटमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुको साथै पकेट क्षेत्रमा मौसमी रोजगारी सिर्जना गर्नु हो। कृषि मन्त्रालयले स्थानीय संभाव्यताको आधारमा सडकको पहुँच, सिँचाईको उपलब्धता, विद्युतको उपलब्धता, तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको एउटै कोरिडोरमा रहेको

कृषि बाली/व्यवसायिक उत्पादन क्षेत्रलाई कृषि पकेट क्षेत्र भनिन्छ। कृषि, भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालयले परिवर्तित नेपालको संरचना अनुसार ७ प्रदेशमा संभावित व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र) निर्धारण गरेको छ । हिमाल, पहाड, तराई र हिमाली जिल्लाहरूमा बालीको प्रकृति अनुसार सार्वजनिक/निजी साझेदारीमा पकेट क्षेत्र घोषणा भईरहेको छ। राष्ट्रियस्तरमा कृषि क्षेत्रको विकास गर्न पकेट क्षेत्र अवधारणा अनुसार कृषि उत्पादन बढाउने लक्ष्य राखिएको छ।

निसीखोला गाउँपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ। कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस गाउँपालिकामा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले गाउँपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रूपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, चिया, सुन्तला, उखुजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त संम्भावना देखिन्छ। यस गाउँपालिकामा रहेका पकेट क्षेत्रको विवरण निम्नअनुसार रहेको छ।

**तालिका नं.५८ :** गाउँपालिकामा रहेको कृषि पकेट क्षेत्रको विवरण

| क्र.सं. | कृषि पकेट क्षेत्र | ठेगाना |
|---|---|---|
| १ | हर्ते मकै कागती क्षेत्र | वडा नं.१, साकिल्थारा |
| २ | लेवाङ-मकै कागती क्षेत्र | वडा नं.१, होल्दी |
| ३ | मकै कोदो पकेट क्षेत्र | वडा नं.१, देवीस्थान, वडा नं. ७ |
| ४ | साठीमुरे धान पकेट क्षेत्र | वडा नं.१ |
| ५ | धान पकेट क्षेत्र | वडा नं. २, काल्ने चौर, वायाँ खोला, सेलावगर, चलाउने |
| ६ | फलफुल/सुन्तला पकेट क्षेत्र | वडा नं. २, डाँडागाउँ, सिमलचौर, पाखाथर, सिरटोल |
| ७ | अलैंची | वडा नं. २, बाहुन गाउँ |
| ८ | ओखर र टिमुर | वडा नं. ३, धाराखर्क |
| ९ | आलु पकेट क्षेत्र | वडा नं. ५, घर्तीथोक, निसेलढोर, वडा नं. ६, भल्कोट |
| १० | स्याउ पकेट क्षेत्र | वडा नं. ५, निसेलढोर |

*स्रोत: निसीखोला गाउँपालिका, २०७६*

### ४.१६.५ कृषि आधुनिकिकरण परियोजनाहरूको विवरण

परम्परागत र निर्वाहमुखी कृषि प्रणालीले थेगेको नेपालको कृषि क्षेत्रमा व्यापकरुपमा आधुनिकीकरण गर्नु टड्कारो आवश्यकता छ। राज्यले समेत विभिन्न नीति तथा कार्यक्रमहरू मार्फत कृषिमा आधुनिकीकरण गर्ने योजना तय गरेको छ। यसको उदाहरण देशका विभिनन स्थानहरू सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाहरू हन्। यी बाहेक नेपाल सरकार तथा अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरूले कृषि आधुनिकीकरण सम्बन्धी प्रविधि भित्र्याउने काम गरिरहेको पाइन्छ । आजको यूगमा कृषिको आधुनिकीकरणविना उत्पादन लागतमा कमी ल्याई व्यवसायिक उत्पादन गर्न कठित र असंम्भव हुन्छ।

### ४.१६.६ कृषि मेला तथा प्रर्दशनीहरूको विवरण

विभिन्न समयमा आयोजना हुने कृषि मेला तथा कृषि प्रर्दशनीहरूले एकातर्फ कृषि बजारीकरणलाई व्यापक सहयोग पुऱ्याउँछन् । भने अर्कोतर्फ किसानहरूको आत्मबल समेत वृद्धि हुन गई कृषि क्षेत्रको विकासमा सहयोग पुऱ्याउँछ । स्थानीय तहहरूले कृषक तथा व्यापारीहरूको सहकार्यमा प्रत्येक वर्ष नियमितरुपमा यस प्रकारका कृषि मेला तथा प्रर्दशनीहरूको आयोजना गर्दा वार्षिक कृषि गतिविधि सम्बन्धी पात्रोको निर्माण गर्नु उपयुक्त हुन्छ ।

## ४.१७ पर्यटन विकास

एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन, वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा चित्ताकर्षक पर्यटकीय गन्तब्य स्थलकोरुपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको वरदान हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरू, अनवरत बग्ने कञ्चन हिमनदीहरू, झरना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जंगल यहाँको प्राकृतिक निधिहरू हुन भने यहाँको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरू हुन् । यी सम्पुर्ण पर्यटकीय सम्पतिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुऱ्याई देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ । तसर्थ पर्यटन नीति, २०६५ ले मुलभूतरुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पूर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ ।

### ४.१७.१ मुख्य पर्यटकिय क्षेत्रहरूको विवरण (धार्मिक, ऐतिहासिक, साँस्कृतिक, प्राकृतिक)

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं निसीखोला गाउँपालिकाका हरियाली पहाडी मनोरम दृश्य यहाँको विशेषताको रुपमा रहेका छन् । यस गाउँपालिकामा सुन्दर हरियाली एवं प्राकृतिक मनोरम दृश्य तथा केही मठ मन्दिर तथा गुफाहरू साथै विभिन्न जातजातिहरूको संस्कृति पर्यटक आकर्षणको कारकहरू हुन् । केही धार्मिक तथा पर्यटकिय स्थलहरुको विवरण निम्नानुसार छ ।

**तालिका नं.५९ :** धार्मिक तथा पर्यटकीय स्थलहरूको विवरण

| वडा नं. | धार्मिक स्थलहरू | पर्यटकिय स्थलहरू |
|---|---|---|
| १ | देवीस्थान मन्दिर | नाङ्गे पर्यटकीय क्षेत्र, |
| | माइथान-हार्से | धुवाँखारे पर्यटकीय क्षेत्र, |
| | लेवाङ-देवीस्थान | |
| | चवीमाला-हुल्दी | |
| २ | बराहस्थान-अर्नाकोट | अर्नाकोट |
| | धाकेसल्ला-देवी मन्दिर | दहकोट |
| | वायाखोला-देवी मन्दिर | |
| | डाँडागाउँ विश्वकर्मा मन्दिर | |

| वडा नं. | धार्मिक स्थलहरू | पर्यटकिय स्थलहरू |
|---|---|---|
| | बाहुन गाउँ देवी मन्दिर | |
| ३ | बराह मन्दिर | मह भीर |
| | भुमेमन्दिर | |
| ४ | बराह मन्दिर, झिम्पा-गैरीगाउँ | |
| | खाडाँमस्ट मन्दिर, थापागाउँ | |
| | शिव मन्दिर, थापागाउँ | |
| | कृष्ण मन्दिर, कानवगर | |
| | तिलार शिव मन्दिर | |
| | तिनारेमा मस्ट मन्दिर | |
| | सिद्ध मन्दिर थान, झिम्पा | |
| | कूल मन्दिर, झिम्पा | |
| | कूलमन्दिर वडाचौर | |
| | दुर्गामन्दिर, वडाचौर | |
| | शिवमन्दिर, थुम्का | |
| ५ | बराहमन्दिर, (खोला पारी) मजुवा | भालेवाङ |
| | गुफा, जुजाजुजी, निसेलढोर | काजुरेढुङ्गा |
| | दुर्गादेवी मन्दिर, ढाँड | |
| ६ | भुमेपुजा, भल्कोट | |
| | बराहपुजा थान, खुनचुङ | |
| | बराहपुजा थान, सीप | |
| | बराहपुजा थान, रिगताल | |
| | मोन्पो, | |
| ७ | नर्सिङ कोट | नर्सिङ कोट |

*स्रोत : निसीखोला गाउँ कार्यपालिकाको कार्यालय, २०७६*

## ४.१७.२ पर्यटकिय पूर्वाधारहरूको विवरण

कुनैपनि क्षेत्रको विकासका लागि सो क्षेत्रसँग सम्बन्धित सम्पूर्ण पूर्वाधारहरूको समुचित विकास गर्नु अनिवार्य हुन्छ । नेपालमा पर्यटनको प्रचुर संभावना भएतापनि पर्यटन पूर्वाधारको अभाव कारण पर्यटन क्षेत्रको व्यापक विकासमा वाधा श्रृजना भएको छ । पर्यटन पूर्वाधार अन्तर्गत सहज यातायात सुविधा, होटल, लज तथा रेष्टुरेन्ट, पर्यटन गाईड, सूचना केन्द्रहरू, उद्धार संयन्त्र, सञ्चार, सूरक्षा तथा पर्यटकीय गतिविधिहरू नै हुन् । पर्यटनको संभावना हेरी यी पूर्वाधारहरूको आवस्यकताका आधारमा क्रमश विकास गर्नु पर्यटन विकासका लागि अपरिहार्य छ । गाउँपालिकामा यी पर्यटकिय पूर्वाधारको समुचित विकास भैसकेको छैन ।

## ४.१८ उद्योग व्यापार तथा बैङ्कीङ

### ४.१८.१ हाल संचालित समग्र उद्योगहरूको विवरण

कृषिको विकास पश्चात कुनै पनि देशको आर्थिक क्रान्ति लागि आवश्यक क्षेत्र भनेको उद्योग नै हो । औद्योगिक विकासका लागि राणशासन काल देखि नै विभिन्न प्रयासहरू हुँदै भएता पनि औद्योगिक क्रान्ति नै हुने प्रकारका ठुला स्तरका उद्योगहरू नेपालमा खुल्न सकेका छैनन् । भएका उद्योगहरू समेत रुग्ण हुँदै बन्द हुनु अर्को दुर्भाग्यपूर्ण अवस्था छ । कृषिको विकास सँगसँगै कृषि र स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गरी नेपालका उत्पादनहरूको उपभोग विश्व बजारमा पुऱ्याउन सकेमात्र नेपाल अतिकम विकसित राष्ट्रबाट माथि उठ्ने आधार तयार हुन्छ । उद्योगलाई प्रर्वद्धन गर्न स्थानीय श्रोतमा आधारित साना तथा मझौला उद्योगहरूलाई उत्तिकै प्राथमिकता र प्रोत्साहन गर्नू जरुरी हुन्छ ।

साना उद्योग, कृषिमा आधारित सबै प्रकारका उद्योगहरू, घरेलु उद्योग, मझौला उद्योग, ठूला उद्योग, सेवामूलक उद्योग, सरकारी उद्योग समुदायमा आधारित उद्योग, घट्ट मील, संकलन तथा प्रशोधन सम्बन्धी उद्योग गाउँपालिकामा ठुला उद्योगहरू सञ्चानमा आउन नसके पनि गाउँपालिकामा उपलव्ध स्थानीय स्रोत र साधनको उपयोग गरी विभिन्न साना तथा घरेलु तथा कृषिजन्य उद्योगहरू रहेका छन् जसले गाउँपालिकाको आर्थिक विकासमा टेवा पुऱ्याएको छ ।

तालिका नं.६० : निसीखोला गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका कृषि जन्य उद्योगहरूको विवरण

| क्र.स. | उद्योगको नाम | ठेगाना |
|---|---|---|
| १ | मार्वल बनाउने उद्योग | वडा नं. १, साठीमुरे |
| २ | विजुलीवाट चल्ने मिल | वडा नं.३ |
| ३ | पानीमिल | वडा नं.३ |
| ४ | पिसानी मिल | वडा नं. ४, अडेन, बुढाथोक, भिवाङ |
| ५ | अल्लोवाट कपडा बुन्ने उद्योग | वडा नं. ४ |
| ६ | सिस्नु पाउडर उद्योग | वडा नं. ५, लिरतुङ |
| ७ | घरेलु राडी पाखी | वडा नं. ७, कुडुला |
| ८ | कुटानी, पिसानी | वडा नं. ७ |
| ९ | फर्निचर | वडा नं. ७ |

*श्रोत: गाउँपालिकाको कार्यालय, २०७६*

### ४.१८.२ मुख्य व्यापारको विवरण (किराना थोक, आयात, निर्यात)

कृषि र उद्योग क्षेत्रको विकाससँग अनोन्याश्रित सम्बन्ध भएको क्षेत्र हो व्यापार । कृषि र उद्योग मार्फत उत्पादित सामाग्रीहरूलाई राष्ट्रिय र अन्तराष्ट्रिय बजारमा पुऱ्याउने माध्यम व्यापार भएकाले व्यापार र बाणिज्यको विकास अत्यन्त महत्वपूर्ण हुन्छ । स्थानीय तहहरू आर्थिकरुपले सबल हुन स्थानीय उत्पादनमा सबल भई निर्यात गर्न सक्ने अवस्थामा पुग्नु पर्दछ । आफ्नो क्षेत्र भन्दा बाहिर उत्पादित सामाग्रीहरूको व्यापार गरेर अर्थतन्त्र माथि उठ्न सक्दैन । यसका लागि कुनै न कुनै प्रकारले स्थानीय उत्पादनमा केन्द्रित भई यस्ता उत्पादनहरूलाई निर्यात गर्न सक्नुपर्दछ ।

### ४.१८.३ खनिज तथा खानी सम्बन्धी विवरण

खनिज तथा खानीको अध्ययन र उत्खनन् साथै प्रशोधनका क्षेत्रमा नेपाल अत्यन्त पछाडि परेको छ। प्रविधि, जनशक्ति र ठोस योजनाको अभावका कारण नेपालको खानी तथा खनिज क्षेत्र झण्डै कुमारी अवस्थामा नै छ। यस क्षेत्रबाट लाभ लिन स्थानीय तहहरूले आफ्नो क्षेत्रमा यस सम्बन्धी अध्ययन तथा अनुसन्धान गराउनु आवश्यक छ।

निसीखोला गाउँपालिकाको खानी सम्बन्धी सम्भाव्यता हेर्दा स्लेट खानी, ढुङ्गा खानी, बालुवा खानी, ग्राभेल खानी को प्रसस्त संम्भावना देखिएको छ। त्यसैले वातावरणीय र पर्यावरणी अध्ययन गरेर उक्त क्षेत्रमा उत्खनन् सम्बन्धी काम हुन सक्ने सम्भावना देखिन्छ। गाउँपालिकामा उपलब्ध हुने अन्य कच्चा पदार्थमा रोडा, ढुंगा, बालुवा आदि प्रशस्त मात्रामा पाइन्छ। त्यसैले गाउँपालिकामा रहेको संम्भावना पत्याएर विभिन्न प्राकृतिक साधनको प्रशोधन गरी उद्योगको विकास तथा अर्थतन्त्र बलियो सम्भावना देखिन्छ। हाल सञ्चालित आयोजनाहरले पनि यसलाई थप पुष्टि गर्दछन्। तर यिनिहरूको वैज्ञानिक व्यवस्थापन जरुरी देखिन्छ।

### ४.१८.४ मुख्य बजार तथा व्यापारिक केन्द्रहरूको विवरण

देशका ठुला शहरहरू बाहेक ग्रामीण इलाकाहरूमा सघन बस्तीहरू भएका क्षेत्रमा मानवीय गतिविधिहरू जस्तै : शिक्षा, स्वास्थ्य, अन्य सेवा, व्यापार तथा वाणिज्य केन्द्रित भएको पाईन्छ। यस्ता केन्द्रहरूलाई नै बजार केन्द्रहरू भनिन्छ। शहरी विकास र सुविधाका दृष्टिकोणले पूर्णरुपमा विकास हुन नसकेता पनि भविष्यमा विकसित हुन सक्ने क्षेत्रकारुपमा यस्ता केन्द्रहरूमा मानवीय गतिविधिहरू केन्द्रित र विकसित भैरहेको पाईन्छ। उपयुक्तता हेरी नयाँ क्षेत्रमा बजारको विकास गर्न नसकिने होइन तथापि केही मात्रामा विकसित भईसकेका यस्ता क्षेत्रहरूमा थप विकास गर्न सहज भने हुन्छ।

तालिका नं.६१ : गाउँपालिकाको मुख्य व्यापारिक केन्द्रहरुको विवरण

| वडा नं. | व्यापारिक केन्द्र |
|---|---|
| १ | देवीस्थान, धोनपा-१, बोर्तीवाङ |
| २ | जुग्जा खोला, खाडु, अर्नाकोट |
| ३ | झिवाखोला |
| ४ | झिवाखोला बजार, कानावगर |
| ५ | पुतलीबजार |
| ६ | झल्कोट गाउँ, सिरमावाङ, सिप, रिनुवाङ |
| ७ | कुट्नेटा, भाँज, चोलाङ, कुडुला, मुनुङ, धुवाँखोर, ढालपानी |


*स्रोत: निसिखोला गाउँ कार्यपालिकाको कार्यालय, २०७६*

गाउँपालिकाका यी व्यापारिक केन्द्रहरूबाट कृषिजन्य तथा उत्पादनमुलक उद्योग अन्तर्गत पर्ने खाद्य मिलबाट उत्पादन हुने बस्तु, दाल, चामल, तेल, पिठो, मसला, आदिले स्थानीय बजारको आवश्यकता पुर्ति गर्नुको साथै केहि मात्रामा यिनले अन्य गाउँपालिका तथा छिमेकी जिल्लाहरूको बजारको रूपमा सेवा समेत पुऱ्याइरहेका छन्। स्थानिय उत्पादन तथा आयातित उत्पादनहरूको बजारीकरण हुने गरेको छ। कृषि योग्य जमिनको उपलब्धता कृषि तथा वनजन्य कच्चा पदार्थहरूको उपलब्धता, परम्परागत तथा जातिगत सीप, कौशल, पर्यटकीय महत्वका स्थलहरूको उपलब्धता लगायतका विभिन्न कारणले गाउँपालिकामा कृषि तथा स्थानिय परम्परा र सीपमा आधारित उद्योगहरूको विकासको राम्रो सम्भावना रहेको छ। त्यसैगरी साप्ताहिक रूपमा लाग्ने निसीखोला गाउँपालिकामा विभिन्न हाट बजारमा स्थानीय उत्पादन तथा दैनिक उपभोग्य वस्तुहरू चौपायाको किनबेच हुने गर्दछ। यसले पनि गाउँपालिकाको आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ। गाउँपालिकाको मुख्य व्यापरिक केन्द्रहरूको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं.६२ :** वडाअनुसार मुख्य वस्तीहरूको विवरण

| वडा नं. | मुख्य वस्तीहरू |
|---|---|
| १ | हर्से, देविस्थान, लेवाङ-३, लेवाङ-४, होल्दी, सातले, पाखापाकी, स्वाँरा, झुपडीकोट, पुरानो गाउँ, वगर, किटीनी, साठीमुरे, बेसीटोल, ठूलोगाउँ, पौवाली टोल, धुवाँखोर, बाँस लाम मेला, पातलेवास, उसारेदाहा, साकेल्धारा |
| २ | वाहखर्क, धाराटोल, जुम्जा खोला, बाहुन गाउँ, डाँडा खानी, थापाटोल, अर्यालटोल, तोरीपाटा, डम्पाटा, तल्लाव्यङ्गे, उपल्लाव्याङ्गे, तालेचौर, सिदेरी टोल, अर्नाकोट, वायाखोला, सिमलचौर |
| ३ | याङलिङ टोल, बोहोरा गाउँ, घुमाउनी टोल, धुवाँखोर, जुञ्जा, धाराखर्क, खापाखानी चोकपधेँरी, निसिनी, झिवाखोला |
| ४ | झिवाखोला, बाह्रचौर, कोटस्वारा, झिम्पा, गैरागाउँ, कामावगर, ओखेनी, दसन्यौरा, जिरी, पल्लो जिरी, थापागाउँ, उपल्लो थापागाउँ, पोखरा चौर, काँडा, शेरखेद, गाडेपा, खारचौर, स्वाँरा, खनार चौर, मसुरा खेत, तिलारे, डाँडाकोट |
| ५ | मधुवाङ, घर्तीथोक, बगाल डेरा, काणरुप खोला, पुतलीबजार, पाखाबेरा, साहुबेरा, पुनबेरा, रोकाबेरा, कामीबेरा |
| ६ | आउलेपानी, लप्रावाङ, मुङग्रावाङ, धिवाङ, बुढाथोक, भल्को, स्यार्प, झिम्मा, भेसाखाला, केसी टोल, विवाङ, सोरपो, सीप, खिवाङ, चेलवाङ, गायम, मदु, चरिवाङ, तिग्रापानी, सोता, चुसीवाङ, हिचान घुर्वाङ, रिखोला, पाँदार, भर्कुवाङ, गर्वाङ रंगिल, रोवाङ, खास्चन, मैताया, गुम, नाम्ती, ताखोला |
| ७ | भलायपाटा, राइविसे, मगरकोट, कुडुला, मुनुङ्ग, धुवाँखारे, खाक्सिनी, रावलटोल, भाँज, चोलाङ, धालपानी पुर्नीकोट, ढालपानी, मसेर |

*स्रोत : गाउँ कार्यपालिकाको कार्यालय, २०७६*




नक्सा नं. ७ : *आवासीय क्षेत्रहरू*

### ४.१८.५ क्रमिक विकास भइरहेका बस्तीहरूको विवरण

निसीखोला गाउँपालिका विषम भौगोलिक अवस्था भएपनि जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथै यातायातको आंसिक सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै विभिन्न स्थानहरूमा गाउँपालिकाहरूले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम साथै स-साना व्यापारिक केन्द्रको रुपमा क्रमिक विकास भइरहेको छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य वृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

गाउँपालिका क्षेत्रहरूको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरू संचालन गर्नु पर्दछ । यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरूलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ ।

### ४.१८.६ सहकारी संस्थाहरूको विवरण

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्थाप्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ । नगरको उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, उपभोक्ता, चिया/कफी उत्पादन र बहुद्देश्यीय आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै यी संस्थाहरूले नियमित रुपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ। यी सहकारी संस्थाहरूबाट कृषि, उद्योग व्यापार क्षेत्रमा लगानी हुने गरेको छ । यस गाउँपालिकामा रहेका सहकारी संस्थाहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.६३ :** सहकारी संस्थाहरूको विवरण

| क्र.सं. | सहकारी संस्थाको नाम | प्रकार | ठेगाना |
|---|---|---|---|
| १ | देवी दोभान महिला बचत तथा ऋण सहकारी | बचत तथा ऋण | वडा नं. १,देवीस्थान बजार |
| २ | बोहोरा गाउँ कृषि सहकारी | कृषि | वडा नं. ३, बोहोरा गाउँ |
| ३ | गिगी बचत तथा ऋण सहकारी संस्था | बचत तथा ऋण | वडा नं. ३, मियाखोला |
| ४ | झिम्पा बचत तथा ऋण सहकारी संस्था | बचत तथा ऋण | वडा नं., ४, झिवाखोला |
| ५ | झिम्पा कृषि सहकारी संस्था | कृषि | वडा नं. ४, झिम्पा |
| ६ | वलाङखोला बचत तथा ऋण सहकारी | बचत तथा ऋण | वडा नं. ५, वलाङखोला |
| ७ | घर्तीथोक बहुउद्देश्यीय सहकारी | बहुउद्देश्यीय | वडा नं. ५ घर्तीथोक |
| ८ | भल्कोट महिला सहकारी | | वडा नं. ६ |
| ९ | रिग महिला उद्यमी संस्था | बहुउद्देश्यीय | वडा नं. ६ |
| १० | भल्कोट बहुउद्देश्यीय सहकारी संस्था | | वडा नं. ६, भल्कोट |

*स्रोतः निसीखोला गाउँपालिका, २०७६*

### ४.१८.७ बैङ्कहरूको विवरण

आधुनिक अर्थव्यवस्थामा आर्थिक कारोबार बैंकबाट हुँदा त्यो व्यवस्थित र सहज हुन जान्छ । बैङ्किङ प्रणालीहरूमा व्यापक विकास भइरहँदा उनीहरूले प्रदान गर्ने सेवाहरू समेत विस्तार हुँदै गईरहेका छन् । हाल विभिन्न बैंङ्कहरूले ए.टी.एम. सेवा, भिसा काड सेवा महशुल भुक्तानी सेवा लगायत बीमाहरूको समेत व्यवस्था गरेका छन् । यसर्थ आधुनिक आर्थिक प्रणालीमा ग्रामीण जनताहरूको समेत बैङ्किङ सेवामा पहुँच पुऱ्याउन अपरिहार्य जस्तै भैसकेको छ ।

गाउँपालिकामा सहकारीहरूको साथसाथै प्रभु बैंकले बैंकिङसेवा पुऱ्याइरहेका छन् । गाउँपालिकामा यो बैंक मार्फत कर्जा समेत लगानी हुनको साथै रकमलाई निक्षेपको रुपमा स्विकार गरी बचत पनि गर्दै आएका छन् । यी संस्थाहरूको लगानीको मुख्य क्षेत्रकोरुपमा व्यापार, कृषि, उद्योग आदी रहेका छन् ।


### ४.१८.८ बैंक खाता भएका घरपरिवारको संख्याको आधारमा घरपरिवारको विवरण

तालिका नं.६४ : परिवारको सदस्यको बैंक खाता भएको आधारमा घर परिवारको विवरण

| वडा | छ | | छैन | | थाहा छैन | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | २८० | ३३.१% | ५५७ | ६५.९% | ८ | .९% | ८४५ |
| २ | २६३ | ३४.७% | ४८८ | ६४.४% | ७ | .९% | ७५८ |
| ३ | २८७ | ४४.५% | ३३० | ५१.२% | २८ | ४.३% | ६४५ |
| ४ | ४१२ | ६६.५% | १९० | ३०.६% | १८ | २.९% | ६२० |
| ५ | १४८ | २७.३% | ३४१ | ६२.८% | ५४ | ९.९% | ५४३ |
| ६ | २८ | ५.६% | ४५६ | ९०.५% | २० | ४.०% | ५०४ |
| ७ | १६१ | २७.९% | ४१२ | ७१.४% | ४ | ०.७% | ५७७ |
| जम्मा | १५७९ | ३५.२% | २७७४ | ६१.८% | १३९ | ३.१% | ४४९२ |

*स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*

यस गाउँपालिकामा रहेका कुल ४४९२ घरपरिवारमध्ये २७७४ अर्थात ६१.८ प्रतिशत घरपरिवारको बैङ्क खाता नरहेको र बाँकी अर्थात् १५७९ अर्थात् ३५.२ प्रतिशत घरपरिवारको बैङ्क खाता रहेको देखिन्छ भने १३९ घरपरिवार अर्थात ३.१ प्रतिशतका थाहा नभएको देखिन्छ । यस गाउँपालिकाका ग्रामीण जनतालाई आधुनिक बैङ्किङ सुविधा प्रदान गर्न थप पहल गर्नुपर्ने देखिन्छ । यसो गर्दा नागरिकले गर्ने सबै आर्थिक कारोबारको पूर्ण अभिलेख रहन्छ र राज्यद्वारा प्राप्त हुने विभिन्न सुविधाहरू बैङ्किङ प्रणालीबाट गर्दा त्यो लक्षित वर्गमा पुग्ने सुनिश्चितता समेत हुनजान्छ । राज्यलाई वित्तीय व्यवस्थापन गरी सम्पूर्ण जनसाधारणहरूमा बैङ्किङ प्रणालीप्रति सकारात्मक धारणा विकास गर्न सहयोग पुऱ्याउनु पर्ने देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।


बैंक खाता भएका घरधुरीको संख्याको आधारमा घरधुरीको वितरण
६००
५००
४००
३००
२००
१००
०
वडा १
वडा २
वडा ३
वडा ४
वडा ५
वडा ६
वडा ७
बैंक खाता भएको
बैंक खाता नभएको
थाहा छैन

# खण्ड- ५: सामाजिक अवस्था

## ५.१ शिक्षा तथा मानव संशाधन

यस अघिको चौधौं योजनाको ५ वटा रणनीतिक स्तम्भहरू मध्ये शैक्षिक पूर्वाधारको विकास र गुणस्तर वृद्धि पनि एक थियो । कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । यसै सिलसिलामा यहाँ निसीखोला गाउँपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ । विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहि आएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रुपमा नीतिगत रुपमा अबलम्बन गरिएको छ। राज्यको निति समेत शिक्षालाई विकासको प्रमुख पूर्वाधारको रुपमा विकसित, सर्वसुलभ र प्रभावकारी बनाउँदै लैजाने रहेको छ ।

**नेपालको संविधान २०७२ को भाग ३, धारा ३१** शिक्षा सम्बन्धि मौलिक हकमा देहाय बमोजिमको व्यवस्था गरिएको छ :

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ ।
३. अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम नि:शुल्क उच्च शिक्षा पाउनेहक हुनेछ ।
४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

संविधान तथा योजनाको ठूला ठूला वहस भएता पनि विश्व साम् तुलनात्मक अध्ययन गर्दा हाम्रो शिक्षा क्षेत्रमा उल्लेखनीय विकास भने भएको देखिँदैन । शिक्षाले ज्ञान र सिपको प्रयोगात्मक परिवर्तन ल्याउने, पिछडिएको, विपन्न र अभावग्रस्त वर्गको पक्षपोषण गर्ने, अवोध बालबालिका एवं आवाज विहिनका पक्षमा रही देशलाई समृद्ध बनाउने परिकल्पनालाई साकार पार्नुपर्दछ । देशका लागि आवश्यक नेतृत्वदायी क्षमताको विकास, अथकरूपमा सिक्ने र सिकाउने प्रवृति, सामाजिक र मानवीय मूल्यमान्यता र आत्मविश्वास जस्ता आधारभूत समग्र पक्षको विकास गर्न सघाउनु नै गुणस्तरीय शिक्षाको विशेषता हो । यस्तो शिक्षामा विश्लेषणात्मक र मौलिक सोचको पर्याप्तता हुनुपर्छ । निर्दिष्ट सिकाइमात्र स्तरीयता होइन । आज व्यावहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, सान्दर्भिकता देश र संस्कृतिप्रति प्रेम, नैतिक जिम्मेवारी, मौलिकरूपमा विज्ञानको उपयोग गर्न स्तरीय शिक्षाको आवश्यकता छ । शिक्षाको स्तरीय विकासले रोजगारीको अवसर, कलकारखानाको विकास, सुविधाको पहुँच, प्रविधिको विस्तार, उत्पादनमुखी कृषि, आयमुखी व्यवसाय, स्थानीय साधनश्रोतको प्रचुर सदुपयोगले जनताको जीवनस्तर उकास्न सकिन्छ जसले गाउँपालिकाको अर्थतन्त्र बलियो हुनुको साथै सामाजिक विकासमा महत्वपुर्ण टेवा पुऱ्याउँछ ।

शिक्षा क्षेत्रको परिशूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै सिलसिलामा यस गाउँपालिकाको शैक्षिक स्थिती देखाउन यहाँको साक्षरता स्थिति, शिक्षण संस्थाको विवरण, दरबन्दी शिक्षकहरूको विवरण, विद्यार्थीको भर्ना, तहगत तथा विषयगत शैक्षिक विवरण देखाउन खोजिएको छ। यसबाट गाउँपालिकाको शैक्षिक अवस्थालाई बुझी आगामी दिनमा सुधार गर्न नीति तथा कार्यक्रम बनाउन सकिन्छ।

### ५.१.२ शैक्षिक संस्थाहरूको विवरण

तालिका नं.६६ : गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरूको नामावली

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री जनता माध्यमिक विद्यालय | वडा नं. ७ |
| २ | राजकुट विद्यालय | वडा नं. ७ |
| ३ | जनजागृति प्राध्यामिक विद्यालय | वडा नं. ३ |
| ४ | पशुपति आधारभूत विद्यालय | वडा नं. ३ |
| ५ | श्री रत्न राज्य माध्यमिक विद्यालय | वडा नं. २ |
| ६ | सूर्य प्राध्यामिक विद्यालय | वडा नं. ३ |
| ७ | जग प्राध्यामिक विद्यालय | वडा नं. ३ |
| ८ | बोहोरा गाँउ प्राध्यामिक विद्यालय | वडा नं. ३ |
| ९ | सूर्य प्राध्यामिक विद्यालय | वडा नं. ४ |
| १० | श्री ज्योति आधारभूत विद्यालय | वडा नं. ४ |
| ११ | ज्ञानेन्द्र माध्यामिक विद्यालय | वडा नं. ५ |
| १२ | श्री जनकल्याण आधारभूत विद्यालय | वडा नं. ६ |
| १३ | तिलचन माध्यमिक विद्यालय | वडा नं. ६ |

*स्रोतः गाउँपालिकाको कार्यालय, २०७६*

### ५.१.३ स्वीकृत शिक्षक दरवन्दीमा कार्यरत श्रेणीगत शिक्षक विवरण

तालिका नं.६७ : स्वीकृत शिक्षक दरवन्दीमा कार्यरत श्रेणीगत शिक्षक विवरण

| विद्यालयको तह | स्थायी | अस्थायी | राहत | करार | रिक्त | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| आधारभूत | | | | | | | |
| माध्यमिक | | | | | | | |
| जम्मा | | | | | | | |

*स्रोतः गाउँपालिकाको कार्यालय, २०७६*

### ५.१.४ पाँच वर्ष माथिको जनसंख्याको समग्र साक्षरता/निरक्षरता विवरण (महिला/पुरुष दुबै)


साक्षरताले पढ्न र लेख्न सक्ने सिपभन्दा माथि समग्र मानव विकास सूचकलाई इंगित गर्दछ। तथ्यहरूका अनुसार महिला साक्षरताले समग्र बहुआयामिक गरिबी सूचकमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। गाउँपालिकामा ५ वर्ष वा सो भन्दा माथि उमेर समूहका कूल १७,९२१ जनसंख्या रहेका छन्। गाउँपालिकामा ५ वर्ष वा सो भन्दा माथि उमेर समूहका कूल जनसंख्यामध्ये ७२.४३ प्रतिशत साक्षर रहेका छन्। गाउँपालिकामा पढ्न र लेख्न सक्ने साक्षर जनसंख्या १२,५०३ रहेका छन् भने पढ्न मात्र सक्ने ४७८ जना रहेका छन्। पढ्ने र लेख्ने दुवै सिप नभएका अर्थात निरक्षर जनसंख्या ४,९४० अर्थात २७.५७ प्रतिशत रहेको

छ। वडागत रुपमा तुलना गर्दा सबैभन्दा बढी साक्षरता प्रतिशत वडा नं २ मा रहेको छ भने सबैभन्दा न्यून साक्षरता वडा नं ५ रहेको छ।

**तालिका नं.१ :** ५ वर्ष वा सो भन्दा माथि उमेर समूहका जनसंख्याको साक्षरताको स्थिति

| वडा | पढ्न लेख्न जानेको | पढ्नमात्र जानेको | पढ्न लेख्न नजानेको | जम्मा |
|---|---|---|---|---|
| १ | २३६२ | २५ | ७३२ | ३११९ |
| २ | २४९९ | ७२ | ६३८ | ३२०९ |
| ३ | १५९१ | ५८ | ६७३ | २३२२ |
| ४ | १७२१ | ४३ | ५२२ | २२८६ |
| ५ | १३९१ | १२७ | ७७९ | २२९७ |
| ६ | १३४२ | ५७ | ८२८ | २२२७ |
| ७ | १५९७ | ९६ | ७६८ | २४६१ |
| जम्मा | १२५०३ | ४७८ | ४९४० | १७९२१ |
| प्रतिशत | ६९.७७ | २.६७ | २७.५७ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*




**तालिका नं.२ :** ५ वा सो भन्दा माथिका साक्षर जनसंख्याले उत्तीर्ण गरेको तह अनुसार विवरण

| शैक्षिक तह | वडा नं. | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा |
| पूर्व प्राथिमक | ३७ | ५४ | ३७ | ३८ | ३६ | ९७ | ४१ | ३४० |
| कक्षा १-५ | १०१५ | ८९४ | ५७३ | ६६२ | ६११ | ६६९ | ५७१ | ४९९५ |
| कक्षा ६-८ | ५४६ | ६२२ | ३८३ | ४१७ | ३४२ | २५१ | ४२७ | २९८८ |
| कक्षा ९-१० | २७७ | ३८५ | २३७ | २०७ | २२१ | १४२ | २८१ | १७५० |
| एसईई/एसएलसी/ सो सरह | ११६ | १३१ | ८५ | १३३ | ४७ | ७८ | ७८ | ६६८ |

| शैक्षिक तह | वडा नं. | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा |
| कक्षा १२ वा PCL वा सो सरह | १२६ | १६१ | ९९ | ११६ | ८१ | ८३ | १०३ | ७६९ |
| स्नातक वा सो सरह | १६ | २४ | १६ | २५ | १ | ७ | १५ | १०४ |
| SLC/SEE to Bachelor | २५८ | ३१६ | २०० | २७४ | १२९ | १६८ | १९६ | १५४१ |
| स्नातकोत्तर वा सोभन्दा माथि | ३ | २४ | १२ | १४ | ४ | ३ | ४ | ६४ |
| अनौपचारिक शिक्षा | ७ | ६ | १ | ५ | ० | ७ | ४१ | ६७ |
| साक्षर | २०२ | १९५ | १४५ | १०४ | ४७ | २ | ३१ | ७२६ |
| अन्य | ७ | १ | १ | ० | ० | २ | ४ | १५ |
| थाहा नभएको | १० | २ | २ | ० | १ | १ | १ | १७ |
| जम्मा | २३६२ | २४९९ | १५९१ | १७२१ | १३९१ | १३४२ | १५९७ | १२५०३ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

### ५.१.५ १५ देखि ६० वर्ष उमेर समूहका जनसंख्याको साक्षरताको स्थिती

साक्षरताले पढ्न र लेख्न सक्ने सिपभन्दा माथि समग्र मानव विकास सूचकलाई इंगित गर्दछ। तथ्यहरूका अनुसार महिला साक्षरताले समग्र बहुआयामिक गरिबी सूचकमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। गाउँपालिकामा १५ देखि ६० वर्ष उमेर समूहका कूल ११,४०१ जनसंख्या रहेका छन्। गाउँपालिकामा १५ वर्ष देखि ६० वर्ष उमेर समूहका कूल जनसंख्यामध्ये ७१.४८ प्रतिशत साक्षर रहेका छन्। गाउँपालिकामा पढ्न र लेख्न सक्ने साक्षर जनसंख्या ७८१६ रहेका छन् भने पढ्न मात्र सक्ने ३३४ जना रहेका छन्। पढ्ने र लेख्ने दुवै सिप नभएका अर्थात निरक्षर जनसंख्या ३२५१ अर्थात २८.५२ प्रतिशत रहेको छ। वडागत रुपमा तुलना गर्दा सबैभन्दा बढी साक्षरता प्रतिशत वडा नं २ मा रहेको छ जसको साक्षरता ८०.८६ प्रतिशत रहेको छ भने सबैभन्दा न्यून साक्षरता वडा नं ६ जसको साक्षरता ५८.५४ प्रतिशत रहेको छ। जसलाई तालिकामा पनि प्रस्तुत गरिएको छ।

**तालिका नं.३ :** १५ देखि ६० वर्ष उमेर समूहका जनसंख्याको साक्षरताको स्थिती

| वडा | पढ्न लेख्न जानेको | | पढ्नमात्र जानेको | | पढ्न लेख्न नजानेको | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | १५३० | ७७.४३% | १३ | .६६% | ४३३ | २१.९१% | १९७६ |
| २ | १६५९ | ७८.८१% | ४३ | २.०४% | ४०३ | १९.१४% | २१०५ |
| ३ | ९७८ | ६८.२५% | २५ | १.७४% | ४३० | ३०.०१% | १४३३ |
| ४ | १०३४ | ७५.६४% | ३४ | २.४९% | २९९ | २१.८७% | १३६७ |
| ५ | ८६० | ५५.९२% | ९३ | ६.०५% | ५८५ | ३८.०४% | १५३८ |
| ६ | ७८७ | ५५.११% | ४९ | ३.४३% | ५९२ | ४१.४६% | १४२८ |
| ७ | ९६८ | ६२.२९% | ७७ | ४.९५% | ५०९ | ३२.७५% | १५५४ |
| जम्मा | ७८१६ | ६८.५६% | ३३४ | २.९३% | ३२५१ | २८.५२% | ११४०१ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

## ५.१.६ ५ देखि २४ वर्ष उमेर समूहका हाल स्कूल कलेज गए नगएको विवरण

तालिका नं.६८ : ५ देखि २४ वर्ष उमेर समूहका हाल स्कूल कलेज गए नगएको विवरण

| वडा | हाल स्कुल/कलेज गइरहेको | | | हाल गइरहेको स्कुल /कलेजको प्रकार | | | | | कहिल्यै स्कूल/कलेज गएको | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छ | छैन | जम्मा | सामुदायिक/ सरकारी | संस्थागत/ निजी | गुरूकुल/ मदरसा/ गुम्बा | अन्य | जम्मा | छ | छैन | जम्मा |
| १ | १०१३ | ५३६ | १५४९ | ९७९ | ३४ | ० | ० | १०१३ | ४९१ | ४५ | ५३६ |
| २ | १०५५ | ५४८ | १६०३ | ९५३ | १०२ | ० | ० | १०५५ | ५१० | ३८ | ५४८ |
| ३ | ७७२ | ३१२ | १०८४ | ७०२ | ६९ | ० | १ | ७७२ | २४९ | ६३ | ३१२ |
| ४ | ८४९ | २७० | १११९ | ७६३ | ८४ | १ | १ | ८४९ | २१७ | ५३ | २७० |
| ५ | ६८६ | ४६२ | ११४८ | ६४९ | ३७ | ० | ० | ६८६ | २९९ | १६३ | ४६२ |
| ६ | ७१६ | ४२१ | ११३७ | ६४३ | ७० | २ | १ | ७१६ | २५३ | १६८ | ४२१ |
| ७ | ७६३ | ४५१ | १२१४ | ७०२ | ६१ | ० | ० | ७६३ | ३७६ | ७५ | ४५१ |
| जम्मा | ५८५४ | ३००० | ८८५४ | ५३९१ | ४५७ | ३ | ३ | ५८५४ | २३९५ | ६०५ | ३००० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा ५ देखि २४ वर्ष उमेर भित्रका कूल ८८५४ जनसंख्यालाई के तपाइँ हाल तथा कहिल्यै स्कूल/कलेज जानुहुन्छ भनि सोधिएको प्रश्नमा हाल स्कूल कलेज गईरहेकाहरूको संख्या ५,८५४ रहेका छन् । अर्कोतर्फ ३,००० जना विद्यालय/कलेज गएका छैनन् । यो तथ्यलाई हेर्दा आधुनिकता, विकास र नवजागरणको चहल पहल चरम अवस्थामा पुगेको वर्तमान विश्व परिवेशमा यस गाउँपालिकामा विद्यालय/कलेज नै नगएको संख्या उल्लेख्य हुनु गम्भिर विषय हो । तसर्थ यो अवस्थालाई प्रभावकारी ढंगले अन्त्य गर्न अविलम्ब पहल गरिनु आवश्यक छ । यसका लागि औपचारिक शिक्षा, अनौपचारिक शिक्षा, प्रौढ शिक्षा तथा अन्य शैक्षिक विकासका व्यवहारिक र कार्यन्वयनमुखी योजना निर्माण गरी लागू गर्नु जरुरी छ । त्यसैगरी हाल गइरहेको कलेज र स्कुलको प्रकारअनुसार सामुदायिक/सरकारीमा ५३९१ जना, संस्थागत/निजीमा ४५७ जना, गुरूकुल/मदरसा/गुम्बामा ३ जना र अन्यमा ३ जना रहेका छन् । हाल स्कुल नगएका वा छाडेकाहरू कूल ३,००० जनालाई विगतमा स्कूल/कलेज जानुभएको थियो भन्ने प्रश्नमा गएका जम्मा २३९५ र कहिल्यै नगएकोमा ६०५ जना रहेका छन् ।

## ५.१.७ ५-२४ वर्ष उमेरसमूहका हाल स्कूल/कलेज नजानुको कारणका आधारमा विवरण


तालिका नं.६९ : ५-२४ वर्ष उमेरसमूहका हाल स्कूलरकलेज नजानुको कारणका आधारमा विवरण

| | | वडा नं. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
| हाल स्कुल / कलेज गइरहेको | छ | १०१३ | १०५५ | ७७२ | ८४९ | ६८६ | ७१६ | ७६३ | ५८५४ | ६६.१२ |
| | छैन | ५३६ | ५४८ | ३१२ | २७० | ४६२ | ४२१ | ४५१ | ३००० | ३३.८८ |
| | जम्मा | १५४९ | १६०३ | १०८४ | १११९ | ११४८ | ११३७ | १२१४ | ८८५४ | १०० |
| हाल स्कुल / | अरु पढ्ने ठाउँ नभएकोले | ५ | ६ | १३ | ९ | ६३ | २५ | १ | १२२ | ४.०७ |

| | | वडा नं. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
| कलेज नजानुको कारण | धेरै महँगो भएकोले | १० | १९ | ६ | १२ | १२० | १३ | ४७ | २२७ | ७.५७ |
| | धेरै टाढा भएकोले | १५ | २४ | १२ | १७ | ६० | ३८ | ३६ | २०२ | ६.७३ |
| | घरमा काम सघाउनु परेकोले | २४१ | २७९ | ६१ | ७७ | १२५ | २२७ | ६० | १०७० | ३५.६७ |
| | बाबु/आमाले नचाहेकोले | ५ | ४ | १३ | ९ | २ | १२ | १७ | ६२ | २.०७ |
| | चाहेजति पढिसकेकोले | २६ | ३६ | १९ | ९ | २२ | १ | २५ | १३८ | ४.६० |
| | विवाह भएकोले | १३१ | १२८ | ९१ | ८३ | ३० | ३९ | १४७ | ६४९ | २१.६३ |
| | काम शुरु गरेको/जागिर पाएर | १ | १९ | ५ | ४ | ४ | ० | ११ | ४४ | १.४७ |
| | विद्यालयले भर्ना गर्न नमानेकोले | २ | २२ | ८ | १३ | ४ | ११ | २२ | ८२ | २.७३ |
| | अन्य | १०० | ११ | ८४ | ३७ | ३२ | ५५ | ८५ | ४०४ | १३.४७ |
| | जम्मा | ५३६ | ५४८ | ३१२ | २७० | ४६२ | ४२१ | ४५१ | ३००० | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा ५ देखि २४ वर्ष भित्रका जनसंख्यामध्ये हाल विद्यालय/कलेज नजानेको संख्या ८८५४ जना रहेका छन् । हाल विद्यालय नजानेहरूलाई विद्यालय/कलेज नजानुको कारण के हो भनेर सोधिएको प्रश्नमा विद्यालय/कलेज नजानुको कारण हेर्दा सबैभन्दा बढी १,०७० अर्थात ३५.६७ प्रतिशतले घरमा काम सघाउनु परेकोले, ६४९ अर्थात २१.६३ प्रतिशतले विवाह भएकाले र तेस्रोमा ४०४ अर्थात १३.४७ प्रतिशतले अन्य कारणले भन्ने जवाफ दिएका छन् । त्यसैगरी धेरै महंगो भएको कारणले बताउने ७.५७ प्रतिशत भएकाले यी जनसंख्या विद्यालय नजानुको कारण स्पष्ट देखिँदैन भने विद्यालयले भर्ना गर्न नमानेकोले, चाहेजति पढिसककेकोले, धेरै टाढा भएकाले, अभिभावकको चाहना नभएर नगएको बताउने जनसंख्या पनि उल्लेख्य रहेको छ । जे सुकै कारणले भएपनि उचित शिक्षाबाट बञ्चित हुनु राम्रो होइन तसर्थ शिक्षालाई प्राथमिकता दिने र युवाहरूलाई शिक्षातर्फ उत्साहित गर्न रोजगारमूलक र जीवनोपयोगी शिक्षा, व्यवसायीक, शिक्षा तथा सीपमूलक शिक्षाको व्यवस्था गर्नु आवश्यक हुन्छ । नेपालमा परम्परागत हिसाबले विवाह पश्चात महिलाहरू घरायसी धन्दा र बालबच्चा जन्माउने र हुर्काउने कार्यमा लाग्ने साथै विवाह भएर जाने घरबाट शिक्षामा प्रोत्साहन नगर्ने जस्ता कारणले उनीहरू शिक्षाबाट टाढिएका हुनसक्छन् । यसतर्फ सामाजिक जागरण र महिला हक अधिकारको क्षेत्रमा काम गर्ने सम्बन्धित सबैले ध्यान पुऱ्याउनु जरुरी छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।





## ५.१.८ १० वर्ष वा सोभन्दा बढी उमेर भएका जनसंख्या औपचारिक/अनौपचारिक तालिमसम्बन्धी विवरण

तालिका नं.७० : १० वर्ष वा सोभन्दा बढी उमेर भएका जनसंख्या औपचारिक / अनौपचारिक तालिमसम्बन्धी विवरण

| वडा | औपचारिक / अनौपचारिक तालिम | | | | | |
|---|---|---|---|---|---|---|
| | छ | | छैन | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ८३ | ३.०२% | २६६३ | ९६.९८% | २७४६ | १७.५१% |
| २ | १४१ | ५.०१% | २६७५ | ९४.९९% | २८१६ | १७.९६% |
| ३ | ११८ | ५.८२% | १९०८ | ९४.१८% | २०२६ | १२.९२% |
| ४ | २१४ | १०.६५% | १७९६ | ८९.३५% | २०१० | १२.८२% |
| ५ | ३७ | १.८३% | १९८६ | ९८.१७% | २०२३ | १२.९०% |
| ६ | ४८ | २.५०% | १८७० | ९७.५०% | १९१८ | १२.२३% |
| ७ | ७५ | ३.५०% | २०६५ | ९६.५०% | २१४० | १३.६५% |
| जम्मा | ७१६ | ४.५७% | १४९६३ | ९५.४३% | १५६७९ | १००.००% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा १० वर्षभन्दा माथिका कूल १५,६७९ जनालाई औपचारिक र अनौपचारिक तालिम लिएको छ/छैन भन्ने प्रश्नमा ७१६ अर्थात ४.५ प्रतिशतले तालिम लिएको र १४,९६३ अर्थात ९५.४३ प्रतिशतले ले तालिम नलिएको देखियो ।




**तालिका नं.७१ :** औपचारिक तालिमको विषयको आधारमा वडागत विवरण

| तालिमको विषय | वडा नं. | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| शिक्षण शिकाई सम्बन्धी | ३० | ४३ | ३२ | ५२ | ८ | १३ | २१ | १९९ | २७.७९% |
| सिकर्मी, डकर्मी सम्बन्धी | ११ | १७ | १२ | २३ | २ | ८ | ६ | ७९ | ११.०३% |
| पोशाक बनाउने र सिउने | ११ | ११ | १० | २९ | ६ | ६ | ६ | ७९ | ११.०३% |
| अन्य | ३ | ९ | ७ | १४ | १ | ७ | ११ | ५२ | ७.२६% |
| सवारी चालक सम्बन्धी | २ | ९ | १० | १३ | ६ | २ | ८ | ५० | ६.९८% |
| कृषि, पशुपालन, माछापालन, मौरी पालन सम्बन्धी | ५ | ४ | १७ | ९ | १ | ४ | ५ | ४५ | ६.२८% |
| मानव स्वास्थ्यसँग सम्बन्धी | २ | ९ | ४ | १९ | ० | २ | ६ | ४२ | ५.८७% |
| होटल तथा रेष्टुरेन्ट सम्बन्धी | १ | ५ | १३ | १३ | २ | १ | ३ | ३८ | ५.३१% |
| बिजुली जडान सम्बन्धी | ७ | ८ | १ | ११ | १ | १ | २ | ३१ | ४.३३% |
| आत्मसुरक्षा सम्बन्धी र शारीरिक सुगठन | ० | ७ | २ | ८ | १ | ० | ० | १८ | २.५१% |
| फर्निचर बनाउने सम्बन्धी | २ | ० | ० | ४ | ३ | १ | ३ | १३ | १.८२% |
| पशुचिकित्सा तथा पशुस्वास्थ्य सम्बन्धी | १ | ५ | १ | ३ | ० | १ | २ | १३ | १.८२% |
| कम्प्युटर विज्ञान सम्बन्धी | २ | ३ | १ | ४ | १ | ० | ० | ११ | १.५४% |

| तालिमको विषय | वडा नं. | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| रेडियो, टेलिभिजन, मोबाईल, तथा अन्य ईलेक्ट्रिक | २ | ३ | २ | १ | १ | ० | १ | १० | १.४०% |
| प्लम्बिङ सम्बन्धी | १ | १ | २ | ६ | ० | ० | ० | १० | १.४०% |
| केश सजावट र श्रृंगार सम्बन्धी | १ | ३ | २ | ० | १ | ० | ० | ७ | ०.९८% |
| हस्तकला र चित्रकला सम्बन्धी | १ | ० | १ | ० | ० | २ | ० | ४ | ०.५६% |
| गरगहना बनाउने र मर्मत गर्ने | ० | १ | ० | १ | १ | ० | ० | ३ | ०.४२% |
| इन्जिनियरिङ डिजाईन सम्बन्धी | ० | ० | ० | ३ | ० | ० | ० | ३ | ०.४२% |
| यान्त्रिक (मेकानिक्स) सम्बन्धी | ० | १ | ० | ० | २ | ० | ० | ३ | ०.४२% |
| श्रव्यदृष्य तथा फोटोग्राफी सम्बन्धी | ० | १ | ० | ० | ० | ० | १ | २ | ०.२८% |
| साहित्य श्रृजना सम्बन्धि | ० | ० | १ | ० | ० | ० | ० | १ | ०.१४% |
| जमिनको सर्भेक्षण सम्बन्धी | ० | ० | ० | १ | ० | ० | ० | १ | ०.१४% |
| मूर्तिकला, प्रस्तरकला, काष्ठकला | १ | ० | ० | ० | ० | ० | ० | १ | ०.१४% |
| गीत, संगीत, नाटक तथा कलाकारिता | ० | १ | ० | ० | ० | ० | ० | १ | ०.१४% |
| जम्मा | ८३ | १४१ | ११८ | २१४ | ३७ | ४८ | ७५ | ७१६ | १००% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

विशेष सीप तथा दक्षता हुनेहरूमध्ये सबैभन्दा बढी शिक्षण सिकाई सम्बन्धी तालिम हासिल गर्नेको संख्या १९९ जना रहेका छन् भने दोस्रोमा सिकर्मी, डकर्मीसम्बन्धी र पोशाक बनाउने/सिउने सीप हासिल गरेको जनसंख्या ७९ जना रहेको छ। तेस्रोमा अन्य सम्बन्धी सीप हासिल गर्नेको संख्या ५२ जना रहेका छन्। यी बाहेक कृषि, पशुपालन, माछापालन, मौरी पालन सम्बन्धी, सवारी चालक सम्बन्धी, मानव स्वास्थ्य सम्बन्धी, होटल तथा रेष्टुरेन्ट सम्बन्धी, कम्प्युटर विज्ञान सम्बन्धी, फर्निचर बनाउने सम्बन्धी, साहित्य श्रृजना तथा इन्जिनियरिङ सम्बन्धि डिजाइन गर्ने र अन्यको संख्या नगण्य रहेको छ। समग्रमा हेर्दा कुनैपनि प्रकारको सीप वा दक्षता हुनु आफैमा राम्रो भएता पनि गाउँपालिकामा आधुनिक समाजमा आवश्यक पर्ने खालका विशेष सिपहरू तथा विश्वविद्यालयबाट प्राज्ञिक सर्टिफिकेट (प्रमाणपत्र) लिएर तयार भएको दक्ष जनशक्ति जस्तै डाक्टर, इन्जिनियर, मेकानिक्स, विषयगत विशेषज्ञहरूको संख्या अत्यन्त न्यून देखिन्छ। दक्ष जनशक्तिको आयस्तर उच्च हुने हुनाले विकास निर्माणमा सहयोग पुग्नुका साथै उक्त जनशक्तिको जीवनयापन गुणस्तरीय हुन्छ। यस प्रकारको जनशक्तिले दिगो विकासमा प्रत्यक्ष भूमिका खेल्दछ। गाउँपालिकामा रहेका अदक्ष वा अर्धदक्ष जनसंख्याले गाउँपालिकाको दिगो विकासमा ठूलो प्रयास गर्नुपर्ने देखिन्छ। साथै मानव संसाधन विकासलाई उच्च प्राथमिकतामा राख्नुपर्ने देखिन्छ।

### ५.१.९ तालिमको अवधिको आधारमा विवरण

तालिका नं.७२ : तालिम अवधिको आधारमा विवरण

| वडा | तालिमको अवधि | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १ महिना | २ - ३ महिना | ४ - ६ महिना | ७ महिना - १वर्ष | १ - २ वर्ष | २ - ३ वर्ष | ३ वर्ष भन्दा बढी | जम्मा |
| १ | ८ | ३४ | १५ | २२ | ३ | ० | १ | ८३ |
| २ | २४ | २९ | ५७ | २७ | १ | ३ | ० | १४१ |
| ३ | १४ | २२ | २३ | ४६ | १० | ३ | ० | ११८ |
| ४ | ३९ | २० | २६ | ८२ | ४५ | २ | ० | २१४ |
| ५ | ८ | ९ | ४ | १० | ३ | २ | १ | ३७ |
| ६ | १२ | ९ | २२ | ३ | १ | ० | १ | ४८ |
| ७ | १० | ४३ | ११ | ७ | ३ | १ | ० | ७५ |
| संख्या | ११५ | १६६ | १५८ | १९७ | ६६ | ११ | ३ | ७१६ |
| प्रतिशत | १६.०६% | २३.१८% | २२.०७% | २७.५१% | ९.२२% | १.५४% | ०.४२% | १००% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा १ महिना तालिम लिनेको संख्या ११५ जना अर्थात १६.०६ प्रतिशत रहेको, २ देखि ३ महिनासम्म तालिम लिनेको संख्या १६६ अर्थात २३.१८ प्रतिशत रहेको छ भने ४ देखि ६ महिनासम्म तालिम लिनेको संख्या १५८ अर्थात २२.०७ प्रतिशत, ७ महिनादेखि १ वर्षसम्म तालिम लिनेको संख्या १९७ अर्थात २७.५१ प्रतिशत रहेको छ । त्यसैगरी २ वर्ष भन्दा बढी तालिम लिनेको संख्या न्यून रहेको देखियो ।

## ५.२ अपाङ्गता सम्बन्धी विवरण

शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चारसमेत बाट सिर्जना भएको अवरोधसमेतले दैनिक क्रियाकलाप सामान्यरूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ । खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न (Trachoma) रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ।

अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारीरिक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाई सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग (पहेलो रङको परिचयपत्र) र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक


तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

घरधुरी तथ्याङ्क सर्वेक्षण २०७६ को तथ्याङ्कअनुसार गाउँपालिकामा रहेको कूल १९८७१ जनसंख्यामध्ये, १९,२०५ अर्थात ९६.६५ प्रतिशतमा कुनै पनि अपाङ्गता नभएको देखिन्छ भने ६६१ अर्थात ३.३२ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखिन्छ। अपाङ्गता हुनेहरूमा सबैभन्दा बढी शारीरिक अपाङ्गता भएका ३७७ जना, दृष्टिसम्बन्धी अपाङ्गता ७६ जना, सुनाइसम्बन्धी अपाङ्गता भएका १०५ जना, स्वर बोलाईसम्बन्धी अपाङ्गता भएका ३३ जना, मानसिक अपाङ्गता २८ जना, बहुअपाङ्गता १८ जना, बौद्धिक अपाङ्गता १७ र श्रवण दृष्टिविहिन ७ जना रहेका छन्। वडागत अपाङ्गताको विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं.७३ :** अपाङ्गताको किसिमअनुसार जनसंख्याको विवरण

| वडा | अपाङ्गता नभएको | शारीरिक अपाङ्गता | दृष्टि सम्बन्धी अपाङ्गता | सुनाई सम्बन्धी अपाङ्गता | श्रवण दृष्टिविहीन | स्वरबोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहुअपाङ्गता | उल्लेख नभएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३३७७ | ४४ | १७ | २२ | १ | ७ | ५ | ४ | ४ | ० | ३४८१ |
| २ | ३५०८ | ४९ | ९ | २० | ३ | १० | ९ | १ | ६ | ० | ३६१५ |
| ३ | २५०३ | ४३ | ८ | ३ | १ | ९ | ८ | ३ | २ | ५ | २५८५ |
| ४ | २५०३ | २४ | १७ | १७ | ० | १ | २ | २ | १ | ० | २५६७ |
| ५ | २४५१ | २८ | १ | ४ | ० | १ | ० | १ | ० | ० | २४८६ |
| ६ | २२५५ | १२९ | ११ | २८ | २ | २ | ३ | ० | ० | ० | २४३० |
| ७ | २६०८ | ६० | १३ | ११ | ० | ३ | १ | ६ | ५ | ० | २७०७ |
| जम्मा | १९२०५ | ३७७ | ७६ | १०५ | ७ | ३३ | २८ | १७ | १८ | ५ | १९८७१ |
| प्रतिशत | ९६.६५ | १.९० | ०.३८ | ०.५३ | ०.०४ | ०.१७ | ०.१४ | ०.०९ | ०.०९ | ०.०३ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*



**तालिका नं.७४ :** अपाङ्गता भएको अवधिको आधारमा जनसंख्या विवरण

| वडा | अपाङ्गता भएको अवधि | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ०-१ वर्ष | २-३ वर्ष | ४-५ वर्ष | ६-९ वर्ष | १०-१४ वर्ष | १५-२५ वर्ष | २६-४० वर्ष | ४० + | जन्मैदेखि | जम्मा |
| १ | ३ | ४ | ५ | ६ | १६ | १६ | ११ | १ | ४२ | १०४ |
| २ | ५ | ८ | १३ | ११ | १० | १० | १० | ४ | ३६ | १०७ |
| ३ | ३ | २ | ४ | ५ | ६ | ५ | ७ | ६ | ३९ | ७७ |
| ४ | १ | ५ | १३ | ७ | ६ | ११ | १ | ० | २० | ६४ |
| ५ | ७ | १ | २ | ३ | १ | १ | ३ | ३ | १४ | ३५ |
| ६ | १६ | १२ | १८ | १३ | २६ | ४० | १५ | ६ | २९ | १७५ |
| ७ | १० | १८ | १० | १७ | ८ | १० | ५ | ३ | १८ | ९९ |
| जम्मा | ४५ | ५० | ६५ | ६२ | ७३ | ९३ | ५२ | २३ | १९८ | ६६१ |
| प्रतिशत | ६.८१% | ७.५६% | ९.८३% | ९.३८% | ११.०४% | १४.०७% | ७.८७% | ३.४८% | २९.९५% | १००% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

**तालिका नं.७५ :** अपाङ्गता परिचयपत्रको आधारमा जनसंख्या विवरण

| वडा | अपाङ्गता परिचयपत्र किसिम | | | जम्मा |
|---|---|---|---|---|
| | रातो कार्ड | नीलो कार्ड | कार्ड नपाएको | |
| १ | ५ | १५ | ८४ | १०४ |
| २ | ७ | ४८ | ५२ | १०७ |
| ३ | २१ | १६ | ४० | ७७ |
| ४ | ५ | १७ | ४२ | ६४ |
| ५ | १२ | ६ | १७ | ३५ |
| ६ | १४ | २ | १५९ | १७५ |
| ७ | ६ | २४ | ६९ | ९९ |
| जम्मा | ७० | १२८ | ४६३ | ६६१ |
| प्रतिशत | १०.५९% | १९.३६% | ७०.०५% | १००% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

## ५.३ विगत १२ महिनामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसंख्याको विवरण

समाजमा पछाडि पारिएका तथा परेका ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ताको नाममा राज्यकोषबाट सहयोग गर्ने अवधारणा कल्याणकारी राज्यको अवधारणा हो । वि.सं. २०५१ देखि ज्येष्ठ नागरिकलाई मासिक १०० रूपैयाँ भत्ता दिने नारा सहित सुरु गरिएको सामाजिक सुरक्षा भत्ता अहिले ज्येष्ठ नागरिकका साथसाथै एकल महिला, अपाङ्गता भएका र दलित ज्येष्ठ नागरिकलाई समेत प्रदान गरिन्छ । यसले समाजमा पछाडि परेका अशक्तहरूलाई सम्मानपूर्वक बाँच्न प्रोत्साहन हुने विश्वास गरिएको छ । यस गाउँपालिकामा वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.७६ :** विगत १२ महिनामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसंख्याको विवरण

| वडा नं. | सामाजिक सुरक्षा भत्ताको किसिम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लागू नहुने | जेष्ठ नागरिक | एकल महिला | अशक्त र अपाङ्ग | बाल संरक्षण | निवृत्तिभरण (पेन्सन) | अन्य | नपाएको |
| १ | २४४० | १६६ | १४ | २४ | ० | १६ | ४ | १९ |
| २ | ३२७३ | १५० | ३३ | ५३ | ० | २ | ० | २ |
| ३ | २३४१ | १२३ | ४१ | २७ | ० | १२ | ९ | ३ |
| ४ | २३५२ | ११० | ५६ | १० | ० | १ | २ | ३ |
| ५ | २३४५ | ५५ | १८ | १९ | ० | ० | ४२ | १ |
| ६ | २२८७ | ४५ | १० | ११ | ० | ० | १७ | ६ |
| ७ | १८९३ | १३० | १२ | २४ | ० | २३ | ० | ६१३ |
| जम्मा | १६९३१ | ७७९ | १८४ | १६८ | ० | ५४ | ७४ | ६४७ |
| प्रतिशत | ८५.२३% | ३.९२% | ०.९३% | ०.८५% | ०.००% | ०.२७% | ०.३७% | ३.२६% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

## ५.४ स्वास्थ्य क्षेत्रको अवस्था

गाउँपालिकाबासीहरू स्वास्थ्य सम्बन्धि सेवा लिन जिल्ला सदरमुकाम जाने गरेको देखिन्छ। यसको अलावा सामान्य स्वास्थ्य सुविधाको लागि गाउँलेहरूले स्थानीय स्वास्थ्य चौकीहरूको प्रयोग गर्ने गरेका छन्। यस गाउँपालिकामा जनसमुदायहरूले चेतनाको क्रमिक विकास संगै स्वास्थ्य, सरसफाइ तथा समुदायको स्वस्थकर बानी व्यवहार अबलम्बन गर्दै गैरहेको देखिन्छ। तथापी जनताले आवश्यकता अनुसारको स्वास्थ्य सुविधा लिन सकेका छैनन्। गाउँपालिकाको केन्द्र क्षेत्रका जनताहरूको पहुँच सहज देखिएता पनि बाँकी जनताको पहुँच केवल स्वास्थ्य चौकी सम्म रहेको छ जहाँ सबै स्वास्थ्य समस्याको समाधान संभव छैन। हेल्थपोष्टहरूमा पर्याप्त स्वास्थ्यकर्मी र औषधीको उपलब्धता नहुँदा समस्या भोल्नुपर्ने बाध्यता छ। गाउँपालिकामा विभिन्न वडाहरूमा स्वास्थ्य चौकी रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन्। तसर्थ ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ।

**तालिका नं.७७ :** गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाको विवरण

| क्र.सं. | स्वास्थ्य संस्थाहरूको नाम, ठेगाना | उपलब्ध सेवाहरू | सम्पर्क नं. |
|---|---|---|---|
| १ | देवीस्थान स्वास्थ्य चौकी, वडा नं. १ | वर्थिङ्ग, परिवार नियोजन, खोप | ९८५७६२४२०६४ |
| २ | गाउँघर क्लिनिक, ढाडकटेरा, वडा नं. ४ | | |
| ३ | निसी स्वास्थ्य चौकी, भल्कोट, वडा नं. ६ | वर्थिङ्ग, खोप | |
| ४ | राजकुट स्वास्थ्य चौकी, वडा नं. ७ | | |

*स्रोतः गाउँपालिका कार्यालय, २०७६*

### ५.४.१ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थामा बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानूनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)। सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन। ग्रामीण भेगहरूमा समयमा नै गर्ववती महिला स्वास्थ्य चौकी नपुग्दा र स्वास्थ्यकर्मी पर्याप्त नहुँदा कति शिशुहरू को मृत्यु हुने गरेको कुरा हामी साम् सर्वविदित् नै छ ।

### ५.४.२ विगत १२ महिनामा सुत्केरी भएका महिलाहरूको सुत्केरी गराएको स्थानसम्बन्धि विवरण

तालिका नं.७८ : सुत्केरी भएका महिलाहरूको सुत्केरी गराएको स्थान सम्बन्धि विवरण

| वडा | सुत्केरी गराएको स्थान | | |
|---|---|---|---|
| | घरमा | स्वास्थ्य संस्थामा | जम्मा |
| १ | २७ | २२ | ४९ |
| २ | ३४ | १९ | ५३ |
| ३ | ५ | २३ | २८ |
| ४ | ९ | ४० | ४९ |
| ५ | ६ | ६ | १२ |
| ६ | १२ | ९ | २१ |
| ७ | २१ | ११ | ३२ |
| जम्मा | ११४ | १३० | २४४ |
| प्रतिशत | ४६.७२ | ५३.२८ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा विगत १२ महिनामा सुत्केरी भएका मध्ये ५३.२८ प्रतिशत महिलाले स्वास्थ्य संस्थामा र ४६.७२ प्रतिशतले घरमा सुत्केरी गराएको तथ्याङ्क छ । सत प्रतिशत स्वास्थ्य संस्थामा नै सुत्केरी गराउने वातावरण श्रृजना गरी व्यापक जनचेतनाको विकास गरी वर्थिङ सर्भिसलाई विस्तार गर्नु जरुरी देखिन्छ ।

### ५.४.३ विगत १२ महिनामा सुत्केरी भएका महिलाहरूको प्रोटोकलअनुसार ४ पटक गर्भ जाँचसम्बन्धि विवरण

तालिका नं.७९ : प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच सम्बन्धि विवरण

| वडा | ४ पटक ANC जाँच | | जम्मा |
|---|---|---|---|
| | जाँच गराएँ | जाँच गराईंन | |
| १ | ४१ | ८ | ४९ |
| २ | ५० | ३ | ५३ |
| ३ | २७ | १ | २८ |
| ४ | ४९ | ० | ४९ |
| ५ | १० | २ | १२ |
| ६ | ९ | १२ | २१ |

| वडा | ४ पटक ANC जाँच | | जम्मा |
|---|---|---|---|
| | जाँच गराएँ | जाँच गराईंन | |
| ७ | २५ | ७ | ३२ |
| **जम्मा** | २११ | ३३ | २४४ |
| **प्रतिशत** | ८६.४८ | १३.५२ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गर्भवती हुँदा प्रोटोकल अनुसार चार पटक स्वास्थ्य जाँच गराउने महिलाको प्रतिशत ८६.४८ प्रतिशत रहेको छ भने १३.५२ प्रतिशत महिलाहरुले स्वास्थ्य जाँच नगराएको पाइयो । यसरी नियमित स्वास्थ्य जाँच नगराउँदा मातृ शिशु स्वास्थ्य जोखिममा पर्दछ । तसर्थ यसलाई समेत न्युन गरी जाँच गराउन आवश्यक वातावरण निर्माण गर्नु जरुरी छ ।

### ५.४.४ १५-४९ वर्ष उमेर समूहका महिलाले हालसम्म जीवित सन्तान जन्म दिए/नदिएको विवरण

गाउँपालिकामा रहेका कूल ३९५६ जना १५ देखि ४९ वर्ष भित्रका विवाहित महिलाहरूको लिइएको तथ्याङ्कअनुसार दुई वटा जीवित शिशुलाई जन्मदिने महिलाहरूको संख्या सबैभन्दा धेरै अर्थात ७४९ जना भएको पाइयो । त्यसैगरी एक सन्तान जन्माउने ६५५, तीन सन्तान जन्माउने ५९६, चार सन्तान जन्माउने ३१७ रहेका छन् । गाउँपालिकामा आठ वा सो भन्दा बढी जीवित सन्तान जन्माउने संख्या समेत १९ जना हुनुले धेरै बच्चा जन्माउने विगतको प्रवृत्ति पाको उमेर समूहका महिलाहरूमा अवशेषका रुपमा रहेको पाइयो । १ देखि ३ वटा जीवित शिशुलाई जन्मदिनेको संख्या भने सबैभन्दा बढी रहेको छ । यो तथ्याङ्कबाट क्रमशः गाउँपालिकाको परिवारको औषत आकारमा अर्थात महिलाको खुद प्रजनन् दर घट्दै गैरहेको पाइन्छ । परिवार नियोजन कार्यक्रमको प्रभावकारीता, प्रजनन् स्वास्थमा आएको चेतना र शिक्षाको सामाजिक र पारिवारिक जागरणमा परेको सकारात्मक प्रभावका कारण परिवारको आकार घट्ने क्रममा रहेको पाइन्छ । यस तथ्याङ्कको अर्कोपक्ष भनेको सन्तान नै नभएका महिलाहरूको जनसंख्या हो जसअनुसार कूल १५ देखि ४९ वर्षका विवाहित महिलाको संख्या कूल ३९५६ मध्ये १३७४ महिलाबाट एउटा जीवित सन्तानसमेत जन्मेको छैन । मुख्यतया महिलाको प्रजनन् स्वास्थमा भएको जटिलता, प्रजनन् स्वास्थ्य बारेको चेतनाको कमी, औषधोपचारमा पहुँचको कमी, पोषणको कमी, वंशाणुगत कारण आदिले महिलामा बाँझोपन आउन सक्ने तथ्यलाई मनन् गरी त्यसतर्फ उचित कदम चाल्नु पर्ने देखिन्छ । महिलामा बाँझोपन हुँदा देखा पर्ने महिला हिंसा तथा नकारात्मक सामाजिक व्यवहारले लैङ्गिक हिंसा बढाएको तथ्य हामी सामु रहेको छ । वडागत विस्तृत विवरण तथा वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.८० :** १५ देखि ४९ वर्षसम्मका विभिन्न उमेर समूहका विवाहित महिलारुले जन्म दिएका सन्तानहरूको आधारमा जनसंख्याको विवरण

| | वडा नं. | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा |
| १ सन्तान भएको | १४३ | १५३ | १२७ | ९९ | १६ | ३९ | ७८ | ६५५ |
| २ सन्तान भएको | ११३ | १९८ | ११५ | १४३ | २३ | ३६ | १२१ | ७४९ |
| ३ सन्तान भएको | १०१ | १६८ | १०७ | १०८ | ६ | ४२ | ६४ | ५९६ |
| ४ सन्तान भएको | ६८ | ६६ | ६४ | ६८ | ७ | २१ | २३ | ३१७ |

| | वडा नं. | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा |
| ५ सन्तान भएको | ३७ | ३९ | २० | २९ | ४ | १० | १४ | १५३ |
| ६ सन्तान भएको | १४ | ६ | १२ | १३ | २ | ६ | ९ | ६२ |
| ७ सन्तान भएको | ९ | ७ | ४ | ४ | ३ | ३ | १ | ३१ |
| ८ वा सोभन्दा बढी सन्तान भएको | २ | ४ | २ | ४ | ० | ३ | ४ | १९ |
| सन्तान जन्मदिने महिला | ४८७ | ६४१ | ४५१ | ४६८ | ६१ | १६० | ३१४ | २५८२ |
| सन्तान जन्म नदिने महिला | २०४ | ११० | १११ | ७० | ४०२ | २२० | २५७ | १३७४ |
| जम्मा महिला | ६९१ | ७५१ | ५६२ | ५३८ | ४६३ | ३८० | ५७१ | ३९५६ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

## ५.४.५ परिवार नियोजन

परिवार नियोजनबाट हुने फाइदाका बारेमा बिभिन्न संघ संस्थाहरू बाट गरिएको अध्ययन अनुसन्धानबाट आमा, बच्चा र नवजात शिशुको स्वास्थ्य सुधार गर्न उल्लेखनिय भूमिका खेल्ने कुरा प्रमाणित भएको छ । साथै यसले लैङ्गिक समानता, महिलाको शिक्षा र वृति विकास गर्नको लागि सहयोग पुऱ्याउँछ । त्यस कारण गुणस्तरीय परिवार नियोजन सेवा प्रदान गर्ने उद्देश्यले सन् १९९१ देखि प्रजनन स्वास्थ्य कार्यक्रम र परिवार नियोजन कार्यक्रम लाई विस्तार गरी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, गाउँघर क्लिनिक र घुम्ती शिविरहरू महिला स्वास्थ्य स्वयंसेवीकाद्वारा सेवा पुऱ्याउँदै आएको छ

## ५.४.६ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । यसको लागि यिनीहरू स्वस्थ र निरोगी हुनु आवश्यक छ । बालक अवस्थामा उनीहरूलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ । बालबालिकाहरूको लागि पाँचओटै खोपहरू नियमित पुरा मात्रामा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

बालबालिकाले बाल्य अवस्थामा लगाएको खोपले बालबालिकाको स्वास्थ्य निर्धारण गर्दछ । बालक स्वस्थ रहन बाल्य अवस्थामा लगाउनुपर्ने खोपह सबै पुरा गर्नु पर्छ । खोप कार्यक्रम प्रभावकारी भएको खण्डमा बाल अवस्थामा जोखिम हुने रोगहरू बाट बच्नुको साथै बाल मृत्युदर पनि कम हुन्छ ।

## ५.४.७ ५ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । यसको लागि यिनीहरू स्वस्थ्य र निरोगी हुनु आवश्यक छ । बालक अवस्थामा उनीहरूलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ । बालबालिकाहरूको लागि पाँचओटै खोपहरू नियमित पुरा मात्रामा दिनु पर्दछ ।

नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्‍याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

बाल्यकाल तथा उमेर पुगेपछि लाग्न सक्ने प्राणघातक रोगहरू जस्तै क्षयरोग, भ्यागुते रोग, लहरे खोकी, धनुषटंकार, हेपाटाइटिस बी, इन्फ्लुयन्जा टाइप बी, पोलियो, न्यूमोनिया, दादुरा, रुबेला र जापानिज इन्सफलाइटिस् विरुद्ध चरणबद्ध रुपमा समयमै खोपहरू अनिवार्य रुपमा लगाउनु पर्दछ। ती खोपहरू क्रमशः BCG, DPT, OPV, PCV, IPV, MR, JE / ID हुन्। यसरी खोपहरू समयमै लगाउँदा अत्यन्त सीमित लगानीमा ठूला रोगहरूको जोखिमबाट मुक्त भई बाल मृत्यूदर नियन्त्रण गर्ने प्रभावकारी उपाय हुन्छ।

यस गाउँपालिकामा पाँच वर्षमुनिका कूल २,४११ बालबालिकामा पूर्णखोप लगाएका बालबालिकाहरूको तथ्याङ्कलाई हेर्दा पूर्ण खोप पाएका बालकमा १,०७२ अर्थात ४४.४६ प्रतिशत र पूर्ण खोप पाएका बालिकामा १,००८ अर्थात ४१.८१ प्रतिशत रहेको देखिन्छ। त्यसैगरी पूर्ण खोप नपाएका बालकमा १५० अर्थात ६.२२ प्रतिशत र पूर्ण खोप नपाएका बालिकामा १४८ अर्थात ६.१४ प्रतिशत रहेको देखिन्छ। त्यसैगरी खोप पाएको वा नपाएको यकिन नभएको संख्या ३२ जना उल्लेख्य रहेकोले बालबालिकाहरू खोपबाट टाढा हुँदा उनीहरूको स्वास्थ्य जोखिममा पर्दछ। यसले बाल मृत्युदर बढाउने र बालकको आधारभूत स्वास्थ्य सेवा प्राप्त गरी बाँच्न पाउने मौलिक अधिकारसमेत हनन् हुने हुँदा यसतर्फ सरोकारवालाहरूको ध्यान पुग्नु जरुरी छ।

**तालिका नं.८१ : ५ वर्षभन्दा कम उमेरका पूर्ण खोपयुक्त बालबालिकाको विवरण**

| वडा | पूर्णखोप पाएका | | | | पूर्णखोप नपाएका | | | थाहा छैन | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | तेस्रो लिङ्गी | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | तेस्रो लिङ्गी | जम्मा |
| १ | १८८ | १९८ | ० | ३८६ | २५ | १४ | ३९ | ० | २ | २ | २१३ | २१४ | ० | ४२७ |
| २ | २३१ | २०१ | ० | ४३२ | २७ | १९ | ४६ | १ | ३ | ४ | २५९ | २२३ | ० | ४८२ |
| ३ | १५२ | १२९ | १ | २८२ | १५ | २० | ३५ | २ | ३ | ५ | १६९ | १५२ | १ | ३२२ |
| ४ | १४७ | १४० | ० | २८७ | २४ | २८ | ५२ | ३ | ३ | ६ | १७४ | १७१ | ० | ३४५ |
| ५ | १२९ | ११० | ० | २३९ | २ | ३ | ५ | १ | ७ | ८ | १३२ | १२० | ० | २५२ |
| ६ | ११२ | १०४ | ० | २१६ | २७ | २३ | ५० | ० | ० | ० | १३९ | १२७ | ० | २६६ |
| ७ | ११३ | १२६ | ० | २३९ | ३० | ४१ | ७१ | ३ | ४ | ७ | १४६ | १७१ | ० | ३१७ |
| जम्मा | १०७२ | १००८ | १ | २०८१ | १५० | १४८ | २९८ | १० | २२ | ३२ | १२३२ | ११७८ | १ | २४११ |
| प्रतिशत | ४४.४६ | ४१.८१ | ०.०४ | ८६.३१ | ६.२२ | ६.१४ | १२.३६ | ०.४१ | ०.९१ | १.३३ | ५१.१० | ४८.८६ | ०.०४ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

## ५.४.८ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाई विभिन्न रोगले संक्रमण गर्ने उच्च संम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलबियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ। कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ५.४.९ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर

राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण २०१६ (National Demographic and Health Survey 2016) का अनुसार नवजात शिशु मृत्युदर २१ प्रतिहजार, शिशु मृत्युदर ३२ प्रतिहजार र पाँच वर्षमुनिको बाल मृत्युदर ३९ प्रतिहजार रहेको तथ्याङ्क सार्वजनिक भएको छ । गाउँपालिकाको पाँच वर्षमुनिको बाल मृत्युदर तथा शिशु मृत्युदरको तथ्याङ्क नभएतापनि राष्ट्रिय तथ्याङ्कले यहाँको अवस्था अनुमान गर्न सकिन्छ ।

### ५.४.१० बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालवृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान, २०७२ ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ । गाउँपालिकामा समेत राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन् । स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन् ।


### ५.४.११ जन्मदाको बखत शिशुको तौल सम्बन्धी विवरण

तालिका नं.८२ : वितेको १२ महिनामा जन्मेका शिशुहरूको जन्मदाको तौलका आधारमा वडागत विवरण

| वडा | जन्मदाको तौल | | | | | |
|---|---|---|---|---|---|---|
| | २.५ केजीभन्दा कम | | २.५ केजीभन्दा बढी | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | २ | ५.१३% | ४७ | २२.९३% | ४९ | २०.०८% |
| २ | ४ | १०.२६% | ४९ | २३.९०% | ५३ | २१.७२% |
| ३ | ८ | २०.५१% | २० | ९.७६% | २८ | ११.४८% |
| ४ | ३ | ७.६९% | ४६ | २२.४४% | ४९ | २०.०८% |
| ५ | ४ | १०.२६% | ८ | ३.९०% | १२ | ४.९२% |
| ६ | ७ | १७.९५% | १४ | ६.८३% | २१ | ८.६१% |
| ७ | ११ | २८.२१% | २१ | १०.२४% | ३२ | १३.११% |
| जम्मा | ३९ | १००% | २०५ | १००% | २४४ | १००% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा बितेको १२ महिनामा जन्मेका शिशुहरूको जन्मदाको तौलका आधारमा हेर्दा जम्मा २४४ शिशु जन्मिएकोमा २.५ के.जी.भन्दा कम तौल भएका शिशुहरूको संख्या ३९ र २.५ के.जी. भन्दा बढी तौल हुनेको संख्या २०५ रहेको थियो । २.५ के. जी. भन्दा कम तौलको शिशु जन्मनुमा गर्भवती हुँदा आमाको उचित स्याहार र खानपान नपुग्नु तथा आवश्यक सम्पूर्ण पोषण सहितको आहार नहुनु, धुम्रपान र किशोरी अवस्थामै आमा बन्नुजस्ता कारणहरू जिम्मेबार हुन्छन् । यस्ता शिशुहरूको शिशु मृत्यु दरसमेत उच्च रहन्छ । तसर्थ यसको समाधानका लागि उपयुक्त उमेरमा विवाह, उचित खानपान र स्याहारको प्रबन्ध गर्नुका साथै गर्भवती अवस्थामा परीवारका सदस्यहरूले गर्भवतीको उचित हेरचाह पुऱ्याउनु आवश्यक हुन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ५.४.१२ पहिलो विवाह गर्दाको महिला र पुरुषको उमेरको विवरण

**तालिका नं.८३ :** पहिलो विवाह गर्दाको महिला र पुरुषको उमेरको विवरण

| वडा नं. | पहिलो विवाह गर्दाको उमेर | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १५ वर्षभन्दा कम | | १५ - १९ वर्ष | | २० - २४ वर्ष | | २५ - २९ वर्ष | | ३० - ३४ वर्ष | | ३५ - ३९ वर्ष | | ४० वर्ष वा सोभन्दा बढी | | जम्मा | |
| | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला |
| १ | २२ | ५३ | २०३ | ५६५ | २९२ | ३०९ | १२६ | ६९ | ३० | १५ | ९ | ६ | ९ | १७ | ६९१ | १०३४ |
| २ | १८ | ३९ | ३३५ | ६४३ | ३१९ | २८८ | ११६ | ५३ | २२ | १० | ५ | ४ | ३ | २ | ८१८ | १०३९ |
| ३ | ६ | ४० | १३६ | ४६८ | २८९ | २८७ | ५८ | ४६ | २३ | ८ | ६ | ० | ५ | १ | ५२३ | ८५० |
| ४ | ७ | ५२ | ११८ | ४०६ | २७७ | २६५ | १०६ | ४० | ७ | ५ | ५ | ५ | ४ | ० | ५२४ | ७७३ |
| ५ | २ | १९ | १५६ | ३६० | ३०८ | २१८ | ६० | ४३ | १९ | ८ | २ | ३ | ० | ० | ५४७ | ६५१ |
| ६ | ११ | १३ | ९७ | २१५ | २७६ | २६१ | ८७ | ६० | २७ | १२ | ६ | ६ | ९ | ६ | ५१३ | ५७३ |
| ७ | ७ | २२ | १८३ | ४२८ | ३४५ | ३१६ | ४७ | ३६ | १४ | ४ | ५ | ३ | १ | १ | ६०२ | ८१० |
| **जम्मा** | ७३ | २३८ | १२२८ | ३०८५ | २१०६ | १९४४ | ६०० | ३४७ | १४२ | ६२ | ३८ | २७ | ३१ | २७ | ४२१८ | ५७३० |
| **प्रतिशत** | ०.७३% | २.३९% | १२.३४% | ३१.०१% | २१.१७% | १९.५४% | ६.०३% | ३.४९% | १.४३% | ०.६२% | ०.३८% | ०.२७% | ०.३१% | ०.२७% | ४२.४०% | ५७.६०% |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*

लैङ्गिक आधारमा विवाहित जनसंख्याको पहिलो विवाह गर्दाको उमेरको विवरण हेर्दा पहिलो विवाह गर्दाको उमेर १५ वर्षभन्दा कम भएका पुरुष ७३ जना र महिला २३८ जना रहेको पाइयो । यसैगरी पहिलो विवाह गर्दाको उमेर १५ देखि १९ हुने पुरुषको संख्या १,२२८ र महिलाको संख्या ३,०८५ रहेको छ अर्थात् कुल विवाहित महिलाहरूमध्ये ३१.०१ प्रतिशत महिलाहरूको १९ वर्ष नपुग्दै वा पुग्दा पुग्दै विवाह भैसकेको देखिन्छ । अर्कोतर्फ २०-२४ वर्षको उमेरभित्र पहिलो विवाह गर्ने पुरुषको जनसंख्या महिलाको भन्दा बढी छ अर्थात् सो उमेर समूहमा नपुग्दै अधिकांश किशोरीहरूको विवाह भैसकेको देखिन्छ । समग्र महिला र पुरुषको संयूक्त तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी ४,६२४ जना अर्थात् ४६.४८ प्रतिशत विवाहितहरूको पहिलो विवाह गर्दाको उमेर १५ देखि १९ नै रहेको छ । कानूनी रूपमा हेर्दा समेत मुलुकी ऐनको प्रावधानअनुसार २० वर्षभन्दा कम उमेरमा विवाह गर्न नपाउने बन्देज रहेता पनि त्यसको कार्यान्वयनको अवस्था नाजुक देखिन्छ । छिटो विवाह गर्नाले अध्ययन तथा रोजगारीमा पर्ने नकारात्मक प्रभावका साथै शारीरिक तथा मानसिक विकाससमेत पूर्णरूपमा नभैसकेको अवस्थामा विवाह गर्दा त्यसले शारीरिक, पारिवारिक र सामाजिक रूपमा जटिलता थप्ने निश्चित छ । तसर्थ उपयुक्त समयमा विवाह गर्न अनिवार्य गर्नुपर्ने र छिटो विवाह गर्ने कार्यलाई पूर्ण रूपले निरुत्साहित गर्नुपर्ने देखिन्छ । समग्र विकासलाई मध्यनजर गर्दा २५ देखि २९ वर्षको उमेर विवाहका लागि उपयुक्त मान्न सकिन्छ । अन्य उमेर समूहअनुसारको वैवाहिक स्थितिको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




### ५.४.१३ पहिलो बच्चा जन्मदाको महिलाको उमेरको विवरण

कानूनी र प्रजनन स्वास्थको दृष्टिकोणबाट २० वा सो वर्षभन्दा कम उमेरमा आमा बन्नु गैरकानूनी र मातृ तथा शिशु दुवैको स्वास्थ्यका दृष्टिकोणबाट जोखिमपूर्ण मानिन्छ। शारीरिक, मानसिक, आर्थिक रुपमा अपरिपक्व अवस्थामा गर्भाधान र सन्तान जन्माउँदा एकातर्फ अपरिपक्व, कम तौलको, शारीरिक र बौद्धिक रुपमा विकलाङ्ग शिशु जन्मन सक्ने जोखिम उच्च रहन्छ भने अर्कोतर्फ गर्भावस्थाको हेरविचार, मातृ तथा शिशुको स्याहार, खानपान, सरसफाइजस्ता विषयमा पर्याप्त जानकारी नहुँदा आमा र शिशु विभिन्न प्रकारका संक्रमणको सिकार हुन सक्ने संभावना रहन्छ ।

नेपालले सहश्राब्दि विकास लक्ष्य २०००–२०१५ का बिचमा मातृ तथा शिशु स्वास्थको क्षेत्रमा उल्लेखनीय प्रगती हासिल गरेको छ। सन् १९९० लाई आधार वर्ष मान्दा नेपालमा कूल १००० जीवित जन्म भएका शिशुमध्ये १०८ जनाको मृत्यु हुने गरेकोमा यो संख्यामा सारभूत रुपमा गिरावट आई सन् २०१५ सम्म ३३ मा झरेको छ भने ५ वर्षभन्दा कम उमेरका बालबालिकाको मृत्युदर (प्रति हजार) ३८ मा झरेको छ। त्यसैगरी सन् १९९० लाई आधार वर्ष मान्दा मातृमृत्यु (प्रति एकलाख) मा ८५० रहेकोमा सन् २०१५ सम्म २५८ मा झरेको देखिन्छ भने तालिम पाप्त स्वास्थकर्मीबाट प्रसुति गराउने महिलाको अनुपात ५५.६% पुगेको तथ्यांक देखिन्छ (Nepal and the Millennium Development Goals Final Status Report 2000-2015)। यसरी हेर्दा समग्र मातृ तथा शिशु स्वास्थको क्षेत्रमा सकारात्मक परिवर्तनका संकेतहरू देखा परिरहेका छन्।

गाउँपालिकाका कूल २,५८६ महिलालाई पहिलो सन्तान जन्मिदाको उनीहरूको उमेरको बारेमा सोधिएको प्रश्नमा २ जनाले १५ वर्ष भन्दा कम, ९३९ जना अर्थात ३६.३१ प्रतिशत महिलाले १५-१९ वर्षको बिचमा पहिलो सन्तान जन्माएको देखिन्छ। त्यसैगरी १,३५४ अर्थात ५२.३६ प्रतिशत महिला २०-२४ वर्ष उमेरमा, २३४ अर्थात ९.०५ प्रतिशत महिला २५-२९ वर्ष उमेरमा र ३४ जना अर्थात १.३१ प्रतिशत महिला ३०-३४ वर्ष उमेरमा आमा बनेको देखिन्छ भने ३५ वर्षमाथि पहिलो पटक आमा बन्नेको संख्या जम्मा २३ जना अर्थात ०.८९ प्रतिशत रहेको छ।

**तालिका नं.८४ : १५-४९ उमेरसमूहका विवाहित महिलाहरूको पहिलो बच्चा जन्मिदाको उमेरसम्बन्धि विवरण**

| वडा | १५ वर्षभन्दा कम | पहिलो बच्चा जन्मदिँदा आमाको उमेर | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १५ - १९ वर्ष | २० - २४ वर्ष | २५ - २९ वर्ष | ३० - ३४ वर्ष | ३५ वर्ष वा सोभन्दा बढी | जम्मा आमाको संख्या |
| १ | ० | २०५ | २३६ | ३५ | ६ | ६ | ४८८ |
| २ | १ | २८० | ३०१ | ५१ | ८ | ० | ६४१ |
| ३ | १ | १७५ | २२४ | ४२ | ४ | ५ | ४५१ |
| ४ | ० | १३२ | २८७ | ४२ | ४ | ४ | ४६९ |
| ५ | ० | १५ | ३६ | ८ | १ | १ | ६१ |
| ६ | ० | ४९ | ६५ | ३३ | ९ | ४ | १६० |
| ७ | ० | ८३ | २०५ | २३ | २ | ३ | ३१६ |
| जम्मा | २ | ९३९ | १३५४ | २३४ | ३४ | २३ | २५८६ |
| | ०.०८% | ३६.३१% | ५२.३६% | ९.०५% | १.३१% | ०.८९% | १००% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

## ५.४.१५ मुख्य रोगहरूको विवरण

गाउँपालिकाको मुख्य रोगहरूमा मुटु, बाथ/जोर्नी दुखाई, ग्याष्ट्रिक/अल्सर/आन्द्राको रोग, स्त्री रोग, दम, रक्तचाप, श्वास प्रश्वाससम्बन्धी रोगहरू, मुटुसम्बन्धी रोगहरू, मृगौला सम्बन्धी रोग, झाडापखाला,, रुघाखोकी, फ्लु, हैजा/झाडा पखाला / आउँ, टाइफाइड, यौन रोग, कुष्टरोग तथा मानसिक रोग आदि पर्दछन् ।

## ५.४.१६ मृत्युका मुख्य कारणहरूको विवरण

**तालिका नं.८५ : मृत्युको कारण अनुसार मृतकको जनसंख्या विवरण**

| मृत्यूको कारण | पुरूष | | महिला | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| कालगतिले मर्नु | १० | ७१.४३% | ४ | २८.५७% | १४ |
| थाहा नभएको / कारण नखुलेको | ६ | ६०.००% | ४ | ४०.००% | १० |
| अन्य दुर्घटना | ४ | ५०.००% | ४ | ५०.००% | ८ |
| मुटुसम्बन्धी रोगहरू | ४ | ५७.१४% | ३ | ४२.८६% | ७ |
| अन्य कारणले | ३ | ७५.००% | १ | २५.००% | ४ |
| क्यान्सर | १ | २५.००% | ३ | ७५.००% | ४ |
| श्वास प्रश्वास सम्बन्धी रोगहरू | २ | ६६.६७% | १ | ३३.३३% | ३ |
| टाइफाइड | २ | ६६.६७% | १ | ३३.३३% | ३ |
| निमोनिया | १ | ३३.३३% | २ | ६६.६७% | ३ |
| प्राकृतिक प्रकोप | १ | ३३.३३% | २ | ६६.६७% | ३ |
| यातायात दुर्घटना | ० | ०.००% | २ | १००.००% | २ |
| रक्तचाप (उच्च तथा निम्न रक्तचाप) | २ | १००.००% | ० | ०.००% | २ |
| दम | १ | ५०.००% | १ | ५०.००% | २ |
| हेपाटाइटिस | १ | ५०.००% | १ | ५०.००% | २ |

| मृत्यूको कारण | पुरूष | | महिला | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| क्षयरोग | २ | १००.००% | ० | ०.००% | २ |
| मृगौला सम्बन्धी रोग | २ | १००.००% | ० | ०.००% | २ |
| रुघाखोकी, फ्लु | ० | ०.००% | २ | १००.००% | २ |
| बच्चा जन्माउन नसकेर | ० | ०.००% | १ | १००.००% | १ |
| ग्यास्ट्रिक/अल्सर/आन्द्राको रोग | १ | १००.००% | ० | ०.००% | १ |
| कलेजो सम्बन्धी रोग | ० | ०.००% | १ | १००.००% | १ |
| छारे रोग | १ | १००.००% | ० | ०.००% | १ |
| अन्य यौन रोग | १ | १००.००% | ० | ०.००% | १ |
| कालाज्वरो | ० | ०.००% | १ | १००.००% | १ |
| जण्डीस (कमलपित्त) | ० | ०.००% | १ | १००.००% | १ |
| जम्मा | ४५ | ५६.२५% | ३५ | ४३.७५% | ८० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

## ५.४.१७ दीर्घ रोगको प्रकारअनुसार दीर्घ रोगीहरूको जनसंख्या विवरण


गाउँपालिकामा रहेको कूल जनसंख्या मध्ये दीर्घ रोगका कारण पिडितहरूको संख्या १२४४ रहेको छ। यीमध्ये सबैभन्दा बढी मुटु सम्बन्धी रोग समस्या भएका २७० जना अर्थात २१.७० प्रतिशत, बाथ/जोर्नी दुखाई सम्बन्धी रोग भएका २२९ अर्थात १८.४१ जना, ग्यास्ट्रिक/अल्सर/आन्द्राको रोग हुनेहरू २०४ जना अर्थात १६.४० प्रतिशत, अन्य रोगहरू भएका १८२ अर्थात १४.६३ प्रतिशत रहेका छन् । त्यसैगरी गाउँपालिकामा उच्च रक्तचाप, मधुमेह, मुटु रोगी, मृगौलासम्बन्धी रोगी, प्रसूतीसम्बन्धी, श्वासप्रश्वाससम्बन्धी र अन्य रोगीहरू रहेका छन् । विशेषगरी खानपान र जीवनशैली, धुम्रपान, मध्यपान, शारीरिक व्यायामको कमी, मानसिक चिन्ता तथा बंशाणुगत कारणले दीर्घ रोगहरू लाग्छन् । तसर्थ यस्ता रोगहरू कम गर्न व्यापक स्वास्थ्य चेतना फैलाउने खालका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.८६ :** दीर्घरोग रोगको प्रकारअनुसार जनसंख्याको विवरण

| दीर्घरोगको प्रकार | वडा नं. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
| मुटुसम्बन्धी रोग | ४२ | १०२ | ५ | १७ | ७ | ६८ | २९ | २७० | २१.७०% |
| बाथरजोर्नी दुखाई | ३७ | ७९ | ८ | २७ | ० | ५५ | २३ | २२९ | १८.४१% |
| ग्यास्ट्रिक/अल्सर/आन्द्राको रोग | ३८ | ६६ | १० | २० | १ | ३८ | ३१ | २०४ | १६.४०% |
| अन्य | २१ | १९ | १० | २२ | १ | ९८ | ११ | १८२ | १४.६३% |
| स्वास प्रस्वाससम्बन्धी | २२ | ३५ | ४ | १५ | २ | १७ | २१ | ११६ | ९.३२% |
| स्त्री रोग | ९ | २० | ९ | ५ | १ | ७ | १३ | ६४ | ५.१४% |
| दम | १३ | १४ | ३ | ५ | ६ | ३ | ७ | ५१ | ४.१०% |
| रक्तचाप (उच्च र न्यून) | २ | १७ | ६ | ४ | ० | १ | ७ | ३७ | २.९७% |
| मृगौलासम्बन्धी | ४ | १२ | ० | २ | ० | २ | ५ | २५ | २.०१% |
| अर्बुद (क्यान्सर) | १ | ६ | ३ | १ | ० | ५ | २ | १८ | १.४५% |
| कलेजो सम्बन्धी | ४ | ५ | ० | १ | ० | ४ | २ | १६ | १.२९% |
| मदुमेह | १ | ३ | १ | ७ | ० | ० | १ | १३ | १.०५% |

| दीर्घरोगको प्रकार | वडा नं. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
| छारे रोग | २ | ० | ० | २ | ० | ० | ६ | १० | ०.८०% |
| पार्किन्सन/अल्जाइमर/माइग्रेन | २ | ७ | ० | ० | ० | ० | ० | ९ | ०.७२% |
| जम्मा | १९८ | ३८५ | ५९ | १२८ | १८ | २९८ | १५८ | १२४४ | १००% |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*




तालिका नं.८७ : दीर्घरोग रोगको भएको अवधिको आधार जनसंख्याको विवरण

| वडा नं. | दीर्घरोगबाट पिडित भएको वर्ष | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ०-२ वर्ष सम्म | ३ - ५ वर्ष | ६ - ९ वर्ष | १० - १४ वर्ष | १५ - १९ वर्ष | २० - २९ वर्ष | ३० - ३९ वर्ष | ४० वर्ष वा सोभन्दा बढी |
| १ | २९ | ४७ | १९ | ३८ | १६ | २३ | १० | १६ |
| २ | ५६ | १७५ | ५० | ४२ | २० | १४ | १० | १८ |
| ३ | ११ | १७ | ४ | १० | ३ | ४ | १ | ९ |
| ४ | १४ | ४१ | १७ | २३ | १२ | ४ | ३ | १४ |
| ५ | ४ | ६ | २ | २ | १ | २ | ० | १ |
| ६ | ४४ | ७८ | ५२ | ४४ | १५ | ३२ | ९ | २४ |
| ७ | ३० | ४६ | २५ | २७ | ८ | १६ | ३ | ३ |
| संख्या | १८८ | ४१० | १६९ | १८६ | ७५ | ९५ | ३६ | ८५ |
| प्रतिशत | १५.११% | ३२.९६% | १३.५९% | १४.९५% | ६.०३% | ७.६४% | २.८९% | ६.८३% |

*स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन, २०७६*

## ५.५ महिला बालबालिका तथा सामाजिक समावेशीकरण

### ५.५.१ बाल क्लबहरूको विवरण

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रवर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-

समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरू क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यम बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नितिगत दस्तावेजहरूमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्तका गर्नका लागि विभिन्न स्तरका निती तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधित्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरुपमा गाउँपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्युनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिवृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

## ५.६ खेलकुद तथा मनोरन्जन

### ५.६.१ रंगशाला, खेलमैदान, व्यायामशाला सम्बन्धी विवरण

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको खेल तथा अनुशासन विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस गाउँपालिकामा खेलकुदको विकासका लागि प्रयासरत रहेको पाइन्छ। यसको लागि गाउँपालिकाले विभिन्न खुलास्थानहरूमा खेलकुदको लागि दिर्घकालिन पूर्वाधार तयार गरेको खण्डमा खेलकुदको विकास गर्न सकिन्छ ।

गाउँपालिकाले पनि आफ्नो कार्यक्षेत्र भित्र गतिशिल रहने गरी गाउँपालिकामा गाँउ खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा कतिपय खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्युन लगानी हुने गरेको देखिन्छ । विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरूमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, ब्याडमिन्टन जस्ता केही खास खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ ।

गाउँपालिकाको खेलकुद तथा मनोरन्जनलाई विकास गरी गाउँपालिका बासीहरूलाई खेलकुदमा आकर्षण गर्नका लागि विभिन्न योजनाहरू तयार पारेका छन् जसमा स्थानीय युवा क्लवको स्तरोन्नतिको लागि विभिन्न खेलकुद सामाग्रीको व्यवस्था गर्नुपर्ने, सामुदायिकरुपमा समन्वय गरी चिल्ड्रेनपार्कको व्यवस्था हुनपर्ने, खेलकुद प्याराफिट सहित खेलमैदान, वडा स्तरिय खेल मैदानमा आवश्यक चारैतिर पक्की नाली सहित माटो भरान, वडाका सबै क्लवहरूलाई खेलकुद सामाग्री उपलब्ध गराउने, खेल क्षेत्रमा स्तरउन्नती गर्न गाउँपालिका रहेका बालबालिका तथा युवाहरूमा रहेको खेलकुद प्रतिको रुचि मध्यनजर गर्दै गाउँपालिकामा रहेका संभावना पहिचान गरेको खण्डमा राष्ट्रिय खेलकुदमा टेवा पुग्ने देखिन्छ ।

### ५.६.२ पार्क तथा पिकनिक स्थल सम्बन्धी विवरण

क्रमिकरुपमा विकसित भैरहेका शहरोन्मुख क्षेत्र तथा गाउँपालिकामा रहेका पार्क तथा उद्यानहरू सार्वजनिक सम्पतिहरू हुन । क्षेत्रहरूले विशेषगरी गाउँपालिकाको पर्यावरणीय प्रणालीलाई सुरक्षित गरी हरित क्षेत्रलाई प्रवर्द्धन गर्न यी क्षेत्रहरूको संरक्षण गर्नु आवश्यक छ। दैनिक नियमित कामकाजबाट पररही मानसिक स्फूर्ति र स्वच्छताका लागि मनोरञ्जनको आवश्यकता पर्दछ । मनोरञ्जनका विभिन्न उपायहरूमध्ये स्वच्छ तथा प्राकृतिक वातावरणमा रमाउने तथा वनभोज गर्ने चलन सर्वव्यापी र प्राचिन चलन हो ।

सार्वजनिक सम्पदाको रुपमा रहेका उद्यान, पार्क तथा खेलमैदानहरूको दिगो रुपमा संरक्षण विकास र विस्तार गर्न सके गाउँपालिकाको विकास र विस्तार हुँदै जाँदा यी क्षेत्रहरू पर्यावरणीय महत्वका हिसाबले अत्यन्त आवस्यक र महत्वपूर्ण हुन्छन् । यी क्षेत्रहरूलाई हरित क्षेत्रको रुपमा विश्राम स्थल तथा गाउँपालिकाको प्राकृतिक सुन्दरता कायम गर्न सहयोग गर्दछन् । यस गाउँपालिकामा रहेका विशेष पार्क तथा उद्यानहरू नरहेपनि सामुदायिक वन, कबुलियती वन, धार्मिक वन, सरकारी संरक्षित वनहरूम पार्क तथा उद्यानहरूको संभावना रहेको छ ।

## ५.७ शान्ति सुरक्षाको विवरण

सुरक्षाको प्रत्याभुति देशको संविधानमा सुनिश्चत हुन्छ। संविधानमा उल्लेख भए अनुरुप राज्यले नागरिकलाई सुरक्षित आभास गराउन सक्नु पर्दछ। हरेक राष्ट्रका नागरिकहरूलाई नागरिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो। नागरिकले आफ्नो राज्यमा सुरक्षित महसुस हुन पाउनुपर्छ। यसलाई चुस्त बनाउन नागरिक समाजको पनि त्यतिकै महत्वपुर्ण भूमिका रहन्छ।

गाउँपालिकामा भएका अपराधिक तथा सामाजिक नियम बाहिरका कार्य चोरी डकैती लगायतका अन्य कार्यहरू यी सुरक्षा निकाय मार्फत समाधान हुने गरेको पाइन्छ। यस गाउँपालिकामा वर्षभरिमा कुनै अप्रिय घटना घटेको दर्ता खासै गरिएको देखिएन। गाउँपालिकामा सानातिना झैझगडा, कुटपिट, साँध, सिमानामा विवाद, चोरी डकैती, ठगी, घरेलु हिंसाका घटनाहरू यदाकदा हुने गरेको स्थानीयबासीको भनाई छ। गाउँपालिकामा प्रहरी चौकी कार्यालयको साथै जिल्लामा शान्ति सुरक्षासँग सम्बन्धित निकायहरूमा नेपाली सेना तथा नेपाल प्रहरीका विभिन्न ईकाइहरू रहेका छन् ।

# खण्ड- ६: जलवायू, वन तथा वातावरण

## ६.१ जलवायू

### ६.१.१ जलवायूको समग्र विवरण

कुनैपनि स्थानको समग्र विकासमा जलवायूको अवस्थाले व्यापक असर पार्दछ । अर्कोतर्फ नेपालमा विषम भौगोलिक अवस्था भएकाले भौगिलक अवस्था अनुरुपको हावापानी हुने हुनाले मनिसको समग्र जीवनशैली, चालचलन, उत्पादन प्रणाली लगायत समग्र मानव जनजीवनका आयामहरूसँग जलवायूका पक्षहरू अन्तर सम्बन्धित हुन्छन् । उदाहरणका लागि उच्च हिमाली भेगमा भौगोलिक हिसाबले जटिल भू-धरातल हुन्छ भने हावापानी पनि शीत प्रधान हुन्छ । हिउँदयाममा हिमपात हुने र खेतिपाती निकै नगण्य मात्रामा हुने गर्दछ । यसर्थ हावापानी बारैका जानकारी हुनु अत्यन्त आवश्यक रहेको छ ।

### ६.१.२ जलवायूको परिवर्तनका असरहरू

कुनैपनि स्थानको जलवायूले त्यहाँका मानिसहरू जनजीवनलाई प्रत्यक्ष प्रभाव पार्दछ । भने प्रकृति उपर हुने मानवीय गतिविधिहरूले समेत जलवायूलाई उत्तिकै असर गर्दछ । विशेषगरी विश्वमा भएको औद्योगिक क्रान्ति, विज्ञानको विकास, इञ्जिनिहरूको विकास, जनसंख्या वृद्धि आदिले वनजंगल र पर्यावरणमा व्यापक नकारात्मक असर परेको छ । विशेष गरी व्यापकरुपमा भैरहेको कार्बन उत्सर्जन र क्लोफ्लोरो कार्बन जस्ता रसायनहरूको कारण हरितगृह प्रभाव (Green House Effect) वृद्धि भई विश्वको तापक्रम क्रमश वृद्धि हुन थालेको छ । यसले व्यापकरुपमा जलवायू परिवर्तन भई त्यसका असर स्वरुप अतिवृष्टि, अनावृष्टि, प्राकृतिक विपद्हरू, बाढी, पहिरो, सामुद्रिक तटहरूका डुबान जस्ता समस्या देखापर्न थालेको छ । यसले स्थानीय स्तरबाटै विकास निर्माण तथा मानवीय व्यवहारहरूमै परिवर्तन गरी जलवायू परिवर्तनका असरहरूलाई न्यूनिकरण गर्ने वातावरण मैत्री व्यवहारहरूमै परिर्वतन गरी जलवायू परिवर्तनका असरहरूलाई न्युनिकरण गर्ने वातावरण मैत्री व्यवहारहरू अवलम्बन गर्नु अनिवार्य भएको छ ।

### ६.१.३ जलवायूको परिवर्तनका असरहरू सामना गर्ने कार्यक्रमहरू

माथि उल्लेख गरिए जस्तै जलवायू परिवर्तनका प्रमुख कारक तत्वहरू नै प्रकृति उपर हुने मानवीय गतिविधिहरू नै हुन् । तसर्थ जलवायू परिवर्तनका असरहरूलाई न्यूनिकरण गर्न यिनै मानवीय गतिविधिहरूलाई व्यापकरुपमा सुधार गर्नुपर्ने हुन्छ । त्यसो गर्दा वातावरणमैत्री व्यवहारहरूलाई संवेदनशील हिसाबले अभ्यास गर्नुपर्दछ । अर्कोतर्फ मानवीय व्यवहारहरूमा पूर्ण नियन्त्रण गर्नु असम्भव जस्तै हुन्छ । तसर्थ जलवायू परिवर्तनका असरहरूलाई पूर्णत शुन्यमा झार्न सकिँदैन । यस परिस्थितिमा त्यस्ता असरहरूको सामना गर्नुपर्ने हुन्छ । यसका लागि स्थानीयस्तर बाटै जलवायू अनुकूलताका कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ ।

## ६.२ वन क्षेत्रको अवस्था तथा जैविक विविधता

### ६.२.१ गाउँपालिकामा पाईने प्रमुख वनस्पति र वन्यजन्तुहरूको विवरण

भौगोलिक विविधताले श्रृजना गरेको जैविक विविधताका कारण नेपाल विश्वमै जैविक विविधताका हिसाबले सम्पन्न मुलुकमा पर्दछ । सीमित भौगोलिक क्षेत्र भित्र समेत ठुलो जैविक विविधता पाईन्छ । नेपालजस्तो अतिकम विकसिमत राष्ट्रका लाीग जैविक विविधता आफैमा एक बरदान हुन सक्छ । यदि यसको संरक्षण र दिगो सदुपयोग हुन सक्यो भने । यस खण्डमा जैविक विविधता अन्तर्गत यस क्षेत्रमा पाईने प्रमुख वनस्पतिहरू, वन्यजन्तुहरू, जलचर, चराचुरुङ्गी आदिको विवरण उल्लेख गरिएको छ ।

### ६.२.१ प्रमुख वनस्पतिहरूको विवरण (काष्ठ तथा गैह्र काष्ठ) जडिबुटी छुट्याएर

यस गाउँपालिकामा केही उष्ण प्रदेशीय जलवायु समेत भएको कारण पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, वयर, काँशी अमला, कैँदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, वनसुन्तला, कुम्भी, नेवारो, अशोक, सपेटा । यसै गरी घिस्रने जन्तुहरूमा हरहरे, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन्।

### जडिबुटी सम्बन्धी विवरण

गाउँपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा बोझ्रो, सिउँडी, घ्युकुमारी, तुलसी, जिम्बु, बाबरी, भृंगराज, रिट्ठा, टिमुर, गुँरास, हर्रो, बर्रो, चिराँइतो चुत्रो अमला, रुदिलो, तितेपाती आदि पाईन्छ । यी जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

### ६.२.२ प्रमुख वन्यजन्तुहरूको विवरण

यस गाउँपालिकामा पाइने प्रमुख वन्यजन्तुहरूमा वन्यजन्तुहरूमा चितुवा,बाँदर, हापसिलो, बँदेल, ब्वाँसो, स्याल, रातो बाँदर, वन बिरालो, दुम्सी, निगाले बाघ, जङ्गली मुसा, मल साप्रो, न्याउरी मुसा, लोखर्के आदी रहेका छन् ।

### ६.२.३ प्रमुख चराचुरुङ्गीहरूको विवरण

यस गाउँपलिकामा पंक्षी प्रजातीमा कालिज, ढुकुर, हुचिल, लाटोकोसरो, काग, जुरेली, गौथली, परेवा, चमेरा, सारौं, भँगेरा, कालो तित्रा, सिम तित्रा, लुईंचे, धनेश,सुगा, कालो गिद्ध, लामो ठुँडे गिद्ध, सिलसिले, कट्टुस टाउके मौरी चरी, जङ्गली लाटोकोसेरो, चिल, कोईली, हुट्टी ट्याउँ, कालो ढाडे लाहाँचे, भद्रे, सानो जलेवा, सानो बकुला, लालसर, कालो भूँडीफोर, चिभे, तोप चरा, कोकले, जुरेली/बुलबुल, गाजले चरी, धोबी चरा, श्यामा, रानी चरी, छिरबिरे माटो कोरे, कालिज, निलकण्ठ, बट्टाई, कुथ्रुके, ठूलो चमेरो, भँगेरी बाज, थोप्ले लाटोकोसेरो, बकुला, मलेवा आदि प्रमुख छन्।

#### (क) घिस्रने जिवजन्तुहरू

यस गाउँपलिकामा विशेष गरी घिस्रने जीवजन्तु अन्तर्गत सर्प दुई मुखे, पानी सर्प, छेपारो, गोहोरा, सुन गोहोरो, कछुवा, भ्यागुता पाईएका छन् ।

#### (ख) कीरा फट्याङ्ग्राहरू

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, झुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्गाहरू आदि ।

तालिका नं.८८ : वन्यजन्तु तथा पशुपंक्षी

| क.सं. | स्थानीय नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| | | स्तनधारी (Mammals) | |
| १. | कस्तुरी मृग | Musk Deer | *Moschus moschiferus* |
| २. | चितुवा | Common Leopard | *Panthera pardus* |
| ३. | स्याल | Jackle | *Canis aureus* |
| ४. | ध्वाँसे चितुवा | Clouded Leopard | *Neofelis nebulosa* |
| ५. | भालु | Black Bear | *Selenarctos thibetanus* |
| ६. | लंगुर बाँदर | Common Langur | *Presbytes entellus* |
| ७. | चमेरो | Fruit bat | *Rousettus spp.* |
| ८. | सालक | Pangolin | *Manis crassicaudata* |
| ९. | हाब्रे | Red Panda | *Ailurus fulgens* |
| १० | खरायो | Rufus tailed hare | *Lepus nigricollis* |
| | | प्रमुख घस्रने जनावरहरू (Reptiles) | |
| १. | साधारण सर्प | common cat snake | *Bioga trgonata* |
| २. | गोहोरो | CommonIndian monitor lizard | *Varanus spp.* |
| ३. | छेपारो | Common lizard | *Calotes versicolor* |
| | | पंक्षी (Aves) | |
| १. | ढुकुर | Spotted Dove | *Streptopelia chinensis* |
| २. | वन कुखुरा | Red Jungle Fowl | *Gallus gallus* |
| ३. | मयुर | Common Peafowl | *Pavo cristatus* |
| ४. | डाँफे | Impeyan Pheasant | *Lophophorus impejans* |
| ५. | कालिज | Kalij Pheasant | *Lophura leucomelana* |
| ६. | मुनाल | Crimson Horned Pheasant | *Tragopan satyra* |
| ७. | तित्रा | Black Patridge | *Francolinus fracolinus* |
| ८. | काग | House Crow | *Carvus macrorhynchos* |
| ९. | कोइली | Cuckoo | *Cuculus spp.* |
| १० | जुरेली | Bulbul | *Pycnonotus cafer* |

*स्रोत : जिल्ला वन कार्यालय, २०७६*

## ६.२.४ वनका प्रकारहरू वर्गीकरण सहित सबैको विवरण (सामुदायिक, राष्ट्रिय, निजी, धार्मिक आदि)

नेपालमा मुख्यतया स्वामित्व र व्यवस्थापनका आधारमा वन क्षेत्रलाई विभिन्न वर्गमा विभाजन गरिएको छ। वन ऐन, २०४९ र त्यसमा भएका पछिल्ला संशोधन अनुसार वनका प्रकारहरूलाई निम्नानुसार परिभाषित गरिएको छ।

### क. राष्ट्रिय वन

राष्ट्रिय वन भन्नाले वातावरण सन्तुलन कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र विक्रि वितरण गर्न तयार गरिएको वन सम्बन्धी कार्ययोजना भन्ने बुझिन्छ।

राष्ट्रिय वन भन्नाले निजी वन बाहेक नेपाल भित्रको वन सिमाना लगाईएको वा नलगाईएको सबै वन सम्झनु पर्छ र सो शब्दले वनले घेरिएको वा वनकाखे छेउछाउमा रहेको पर्ती वा ऐलानी जग्गा तथा वन भित्र रहेको बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेत जनाउँछ।

### ख. चकला वन

चकला वन भन्नाले कम्तिमा पाँच सय हेक्टर क्षेत्रफल भएको सरकारद्वारा व्यवस्थित वनको कुनै भाग भन्ने बुझिन्छ ।

### ग. साझेदारी वन

साझेदारी वन भन्नाले डिभिजन वन कार्यालय, स्थानीय तह र उपभोक्ताको साझेदारीमा व्यवस्थापन गरिने राष्ट्रिय वनको कुनै भाग बुझिन्छ ।

### घ. धार्मिक वन

धार्मिक वन भन्नाले वनको विकास, संरक्षण र उपयोग गर्न कुनै धार्मिक निकाय, समुह वा समुदायलाई सुम्पिएको राष्ट्रिय वनलाई सम्झनु पर्छ ।

### ङ. निजी वन

निजी वन भन्नाले प्रचलित कानून बमोजम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गा लगाई हुर्काइएको वा संरक्षण गरिएको वनलाई जनाउँछ ।

## ६.२.५ सामुदायिक वन

सामुदायिक वन भन्नाले सामुहिक हितको लागि वनको विकास, संरक्षण र उपयोग गर्न उपभोक्ता समूहलाई सुम्पिएको राष्ट्रिय वनलाई जनाउँछ । स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन यिमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरू नै हुन्छन् । यो कार्यक्रम शुरुमा लागू हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरूमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभूत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरूको गरिवी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहहरू समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ । जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरू संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ । विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्धता हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि

र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वन भित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमशः बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा वृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो गाउँपालिकाले अग्रणी भूमिका खेलेको छ। गाउँपालिकामा वनहरूको संख्या धेरै भएपनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन ।

**तालिका नं.८९ :** सामुदायिक वनको विवरण


| क्र.सं. | सामुदायिक वनको नाम | वडा नं. | सदस्य उपभोक्ता संख्या |
|---|---|---|---|
| १ | सल्लेरी सामुदायिक वन, हर्पे | १ | ५०० घरधुरी |
| २ | खाली बसुन्धारा सामुदायिक वन, होल्दी | १ | २५० घरधुरी |
| ३ | लोवाङ सामुदायिक वन, लेवाङ | १ | ५०० घरधुरी |
| ४ | तुरतुरे सामुदायिक वन | २ | ५०० घरधुरी |
| ५ | शान्ति सामुदायिक वन | २ | ४०० घरधुरी |
| ६ | झाक्री सल्ला सामुदायिक वन | २ | २०० घरधुरी |
| ७ | अर्नाकोट देउराली सामुदायिक वन | २ | १०० घरधुरी |
| ८ | देउराली महिला सामुदायिक वन | २ | १०० घरधुरी |
| ९ | घोप्टे रानीवन सामुदायिक वन | ३ | ३०० घरधुरी |
| १० | लेखे ढुङ्गा सामुदायिक वन | ३ | २०० घरधुरी |
| ११ | याङलीङ सामुदायिक वन | ३ | ७२ घरधुरी |
| १२ | थाक्थली सामुदायिक वन | ३ | १५० घरधुरी |
| १३ | बराहा सामुदायिक वन | ४ | २५०+ घरधुरी |
| १४ | रानीवन सामुदायिक वन | ४ | २०० घरधुरी |
| १५ | झार्ले भीर सामुदायिक वन | ४ | २०० घरधुरी |
| १६ | देउराली सामुदायिक वन, निग्रापानी सिपटोल | ६ | ११ घरधुरी |
| १७ | पातीहाल्ने सामुदायिक वन, सिप स्यार्प, लिपावाङ | ६ | ११ घरधुरी |

| क्र.सं. | सामुदायिक वनको नाम | वडा नं. | सदस्य उपभोक्ता संख्या |
|---|---|---|---|
| १८ | तिलाचन सामुदायिक वन, सेल्वाङ वि.सी., रंगली सोर्प | ६ | |
| १९ | लाली गुराँस सामुदायिक वन | ६ | |
| २० | टाकुरा सामुदायिक वन | ७ | ८०० घरधुरी |
| २१ | कस्तुरी सामुदायिक वन | ७ | १५० घरधुरी |
| २२ | कुँडुला सामुदायिक वन | ७ | १५० घरधुरी |
| २३ | राम्चे सामुदायिक वन | ७ | १५० घरधुरी |
| २४ | चोताङ सामुदायिक वन | ७ | ७० घरधुरी |

*स्रोत : गाउँ कार्यपालिकाको कार्यालय २०७६*

### ६.२.६ कवुलियति वनको विवरण

कबुलियती वन भन्नाले केही नेपाल संसोधन गर्ने ऐन, २०७५ द्वारा थप गरिएको समेत, विभिन्न उद्देश्य प्राप्ति लागि प्रचलित कानून बमोजिम स्थापित कुनै संस्था वन पैदावारमा आधारित कुनै उद्योग वा समुदायलाई कबुलियत गरी प्रदान गरिएको राष्ट्रिय वनलाई जनाउँछ। राष्ट्रिय वन ऐन, २(४) को परिच्छेद-६ मा उल्लेख भए अनुसार राष्ट्रिय वनको कुनै भाग देहाय बमोजिमको उद्देश्य प्राप्तिको लागि छुट्याइएको वन लाई कबुलियती वन भनिन्छ।




नक्सा नं. ८ : *गाउँपालिकाको वन सञ्जाल*

### ६.२.७ वन पैदावार सम्बन्धी विवरण (निकासी भएमा)

सामान्यतया वन पैदावारको रुपमा प्रयोग हुने वस्तुहरू भनेका काठ, दाउरा, जडिबुटी, खोटो, खर आदि हुन् । वनको वैज्ञानिक व्यवस्थापन गरी वा हरित क्षेत्रको विकास गरी यस प्रकारका वन पैदावारहरूको व्यवसायिक उत्पादन तथा निकासी गरी आर्थिक उपार्जन गर्न सकिन्छ । विशेषगरी वनले ओगटेको क्षेत्रफल बढी भएको क्षेत्रहरूमा वनलाई नै स्थानीय विकासको मेरुदण्डकोरुपमा लिन सकिन्छ ।

गाउँपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस गाउँपालिकाको आपूर्तिलाई पुऱ्याई जिल्ला भित्रकै अन्य गाउँपालिका तथा ग्रामिण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ ।

यस गाउँपालिकामा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरूमा हुने गर्दछ । यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ । वनजंगलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन्, भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेकोपाईन्छ ।

### ६.२.८ राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र, संरक्षण क्षेत्र आदि

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु, संरक्षण ऐन, २०२९ का अनुसार राष्ट्रिय निकुञ्ज भन्नाले प्राकृतिक वातावरणको साथै वन्यजन्तु, वनस्पति र भू-दृश्यको संरक्षण व्यवस्थापन र उपयोगका लागि छुट्याईएको क्षेत्र भन्ने बुझिन्छ । साथै मध्यवर्ती भन्नाले स्थानीय जनताहरूलाई नियमितरुपले वन पैदावार उपयोग गर्न पाउने सहुलियत प्रदान गर्नको लागि राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरिको क्षेत्र भन्ने बुझिन्छ । त्यसैगरी संरक्षण क्षेत्र भन्नाले प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक श्रोतको सन्तुलित उपयोगको लागि एकीकृत योजना अनुसार व्यवस्थापन गरिने क्षेत्र भन्ने बुझिन्छ ।

## ६.३ जलश्रोत तथा जलाधार क्षेत्र

सम्पुर्ण जैविक प्रणालीको अस्तित्व पञ्च महाभूतको प्रयोग र उपलब्धतामा आधारित छ । जल, जमिन, वायू, प्रकाश र ताप मध्ये सबैको अपरिहार्यता उत्तिकै रहेको छ । यी मध्ये जलस्रोतमा नेपाल विश्वमै दोस्रो ठुलो देश मानिन्छ ।

### ६.३.१ प्रमुख नदी तथा खोलाहरू

गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदि नाला तथा खोलाहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता नदी तथा खोलाहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिकरुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी/खोला मा भूक्षय भई पुरिने क्रम जारी छ ।

**तालिका नं.९० : निसीखोला गाउँपालिकामा भएका नदीनालाहरूको विवरण**

| क्र.सं. | नदीनालाको नाम | वडा नं. | समेट्ने वडाहरू | प्रकोप (नदी, कटान, बाढी, पहिरो) |
|---|---|---|---|---|
| १ | निसि खोला | १ | सबै वस्ती | |
| | | २ | भोद्रे घाट, बजार कान्छी बजार, खाडुबजार, तला ग्याङ्गी, सेलावगर, जुञ्जाखोला बजार | |
| | | ३ | धियाखोला, धुवाँखारे | |
| | | ४ | कानाबगर, झिवाखोला | |
| | | ५ | | |
| | | ६ | मुहान पुरै | |
| २ | लेवाङ खोला | १ | लेवाङ र देवीस्थान बजार | |
| ३ | जुग्जा खोला | २ | बाहुन गाउँ, तोरीपाटा गानपाटा | कटान |
| | | ३ | तिपेनी, धारा खर्क, थाक्थली | |
| ४ | बास खोला | २ | बाह्रखर्क, धाराटोल, धर्ती टोल | |
| ५ | मौरी खोला | २ | डाँडागाउँ, व्याङग्री (तल्लो) | |
| ६ | सिद्धान खोला | २ | फिवाङ ,खाड, काँडा | कटान |
| ७ | गल्ले खोला | २ | सिमलचौर, बायखोला | |
| ८ | खन्यु खोला | २ | हग्रेनी | |
| ९ | झिया खोला | ३ | याङलिङ, बोहोरागाउँ, झिपाखोला | तटबन्ध |
| १० | पधेरे खोला | ३ | बोहोरा गाउँ र घुमाउनी टोल | |
| ११ | उत्तीस खोला | ३ | धुमाउनी टोल र जुञ्जाटोल, धुवाँखोर | |
| १२ | झिम्पा खोला | ४ | झिम्पा | |
| १३ | कारी खोला | ४ | मसुरकेत, झिम्पा, कार्कीगाउँ | |
| १४ | झिवा खोला | ४ | झिवाखोला, जिरीखोला | |
| १५ | बलावन खोला | ५ | पोखेरा, गुम्ज | |
| १६ | गुभखोला | ५ | मधुवाङ | |
| १७ | सुन खोला | ६ | तिग्रापानी, तुसीवाङ, भल्कोट | |
| १८ | मुल खोला | ६ | ठूलो खोला | |
| १९ | सोर्प खोला | ६ | धिम्माखोला | |
| २० | टुङ्गा खोला | ६ | मर्खोला, बुङखोला | |
| २१ | कुट्खोला | ७ | कडुँला, मुनुङ टाँडी, भाँज चालिसे | |

*स्रोतः गाउँपालिकाको कार्यालय, २०७६*

## ६.४ भू-क्षय सम्भावित क्षेत्र

गाउँपालिकाका पहाडी भीर तथा खोचहरू, नदी तथा खोला किनारका भागहरू भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। प्राकृतिक वातावरणमा असर पर्ने मानवीय गतिविधिका कारणबाट गाउँपालिका क्षेत्रमा अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रवृत्ति एवं खोलाबाट अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेतीतर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरूमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ । मूलतः गाउँपालिकाका खोलाहरूको वरिपरि नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले भूकम्पीय प्रकोपका कारण समेत यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकूल प्रभाव पारेको छ। यसक्रमलाई रोक्नको लागि ढल निकासको व्यवस्था मिलाउनुपर्ने देखिन्छ । त्यस्तै, अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालीन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालीन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरि वृक्षारोपण गर्ने र दीर्घकालीन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित

क्षेत्रलाई संरक्षण गर्नेतर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ । उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ ।

### ६.४.१ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं.९१ : गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क स | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रूपमा लागू नभएको | जुनसुकै समयमा |
| २ | पहिरो | भौगोलिकरूपले विकट तथा नाङ्गा डाँडा पाखाहरू तथा भुकम्प प्रभावित भीर पाखाहरूमा पहिरो जाने गरेको । | असार -असोज |
| ३ | बाढी | गाउँपालिकामा विशेषतः साना ठूला नदि/खोलाहरू बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरूले आसपासका भुभागहरू बर्षेनी कटान गरि क्षति पुर्याईरहेको छ। बर्षेनी धेरै सङ्ख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ४ | डढेलो | गाउँपालिकाको धेरै जसो भु–भागमा घनावस्ती रहेका (सुकुम्वासी, बाढी विस्थापित) लगाएतका अति विपन्न समुदायका घरहरू सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। साथै डढेलोको समस्या पनि देखिन्छ । | चैत्र–जेष्ठ |
| ५ | महामारी | प्रकोपका रूपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतनाकमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ६ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ७ | जङ्गली जनावर आतंक | गाउँपालिकाको वनजङ्गल वरिपरि बसोबास भएको क्षेत्रहरूमा (बाँदर, बँदेल, बाघ) आदिको आक्रमण तथा बदमासीको डर त्रास भईरहन्छ । | जुनसुकै समयमा |
| ८ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| ९ | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोतः जिल्ला समन्वय समिति, बाग्लुङ २०७६*

# खण्ड- ७: भौतिक विकास

## ७.१ खानेपानी तथा सरसफाई

नेपालजस्तो फ्रेसवाटरको पर्याप्तता भएको देशमा स्वच्छ पिउने पानीको अभावमा जनताहरूले दुःख पाउनु विडम्बनाको कुरा हो । शुद्ध पिउने पानी भएन भने यसले जनस्वास्थ्यमा प्रतिकुल असर पार्दछ । प्रदुषित पानीबाट विभिन्न किसिमका रोगहरूको संक्रमण हुन्छ । नेपालमा दुर्गम पहाडी ईलाकाहरूमा वर्षेनी प्रदुषित पानीका कारण थुप्रै नागरिकहरूले अनाहकमा झाडापखाला जस्तो सामान्य रोगबाट ज्यान गुमाउनु परिरहेको अवस्था छ । यसका अतिरिक्त शहरी क्षेत्रमा पनि पहिलो कुरो त खानेपानीको आपुर्ति आवश्यकता भन्दा अन्यन्तै न्यून छ । दोस्रो कुरा त सुरक्षित ढल निकासको अभावमा पानीको प्रदुषणले बेलाबेलामा महामारी फैलने गरेको पाईन्छ । तसर्थ शुद्ध खानेपानी प्राप्त गर्नु जनतको नैसर्गिक अधिकार हो भने सुरक्षित खानेपानी उपलब्ध गराउनु सरकारको प्रारम्भिक दाहित्व हो ।

**तालिका नं.९२ :** गाउँपालिकामा भएका खानेपानी आयोजनाहरूको विवरण

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | लाभान्वित घरधुरी | सेवा प्राप्त गर्ने गाउँ/वस्ती |
|---|---|---|---|---|
| १ | नेवा खानेपानी आयोजना (GYC वाट संचालित) | १ | १५०० | |
| २ | हाँडीचार खानेपानी आयोजना | २ | ३०० | डाँडा गाउँ, उपल्ला व्याङग्री, कुलिने |
| ३ | अर्नाकोट लिफ्ट | २ | ३०० | अर्नाकोट, देउराली, नयाँचौर, धम्पु, सिदरी, क्षेर, उपल्ला व्याङ्गी |
| | भुकभुके खानेपानी आयोजना | २ | ३० | सिदेरी |
| ४ | तुरतुरे खानेपानी आयोजना | २ | २०० | बाहुनगाउँ |
| ५ | रचना गैरा खानेपानी आयोजना | २ | १५० | लाम्पोटा |
| ६ | गत्ले खोला खानेपानी आयोजना | २ | २०० | सिमलचौर, वायखोला |
| ७ | बाँसखोला टारफाँट | २ | १०० | काल्नेचौर |
| ८ | सिद्ध बस्ने खानेपानी आयोजना | २ | ११ | बाह्रखर्क, दप्कली |
| ९ | व्याग्री खोला खानेपानी आयोजना | २ | २० | व्यग्री |
| १० | याङलिङ खानेपानी आयोजना | ३ | ७२ | याङ्लिङ |
| ११ | बोहोरा गाउँ खानेपानी आयोजना | ३ | २०० | बोहोरा गाउँ |
| १२ | झियाखोला सिस्नेरी खानेपानी आयोजना | ३ | ३५ | झियाखोला |
| १३ | चोक पधेरी खानेपानी आयोजना | ३ | ४० | चोक पधेरी टोल |
| १४ | काउले धुवाँखारे खानेपानी आयोजना | ३ | ३५ | धुवाँखारे |
| १५ | जुग्दा धाराखर्क खानेपानी आयोजना | ३ | १२० | |
| १६ | तिपेनी याक्थली खानेपानी आयोजना | ३ | १०० | थाक्थली टोल |
| १७ | वडाचौर खानेपानी आयोजना | ४ | १२० | वडाचौर, कोटस्वार, जाडेदा |
| १८ | झिवा खोला सरसफाई तथा खानेपानी आयोजना | ४ | ११० | झिवाखोला वजार |

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | लाभान्वित घरधुरी | सेवा प्राप्त गर्ने गाउँ/वस्ती |
|---|---|---|---|---|
| १९ | जिरी-कानावगर सरसफाई तथा खानेपानी आयोजना | ४ | ९० | जिरी-कानाबगर |
| २० | ओखेनी-तिलवाङ सरसफाई तथा खानेपानी आयोजना | ४ | १२० | ओखेनी, तिलवाङ, बसन्यौरा |
| २१ | तल्लो थापागाउँ सरसफाई तथा खानेपानी आयोजना | ४ | ९० | तल्लो थापागाउँ |
| २२ | उपल्लो थापागाउँ सरसफाई तथा खानेपानी आयोजना | ४ | ९० | |
| २३ | झिम्पा सरसफाई तथा खानेपानी आयोजना | ४ | १०० | झिम्पा, गैरीगाउँ, मसुरा खेत |
| २४ | नौबैनी खानेपानी आयोजना | ५ | २५० | पाखाबेरा, साहुबेरा, पुनबेरा, रोकाबेरा, कामबेरा |
| २५ | हाङ्गी खोला खानेपानी आयोजना | ५ | १०० | सिल्खुङ, मसलगाउँ, लिगर्ना, कडुवाल बेरा, लिर्तुङ, ज्ञानेन्द्र मा.वि. |
| २६ | भुकभुके खानेपानी आयोजना | ५ | १०० | भुकभुके, हाँस्तो, टोड्के तिलजेत, बलाङखोला |
| २७ | तिलखुङ खानेपानी आयोजना | ५ | ३५ | काँडा, तिलखुङ |
| २८ | तिग्रापानी रिमुल खानेपानी अयोजना | ६ | ३५ | तिग्रापानी |
| २९ | लुसानघाट मुहान खानेपानी आयोजना | ६ | २० | सोताटोल |
| ३० | रिखोला खानेपानी आयोजना | ६ | ६० | हिसान, तुसिवाङ, खुर्वाङ |
| ३१ | गाउँले पानी खानेपानी आयोजना | ६ | ५५ | गाउँलेपानी लुझावाङ, स्यार्प |
| ३२ | सिप निवुवाङ धालिङ | ६ | ६५ | |
| ३३ | भल्कोट गाउँले मुलहा खानेपानी आयोजना | ६ | ५०/६० | |
| ३४ | मुङग्राङ खानेपानी आयोजना | ६ | १०० | |
| ३५ | कुडुला नर्सिङकोट खानेपानी आयोजना | ७ | ४०० | कुडुला |
| ३६ | छरछरे खानेपानी आयोजना | ७ | १५० | साविक वडा नं. ३,२ |
| ३७ | पधैंरा खोला खानेपानी आयोजना | ७ | ८० | साविक वडा नं. ३, ४ |
| ३८ | भाँज खानेपानी आयोजना चोलाङ | ७ | ७५ | भाँज |

*स्रोतः गाउँपालिका कार्यालय, २०७६*

### ७.१.१ खानेपानीको श्रोतको आधारमा (घरधुरी तथ्याङ्क)


**तालिका नं.९३ :** खानेपानीको मुख्य श्रोतको आधारमा घरपरिवारको विवरण

| वडा | धारा/पाइप | | ट्यूबवेल/हाते पम्प | | ढाकिएको ईनार | | खुला ईनार/ कुवा | | मूल धारा | | नदी / खोला | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ८२२ | ९७.२८% | १ | .१२% | १ | .१२% | ९ | १.०७% | ८ | .९५% | २ | .२४% | २ | .२४% | ८४५ |
| २ | ७४४ | ९८.१५% | ० | .००% | ० | .००% | ५ | ०.६६% | ३ | .४०% | ४ | .५३% | २ | .२६% | ७५८ |

| वडा | धारा/पाइप | | ट्यूबवेल/हाते पम्प | | ढाकिएको ईनार | | खुला ईनार/ कुवा | | मूल धारा | | नदी / खोला | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ३ | ६३९ | ९९.०७% | ० | .००% | २ | .३१% | ० | ०.००% | २ | .३१% | १ | .१६% | १ | .१६% | ६४५ |
| ४ | ६१९ | ९९.८४% | ० | .००% | ० | .००% | ० | ०.००% | ० | .००% | १ | .१६% | ० | .००% | ६२० |
| ५ | ५२९ | ९७.४२% | २ | .३७% | ० | .००% | ४ | ०.७४% | ७ | १.२९% | ० | .००% | १ | .१८% | ५४३ |
| ६ | ३९८ | ७८.९७% | ० | .००% | ० | .००% | ४८ | ९.५२% | ३५ | ६.९४% | २३ | ४.५६% | ० | .००% | ५०४ |
| ७ | ५६२ | ९७.४०% | ० | .००% | ० | .००% | १२ | २.०८% | ० | .००% | ० | .००% | ३ | .५२% | ५७७ |
| जम्मा | ४३१३ | ९६.०२% | ३ | .०७% | ३ | .०७% | ७८ | १.७४% | ५५ | १.२२% | ३१ | .६९% | ९ | .२०% | ४४९२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

यस गाउँपालिकामा रहेका ४,४९२ घरपरिवारहरू मध्ये धारा/पाइप मार्फत आपूर्ति गरिएको पानी पिउनेको संख्या ४,३१३ अर्थात ९६.०२ प्रतिशत भएकाले सामान्यतया धेरैजसो घरपरिवारले धारा/पाइपको पानी पिउने गर्दछन् भन्न सकिन्छ । यद्यपि दोस्रोमा खुला ईनार/कुवाको पानी पिउने परिवारको संख्या ७८ अर्थात १.७४ प्रतिशत रहेका छन् । अन्य श्रोत प्रयोग गर्नेको संख्या नगन्य रहेको छ । वडागत रुपमा विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




Sustainable Development Goals Status & Roadmap: २०१६ - २०३० का अनुसार (SDG – 6) आधार वर्ष २०१५ मा सुरक्षित पिउने पानी उपभोग गर्ने जनसंख्या १५% मात्र देखिन्छ। दिगो विकास लक्ष्य अनुगमन ढाँचासमेत उल्लेख भएको उक्त दस्तावेजअनुसार यो जनसंख्या क्रमश वृद्धि गर्ने अपेक्षा गरिएको छ । जसअनुसार २०१९ मा ३५%, २०२२ मा ५०%, २०५५ मा ६५% हुँदै सन् २०३० सम्म सुरक्षित पिउने पानी प्रयोग कर्ता कूल ज.स.को ९०% हुने महत्वाकांक्षी लक्ष्य राखिएको छ । उक्त राष्ट्रिय लक्ष्य प्राप्तिमा टेवा पुऱ्याउन तथा आम जनसाधारणको जनस्वास्थमा सुधार गर्न पानी प्रयोग गर्दा पानीको उपयुक्तताको परीक्षण र सुरक्षाको उपायहरूबारे व्यापक जनजागरण फैलाउनु पर्ने देखिन्छ ।

**तालिका नं.९४ : धारामा भएको स्वामित्वको आधारमा परिवारको विवरण**

| वडा | निजी (आफ्नै) | | सार्वजनिक | | सामुदायिक | | अरू (छिमेकी) को घरको धारा | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १२९ | १५.७% | ४०९ | ४९.८% | २८१ | ३४.२% | १ | .१% | २ | .२% | ८२२ |
| २ | २९१ | ३९.१% | १०३ | १३.८% | २५७ | ३४.५% | ९३ | १२.५% | ० | ०.०% | ७४४ |
| ३ | ९८ | १५.३% | ३९९ | ६२.४% | १३९ | २१.८% | २ | .३% | १ | .२% | ६३९ |
| ४ | ३३० | ५३.३% | १३६ | २२.०% | १२४ | २०.०% | २९ | ४.७% | ० | ०.०% | ६१९ |
| ५ | १६४ | ३१.०% | ८१ | १५.३% | २७७ | ५२.४% | ६ | १.१% | १ | .२% | ५२९ |
| ६ | ६३ | १५.८% | २६५ | ६६.६% | ६७ | १६.८% | २ | .५% | १ | .३% | ३९८ |
| ७ | ४२ | ७.५% | ४८२ | ८५.८% | २७ | ४.८% | ० | ०.०% | ११ | २.०% | ५६२ |
| जम्मा | १११७ | २५.९% | १८७५ | ४३.५% | ११७२ | २७.२% | १३३ | ३.१% | १६ | .४% | ४३१३ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकाका धारा/पाइपबाट पिउने पानीको उपभोग गर्ने परिवारको संख्या मध्ये सार्वजनिक धारा प्रयोग गर्नेको संख्या १,८७५ अर्थात ४३.५ प्रतिशत, दोश्रो निजी धारा प्रयोग गर्नेको संख्या १,११७ अर्थात २५.९ प्रतिशत, तेश्रोमा सामुदायिक धारा प्रयोग गर्नेको संख्या १,१७२ अर्थात २७.२ प्रतिशत छ भने छिमेकीको धारा प्रयोग गर्ने १३३ परिवार अर्थात ३.१ प्रतिशत तथा अन्य माध्यमबाट पानी पिउने १६ पविार अर्थात ०.४ प्रतिशत देखिन्छ । अझै पनि निजी रुपमा धाराको पानी प्रयोग गर्न चुनौती नै देखिन्छ । सहज खानेपानीको आपुर्तिमा गाउँपालिकाले अझै जोड दिनुपर्ने आवश्यकता छ ।


## ७.१.२ खानेपानी शुद्ध बनाउने तरिकाको आधारमा वर्गीकरण

**तालिका नं.९५ : खानेपानी शुद्ध बनाउने तरिकाको आधारमा वर्गीकरण**

| वडा | उमाल्ने | | फिल्टर गर्ने | | औषधी (पियुष आदि) राख्ने | | अन्य विधि अपनाउने (जस्तै सोडिस) | | केही नगर्ने र सिधै खाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | १९ | २.२% | ३ | .४% | ० | ०.०% | ० | ०.०% | ८२३ | ९७.४% | ८४५ |
| २ | ५५ | ७.३% | ३ | .४% | ० | ०.०% | ० | ०.०% | ७०० | ९२.३% | ७५८ |
| ३ | ११ | १.७% | २१ | ३.३% | १ | .२% | ० | ०.०% | ६१२ | ९४.९% | ६४५ |
| ४ | ५ | .८% | १ | .२% | ० | ०.०% | १ | .२% | ६१३ | ९८.९% | ६२० |
| ५ | ११७ | २१.५% | १ | .२% | ० | ०.०% | ० | ०.०% | ४२५ | ७८.३% | ५४३ |
| ६ | ८ | १.६% | ० | ०.०% | ० | ०.०% | १ | .२% | ४९५ | ९८.२% | ५०४ |
| ७ | ६ | १.०% | ८ | १.४% | ५ | .९% | १ | .२% | ५५७ | ९६.५% | ५७७ |
| जम्मा | २२१ | ४.९% | ३७ | .८% | ६ | .१% | ३ | .१% | ४२२५ | ९४.१% | ४४९२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा रहेका कूल ४,४९२ परिवारहरू मध्ये ४,२२५ अर्थात ९४.१ प्रतिशत घरपरिवारहरूले पानीको शुद्धीकरण बिनानै श्रोतबाट ल्याएर सिधै पिउने गरेको पाइयो। प्राकृतिक श्रोतहरूमा प्राप्त पानीलाई शुद्धीकरण नगरी पिउनु जनस्वास्थ्यको दृष्टिकोणले अत्यन्त जोखिमपूर्ण हुन्छ। यसबाट संक्रामण रोगहरू जस्तै आउँ, झाडा पखाला, जुका, टाइफाइड लाग्नुका साथै दीर्घ रोगहरू जस्तै पत्थरी, क्यान्सरजस्ता प्राणघातक रोगहरूको संभावना प्रवल रहन्छ तसर्थ स्थानीय सरकार र गाउँपालिकाबासीहरूको सहकार्यमा पानी शुद्धीकरणका उपायहरू अबलम्बन गरी प्रयोग गर्ने र जनस्तरमा स्वास्थ्य शिक्षाको व्यापक प्रचार प्रसार गर्नु पर्दछ। त्यस्तै गाउँपालिकामा पानी उमालेर पिउनेको संख्या २२१ अर्थात ४.९ प्रतिशत, फिल्टर गरी पिउने संख्या ३७ अर्थात ०.८ प्रतिशतले पिउने गरेको देखिन्छ। औषधि (पियूष आदि) र अन्य विधि अपनाउने गरेर पिउने जनसंख्या नगन्य रहेकोले पानी शुद्धीकरण गरी पिउन सचेत बनाउने अभियान नै सञ्चालन गर्नुपर्ने देखिन्छ। जीवनको आधारको रुपमा रहेको स्वास्थ्य र सूरक्षित पानीको अभाव बहुआयिमिक गरिबीको एउटा सूचक (HDI) समेत रहेका हुँदा स्वस्थकर पानीको प्रयोग वा प्रचलनको बाहुल्यताले उक्त स्थानको सम्पन्नतालाई समेत इंगित गर्दछ। वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




**तालिका नं.९६ : खानेपानीको शुद्धताको आधारमा परिवारको विवण**

| वडा | सफा,स्वच्छ | | धमिलो ढल मिसिएको | | गन्ध आउने | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८३३ | ९८.६% | ७ | .८% | ४ | .५% | ० | ०.०% |
| २ | ७५० | ९८.९% | ७ | .९% | १ | .१% | ० | ०.०% |
| ३ | ६४२ | ९९.५% | ३ | .५% | ० | ०.०% | ० | ०.०% |
| ४ | ६१४ | ९९.०% | १ | .२% | ४ | .६% | ० | ०.०% |
| ५ | ५४२ | ९९.८% | १ | .२% | ० | ०.०% | ० | ०.०% |
| ६ | ४८५ | ९६.२% | १९ | ३.८% | ० | ०.०% | ० | ०.०% |
| ७ | ५६५ | ९७.९% | ११ | १.९% | ० | ०.०% | ० | ०.०% |
| जम्मा | ४४३१ | ९८.६% | ४९ | १.१% | ९ | .२% | ० | ०.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

## ७.२ शौचालय

कतिपय दुर्गम गाउँवस्तीमा अहिले पनि मानिसहरू पानीका श्रोत तथा खुला ठाउँमा दिशा पिसाब गर्ने गर्दछन् । सभ्य समाजको निम्ति यो अभ्यास असभ्यताको प्रतीक हो । खुला क्षेत्रमा गरिने मलमुत्र विर्सजनले मानिसको शरीरमा खाना, पानी र श्वासप्रश्वास मार्फत किटाणुको प्रवेश हुन्छ । त्यसकारण प्रत्येक घरमा शौचालय निर्माण अनिवार्य आवश्यकता हो । सरकार तथा विभिन्न गैरसरकारी संस्थाहरूले हाल आएर शौचालय निर्माणलाई प्राथमिकता दिएको पाईन्छ । निजी घर तथा सार्वजनिक स्थलहरूमा हात धुने पानी सहित शौचालय हुनुपर्दछ । विपन्न समुदायका परिवारहरूले आफै शौचालय निर्माण गर्न नसकेको अवस्थामा सरकार विशेष गरी स्थानीय सरकारले शौचालय निर्माणमा अनुदान दिनुपर्ने हुन्छ ।


### ७.२.१ घरधुरीको शौचालय प्रयोगको अवस्था (प्रकारको आधारमा)

तालिका नं.९७ : परिवारले प्रयोग गर्ने चर्पीको प्रकारका आधारमा परिवारको विवरण

| वडा | फ्लस भएको (सार्वजनिक ढल) | | फ्लस भएको (सेप्टिक ट्याङ्क) | | साधारण चर्पी | | सामुदायिक चर्पी | | चर्पी नभएको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | ६ | .७% | ७८६ | ९३.०% | १६ | १.९% | ८ | .९% | २९ | ३.४% | ८४५ |
| २ | ६ | .८% | ५७६ | ७६.०% | १६४ | २१.६% | ६ | .८% | ६ | .८% | ७५८ |
| ३ | ८ | १.२% | ५७६ | ८९.३% | ५३ | ८.२% | ४ | .६% | ४ | .६% | ६४५ |
| ४ | ७ | १.१% | ५९० | ९५.२% | २१ | ३.४% | २ | .३% | ० | ०.०% | ६२० |
| ५ | १५ | २.८% | ४१८ | ७७.०% | ७३ | १३.४% | ६ | १.१% | ३१ | ५.७% | ५४३ |
| ६ | २ | .४% | २४८ | ४९.२% | १०९ | २१.६% | १ | .२% | १४४ | २८.६% | ५०४ |
| ७ | १४ | २.४% | ३४२ | ५९.३% | २०६ | ३५.७% | ३ | .५% | १२ | २.१% | ५७७ |
| जम्मा | ५८ | १.३% | ३५३६ | ७८.७% | ६४२ | १४.३% | ३० | .७% | २२६ | ५.०% | ४४९२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा रहेका कूल घरपरिवारहरू मध्ये ३,५३६ अर्थात ७८.७ प्रतिशतले फ्लस भएको (सेप्टीट्याङ्क) चर्पी, ६४२ अर्थात १४.३ प्रतिशतले साधारण चर्पी, ५८ अर्थात १.३ प्रतिशतले फ्लस भएको सार्वजनिक ढलयुक्त चर्पी, ३० अर्थात ०.७ प्रतिशतले सामुदायिक चर्पीको प्रयोग गरेको र २२६ अर्थात ५ प्रतिशतले भने चर्पीको प्रयोग नै नगरेको पाइयो । ५ प्रतिशत घरपरिवारहरूले चर्पीको प्रयोग नै नगर्नुले व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यमा जोखिम बढी रहेको देखाउँछ । सानो संख्याले मात्र खुल्ला स्थानमा दिसापिसाब गर्दा समेत समुदायको ठूलो हिस्साको जनस्वास्थ्य प्राणघातक संक्रामक रोगहरूको जोखिममा पर्ने हुँदा चर्पी प्रयोगलाई अनिवार्य गर्ने र चर्पीको गुणस्तर सुधारमा ध्यान दिनुपर्ने देखिन्छ ।




### ७.२.२ फोहर व्यवस्थापन प्रणाली सम्बन्धी विवरण (मुख्य बजार क्षेत्र साथै सर्वत्र)

विशेषगरी शहरी क्षेत्र र बजार केन्द्रहरूमा जनघनत्व बढी हुने भएका कारण मानव उत्सिर्जित तथा उद्योगधन्दा र कलकारखानाबाट निस्कने फोहरले बस्तीको सौन्दर्यलाई विरुप पार्नुको साथै सार्वजनिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्दछ । यस्तो अवस्थामा सरकार तथा समुदाय दुवैको तर्फबाट फोहर व्यवस्थापन प्रणालीलाई दीर्घकालीनरुपमा सम्बोधन गर्नुपर्दछ । फोहरले स्वास्थ्य र सौन्दर्य दुवैलाई हानी गर्दछ भन्ने हृदयंगम गर्दै फोहरको समुचित व्यवस्थापन गर्नु आवश्यक छ। कतिपय कुहिने प्रकृतिको फोहरबाट प्राङ्गारिक मल पनि बनाउन सकिन्छ ।


**तालिका नं.९८ :** घरबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधारमा परिवारको विवरण

| वडा | घरमा नै लिन आउँछ | फोहर थुपार्ने ठाउँमा/ क्यानमा | आफ्नै घर कम्पाउण्ड भित्र (बाल्ने) | आफ्नै घर कम्पाउण्ड भित्र (गाड्ने/ थुपार्ने) | नदी वा खोल्सामा फाल्ने | सडक/ सार्वजनिक स्थलमा फाल्ने | कम्पोष्ट मल बनाउने | अन्य (उल्लेख गर्ने) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७ | १९ | ९२ | २८० | १६० | ४ | २८२ | १ | ८४५ |
| २ | १ | ६ | ५९ | ४८६ | १७७ | ४ | २५ | ० | ७५८ |
| ३ | १ | २६४ | ७० | १६५ | १४ | २ | १२९ | ० | ६४५ |
| ४ | ५ | २२ | २८ | ११६ | ६ | १४ | ४२९ | ० | ६२० |
| ५ | १८ | ४ | ४५ | ३०२ | १ | ० | १७३ | ० | ५४३ |
| ६ | ५ | २ | १० | १९१ | २१ | १० | २६५ | ० | ५०४ |
| ७ | ११ | १ | ६ | ५ | ९ | ० | ५४४ | १ | ५७७ |
| जम्मा | ४८ | ३१८ | ३१० | १५४५ | ३८८ | ३४ | १८४७ | २ | ४४९२ |
| प्रतिशत | १.०७ | ७.०८ | ६.९० | ३४.३९ | ८.६४ | ०.७६ | ४१.१२ | ०.०४ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा रहेका कूल घरपरिवारहरू मध्ये १८४७ अर्थात ४१.१२ प्रतिशतले फोहरलाई कम्पोष्ट मल बनाउने, १,५४५ अर्थात ३४.३९ प्रतिशतले आफ्नै घर कम्पाउण्ड भित्र (गाड्ने/थुपार्ने) गरेको पाइयो । त्यसैगरी नदी वा खोल्सामा फाल्ने, फोहर थुपार्ने क्यानमा राख्ने, घरमै फोहर लिन आउने, सडक/सार्वजनिक स्थलमा फ्याल्ने र अन्य रहेका छन् । ग्रामीण इलाका तथा कृषि मुख्य पेशाको रुपमा रहेकोले यहाँका घरपरिवारले फोहरलाई कम्पोष्ट मलको रुपमा प्रयोग गर्नु सर्वोत्तम हुने भएकोले यो फोहर व्यवस्थापनको उत्तम उपाय रहेतापनि फोहरको प्रकृतिअनुसार प्लाष्टिकजन्य तथा अन्य नसड्ने फोहरहरू खेतीयोग्य जमिनमा पर्न जाँदा क्रमशः भू-प्रदुषण वृद्धि भई उत्पादकत्वमा ह्रास आउन सक्ने देखिन्छ । अर्कोतर्फ जलाउने, खोल्सामा फाल्ने साथै सार्वजनिक स्थलमा समेत फाल्ने कार्यहरूले प्रदुषण वृद्धिगराई जनस्वास्थ्यमा प्रत्यक्ष असर गर्दछ । तसर्थ फोहरको उचित व्यवस्थापनमा सजग बनाई गाउँपालिकामा अव्यवस्थित फोहर व्यवस्थापनलाई समयमै सम्बोधन गर्नु पर्ने देखिन्छ ।

**फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधार विवरण**




**<u>फोहोर व्यवस्थापनमा देखिएका समस्याहरू :</u>**

हाल यस गाउँपालिकामा देखिएका समस्याहरू देहायबमोजिम रहेको छ :

- फोहोर व्यवस्थापनका नाममा फोहोरहरू खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रबृति यत्रतत्र देखिन्छ । यसरी फालिएको फोहोर बर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भागसम्म पुऱ्याएर प्रदुषणलाई बिस्तारित गर्दछ ।
- जमीनका होचाभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमीनको भित्रपनि छिरेर जानेहुँदा होचा भागमा फालिएको फोहोरले सतहको पानी तथा जमीन भित्रको पानीसमेतलाई प्रदुषित गर्दछ ।

**<u>फोहोरमैला व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरू :</u>**

- भान्छा कोठाबाट निस्केको फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याउने ।
- कुहिनेलाई मलमा प्रयोग गर्न तालिम तथा हरेक घरधनीलाई उत्प्रेरित गर्ने कार्यक्रम गाउँपालिकाले गर्ने ।
- नकुहिने फोहोरलाई पून: विभिन्न तहमा छुट्याउने जस्तै काठ, प्लाष्टीक, धातु, सीसा । यी फोहोरलाई आवश्यकताअनुसार पहिचान गरिसकेकपछि पून प्रयोगमा आउनेलाई सम्बन्धित सेवा व्यवस्थापनतर्फ जोड दिने । यस गाउँपालिका  क्षेत्रका खुला स्थान जहाँ पानीको स्रोत छैन त्यहाँ बैज्ञानिक तवरबाट छनौट गर्न व्यवस्था गर्ने ।


### ७.२.३ ढल निकासको अवस्था, ल्याण्डफिल साइटको अवस्था

शहर बजार केन्द्र र एकीकृत बस्ती भएका ठाउँमा ढल निकासको राम्रो प्रबन्ध हुनु आवश्यक छ । ढल निकास पनि भौतिक विकासको एक महत्वपुर्ण पुर्वाधार हो । सडक निर्माणसँगै ढल निकासको व्यवस्थापन भएको खण्डमा सरकार पुर्वाधार विकासमा गरिने दोहोरो खर्चबाट बच्दछ । यसका अलावा मानव बस्तीबाट उत्सर्जित फोहरलाई मानव बस्तीभन्दा निश्चित टाढाको दुरीमा ल्याण्डफिल साईट बनाएर व्यवस्थापन गर्नुपर्दछ । फोहरहित स्वच्छ र सफा वातावरण सभ्यताको परिचायक हो ।

### ७.२.४ सडक नालाहरूको अवस्था

सडकहरूको निर्माण गर्दा सडकलाई फराकिलो तथा कालोपात्रेयुक्त बनाएर मात्र पुग्दैन । हिलो, फोहर तथा भूक्षयबाट जोगाउनका लागि सडकको दुवै किनारमा सडक नालाहरूको विकास गर्नु आवश्यक हुन्छ । हाल आएर सरकारले तोकेको मापदण्डलाई अबलम्बन गरी सडक निर्माण गर्दा अनिवार्यरुपमा सडक नालाहरू बनाउनुपर्दछ ।

## ७.३ यातायात पूर्वाधार




नक्सा नं. ९ : *गाउँपालिकाको सडक सञ्जाल*

### ७.३.१ सडक संजालको विद्यमान अवस्था

कुनै पनि स्थानको भौतिक विकासको निम्ति सम्भवत प्रारम्भिक शर्त हो । सम्पुर्ण सुविधा सम्पन्न सडक यातायातको विकाससँगै समग्र विकासको ढोका खुल्दछ । स्थानीय तहको हकमा वडा केन्द्रहरूलाई गाउँपालिका केन्द्रसँग जोड्नु तथा गाउँपालिका केन्द्रलाई जिल्ला सडक हुँदै राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्नु आवश्यक हुन्छ । गाउँबस्तीहरूमा कृषि सडकहरूको विकास र स्तरोन्नति मार्फत कृषि उत्पादनहरूको बजारीकरण गरी

जनताको आर्थिक अवस्थालाई मजबुत बनाउन सकिन्छ। सुविधा सम्पन्न सडक सञ्जाल मार्फत उद्योग तथा पर्यटन क्षेत्रको विकास गरी आर्थिक क्रान्ति संभव छ। यसको अलावा धार्मिक क्षेत्रहरूमा सडक सञ्जालमार्फत पहुँच पुऱ्याएर आन्तिरक तथा बाह्य पर्यटकहरू आकर्षित गर्न सकिन्छ।

राष्ट्रिय राजमार्ग प्रणाली, रणनैतिक सडक, जिल्ला सडक तथा स्थानीय सडक भौतिक तथा सार्वजनिक पूर्वाधार को आधार स्तम्भ अर्थात माध्यम हो। निसीखोला गाउँपालिकामा सडक सञ्जालको अवस्था त्यति सहज देखिँदैनन्। यस गाउँपालिकामा कुनै पनि सडक कालोपत्रे छैनन्। नदीको वारीपारि रहेको सडक सञ्जालले गाउँपलिकाको यातायात सम्पर्क स्थापित गरेको छ। गाउँपालिकाका सडकहरू कच्ची भएको हुँदा बर्षायाममा सडक सञ्जालमा अवरोध आउँछ।

२०५० को नक्सांकन कार्य गर्ने समय सम्म नेपालका पहाडी क्षेत्रमा सडकको अवस्था निकै कमजोर थियो। तर २०४६ को आम परिवर्तन पछि स्थानीय निकायलाई राष्ट्रिय कोषबाट रकम बिनियोजन गर्ने परिपाटी भए अनुसार ग्रामीणक्षेत्रमा पनि सडक बिस्तारको कार्यले गती लिन थाल्यो। तत्पश्चात सडक सञ्जालको बिस्तारमा ग्रामीण क्षेत्रले पनि फड्को मारेको छ। तर दुर्गम पहाडी भूभागका कारण कतिपय त्यस्ता स्थलगत संरचनाको नक्सांकन कार्य हुन नसकेको र तथ्यगत सूचनाको अभावमा ती क्षेत्रहरूमा के कति सडक सञ्जालको बिस्तार भएको छ भन्न एकिन तथ्याङ्क उपलब्ध छैन। यही प्रशंगमा गाउँपालिका यातायात गुरुयोजनाः (RMTMP अर्थात Rural Municipality Transport Master Plan) को परिकल्पना हरेक नगर क्षेत्रको यातायात सञ्जालका तथ्यांकमा आधारित नक्सा र तथ्यको आधारमा गर्नु पर्ने वाध्यात्मक व्यवस्था गरिएको थियो। तर ग्रामीण बस्तीहरूमा त्यो पुगेको थिएन। २०७२ को नयाँ संविधान र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले व्यवस्था गरेको स्थानीय तह निर्धारण पश्चात हरेक गाउँ विकास समिति पनि गाउँपालिकाको मातहतमा आएका कारण गाउँपालिकामा समेत गाउँपालिका यातायात गुरुयोजनाको कार्य क्षेत्र भित्र परेको हुँदा यस गाउँपालिकामा पनि तत्सम्बन्धी कार्य प्रारम्भ भएका कारण यहाँको सडक सञ्जालको तथ्यांक तथा त्यसका लागि आवश्यक सडकको क्षेत्रगत विस्तारको अध्याबधिक तथ्यांक यहाँ प्रस्तुत गरिएको छ।

**तालिका नं.९९ :** गाउँपालिकाको सडक संजालको विद्यमान अवस्था

| वडा नं. | सडक संजालको नाम | प्रकार | लम्बाई |
|---|---|---|---|
| १ | देवीस्थान-खाडा बजार देखि लेवाङ तिपेनी कृषि सडक | कच्ची | ५ कि.मि. |
| १ | देवीस्थान-खाडा बजार देखि होल्दी कावीकोट कृषि सडक | कच्ची | ३.५ कि.मि |
| २ | वडा कार्यालयवाट अर्नाकोट सम्म | कच्ची | ३ कि.मि |
| २ | वडा कार्यालयवाट उपल्ला व्यङ्गे | कच्ची | २.५ कि.मि |
| २ | वडा कार्यालयवाट बाहुनगाउँ काडाँ | कच्ची | ३ कि.मि |
| २ | वडा कार्यालयवाट डाँडागाउँ | कच्ची | १.५ कि.मि. |
| २ | बुतिवाङ-माढे-काल्लेचौर,खारचौर निसीबाटो कृषि सडक | कच्ची | ६ कि.मि |
| ३ | धुवाँखोर-धारखर्क-थाक्थली-तिपेनी | कच्ची | ८ कि.मि |
| ३ | भिुयाखोला-बोहोरा गाउँ | कच्ची | २ कि.मि |
| ३ | घुमाउनी टोल-धाराखर्क | कच्ची | ५ कि.मि |
| ३ | बोहोरा गाउँ-थाङ्लिङ | कच्ची | १० कि.मि. |
| ३ | जुग्वाखोला-धाराखर्क | कच्ची | ४ कि.मि |
| ४ | मध्ये पहाडी लोकमार्ग | | |

| वडा नं. | सडक संजालको नाम | प्रकार | लम्बाई |
|---|---|---|---|
| ४ | कृषि सडक-बायाँखोला-भिम्पा-निसी | | |
| ४ | कालाखेता-भिम्पा-निसी-ढोरपाटन | | |
| ५ | मध्य पहाडी लोक मार्ग | पिच | ५ कि.मि. |
| ५ | घर्तीथोक-ठूलोवस्ती-वडा नं. ६ को सिमाना | कच्ची | ३ कि.मि. |
| ६ | मध्यपहाडी लोकमार्ग | कालोपत्रे | १९ कि.मी. |
| ६ | बुराना-रोल्पा | कच्ची | २५ कि.मी. |
| ६ | सिप-भिम्मा-गुर्लुङ हुदै रोल्पा | कच्ची | ४० कि.मि. |
| ६ | सिप-ढोरपाटन-रुकुम | कच्ची | १०० कि.मि. |
| ६ | लुप्ली, तिग्रापानी-ढोरपाटन-रुकुम | कच्ची | १०० कि.मि. |
| ७ | वरिघाट-राडाकोट प्युठान | कच्ची | २९ कि.मि |
| ७ | चोलाङ-वडिगाउँ | कच्ची | १० कि.मि. |
| ७ | भिरकुना-कुडुला | कच्ची | १७ कि.मि. |
| ७ | खोलेखोर-मण्डलीथान-धुवाँखोर | कच्ची | १० कि.मि |
| ७ | नसिङकोटङ-वडाकेन्द्र | | ७ कि.मि. |

*स्रोतः गाउँपालिकाको कार्यालय, २०७६*


**तालिका नं.१०० :** सडक सुविधा पहुचको प्रकारको आधारमा वडागत घरपरिवारको विवरण

| वडा | घरसम्म पुग्ने बाटोको अवस्था | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | पक्की कालो पत्रे | ग्राभेल सडक | धुलो सडक ( कच्ची) | गोरेटो जोडिएको | अन्य | |
| १ | ० | ६ | २७९ | ५५४ | ६ | ८४५ |
| २ | ० | २३ | ५०२ | २३२ | १ | ७५८ |
| ३ | ० | ३१ | ३१४ | २९६ | ४ | ६४५ |
| ४ | १ | १२३ | ३१४ | १८१ | १ | ६२० |
| ५ | १४ | ३ | १०१ | ४२५ | ० | ५४३ |
| ६ | ४८ | ८ | २४४ | २०३ | १ | ५०४ |
| ७ | ३ | २ | २०४ | २८९ | ७९ | ५७७ |
| **जम्मा** | ६६ | १९६ | १९५८ | २१८० | ९२ | ४४९२ |
| **प्रतिशत** | १.४७ | ४.३६ | ४३.५९ | ४८.५३ | २.०५ | १००.०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा रहेका ४,४९२ घरपरिवारहरूमध्ये सबैभन्दा धेरै अस्थायी सडकको पहुँच रहेको देखिन्छ । जसमा अस्थायी सडकको पहुँच भएको घरपरिवारहरूको संख्या १९५८ अर्थात ४३.५९ प्रतिशत, गोरेटो सडकको पहुँच भएको घरपरिवार संख्या २,१८० अर्थात ४८.५३ प्रतिशत, गाभ्रेल सडकको पहुँच भएको घरपरिवार संख्या १९६ अर्थात ४.३६ प्रतिशत, कालोपत्रे बाटोको पहुँच भएका घरपरिवारहरू ६६ अर्थात १.४७ प्रतिशत घरपरिवारहरू छन् र अन्य ९२ घरपरिवार रहेका छन् । तथ्याङ्कलाई हेर्दा ४,३३४ घरपरिवारमा सहज

प्रकारको सडक पहुँच छैन अर्थात यी परिवारहरूमा या त अस्थायी प्रकृतिको वा गोरेटोमा मात्र पहुँच भएको देखिन्छ । पूर्वाधार विकासमा सबैभन्दा महत्वपूर्ण सडकको अवस्था नाजुक हुँदा अन्य विकासले गति लिन सक्दैन तसर्थ सहज आवागमनका लागि गाउँपालिकाले सडक संचालनको विकास र स्तरको उन्नतिका लागि यातायात गुरुयोजना निर्माण गरी लागू गर्नुपर्ने देखिन्छ । अन्य वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ७.३.२ सवारीका प्रकारहरू

हाल आएर नेपालका शहरी क्षेत्र र बजार केन्द्रहरूमा सडक यातायात अन्तर्गत लामो दुरीमा बस, मिनिबस तथा हायस, माईक्रो बस सञ्चालनमा आएका पाइन्छन् भने छोटो दुरीमा माईक्रोबस, टेम्पो, सिटि रिक्सा, ट्याक्सी, कार, बिजुलीबाट चल्ने सफारी, रिक्सा, साईकल र मोटरसाईकलहरू देखिन्छन् । यी सवारी साधनहरू मध्ये कतिपय निजी र कतिपय सार्वजनिक हुन्छन् ।

कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासकालाई गतिशिल बनाउन सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन कृषि तथा गैर कृषि क्षेत्रको विकास गर्न यातायात एउटा महत्वपूर्ण पुर्वाधारको रुपमा रहेको हुन्छ । यस गाउँपालिकामा मुख्यतया ट्रेक्टर, जिप, कार, बस, ट्याक्सी, मोटरसाइकलहरूको समेत उपयोग गरिएको देखिन्छ। गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना सुचारु हुने गरी सडकमार्गहरूको स्तर उन्नति गर्नुपर्ने देखिन्छ । साथै सडक यातायताको लागि यस नगरपालिकामा आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ।

## ७.३.३ प्रमुख सार्वजनिक यातायातका रुटहरू (बस सेवा तथा ढुवानी सेवा)

विभिन्न स्थान र भौगोलिक क्षेत्रमा बस्ने जनताहरूको बीचमा आपसी सम्पर्क स्थापनाका लागि सार्वजनिक यातायातलाई सहज, प्रभावकारी, सुलभ र नियमित तुल्याउन रुटहरूको विकास जरुरी हुन्छ । विभिन्न रुटहरूमा यातायात सेवा सञ्चालनमा आएको खण्डमा यसले विभिन्न समुदाय र क्षेत्रलाई एकआपसमा जोडेर जनताको बीचमा एकताको भावना स्थापित गर्दछ ।

### ७.३.४ पुल पुलेसा सम्बन्धी विवरण (झोलुङ्गे पुल/पक्की पुल/काठेपुल/कल्भेट आदि)

**तालिका नं.१०१ :** गाउँपालिकामा रहेका पुल पुलेसाको विवरण

| वडा नं. | पुलको नाम/प्रकार | नदी/खोला/खोल्सीको नाम | पुलले जोड्ने वस्तीहरु |
|---|---|---|---|
| १ | देवीस्थान लेवाङ झोलुङ्गे पुल | लेवाङ खोला | |
| १ | आङसारी घाट पुल | लेवाङ | हर्पे र लेवाङ |
| १ | हेपरीकोट | साल्ले/लेवाङ | साल्लेर, पेरीकेटा |
| २ | झापु डुँडेवगर | निसिखोला | |
| २ | घौलेघाट | | |
| २ | खाडुघाट | | |
| २ | घग्रेनी | | |
| २ | जुग्जा खोला | | |
| ३ | घुवाँखोर | निसिखोला | धुवाँखारे, वडा नं. ४ |
| ३ | नोमुरी | निसिखोला | बोहोरा गाउँ, खाराचोर |
| ३ | झियाखोला | झियाखोला | वारीपारी |
| ३ | थाङलिङ | झिया | बाटौरा याङलिङ |
| ४ | झोलुङ्गे पुल | निसीखोला | कानावगर-झिम्पा |
| ४ | झोलुङ्गे पुल | झिवाखोला | झिवाखोला वडा नं.३-वडा नं. ४ |
| ४ | भोटखोला पुल | निसीखोला | कालाखेत |
| ४ | भोटखोला पुल | निसीखोला | वडा नं. ३-वडा नं.४ जोडिने |
| ४ | झोलुङ्गे पुल | निसीखोला | झिवाखोला बजार-वडाचौर |
| ५ | पक्की पुल | हाङ्गी खोला | लिगर्ना, लिस्तुङ |
| ५ | झोलुङ्गे पुल | बलावन खोला | |
| ५ | झोलुङ्गे पुल | घर्तीथोक | |
| ५ | झोलुङ्गे पुल | मधुवाङ | |
| ५ | झोलुङ्गे पुल | निसेलडोर | |
| ६ | सरिवार घाट | निसी | रंगील र लुप्ली |
| ६ | तल्लो भल्कोट गाउँ | मुलखोला | वडा नं. ६ र ८ |
| ७ | झोलुङ्गे पुल | उट खोला | |
| ७ | आकाशे पुल | | सिम्का-चोताङ्ग |

*स्रोत: गाउँपालिका कार्यालय, २०७६*

### ७.३.५ गाउँपालिकाका वडा केन्द्र देखि गाउँपालिकाको केन्द्र पुग्न लाग्ने अनुमानित समय

सडक यातायात सुविधाको विस्तार तथा सडकहरूको स्तरोन्नति गरी वडा केन्द्रहरूलाई गाउँपालिका केन्द्रसम्म जोड्नु आवश्यक छ। वडा केन्द्र र गाउँपालिका केन्द्रको बीचमा कनेक्टिभिटि स्थापित गर्न झोलुङ्गे पुलहरूले पनि भूमिका खेल्दछन्। सडक सञ्जालको विकास भएमात्र उद्योग, बन्द व्यापारको विकासका साथै कृषिको आधुनिकीकरण र कृषि उत्पादनको बजारीकरण संम्भव छ। ग्रामीण इलाकाका सडकहरू वर्षायामको बेलामा हिलाम्य हुने भएका कारण ती सडकलाई **"फेयर वेदर सडक"** का रुपबाट **"अल वेदर"** सडकको रुपमा स्तरोन्नति गरी वडा केन्द्रहरूलाई गाउँपालिका केन्द्रसँग जोडेर जिल्ला सडक हुँदै राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्नु पर्ने हुन्छ।

गाउँपालिकाका वडा केन्द्र देखि गाउँपालिकाको केन्द्र र टाढाको बस्ती देखि वडा केन्द्रसम्मको दुरीले गाउँपालिकासँग जनताको पहुँच लाई निर्धारण गर्दछ। त्यसैले गाउँपालिका केन्द्र र वडा केन्द्र बीचको दुरी सबै वडा तथा टाढाको बस्तीहरू सापेक्ष हुनु जरुरी हुन्छ। स्थानीय संरचनामा जनताले आफ्नो वडा केन्द्र तथा गाउँपालिका केन्द्रबाट आवस्यक सेवा सजिलै ग्रहण गर्न सक्ने किसिमको हुनु पर्छ। जनताले सार्वजनिक सेवा ग्रहण गर्न वडा कार्यालय तथा गाउँपालिका कार्यालयको दुरी सेवाग्राहीको सहज पहुँचमा आधारित हुनुपर्दछ। जसले गर्दा जनताले सेवा सुविधा प्राप्त गर्न कठिनाइ हुँदैन। त्यसको लागि सबै स्थानका जनताहरूलाई मध्यनजर गर्दै वडा कार्यालय तथा गाउँपालिका केन्द्र निर्धारण गर्नु उचित हुन्छ। यसर्थ टाढाको बस्तीबाट वडा केन्द्र कति दुरीमा पर्छ भन्ने कुरा महत्वपुर्ण हुन्छ। टाढाको बस्ती देखि वडा केन्द्रसम्मको दुरीको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं.१०२ :** टाढाको वस्तीवाट वडा केन्द्रमा पुग्न लाग्ने अनुमानित समय

| वडा नं. | वस्तीको नाम | वडा केन्द्रमा पुगेर फर्कन लाग्ने अनुमानित समय | | | |
|---|---|---|---|---|---|
| | | पैदल जान | पैदल फर्कन | गाडीमा जान | गाडीमा फर्कन |
| १ | पाखापानी | ३ घण्टा | | | |
| १ | तिपिनी | ३ घण्टा | | | |
| २ | अर्नाकोट | ३ घण्टा | २.५ घण्टा | | |
| २ | उपल्ला बेङ्गी | १.५ घण्टा | ४५ मिनेट | | |
| २ | बाहुनगाउँ काँडा | २.५ घण्टा | ४५ मिनेट | २० मिनेट | |
| ३ | तिपिनी | १.५ घण्टा | १.५ घण्टा | १५ मिनेट | |
| ३ | याङलिङ | १.५ घण्टा | १.५ घण्टा | १५ मिनेट | |
| ४ | बसन्यौरा | ४५ मिनेट | १.५ घण्टा | | |
| ४ | पोखरा चौर | ४० मिनेट | १.२५ घण्टा | | |
| ४ | कोटस्वारा | ४० मिनेट | १.२५ घण्टा | | |
| ४ | जिरी, झिम्पा | ३० मिनेट | १ घण्टा | | |
| ५ | निसेल ढोर | १ दिन | १ दिन | | |
| ६ | जाउलेपानी, गोम | २.५ घण्टा | | | |
| ७ | चोलाङ | २ घण्टा | २ घण्टा | | |
| ७ | कुँडुला | २ घण्टा | २ घण्टा | | |
| ७ | भाँज | १ घण्टा | | | |

*स्रोत: गाउँपालिका कार्यालय, २०७६*

### ७.३.५ वडा केन्द्रबाट गाउँपालिका केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय

नेपालले अभ्यास गरेको संघीय प्रणाली अन्तर्गत स्थानीय तह निर्माणको मर्म भनेकै दुरदराजका गाउँवस्तीमा बस्ने जनताको घरआँगनसम्म विकास निर्माण पुऱ्याउनु हो । त्यसकारण स्थानीय सरकारले सडक यातायातको विकास र विस्तार गर्दा टाढाको बस्तीबाट समेत गाउँपालिका तथा नगरपालिका केन्द्रसम्म सकेसम्म छिटो पुग्न सकिने कुरोलाई मध्यनजर गर्नुपर्दछ ।

### ७.३.६ बसपार्क सम्बन्धी विवरण

बिजुली, पानी, यात्रु, प्रतिक्षालय, शौचालय, पब्लिक मोबाइल चार्जिङ स्टेशन लगायतका सुविधाहरू भएका बसपार्कको निर्माण गरी जनताको अवागमलाई सहज बनाउन सकिन्छ । विकसित मुलुकहरूको अभ्यास हेर्दा बसपार्कहरूमा हेल्प डेस्क लगायत शान्तिसुरक्षाको उचित प्रबन्ध मिलाएको पाईन्छ । सुविधा सम्पन्न र सुरक्षित बसपार्कहरू निर्माण भएको खण्डमा यातायात सेवाको गुणस्तर वृद्धि हुन्छ । बसपार्कमा बनाइले संरचनाहरू अपाङ्गमैत्री हुनुपर्दछ ।

### ७.३.७ वैकल्पिक यातायात सेवा

सडक यातायातम चल्ने सवारी साधनका बाहेक अन्य किसिमका सवारी साधनहरूको विकासले मानव जीवनलाई सहज, सुविधासम्पन्न र द्रुत बनाएको पाईन्छ । नेपाल जस्तो भुपरिवेष्ठित मुलुकका लागि समुद्रले छुएका वा घेरिएका देशहरूमा जस्तो ठुला पानी जहाजहरूको सम्भावना नभएपनि सानो आकारका पानीजहाजको संभावना प्रवल छ । यसका साथै हवाईजहाज, हेलिकप्टरहरूले पनि अवागमनलाई सहज बनाएको पाईन्छ । हिमाली तथा पहाडी भू-भागको बहुमुल्य रहेको हाम्रो देशमा रोप वे र केवुलकारले पनि वैकल्पिक सवारी साधनकोरुपमा महत्वपुर्ण योगदान पुऱ्याउन सक्ने देखिन्छ ।

## ७.४ विद्युत तथा उर्जा

केही सीमित दुर्गम क्षेत्रका विपन्न घरहरूमा विद्युतिकरण नभएतापनि त्यसको सङ्ख्या नगन्य रहेकाले विद्युतिकरणमा ठूलो लगानी गर्नुपर्ने अवस्था छैन । तथापि प्रशारण लाइनको सुदृढीकरणका लागि भने प्रसस्त काम गर्नुपर्ने देखिन्छ । विद्युत प्रशारण लाईन सुधारमा सर्वप्रथम काठका पोलहरू पक्की वा फलामका पोलहरूले विस्थापन गर्नुपर्ने देखिन्छ भने Low Voltage हुने स्थानहरूमा ट्रान्सफर्मर जडान गर्नुपर्ने देखिन्छ ।

विद्युत सेवा बाहेक वैकल्पिक र नविकरणीय उर्जा प्रबर्द्धनका लागि ठोस कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । पशुपालन हुने क्षेत्रमा गोबरग्याँस निर्माणमा प्रोत्साहन र अनुदान दिने र अन्य दुर्गम तथा सुगम दुवै क्षेत्रमा सौर्य उर्जा जडान गर्न सके त्यसबाट उर्जाको नियमित आपुर्ति हुनुको साथै थप विकासका क्रियाकलापहरूलाई उर्जाको सदुपयोग मार्फत गति दिन सकिन्छ । सौर्य उर्जाबाट लिफ्ट सिँचाइ खानेपानी आयोजना सञ्चालन गर्न ग्राहस्थ उपभोगका निम्ति प्रयोग गरी बढी भएको उर्जालाई राष्ट्रिय प्रशारण लाइनमा विक्रि समेत गर्न सकिन्छ ।

सामान्तया एउटा सामान्य परिवारले दैनिक २ किलो वाटविद्युत खपत गर्दछ । त्यसमा पनि यो उपभोगको मात्रा ग्रामीण भेगहरूमा त्यो भन्दा न्युन हुन्छ । १७.६ वर्ग फिटको सोलार pannel ले २५० वाट विद्युत उत्पादन गर्दछ । दिनभर करिब ६.८ घण्टा सुर्यको किरणबाट 250 watt X 6.8 hours गर्दा १.७ किलोवाट विद्युत निस्कन्छ । १.७K.W X ३० दिन गर्दा महिनामा ५१ कि.वा.विद्युत उत्पादन हुन सक्दछ ।

यसको अर्थ ६०० वर्ग फिट ओगट्ने घरबाट

$$५१ \text{ कि.वा.} \times \frac{६००}{१७.६} = १७३८ \text{ कि.वा.}$$

यसको अर्थ ६०० वर्गफिट ओगट्ने घरमा सौर्यउर्जा जडान गर्दा सो घरलाई पुग्ने उर्जा उत्पादन गर्न सकिन्छ। यद्यपि ग्रामीण घरहरू सौर्य उर्जा उत्पादन मैत्री बनाउनुपर्ने हुन्छ। अर्कोतर्फ पानीका सदाबहार स्रोतहरू भएको र जलाशयमा आधारित विद्युतको समेत संभावना अध्ययन गरी लघु विद्युत योजनाहरू सञ्चालन गर्न सकिन्छ। यसरी उत्पादित विद्युत बढी भएको खण्डमा राष्ट्रिय प्रशारण लाइनमा बेच्न सकिन्छ। हालसम्म समेत काठदाउरालाई खाना पकाउने मुख्य इन्धनकोरूपमा प्रयोग गर्ने घरपरिवार धेरै भएकाले काठदाउरा विस्थापन गर्न विद्युत तथा सौर्य उर्जाले सहयोग पुऱ्याउन सक्दछ। यसबाट वातावरण संरक्षणमा समेत टेवा पुग्दछ। तसर्थ गाउँपालिकाका विभिन्न वडामा विद्युत प्रशारण लाईन मर्मत संभार तथा सुधार, ट्रान्सफर्मर जडान, वैकल्पिक तथा नविकरणीय उर्जा प्रबर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ।

### ७.४.१ खाना पकाउन प्रयोग हुने इन्धनको आधारमा घरपरिवारको विवरण

अपार जलस्रोतको सम्पदा भएर पनि त्यसको सदुपयोग हुन नसकिरहेको कारण शहर र ग्रामीण ईलाकामा उर्जा संकट व्याप्त छ। नेपालको पहाडी तथा हिमाली क्षेत्रमा अहिलेपनि ठुलो संख्यामा जनताहरूले खाना पकाउने इन्धनको रुपमा काठदाउराको प्रयोग गर्दछन् भने तराई क्षेत्रमा गुइँठाको प्रयोग व्यापकरुपमा भईरहेको छ।


**तालिका नं.१०३ :** खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा | काठ दाउरा | | एलपी ग्यास | | मटितेल | | विजुली | | गोबरग्याँस | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ८०७ | ९५.५% | ३३ | ३.९% | २ | .२% | ० | ०.०% | ३ | .४% |
| २ | ७४९ | ९८.८% | ८ | १.१% | ० | ०.०% | १ | .१% | ० | ०.०% |
| ३ | ६३१ | ९७.८% | १४ | २.२% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% |
| ४ | ५६३ | ९०.८% | ५७ | ९.२% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% |
| ५ | ५३७ | ९८.९% | ६ | १.१% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% |
| ६ | ५०४ | १००.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% |
| ७ | ५५९ | ९६.९% | १८ | ३.१% | ० | ०.०% | ० | ०.०% | ० | ०.०% |
| **जम्मा** | ४३५० | ९६.८% | १३६ | ३.०% | २ | .०% | १ | .०% | ३ | .१% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकाको कूल घरपरिवारहरूमध्ये ४३५० अर्थात ९६.८ प्रतिशतले काठदाउरा, १३६ अर्थात ३ प्रतिशतले एल.पी ग्याँसको प्रयोग गर्दछन् भने मट्टितेल, विजुली, गोवरग्याँस प्रयोग गर्ने जनसंख्या नगन्य रहेको पाइयो। स्थानीयहरूले अधिकांश काठ दाउराको प्रयोग गरेबाट एकातर्फ वनजंगल र पर्यावरणमा क्षति पुग्ने र अर्कोतर्फ धुवाँ र दाउरा संकलन गर्दा लाग्ने समयले क्रमश: स्वास्थ्यमा असर पुऱ्याउनुका साथै समयसमेत बढी खर्च

हुने देखिन्छ । तसर्थ ग्रामीण भेगहरूमा वैकल्पिक उर्जाको उत्तम उपायको रुपमा गोबर ग्याँसको प्रयोगलाई प्रोत्साहन गर्ने र आय आर्जनका कार्यक्रमहरूमा केन्द्रित गरी गाउँपालिकावासीलाई काठ दाउराको विकल्पतर्फ लैजानुपर्ने देखिन्छ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




दिगो विकासको अवधारणाअनुसार पर्यावरणिय सन्तुलन बनाइ राख्न मानिसको उपभोग शैलीमा परिवर्तन गर्नु अपरिहार्य छ । उदाहरणका लागि नेपालले आधारवर्ष २०१५ मा ७४.७ % रहेको इन्धनको प्राथमिक श्रोतको रुपमा काठ, दाउरा, गुइँठा आदि प्रयोग गर्ने जनसमुदाय सन् २०३० सम्म ३०% मा झार्ने (SDG–7) तथा पकाउने प्रयोजनार्थ LPG प्रयोगलाई १८% (२०१५) बाट ३३% मा पुऱ्याउने लक्ष्य राखेको छ । यसै राष्ट्रिय लक्ष्यलाई आत्मसाथ गर्दै यस गाउँपालिकाका नीति तथा कार्यक्रमहरूलाई त्यसतर्फ उन्मुख बनाउनु आवश्यक छ ।

### ७.४.२ विद्युतिकरणको अवस्था

नेपालमा निजी, सरकारी तथा अन्तराष्ट्रिय लगानीमा विद्युतीकरणका प्रयासहरू भईरहेका भएपनि कतिपय नीतिगत अस्पष्टता, प्राविधिक कठिनाई, राजनैतिक अस्थिरता र कडा अनुगमन प्रणालीको अभावजस्ता कारणले तीब्र गतिमा विद्युतिकरण हुन सकिरहेको छैन । ग्रामीण विद्युतीकरण, लघु जलविद्युत आयोजना तथा बृहत जलविद्युत परियोजना सञ्चालन गरेर देशमा निर्वाहमुखी मात्र होइन कि निर्यातमुखी उत्पादन गरी उर्जा संकट समाधान गर्नुको साथै विदेशी मुद्रा आर्जन गर्न सकिने प्रचुर संभावना नेपालसँग छ । यसका लागि लगानी मैत्री वातावरणको आवश्यकता छ ।

### ७.४.३ बत्ती बाल्न प्रयोग हुने इन्धनको आधारमा घरपरिवारको विवरण

यस गाउँपालिकाका सबै वडाहरूमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ । घरधुरी सर्वेक्षण, २०७६ को नजिता अनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ ।

तालिका नं.१०४ : बत्ती बाल्न प्रयोग हुने इन्धनको आधारमा घरपरिवारको विवरण

| वडा | बिजुली | | सोलार | | मटितेल | | गोबर ग्यास | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | ७९८ | ९४.४% | १४ | १.७% | ३२ | ३.८% | ० | ०.०% | १ | .१% | ८४५ |
| २ | ७४८ | ९८.७% | २ | .३% | ६ | ०.८% | ० | ०.०% | २ | .३% | ७५८ |
| ३ | ६३५ | ९८.४% | १ | .२% | ४ | ०.६% | १ | ०.२% | ४ | .६% | ६४५ |
| ४ | ६१२ | ९८.७% | ० | ०.०% | २ | ०.३% | ० | ०.०% | ६ | १.०% | ६२० |
| ५ | ४७८ | ८८.०% | ६० | ११.०% | २ | ०.४% | १ | ०.२% | २ | .४% | ५४३ |
| ६ | ४५२ | ८९.७% | ३१ | ६.२% | ४ | ०.८% | ० | ०.०% | १७ | ३.४% | ५०४ |
| ७ | ५३७ | ९३.१% | १९ | ३.३% | १९ | ३.३% | ० | ०.०% | २ | .३% | ५७७ |
| जम्मा | ४२६० | ९४.८% | १२७ | २.८% | ६९ | १.५% | २ | ०.०% | ३४ | .८% | ४४९२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा घरपरिवारहरूले दैनिक बत्ती बाल्न प्रयोग गर्ने इन्धनको स्रोत विश्लेषण गर्दा गाउँपालिकाका कूल घरपरिवारहरूमध्ये ४२६० अर्थात ९४.८ प्रतिशतले विजुली, १२७ अर्थात २.८ प्रतिशतले सोलार, ६९ अर्थात १.५ प्रतिशतले मट्टितेल, गोबरग्याँस र अन्य इन्धनको स्रोत प्रयोग गर्ने न्युन पाइयो । यस तथ्याङ्कलाई हेर्दा ग्रामीण विद्युतिकरणमा व्यापक विकास भई गाउँपालिकामा विद्युतको पहुँच लगभग सतप्रतिशत भएको देखिन्छ भने विद्युत सेवाको पहुँच नपुगेको परिवारहरू नगन्य रहेको देखिन्छ भने सेवा नपुगेका क्षेत्रहरूमा त्यसको विस्तार हुनु जरूरी छ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### ७.४.४ बैकल्पिक उर्जाका श्रोतहरूको विवरण

पेट्रोलियम पदार्थमाथिको निर्भरतालाई घटाउँदै नवीकरणीय वैकल्पिक उर्जाको प्रयोगमा व्यापकता ल्याउन सकेको खण्डमा पर्यावरणीय सन्तुलनलाई कायम राख्न मद्धत पुग्दछ । डिजेल, पेट्रोल, मट्टितेल जस्ता पदार्थको उत्पादन नेपालमा नहुने भएका कारण वर्षेनी अरबौं रुपैंया हामीले पेट्रोलियम पदार्थको आयातमा खर्चिनु परेको छ । तेस्रो विश्वको एक भूपरिवेष्ठित विकासोन्मुख देश नेपालका लागि यो वैदेशिक व्यापार घाटाको एक प्रमुख कारण हो । हामीले आयात प्रतिस्थापन र निर्यात प्रवन्धको नीतिलार्य व्यवाहारा प्रभावकारी तरिकाले उतार्न नसकिरहेको परिप्रेच्क्ष्यमा वायू उर्जा, सौर्य उर्जा, विद्युत उर्जा तथा बायो ग्याँसको विकास मार्फत उर्जाको श्रोतमा हामी आत्मनिर्भर बन्न सक्छौं । त्यसैले नेपालको हकमा स्थानीय सरकार प्रादेशिक सरकार र संघीय सरकारले नवीकरणीय वैकल्पिक उर्जाको विकासमा आवश्यक नीति निर्माण गरी काम गर्नु पर्दछ ।

## ७.५ रेडियो, टेलिभिजन, पत्रपत्रिका, इन्टरनेट, टेलिफोन, मोबाइल, हुलाक तथा कुरियर सेवा सम्बन्धी तथ्याङ्क विवरण

एक्काईसौं शताब्दप्को भूमण्डलीकृत समाज सूचना र सञ्चारको युगमा छ। सूचना र सञ्चारको क्षेत्रमा आएको क्रान्तिलाई नेपालको शहरी क्षेत्रले लगभग आत्मसाथ गरिसकेको भएपनि ग्रामीण क्षेत्रमा टेलिभिजन, पत्रपत्रिका, ईन्टरनेट, टेलिफोन, मोबाइल र कुरियर सेवा विस्तार हुन बाँकी छ। सञ्चार र प्रविधिका यी माध्यमहरूलको पूर्णरुपले विकास गरी ग्रामीण जनतालाई सूचना र सञ्चारको दुनियाँमा प्रवेश गराउनु चुनौतीपूर्ण रहेको छ। नेपालको संविधानले जनताको सूचनाको हकलाई मौलिक हककोरुमा परिभाषित गरेको छ।

### ७.५.१ परिवारमा भएको साधन तथा सुविधाको विवरण


तालिका नं.१०५ : परिवारमा भएको साधन तथा सुविधाको विवरण

| विवरण | वडा | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| रेडियो | ३९७ | १४५ | १६५ | २३५ | २१६ | ३२ | ३२६ | १५१६ |
| टेलिभिजन | २६३ | २६९ | २२२ | २१४ | ६३ | १२ | १९३ | १२३६ |
| केबल टीभी/डिस | १८२ | १२५ | ९५ | १९१ | ३३ | १२ | २२ | ६६० |
| कम्प्युटर /ल्यापटप | ३२ | १८ | १७ | ३७ | १० | ५ | १६ | १३५ |
| ईन्टरनेट सुविधा | ३११ | ४६५ | १२७ | २६९ | ३२ | १५ | २२४ | १४४३ |
| ल्याण्ड लाइन फोन | ४ | १ | १ | २ | १ | १ | ४ | १४ |
| मोबाइल फोन | ७७५ | ७१९ | ५३९ | ५८० | ३८७ | ३०१ | ५०३ | ३८०४ |
| मोटरसाईकल /स्कुटर | १६ | १४ | २६ | ३६ | ६ | ६ | ७ | १११ |
| कार/ जीप/ भ्यान निजी प्रयोगका लागि | ४ | १ | ६ | ० | १ | ० | ५ | १७ |
| अन्य ढुवानी साधन (बस, ट्रक, कार, जीप ...) | ३ | २ | ५ | १ | २ | ४ | २ | १९ |
| ट्याक्टर | २ | ० | ० | ३ | १ | १ | १ | ८ |
| पावर टिलर/ पम्पसेट | १ | ० | १ | १ | ० | ० | ० | ३ |
| साइकल/ रिक्सा | १ | ७ | २ | ५ | ० | ० | १ | १६ |
| फ्रिज | ११ | १९ | १३ | २२ | २ | ० | ३ | ७० |
| एयर कन्डिसन/कुलर | २ | १ | २ | ० | ० | ० | १ | ६ |
| वासिङ मेसिन | ० | ० | १ | ० | ० | ० | ० | १ |
| हिटर/ गिजर/ सोलार | ३ | ३ | १ | १ | ० | ० | ३ | ११ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा साधन तथा सुविधाको उपलब्धताको तथ्याङ्क हेर्दा गाउँपालिकामा रहेका कूल घरपरिवारहरूमध्ये सबैभन्दा बढी उच्च मोबाइल फोन प्रयोगकर्ताको संख्या ३८०४५ रहेको छ। दोस्रोमा इन्टरनेट सुविधा भएको परिवार संख्या १४४३, रेडियो हुने परिवार संख्या १५१६ रहेको देखिन्छ भने टेलिभिजन १२३६ घरपरिवारमा रहेको देखिन्छ। तथ्याङ्कलाई हेर्दा संचार क्षेत्रको मोबाइल फोन प्रयोगकर्ताहरू झण्डै पूर्णरुपमा भएको अवस्था छ। मोबाइल प्रयोगकर्ताले सबैखाले संचारका सुविधा जस्तै श्रव्य, दृष्य, सूचना, गीत, खबर आदान प्रदान लगायतका धेरै काम गर्न सहज हुने भएकोले टेलिभिजन, रेडियो प्रयोगकर्ताको संख्या पछिल्लो समयमा इन्टरनेट तथा मोबाइल फोनको प्रयोग बढ्दै जाँदा न्यून हुँदै गएको देखिन्छ।

अर्कोतर्फ कार/जीप, एर कन्डिसनर, हिटर वा ग्याँस गिजरजस्ता उच्च सुविधाका सामाग्रीहरूको संख्या झन् कम देखिन्छ । यद्यपि ग्रामीण इलाकाहरूमा समेत क्रमशः आधुनिक सुख सुविधाका सामग्रीहरूको प्रयोगकर्ताहरू बढ्नाले उपभोक्तावादी संस्कृतिको विकास भइरहेको देखिन्छ । वडागत रुपमा विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ७.६ आवास तथा सार्वजनिक भवनहरू


### ७.६.१ परिवारले प्रयोग गरेको घरको स्वामित्वको आधारमा घरपरिवारको विवरण

तालिका नं.१०६ : परिवारले प्रयोग गरेको घरको स्वामित्वको आधारमा घरपरिवारको विवरण

| वडा | निजी | | भाडामा | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ८१६ | ९६.६% | १८ | २.१% | ११ | १.३% | ८४५ |
| २ | ७२३ | ९५.४% | २७ | ३.६% | ८ | १.१% | ७५८ |
| ३ | ६३४ | ९८.३% | ११ | १.७% | ० | ०.०% | ६४५ |
| ४ | ५८६ | ९४.५% | २८ | ४.५% | ६ | १.०% | ६२० |
| ५ | ५२८ | ९७.२% | १४ | २.६% | १ | .२% | ५४३ |
| ६ | ४८१ | ९५.४% | २१ | ४.२% | २ | .४% | ५०४ |
| ७ | ५७४ | ९९.५% | ३ | .५% | ० | ०.०% | ५७७ |
| **जम्मा** | ४३४२ | ९६.७% | १२२ | २.७% | २८ | .६% | ४४९२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

यस गाउँपालिकामा रहेका कूल ४४९२ घरपरिवारहरूमध्ये अधिकांश ९६.७ प्रतिशत अर्थात ४३४२ परिवारको आफ्नै स्वामित्वमा रहेको घर, २.८ प्रतिशत अर्थात १२२ घरपरिवार भाडामा बस्ने गरेको र अन्यमा ०.६ प्रतिशत अर्थात २८ घरपरिवारहरू रहेको पाइयो । व्यवसायीक, भाडाको प्रयोजनले प्रयोग भएका घरहरूको संख्या नगन्य हुनुले गाउँपालिका पूर्ण रुपमा शहरी परिवेशको अवस्थामा पुगिनसकेको रहेको स्पष्ट हुन्छ । अन्य वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ७.६.२ परिवारले प्रयोग गरेको घर भएको जग्गाको स्वामित्व विवरण


**तालिका नं.१०७ :** परिवारले प्रयोग गरेको घर भएको जग्गाको स्वामित्व विवरण

| वडा | निजी | | गुठी | | सार्वजनिक / सुकुम्बासी / ऐलानी | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ८१९ | ९६.९% | २ | .२% | ० | ०.०% | २४ | २.८% | ८४५ |
| २ | ७४९ | ९८.८% | ० | ०.०% | ४ | .५% | ५ | .७% | ७५८ |
| ३ | ६३९ | ९९.१% | २ | .३% | ० | ०.०% | ४ | .६% | ६४५ |
| ४ | ६१० | ९८.४% | ० | ०.०% | २ | .३% | ८ | १.३% | ६२० |
| ५ | ५३७ | ९८.९% | २ | .४% | ० | ०.०% | ४ | .७% | ५४३ |
| ६ | ४९४ | ९८.०% | ८ | १.६% | १ | .२% | १ | .२% | ५०४ |
| ७ | ५७५ | ९९.७% | ० | ०.०% | ० | ०.०% | २ | .३% | ५७७ |
| जम्मा | ४४२३ | ९८.५% | १४ | .३% | ७ | .२% | ४८ | १.१% | ४४९२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

यस गाउँपालिका स्थित ४४९२ घरपरिवारहरूमध्ये ४४२३ अर्थात ९८.५ प्रतिशत घरपरिवारहरूले प्रयोग गरेको घर भएको जग्गाको स्वामित्व निजी भएको देखिन्छ । १४ अर्थात ०.३ प्रतिशत घरपरिवारहरू गुठीको जग्गामा घर बनाएको, ७ अर्थात ०.२ प्रतिशत घररिवारहरू सार्वजनिक/सुकुम्बासी/ऐलानी रहेको र अन्यमा अर्थात स्पष्ट नखुलेको घरपरिवार ४८ रहेको पाइयो । देशमा लोकतान्त्रिक शासन व्यवस्था लागू भई आवास

जस्तो आधारभूत मानवीय आवश्यकतालाई संविधानले धारा ३७ मा मौलिक हकको रुपमा प्रत्याभूत गरेपनि यस गाउँपालिकामा सकुम्बासीको संख्यासमेत रहेकोले आवास विहिन सुकुम्बासीहरूलाई सस्तो, सुलभ र सुरक्षित आवासका एकीकृत कार्यक्रम सञ्चालन गरी व्यवस्थापन गर्नु पर्ने देखिन्छ। ९८.५ प्रतिशतको आफ्नै स्वामित्वमा रहेको जमिनमा घर हुनु राम्रो भएतापनि आवासको स्तरबारे स्पष्ट नभएकोले सबैलाई सुरक्षित आश्रयस्थल हुनु राज्यको दायित्व रहेकोले स्थानीय सरकारको रुपमा रहेको गाउँपालिकाले यसतर्फ दिर्घकालिन योजना निर्माण गर्नुपर्ने देखिन्छ। वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ७.६.३ कच्ची, पक्की, अर्धपक्की घरको प्रकारको आधारमा घरधुरीको विवरण

भूकम्पीय दृष्टिकोणले संवेदनशील रहेको नेपालमा घरहरू निर्माण गर्दा भूकम्प प्रतिरोधी बनाउनु आवश्यक छ। यसको अलावा घरहरू जाडो, गर्मी, तुषारो र हिमपातबाट जनतालाई जोगाउने किसिमका हुनुपर्दछ। अति विपन्न परिवारका लागि एकीकृत बस्ती निर्माण गरी सरकारले उनीहरूको आवास सुरक्षाको अधिकार सुनिश्चित गरेको खण्डमा राज्यको लोककल्याणकारी भूमिका पुष्टि हुन्छ।


**तालिका नं.१०८ :** घरको किसिमको आधारमा घरपरिवार विवरण

| वडा | पक्की | | अर्धपक्की | | कच्ची | | टहरा / झुप्रो / छाप्रो | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | १४ | १.७% | ३ | .४% | ८१७ | ९६.७% | १० | १.२% | १ | .१% | ८४५ |
| २ | ९ | १.२% | २९९ | ३९.४% | ४३१ | ५६.९% | १९ | २.५% | ० | ०.०% | ७५८ |
| ३ | १८ | २.८% | २ | .३% | ६१७ | ९५.७% | ८ | १.२% | ० | ०.०% | ६४५ |
| ४ | ३७ | ६.०% | ३२ | ५.२% | ५४५ | ८७.९% | ६ | १.०% | ० | ०.०% | ६२० |
| ५ | १४ | २.६% | २८५ | ५२.५% | १८२ | ३३.५% | ६२ | ११.४% | ० | ०.०% | ५४३ |

| वडा | पक्की | | अर्धपक्की | | कच्ची | | टहरा / झुप्रो / छाप्रो | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ६ | ६ | १.२% | ० | ०.०% | ४७९ | ९५.०% | १८ | ३.६% | १ | .२% | ५०४ |
| ७ | १०९ | १८.९% | १५ | २.६% | ४४७ | ७७.५% | ४ | .७% | २ | .३% | ५७७ |
| जम्मा | २०७ | ४.६% | ६३६ | १४.२% | ३५१८ | ७८.३% | १२७ | २.८% | ४ | .१% | ४४९२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

यस गाउँपालिकाका कूल ४४९२ मध्ये सबैभन्दा बढी ३५१८ अर्थात ७८.३ प्रतिशत घरहरू कच्ची, ६३६ अर्थात १४.२ प्रतिशत घरपरिवारहरू अर्धपक्की, २०७ अर्थात ४.६ प्रतिशत पक्की, १२७ अर्थात २.८ प्रतिशत टहरा/झुप्रो/छाप्रो र ४ अर्थात ०.१ प्रतिशत घरपरिवारहरू अन्य प्रकारको घरमा बस्ने गरेको पाइयो । गाउँपालिकामा ७८.३ प्रतिशत घरहरू कच्ची हुनुले भूकम्पीय जोखिमको हिसाबले अत्यन्त जोखिमपूर्ण अवस्थामा रहेको स्पष्ट हुन्छ। धेरैजसो घरहरू कच्ची रहनु आर्थिक विपन्नताको सूचकसमेत रहेकोले सुरक्षित आवासका दीर्घकालीन योजना निर्माण गर्नु अनिवार्य देखिन्छ। अर्कोतर्फ १.६ प्रतिशत घरहरू विपन्न अवस्थामा निम्न गुणस्तरीय जीवन निर्वाह गरी झुप्रो/छाप्रो/टहरामा बस्ने गरेको देखिन्छ। ४.६ प्रतिशत घरहरू पक्की अवस्थामा रहेपनि भूकम्पिय जोखिमको संवेदनशीलता भएकोले ती घरहरू भू-कम्प प्रतिरोधी समेत हुनुपर्दछ। राष्ट्रिय भवन संहिता अनुरुप सम्पूर्ण घरलाई मापदण्ड भित्र ल्याउनु गाउँपालिकाको जिम्मेवारी हो। भूकम्पको क्षतिको तुलनामा घरहरू मापदण्ड भित्र ल्याउन लाग्ने लागत अतुलनिय रुपमा कम पर्दछ। तसर्थ सावधानी अपनाउनु बुद्धिमानी हुन्छ। वडागत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ७.६.४ परिवारले प्रयोग गरेको घर बनेको समय अवधीको आधारमा घरपरिवारको विवरण

तालिका नं.१०९ : परिवारले प्रयोग गरेको घर बनेको समय अवधीको आधारमा घरपरिवारको विवरण

| वडा | ०-४ वर्ष | | ५- ९ वर्ष | | १०- १४ वर्ष | | १५- २५ वर्ष | | २६- ५० वर्ष | | ५१- ७५ वर्ष | | ७५भन्दा बढी | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | १२२ | १४.४% | १०१ | १२.०% | ८७ | १०.३% | २३२ | २७.५% | १९७ | २३.३% | ६८ | ८.०% | ३८ | ४.५% | ८४५ |
| २ | १६७ | २२.०% | ९६ | १२.७% | १२६ | १६.६% | १९५ | २५.७% | १२२ | १६.१% | ३४ | ४.५% | १८ | २.४% | ७५८ |
| ३ | ९१ | १४.१% | ९३ | १४.४% | ५८ | ९.०% | १७० | २६.४% | १६६ | २५.७% | ४७ | ७.३% | २० | ३.१% | ६४५ |
| ४ | ११८ | १९.०% | १०८ | १७.४% | ५५ | ८.९% | १४२ | २२.९% | १४१ | २२.७% | ३७ | ६.०% | १९ | ३.१% | ६२० |
| ५ | ५९ | १०.९% | १७० | ३१.३% | ३९ | ७.२% | १४४ | २६.५% | ११० | २०.३% | १९ | ३.५% | २ | .४% | ५४३ |
| ६ | ८५ | १६.९% | ६९ | १३.७% | ६८ | १३.५% | १२१ | २४.०% | १३६ | २७.०% | २० | ४.०% | ५ | १.०% | ५०४ |
| ७ | १०१ | १७.५% | ११४ | १९.८% | १११ | १९.२% | १४४ | २५.०% | ८८ | १५.३% | ४ | .७% | १५ | २.६% | ५७७ |
| जम्मा | ७४३ | १६.५% | ७५१ | १६.७% | ५४४ | १२.१% | ११४८ | २५.६% | ९६० | २१.४% | २२९ | ५.१% | ११७ | २.६% | ४४९२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा निर्माण भएका घरहरू बनेको समयअवधि हेर्दा ७४३ अर्थात १६.५ प्रतिशत घरहरू पछिल्लो चार वर्षको अन्तरालमा, ७५१ अर्थात १६.७ प्रतिशत घरहरू ५ देखि ९ वर्ष अगाडि, ५४४ अर्थात १२.१ प्रतिशत १० देखि १४ वर्ष अगाडि, ११४८ अर्थात २५.६ प्रतिशत घरहरू १५ देखि २५ वर्ष अगाडि, ९६० घर अर्थात २१.४ प्रतिशत घर २६ देखि ५० वर्ष अगाडि, २२९ घर ५१ देखि ७५ वर्ष र ११७ घर ७५ वर्ष अगाडि निर्माण भएको देखिन्छ। यस तथ्याङ्कलाई हेर्दा १५-२५ वर्ष अगाडि वर्षको अन्तरालमा बनेका घरहरू धेरै रहेको देखिन्छ । साथै पछिल्लो समय वस्ती विस्तार हुनुको कारण जनसंख्या वृद्धि, बसाइसराँइ र गाउँपालिकामा मानवीय सुविधा जस्तै शिक्षा, स्वास्थ्य, रोजगार खेतीयोग्य जमिन, सडक वृद्धि भएको देखिन्छ । वडागत पूर्ण विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ७.६.५ परिवार बसोबास गर्ने घरको तल्लाको आधारमा परिवारको विवरण

तालिका नं.११० : परिवारले बसोबास गर्ने घरको तल्लाको आधारमा घरपरिवारको विवरण

| वडा | घरको तल्ला समूह | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ तल्ले | | २ तल्ले | | ३ तल्ले | | ४ वा सोभन्दा बढी तल्ले | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | १०० | ११.८% | ७२३ | ८५.६% | २० | २.४% | २ | ०.२% | ८४५ |
| २ | १२४ | १६.४% | ५५८ | ७३.६% | ७६ | १०.०% | ० | ०.०% | ७५८ |
| ३ | १११ | १७.२% | ५१८ | ८०.३% | १५ | २.३% | १ | ०.२% | ६४५ |
| ४ | १२३ | १९.८% | ४८८ | ७८.७% | ८ | १.३% | १ | ०.२% | ६२० |
| ५ | २५७ | ४७.३% | २८० | ५१.६% | ६ | १.१% | ० | ०.०% | ५४३ |
| ६ | २२३ | ४४.२% | २८१ | ५५.८% | ० | ०.०% | ० | ०.०% | ५०४ |
| ७ | २४ | ४.२% | ५३३ | ९२.४% | १५ | २.६% | ५ | ०.९% | ५७७ |
| जम्मा | ९६२ | २१.४% | ३३८१ | ७५.३% | १४० | ३.१% | ९ | ०.२% | ४४९२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

यस गाउँपालिकाका कूल ४४९२ घरपरिवारमध्ये ३३८१ अर्थात ७५.३ प्रतिशत घरपरिवार बसोवास गर्ने घरहरू २ तल्ले, ९६२ अर्थात २१.४ प्रतिशत एक तल्ले, १४० अर्थात ३.१ प्रतिशत तीन तल्ले, ९ अर्थात ०.२ प्रतिशत घर परिवार चार वा चार तल्लाभन्दा बढीको घरमा बसेको पाइयो । कूल घर परिवारहरूको ७५.३ प्रतिशत घरहरू दुई तल्ले र अन्य घरहरू कच्ची साथै एक तल्ला वा तीन तल्ला भन्दा बढी तल्ला भएका घरहरू कम भएकोले अधिकांश घरहरू व्यक्तिगत निर्वाहको लागि निर्माण भएका र शहरी क्षेत्रको विकास र विस्तार भई धेरै तल्लाहरू भएका घरहरूको संख्या बढी हुने अवस्था नरहेको देखियो ।




### ७.६.६ कोठा संख्याको आधारमा परिवारको विवरण

**तालिका नं.१११ :** कोठा संख्याको आधारमा परिवारको विवरण

| वडा | १ - २ कोठा | | ३ - ४ कोठा | | ५ - ६ कोठा | | ७-१० कोठा | | ११-१४ कोठा | | १५- १९ कोठा | | २० वा सोभन्दा बढी कोठा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७ | ७६.६ % | १६२ | १९.२% | २९ | ३.४% | ४ | .५% | ० | ०.०% | ० | ०.०% | ३ | .४% | ८४५ |
| २ | ४४३ | ५८.४ % | २२९ | ३०.२% | ५९ | ७.८% | २० | २.६% | ० | ०.०% | ० | ०.०% | ७ | .९% | ७५८ |
| ३ | ४६८ | ७२.६ % | १३६ | २१.१% | ३० | ४.७% | ५ | .८% | १ | .२% | १ | .२% | ४ | .६% | ६४५ |
| ४ | ३०२ | ४८.७ % | २५५ | ४१.१% | ४६ | ७.४% | १४ | २.३% | १ | .२% | ० | ०.०% | २ | .३% | ६२० |
| ५ | ४०७ | ७५.० % | १०५ | १९.३% | २४ | ४.४% | ३ | .६% | १ | .२% | ० | ०.०% | ३ | .६% | ५४३ |
| ६ | ४६८ | ९२.९ % | २९ | ५.८% | ५ | १.०% | २ | .४% | ० | ०.०% | ० | ०.०% | ० | ०.० % | ५०४ |
| ७ | २७२ | ४७.१ % | २६७ | ४६.३% | २१ | ३.६% | ८ | १.४% | ३ | .५% | ० | ०.०% | ६ | १.०% | ५७७ |
| **जम्मा** | ३००७ | ६६.९ % | ११८३ | २६.३% | २१४ | ४.८% | ५६ | १.२% | ६ | .१% | १ | .०% | २५ | .६% | ४४९२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा रहेको घरहरूमा कोठाहरूको संख्याको आधारमा हेर्दा १ देखि २ वटासम्म कोठा भएका घरहरू ३००७ अर्थात ६६.९ प्रतिशत, ३-४ वटा कोठा भएका ११८३ अर्थात २६.३ प्रतिशत, ५ देखि ६ वटा कोठाहरू भएका २१४ अर्थात ४.८ प्रतिशत, ७ देखि १० वटा कोठाहरू भएका घरहरू ५६ अर्थात १.२ प्रतिशत, ११ देखि १४ कोठाहरू भएका घरहरू ६ अर्थात ०.१ प्रतिशत, १५ देखि १९ कोठाहरू भएका घरहरू १ र २० वा सोभन्दा बढी कोठाहरू भएका २५ घर रहेको देखिन्छ । कूल घरपरिवारको ६६.९ प्रतिशत घरमा जम्मा १ देखि २ वटा मात्र कोठा हुनुले ती परिवारहरूले अत्यन्त साघुँरो र कष्टपूर्ण तरीकाले जीवन निर्वाह गरेको स्पष्ट हुन्छ । कोठाको संख्या कमीहुँदा विद्यार्थीहरूलाई पढ्न शान्त वातावरणको कमी, सबै घरेलु क्रियाकलाप जस्तै खाना पकाउने, सुत्ने र केही स्थानहरूमा त घरपालुवा पशु चौपाया वा पंक्षीहरूसमेत सँगै राख्नु पर्ने वाध्यताका कारण व्यक्तिगत, पारिवारिक तथा सामुदायिक स्वास्थ्य र सरसफाईका दृष्टिले समेत अत्यन्त जटिल अवस्था देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ७.६.७ परिवारले प्रयोग गरेको कोठा संख्याको आधारमा परिवारको विवरण

तालिका नं.११२ : परिवारले प्रयोग गरेको कोठा संख्याको आधारमा परिवारको विवरण

| वडा | १ - २ कोठा | | ३ - ४ कोठा | | ५ - ६ कोठा | | ७ - १० कोठा | | ११-१४ कोठा | | १५ वा सोभन्दा बढी कोठा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ६७९ | ८०.४% | १४६ | १७.३% | १७ | २.0% | ३ | ०.४% | ० | ०.०% | ० | ०.०% | ८४५ |
| २ | ४५९ | ६०.६% | २२२ | २९.३% | ५७ | ७.५% | २० | २.६% | ० | ०.०% | ० | ०.०% | ७५८ |
| ३ | ४७४ | ७३.५% | १४१ | २१.९% | २७ | ४.२% | ३ | ०.५% | ० | ०.०% | ० | ०.०% | ६४५ |
| ४ | ३३६ | ५४.२% | २५२ | ४०.६% | २६ | ४.२% | ५ | ०.८% | १ | ०.२% | ० | ०.०% | ६२० |
| ५ | ४१८ | ७७.०% | १०२ | १८.८% | २२ | ४.१% | १ | ०.२% | ० | ०.०% | ० | ०.०% | ५४३ |
| ६ | ४७१ | ९३.५% | २६ | ५.२% | ५ | १.०% | २ | ०.४% | ० | ०.०% | ० | ०.०% | ५०४ |
| ७ | २८८ | ४९.९% | २६० | ४५.१% | १५ | २.६% | ८ | १.४% | ३ | ०.५% | ३ | ०.५% | ५७७ |
| जम्मा | ३१२५ | ६९.६% | ११४९ | २५.६% | १६९ | ३.८% | ४२ | ०.९% | ४ | ०.१% | ३ | ०.१% | ४४९२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा रहेको ४४९२ घरहरूमध्ये १ देखि २ वटा कोठा प्रयोग गर्ने घरपरिवारको संख्या ३१२५ अर्थात ६९.६ प्रतिशत, ३ देखि ४ वटा कोठा प्रयोग गर्ने घरपरिवारको संख्या ११४९ अर्थात २५.६ प्रतिशत, ५ देखि ६ वटा कोठा प्रयोग गर्नेको संख्या १६९ अर्थात ३.८ प्रतिशत, ७ देखि १० वटा कोठा प्रयोग गर्नेको संख्या ४२ अर्थात ०.९ प्रतिशत, ११ देखि १४ वटा कोठाहरू प्रयोग गर्नेको संख्या ४ र यसभन्दा बढी कोठाहरू प्रयोग गर्नेको संख्या भने अत्यन्त न्यून रहेको छ । १ देखि २ मात्र कोठाहरू प्रयोग गर्ने घरपरिवारको संख्या बढी हुँदा गाउँपालिकाका अधिकांश घरपरिवारको आवास उपभोगको तह ऋणात्मक रहेको तथ्याङ्कले देखाउँछ । यसमा आफ्ना नागरिकहरूलाई विपन्नताबाट आधारभूत मानवीय आवश्यकता परिपूर्ति हुने अवस्थामा पुऱ्याउन स्थानीय, प्रदेश तथा संघीय सरकारहरूले गरीबी निवारणका प्रभावकारी कार्यक्रमहरूलाई सघन रुपमा संचालन गर्नुपर्ने देखिन्छ ।




## ७.६.८ घर तथा जमिनमा महिलाको स्वामित्वसम्बन्धि विवरण

तालिका नं.११३ : घर तथा जमिनमा महिलाको स्वामित्वसम्बन्धि विवरण

| वडा | महिलाका नाममा घर/जग्गा छ ? | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | छ | | छैन | | थाहा छैन | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ६८ | ८.०% | ७७० | ९१.१% | ७ | .८% | ८४५ |
| २ | ५२ | ६.९% | ६९६ | ९१.८% | १० | १.३% | ७५८ |
| ३ | ८५ | १३.२% | ५३६ | ८३.१% | २४ | ३.७% | ६४५ |
| ४ | ९६ | १५.५% | ४७३ | ७६.३% | ५१ | ८.२% | ६२० |
| ५ | ८ | १.५% | ४८६ | ८९.५% | ४९ | ९.०% | ५४३ |
| ६ | ६ | १.२% | ४९१ | ९७.४% | ७ | १.४% | ५०४ |
| ७ | २२ | ३.८% | ५४८ | ९५.०% | ७ | १.२% | ५७७ |
| जम्मा | ३३७ | ७.५% | ४००० | ८९.०% | १५५ | ३.५% | ४४९२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

यस गाउँपालिकामा रहेका कूल ४४९२ घरपरिवारहरूमध्ये ३३७ अर्थात ७.५ प्रतिशत घरपरिवारमा महिलाको स्वामित्वमा घर तथा जमिन रहेको छ भने ४००० अर्थात् ८९ प्रतिशत घरपरिवारमा पुरुषको नै स्वामित्व रहेको देखिन्छ। १५५ अर्थात ३.५ प्रतिशत घरपरिवारहरूबाट भने थाहा नभएको अर्थात स्पष्ट उत्तर प्राप्त भएन। यस तथ्याङ्कलाई हेर्दा झण्डै ८ भागको १ भागभन्दा कम महिलाको जमिन र घरमा स्वामित्व रहेको देखिन्छ। हालका वर्षहरूमा शिक्षाको सकारात्मक प्रभाव, सञ्चार माध्यमको विकास र त्यसको प्रचारात्मक प्रभाव, प्रमुख राजनैतिक तथा सामाजिक परिवर्तन जस्ता कारणले लैङ्गिक भेदभाव क्रमशः कम हुँदै गएतापनि गाउँपालिकाको तथ्याङ्कलाई हेर्दा जम्मा १/५ भागभन्दा कम महिलाहरूमा नाममात्रको जग्गा जमिनको स्वामित्व रहेको छ। यस तथ्यले लैङ्गिक भेद्भाव हटाउन राज्यले प्रभावकारी कदमहरू कडाइका साथ चाल्नु अनिवार्य छ। तथ्याङ्कको वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ७.६.९ घर निर्माण सम्पन्न प्रमाणपत्रको आधारमा परिवारको विवरण

तालिका नं.११४ : घर निर्माण सम्पन्न प्रमाणपत्रको आधारमा परिवारको विवरण

| वडा | घर निर्माण सम्पन्न प्रमाणपत्र | | | |
|---|---|---|---|---|
| | छ | छैन | थाहा छैन | जम्मा |
| १ | १ | ८३५ | ९ | ८४५ |
| २ | १ | ७२९ | २८ | ७५८ |
| ३ | १५ | ५५७ | ७३ | ६४२ |
| ४ | ३ | ५६८ | ४९ | ६२० |
| ५ | १६१ | ३२७ | ५५ | ५४३ |
| ६ | १ | ५०१ | २ | ५०४ |
| ७ | १९५ | ३०६ | ७६ | ५७७ |
| जम्मा | ३७७ | ३८२३ | २९२ | ४४९@ |
| | ८.४% | ८५.१% | ६.५% | १००.०% |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा लालपुर्जा भएको आफ्नै जमिनमा घर निर्माण गरेका ४४९२ घरपरिवारहरूमध्ये जम्मा ३७७ अर्थात ८.४ प्रतिशत घरहरूको मात्र घर निर्माण सम्पन्न प्रमाणपत्र रहेको छ भने ३८२३ अर्थात ८५.१ प्रतिशत घरपरिवारको घर निर्माण सम्पन्न प्रमाणपत्र छैन। त्यसैगरी २९२ अर्थात ६.५ प्रतिशत घरपरिवारमा घर निर्माण सम्पन्न प्रमाणपत्र थाहा नभएको देखिन्छ। यस अवस्थालाई हेर्दा गाउँपालिकाका ८० प्रतिशत भन्दा बढी घरपरिवारहरू भवन निर्माणका सुरक्षित विधिहरू नअपनाइ बनाइएका हुन सक्छन्, भूकम्प, पहिरो र डुबान आदिको उच्च जोखिम भएका क्षेत्रहरूमा जोखिम हुने हुँदा राष्ट्रिय भवन निर्माण संहितामा रहेर गाउँपालिकाले भवन निर्माण मापदण्ड लागू गरी सुरक्षा संवेदनशिलतामा ध्यान दिनु आवश्यक छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ । मापदण्ड पुरा नभएका घरहरूको लगत संकलन गरी निश्चित समय दिएर मापदण्ड पुरा गरी प्रमाणपत्र लिने व्यवस्था मिलाउनु आवश्यक देखिन्छ।




## ७.६.१० कोठा वा फ्ल्याट भाडामा दिएका घरपरिवारहरूको वडागत विवरण

**तालिका नं.११५ :** कोठा वा फ्ल्याट भाडामा दिएका घरपरिवारहरूको वडागत विवरण

| वडा | कोठा वा फ्ल्याट भाडामा दिएको | | | |
|---|---|---|---|---|
| | भाडामा दिएको | भाडामा नदिएको | उल्लेख नभएको | जम्मा |
| १ | ४ | ८१२ | ० | ८१६ |
| २ | २ | ७२१ | ० | ७२३ |
| ३ | २ | ६३१ | १ | ६३४ |
| ४ | १० | ५७६ | ० | ५८६ |
| ५ | १ | ५२७ | ० | ५२८ |
| ६ | ० | ४८१ | ० | ४८१ |
| ७ | ० | ५७४ | ० | ५७४ |
| जम्मा | १९ | ४३२२ | १ | ४३४२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७६*

गाउँपालिकामा आफ्नै घर भएका ४३४२ घरपरिवार मध्ये ४३२२ घरपरिवारले कोठा भाडामा लगाएका छैनन् भने मात्र १९ घरपरिवारहरूले कोठा भाडामा लगाएको पाइन्छ जुन अत्यन्त नगण्य संख्या हो । त्यसैगरी १ घरपरिवारको विवरण थाहा नभएको देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ । व्यापक रुपमा आर्थिक, शैक्षिक र अन्य कृयाकलापहरू हुने शहरी क्षेत्रहरूको विकास नभएकोले अत्यन्त सीमित संख्यामा मात्र कोठाहरू भाडामा लगाएको देखिन्छ ।



### ७.६.११ सामुदायिक भवनहरू तथा सभाहल सम्बन्धी विवरण

संघीय शासन प्रणाली अन्तर्गत निर्माण भएका स्थानीय तहमा आवश्यक भौतिक संरचनाहरू निर्माण गरी स्थानीय सरकारका कार्यक्रमहरू सञ्चालन हुनुपर्ने मान्यता अनुरुप गाउँपालिकाको आफ्नै सामुदायिक भवन तथा सभाहल हुनु आवश्यक छ । गाउँपालिकाले आफ्नो बहुउद्देश्यीय सामुदायिक भवन निर्माण गरी त्यस भवनमै सभाहल लगायतका अन्य हलहरू निर्माण गर्नु उपयुक्त देखिन्छ । यसो गर्दा विभिन्न वडाहरूमा आवश्यकता र क्षमता अनुसार यस्ता संरचनाको निर्माण हुनुपर्दछ ।

### ७.६.१२ गाउँपालिका तथा अन्य सरकारी भवनहरूको विवरण

स्थानीय तहले पालिका कार्यालय भवन, वडा कार्यालय भवनहरू तथा अनावश्यक अन्य सरकारी भवनहरू आफ्नै जग्गामा अथवा नेपाल सरकारबाट प्राप्त जग्गामा निर्माण गरी कार्यसम्पादनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाई जनतालाई सरकारको उपस्थितिको आभास दिलाउनु आवश्यक हुन्छ । यस्ता प्रकारका स्थायी संरचनाहरूको निर्माण भएपछि संघीयताले संस्थागत रुप धारण गर्दै जान्छ ।

### ७.६.१३ पाटी, पौवा, धर्मशाला चौतारा तथा विश्रामस्थलहरूको विवरण

पाटी, पौवा, धर्मशाला चौतारा तथा विश्रामस्थलहरू हाम्रा साँस्कृतिक चिनारी हुन् । यी परम्परागत संरचनाले हाम्रो पुरर्ख्यौलीलाई प्रतिनिधित्व गर्दछन् । त्यसैले यी संरचनाहरूको संरक्षण, सम्बर्द्धन र स्तरोन्नती गरी भावी पुस्तालाई समेत हाम्रो परम्परा र संस्कृतिसँग परिचित गराउनु पर्दछ । यसो गरेको खण्डमा हाम्रो परम्परागत मौलिक पहिचान बच्दछ । विकासका आधुनिक संरचना बनाउने क्रममा हामीले मौलिक साँस्कृति सम्पदाको संरक्षणमा विशेष ध्यान दिनु आवश्यक छ ।

कसैको हक वा स्वामित्वमा नभएको परापुर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउनेचौर, कुलो, नहर, पोखरी, पाटी, पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक प्रयोगको स्थल वा सम्पत्ति नै सार्वजनिक सम्पत्तिहरू हुन । विगतमा सडक यातायातको विस्तार र विकास नहुँदा यी पाटी, पौवा तथा चौताराहरू बटुवाहरूका विश्रामस्थल (Refresh Center) वा थकान मेटाउने महत्वपूर्ण स्थलको रुपमा विकसित भएको र हाल यी स्थलहरू सार्वजनिक बहस र सामुदायिक अन्तरकृया हुने अनौपचारिक स्थलको रुपमा रहेका छन् भने सडक सञ्चालको समुचित विकास नभएको स्थानहरूमा यी विश्राम स्थलकै रुपमा प्रयोग हुँदै आइरहेका छन् । यस्ता क्षेत्रहरूको विकास र संरक्षण गर्ने दाहित्व हामी सबैको हो ।

**तालिका नं.११६ :** गाउँपालिकामा रहेका चौतारो/चौपारीको विवरण

| वडा नं | चौतारो/चौपारी |
|---|---|
| २ | रातामाटा, सिमलचौर, जुग्वाखोला |
| ३ | प्रत्येक टोलमा |
| ४ | थापागाउँ |
| ५ | गलकत्ता, ढुङ्गे, साघु चौतारी, बचतघर चौपारी, बलावन खोला, ढाँड चौतारी, मसलगाउँ, जरुवा |
| ७ | नर्सिङकोट (एकमात्र पर्यटकीय स्थल) |

*श्रोत:- स्थलगत सर्वेक्षण, २०७६*

### ७.६.१४ पशुबधशालाहरूको विवरण

स्थानीय सरकारले जनस्वास्थ्यलाई उच्च प्राथमिकतामा राखेर काम गरेको खण्डमा स्वस्थ्य, निरोगी र सरकारात्मक सोच भएका नागरिकहरूको उत्पादन भई उनीहरूले विकास, निर्माण र सेवाका क्षेत्रमा योगदान

पुऱ्याउन सक्छन् । त्यसकारण आधुनिक प्रविधियुक्त सफा पशु बधशालको निर्माण गरी जनताको खाद्य सुरक्षाको अधिकारलाई सुनिश्चित गर्दै स्थानीय सरकारले मासुजन्य पशुपन्छीको वध गर्नु भन्दा पहिले निश्चित मापदण्ड पुरा गर्नुपर्ने नीति निर्माण गरी कार्यान्वयन गर्नु बाञ्छनीय देखिन्छ ।

## ७.६.१५ शवदाहस्थल, चिहानस्थलहरू तथा कब्रस्थानहरूको विवरण

तालिका नं.११७ : शवदाहस्थल, चिहानस्थलहरू तथा कब्रस्थानहरूको विवरण

| क्र.सं. | शवदाह | स्थान | समुदाय |
|---|---|---|---|
| १ | देवीस्थान | वडा नं. १ | |
| २ | पाखुट्टेघाट | वडा नं. १, बोर्दिवाङ | हिन्दु |
| ३ | जुग्जा खोला, | वडा नं. २ | |
| ४ | बाँस खोला घाट | वडा नं. २ | |
| ५ | धोर्ले घाट | वडा नं. २ | |
| ६ | खार्पानी घाट | वडा नं. २ | |
| ७ | हिँउदेखोला घाट | वडा नं. २ | |
| ८ | खाड्ु खोला | वडा नं. २ | |
| ९ | नौमुरे घाट | वडा नं. ३ | सबै |
| १० | उत्तीस खोला | वडा नं. ३ | सबै |
| ११ | दोभान घाट | वडा नं. ३ | सबै |
| १२ | पन्चाखे | वडा नं. ४ | क्षेत्री, बाहुन |
| १३ | बडोरी | वडा नं. ४ | क्षेत्री, बाहुन |
| १४ | बलावन खोला | वडा नं. ५ | दलित, बाहुन, मगर, छन्त्याल |
| १५ | ढुङ्गे, साँधु | वडा नं. ५ | दलित र जनजाती |
| १६ | विसे खोर | वडा नं. ५ | दलित र जनजाती |
| १७ | खुला सार्वजानिक ठाउँ भएकोले टोलटोलमा | वडा न. ६ | |
| १८ | रातोपानी घाट, दोर्लिङ खोला | वडा नं. ७ | क्षेत्री |
| १९ | घोलाभाष घाट, सानो पानी | वडा नं. ७ | |

*श्रोत:- स्थलगत सर्वेक्षण, २०७६*

# खण्ड- ८: विविध

## ८.१ मानव विकास सुचकको विवरण (HDI)

मानव विकास सूचकाङ्कले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन् ।यी तिनवटै परिसूचकलाई समावेश गरी मानव विकासको सूचकाङ्क निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले २०१४ को मानव विकास सूचकाङ्क सार्वजनिक गरेको छ। मानव विकास सूचकाङ्कअनुसार सिन्धुपाल्चोक जिल्लाको मानव विकास सूचकाङ्क ०.४७८ (नेपालको ०.४९०) रहेको छ। अर्थात् बाग्लुङ्ग जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषतभन्दा कम देखिन्छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ। पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्कक ०.३६४ रहेको छ। मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने बाग्लुङ्ग जिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षित औषत आयु (Life expectancy) ६८.८३ वर्ष र यसको सूचक ०.७३०, प्रौढ साक्षरता दर (Adult literacy) ६५.५४ प्रतिशत र यसको सूचक ०.६५५, शिक्षा आर्जनमा खर्चेको औषत समय (Mean years of schooling) ३.९१ वर्ष र यसको सूचक ०.२६१ तथा प्रतिव्यक्ति आय (Per capita income) ८६८ अमेरिकी डलर र यसको सूचक ०.३६१ रहेको देखिन्छ।

तालिका नं.११८ : मानव विकास सूचकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सूचकांङ्कसूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सूचक | मान | सूचक | मान | सूचक | मान | सूचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| बाग्लुङ्ग | ६८.८३ | ०.७३० | ६५.५४ | ०.६५५ | ३.९१ | ०.२६१ | ८६८ | ०.३६१ | ०.४७८ |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ८.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सोभन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंख्याको प्रतिशत तथा कुपोषित ५ वर्षभन्दा मुनिका बालबालिकाहरूको प्रतिशतजस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा बाग्लुङ्ग जिल्ला मानव विकास सूचकाङ्कको स्थिति राम्रो अवस्थामा रहेको देखिन्छ। बाग्लुङ्ग जिल्लाको मानव गरीबी सूचकाङ्क मान २७.३३ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तैः प्रौढ निरक्षरता दर। मानव गरीबी

सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरीबी सूचकाङ्कक १६.५० रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा बाग्लुङ्ग जिल्लाको प्रौढ निरक्षरता दर (Adult Illiteracy Rate) ३४.४६ प्रतिशत, ४० वर्षसम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40) ८.५२ प्रतिशत, सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) ११.१२ प्रतिशत तथा ५ वर्षमुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ४२.९० प्रतिशत रहेको देखिन्छ।

## ८.३ समग्र विकास स्थिति

घरधुरी तथ्याङ्क सर्वेक्षण, २०७६ अनुसार १८,४०९ जनताको बसोबास भएको यस गाउँपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीमा परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले समुन्नत गाउँपालिकाको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगतदेखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा गाउँपालिकाबासीहरूको मानवविकास सूचकांक, लैंगिक समता सूचकांक, जनताको बाँच्ने औसत आयु, औसत गार्हस्थ्य उत्पादन, औसत साक्षरतादर र औसत आम्दानीजस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा गाउँपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र स्थापित भएबमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको प्रयाप्तता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। घरधुरी तथ्याङ्क सर्वेक्षण, २०७६ अनुसार गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा धारा/पाइप मार्फत आपूर्ति गरिएको पानी पिउनेको संख्या ३३२१ अर्थात ९५.७ प्रतिशत भएकाले सामान्यतया धेरैजसो घरपरिवारले धारा/पाइपको पानी पिउने गर्दछन् भन्न सकिन्छ। यद्यपि दोस्रोमा खोला ईनार/कुवाको पानी पिउने परिवारको संख्या ६९ अर्थात २.० प्रतिशत रहेका छन्। अन्य श्रोत प्रयोग गर्नेको संख्या नगन्य रहेको छ।

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा यो गाउँपालिका बाग्लुङ्ग जिल्लाका अन्य स्थानीय निकायहरूको तुलनामा सामान्य अवस्थामा रहेको देखिन्छ। घरधुरी तथ्याङ्क सर्वेक्षण, २०७६ अनुसार यस गाउँपालिकामा १५ वर्ष देखि ६० वर्ष उमेर समूहका कूल जनसंख्यामध्ये ७२.० प्रतिशत साक्षर रहेका छन्।

शिक्षातर्फ र प्राथमिक शिक्षालाई सबै गाउँपालिका बासीहरूको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यवहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कूल जाने उमेरका केही बालबालिकाहरूले स्कूल भर्ना भई पढ्न पाइरहेका छैनन्। पहिलो कुरा त स्थापित स्कूलहरूमा समेत कक्षा कोठाहरूको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्कातिर माध्यामिक शिक्षा पुरा गरेका युवाहरूको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन। माध्यमिकस्तरको शिक्षालाई व्यवसायिक नबनाएसम्म हाल शिक्षामा देखिएको निराशजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन।

## ८.४ निसीखोला गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरूको विवरण

तालिका नं.११९ : निसी गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरूको विवरण

| सि.नं. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १. | तारानाथ पौडेल | गाउँपालिका अध्यक्ष | निसीखोला गा.पा. |
| २. | शोभा कुमारी कार्की | गाउँपालिका उपाध्यक्ष | निसीखोला गा.पा. |

| सि.नं. | नाम थर | पद | वडा नं. |
|---|---|---|---|
| १ | इन्द्र बहादुर मल्ल | वडा अध्यक्ष | १ |
| २ | हुम कुमारी मल्ल | महिला सदस्य | १ |
| ३ | बेल कुमारी बि.क. | दलित महिला सदस्य | १ |
| ४ | पदम बहादुर मल्ल | सदस्य | १ |
| ५ | खाल बहादुर घर्ति | सदस्य | १ |
| ६ | कुवीर वि.क | वडा अध्यक्ष | २ |
| ७ | हिरा कुमारी कुंवर | महिला सदस्य | २ |
| ८ | थम कुमारी वि क | दलित महिला सदस्य | २ |
| ९ | देब बहादुर छन्त्याल | सदस्य | २ |
| १० | टेक बहादुर कार्की | सदस्य | २ |
| ११ | जुन विक्रम शाही | वडा अध्यक्ष | ३ |
| १२ | धन कुमारी शाही | महिला सदस्य | ३ |
| १३ | कल्पना सुनार | दलित महिला सदस्य | ३ |
| १४ | नर बहादुर शाही | सदस्य | ३ |
| १५ | खिम बहादुर शाही | सदस्य | ३ |
| १६ | टिका निधि पौडेल | वडा अध्यक्ष | ४ |
| १७ | भिम कला मगर | महिला सदस्य | ४ |
| १८ | जिवन कुमारी वि.क | दलित महिला सदस्य | ४ |
| १९ | मन बहादुर आचार्य | सदस्य | ४ |
| २० | दधी राम रेग्मी | सदस्य | ४ |
| २१ | हर्कमान घर्ति मगर | वडा अध्यक्ष | ५ |
| २२ | महेन्द्र कुमारी घर्तिमगर | महिला सदस्य | ५ |
| २३ | ददिकला कामी | दलित महिला सदस्य | ५ |
| २४ | टंक प्रसाद पुन | सदस्य | ५ |
| २५ | चुले कामी | सदस्य | ५ |
| २६ | सुर्य बहादुर घर्ती | वडा अध्यक्ष | ६ |
| २७ | अनिता बुढा | महिला सदस्य | ६ |
| २८ | बेलमती सुनार | दलित महिला सदस्य | ६ |
| २९ | रवि माला घर्ती | सदस्य | ६ |

| सि.नं. | नाम थर | पद | वडा नं. |
|---|---|---|---|
| ३० | हेम बहादुर बुढा | सदस्य | ६ |
| ३१ | तेजेन्द्र बिक्रम कुवँर | वडा अध्यक्ष | ७ |
| ३२ | टिका कुमारी कुँवर | महिला सदस्य | ७ |
| ३३ | अमृता परियार | दलित महिला सदस्य | ७ |
| ३४ | लाल बहादुर कुवँर | सदस्य | ७ |
| ३५ | रुपेश प्रसाद श्रेष्ठ | सदस्य | ७ |

*स्रोत : गाउँ कार्यपालिका कार्यालय, २०७६*

## ८.५ निसीखोला गाउँपालिका कार्यालयमा हाल कार्यरत कर्मचारीहरूको विवरण

तालिका नं.१२० : निसीखोला गाउँपालिका कार्यालयमा हाल कार्यरत कर्मचारीहरूको विवरण

| सि.नं. | कर्मचारीको नाम थर | पद | कार्यरत शाखा |
|---|---|---|---|
| १ | राप्रसाद आचार्य | प्रमुख प्रशासकीय अधिकृत | प्रशासन |
| २ | समुन्द्र साही | इन्जिनियर | |
| ३ | इन्द्रलाल रेग्मी | सूचना तथा संचार प्रविधि अधिकृत | |
| ४ | टंकनाथ शर्मा | श्रोत व्यक्ति (शिक्षा शाखा प्रमुख) | |
| ५ | उत्तम भुसाल | लेखापाल | लेखा |
| ६ | मनिका सरा बराल | रोजगार संयोजक | |
| ७ | पुरुषोत्तम गौतम | योजना प्रमुख | योजना |
| ८ | महेश भट्टराई | सहायक लेखापाल | |
| ९ | बिन्दी शर्मा | सहायक महिला विकास निरीक्षक | |
| १० | किरन थापा मगर | सव इन्जिनियर | |
| ११ | टोप बहादुर चन्द | स्वास्थ्य संयोजक | |
| १२ | कृष्ण चन्द | पशु सेवा शाखा संयोजक | |
| १३ | तारा बहादुर परियार | कृषि शाखा संयोजक | |
| १४ | प्रकाश धामी | सहायक कम्प्यूटर अपरेटर | |
| १५ | होमनाथ गौडेल | (खा.पा.स.टे.) भण्डारण शाखा | |
| १६ | डिल बहादुर कार्की | कार्यालय सहयोगी | |
| १७ | भिम कुमारी कार्की | कार्यालय सहयोगी | |

*स्रोत : गाउँ कार्यपालिका कार्यालय, २०७६*